# अध्याय एक
# शोधपत्र

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार लक्ष्मी उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौंपत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषय प्रवेश

वि.सं. २०१५ सालमा ताप्लेजुङ्ग जिल्लाको आठराई हाङपाङमा जन्मिएकी लक्ष्मी उप्रेती नेपाली साहित्यमा एक सशक्त नारी हस्ताक्षरका रूपमा उभिएकी छिन् । वि.सं. २०४१ सालमा सर्वप्रथम 'विस्कुनले थिचिएका खुसीहरू' कविता 'चाँदनी' पत्रिकामा प्रकाशित गरी औपचारिक रूपमा साहित्यमा पदार्पण गरेकी उप्रेती मोफसल ( विराटनगर) बाट नेपाली साहित्यलाई निरन्तर रूपमा उर्वर बनाउन लागि परेकी स्रष्टा हुन् । वि.सं. २०६० सालदेखि भने काठमाडौँमा बस्दै आएकी उप्रेतीले आफ्नो पूरै समय साहित्य सिर्जनामा नै दिँदै आएकी छिन् । नेपाली साहित्यका विभिन्न विधामा कलम चलाए पनि उनी आफूलाई मूलतः कवयित्री भन्न रूचाँउछिन् । आफ्नो जीवन भोगाइका पीडाहरूलाई अभिव्यक्त गर्नकै लागि साहित्यमा लागेको बताउने उप्रेतीले जीवनलाई एउटा जटिल यात्राको रूपमा लिएकी छिन् ।

मूलतः कविता, कथा र बालसाहित्यका क्षेत्रमा सक्रिय रहँदै आएकी उप्रेतीका थुप्रै पत्रपत्रिकामा लेख, रचना पनि प्रकाशित हुँदै आइरहेका छन् । विराटनगरमा हाते बुनाइको उद्योग सञ्चालन गरी करिब पाँच दर्जनभन्दा बढी व्यक्तिलाई रोजगारी प्रदान गर्न सक्षम उप्रेती एक सफल महिला उद्यमीका रूपमा समेत परिचित छिन् । वि.सं. २०५५ सालदेखि निरन्तर रूपमा 'वनिता' साहित्यिक त्रैमासिक पत्रिकाको सम्पादन र प्रकाशन गर्दै आएकी उप्रेती साहित्यिक पत्रकारका रूपमा समेत स्थापित भैसकेकी छिन् । साहित्य नशा रहेछ, अरू सबै कुरा छोड्नु परे छोड्छु, तर साहित्यबाट अलग हुन सक्दिनँ भन्ने बिचार व्यक्त गर्ने उप्रेतीले एक दर्जनभन्दा बढी पुस्तकहरूको सम्पादनको जिम्मेवारी समेत सफलतापूर्वक वहन गरिसकेकी छिन् ।

नवरंङ्ग साहित्य सम्मान २०५६, षडानन्द प्रतिभा पुरस्कार २०५७, हिमशिखर राष्ट्रिय प्रतिभा सम्मान २०५८ पारिजात पाण्डुलिपि बालसाहित्य पुरस्कार २०६२ जस्ता एक दर्जन जति पुरस्कार र सम्मान प्राप्त गर्न सफल उप्रेती दुई दर्जनभन्दा बढी साहित्यक र सामाजिक संघसंस्थाहरूमा संलग्न हुदै आएकी छिन् ।

बहुमुखी प्रतिभा सम्पन्न उप्रेतीका हालसम्म प्रकाशित कृतिहरू यसप्रकार रहेका छन् :

**(क) कविता विधा**

(१) यौटा बाटो खोजिरहेछ जीवन (कवितासङ्ग्रह २०५१)

(२) मृदु स्मृतिहरू (कवितासङ्ग्रह २०५६)

(३) स्निग्ध अनुभूति (लामो कवितासङ्ग्रह २)५९)

(४) समय स्पर्श (कवितासङ्ग्रह २०६१)

**(ख) बाल साहित्य**

(१) मनेको म्याँ म्याँ (बालकवितासङ्ग्रह २०५७)

(२) कृष्णको पछुतो (बालकथासङ्ग्रह२०५७)

(३) कर्मको फल (बालकथासङ्ग्रह २०५८)

(४) बुद्धिमानी बाँदर (बालकथासङ्ग्रह २०५९)

(५) साहसी आकाङ्क्षा र पवन परी (बाल उपन्यास २०६०)

(६) कमिलाको ताँती (बाल चित्रकविता २०६१)

(७) सुनको अण्डा दिने चरी (बालकथासङ्ग्रह २०६१)

(८) साथी–साथी (बालकथासङ्ग्रह २०६४)

### (ग) कथा विधा

(१) तिर्सना (कथासङ्ग्रह २०६३)

नेपाली साहित्यका उपयुक्त विधामा अमूल्य निधि उपहार पस्कने साहित्यकार लक्ष्मी उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन हालसम्मा नभएको हुँदा उक्त अध्ययन आवश्यक देखिन्छ ।

## १.४ शोध समस्या

साहित्यकार लक्ष्मी उप्रेतीले कविता, कथा बालसाहित्य जस्ता नेपाली साहित्यका विभिन्न विधामा योगदान पुऱ्याएकी छिन् । उप्रेतीले सिर्जना गरेका विभिन्न विधाका साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न पत्रपत्रिकामा सामान्य टिप्पणीबाहेक हालसम्म व्यवस्थित अध्ययन भएको पाइँदैन । त्यसैले प्रस्तावित शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) साहित्यकार लक्ष्मी उप्रेतीको जीवनवृत्त के कस्तो रहेको छ ?

(ख) साहित्यकार लक्ष्मी उप्रेतीका व्यक्तित्वका के-कस्ता पाटाहरू रहेका छन् ?

(ग) साहित्यकार  लक्ष्मी उप्रेतीका कृतिहरू के-कस्ता रहेका छन् ?

(घ) साहित्यकार लक्ष्मी उप्रेतीका कृतिगत प्राप्तिहरू के-कस्ता रहेका छन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्र निम्न लिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेकोछ :

(क) साहित्यकार लक्ष्मी उप्रेतीको जीवनवृत्तको पहिचान गर्नु,

(ख) साहित्यकार लक्ष्मी उप्रेतीका व्यक्तित्वका विभिन्न पाटाको निरूपण गर्नु,

(ग) साहित्यकार लक्ष्मी उप्रेतीको कृतिहरूको विश्लेषण गर्नु र

(घ) साहित्यकार लक्ष्मी उप्रेतीको कृतित्व र योगदानको मूल्याङ्कन गर्नु

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यलाई उर्वर बनाउन आफ्नो जीवन नै समर्पण गर्ने साहित्यिक स्रष्टाहरूको सही ढंगले मूल्याङ्कन र शोधखोज गर्ने कार्य कमैमात्र भएको देखिन्छ । सोही क्रममा साहित्यकार लक्ष्मी उप्रेतीको साहित्यकारिताको बारेमा थोरै अध्ययन अनुसन्धान भएको पाइए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विस्तृत अध्ययन भएको पाइदैन । उनको  बारेमा आजसम्म भएका अध्ययनहरूको कालक्रमिक विवरण निम्नानुसार प्रस्तुत गरेर हेर्न सकिन्छ :

**चिरफार अर्ध साप्ताहिक** (२०५६) मा टुवल परदेशीले 'लक्ष्मी उप्रेतीका मृदु स्मृतिहरू' शीर्षकमा उहाँले आफ्नो जीवनमा भएका तीतामीठा कुराहरूलाई कविताको माध्यमबाट कलात्मक रूपमा प्रस्तुत गर्नुभएको कुरा व्यक्त गरिएको छ ।

**अन्नयन** (**अंक ३९,२०५६**) मा हरिप्रसाद बरालले 'कवयित्री लक्ष्मी उप्रेती र उनको मृदु स्मृतिहरू' शीर्षकको लेखमा उनको कविता भन्नु नै सहजनानुभूति हो, हृदयको सुन्दरता हो, आत्माको चोखो प्रकाशन हो अनि विचार उद्बोधनको पृष्ठभूमि हो भन्ने उल्लेख गरेका छन् ।

**समष्टि** (**वर्ष २३, अंक २, असोज-कार्तिक २०५९**) मा नरेन्द्र चापागाईंद्वारा लिखित 'लक्ष्मी उप्रेतीका कविताको सङ्क्षिप्त समीक्षा' भन्ने लेखमा उनका कवितामा दु:खभित्र सुखको आभाष र सुखभित्र पीडाको अभिव्यञ्जना रहेको अनुभव गर्न सकिन्छ भनिएको छ ।

**जुही स्वर्ण अङ्क** (**२०५९, अंक १००**) मा कुमकुम शर्माको 'लक्ष्मी उप्रेती र उनका कविताको सङ्क्षिप्त चर्चा, शीर्षकको लेखमा आफ्ना अतीतका स्मृतिहरूको छताछुल्ल पोखाई उप्रेतीको कवितामा पाइने विशेषता हो भनिएको छ ।

**दायित्व** (**२०५९, वर्ष १६, अंक ६**) मा बाबुराम ओझा 'भाइ' को लेख 'लक्ष्मी उप्रेती स्निग्ध अनुभूतिः सङ्क्षिप्त अध्ययन' मा जीवनको निरर्थकता केवल गुनासोमा सीमाङ्कित भई जीजिविषा मुखरित हुनाले उप्रेतीको कवित्व जीवनप्रतिको प्रेम र अनुराग निष्ठ रहेको प्रष्ट भएको छ भनी उल्लेख गरिएको छ ।

**जनआवाज साप्ताहिक** (**वर्ष २२, अंक १७, २०६०**) मा मीनकुमार 'नवोदिन' श्रेष्ठले 'स्निग्ध भित्र फूलेका भावनाका फूलहरू' शीर्षकको लेखमा उहाँ नेपाली साहित्यमा बालसाहित्य र प्रौढसाहित्य दुबै क्षेत्रमा उत्तिकै लोकप्रिय र चर्चित हुनुहुन्छ भनी चर्चा गरिएको छ ।

**रोडम्याप साप्ताहिक** (**वर्ष १, अंक ८, २०६०**) मा यादव भट्टराईले 'स्निग्ध अनुभूति भित्र लक्ष्मी उप्रेती' भन्ने शीर्षकको लेखमा कवयित्री उप्रेतीले भोगेका जीवनका विविध क्षणहरूको विम्बात्मक प्रस्तुति नै 'स्निग्ध अनुभूति' प्रकाशित गरेको यथार्थ हो भन्ने उल्लेख गरिएको छ ।

**राजधानी** (**९ असोज, २०६१**) शैलेन्दुप्रकाश नेपालले 'लक्ष्मी उप्रेतीको स्निग्ध अनुभूति सङ्क्षिप्त विचरण' शीर्षकको समालोचनामा कवयित्री लक्ष्मी उप्रेतीको

अन्तरसन्दर्भहरूलाई पर्याप्त मात्रामा समेट्ने प्रयास गरेको पाइन्छ भन्ने उल्लेख गरेका छन् ।

**जनमत (वर्ष २४, अंक ३५,२० भदौ २०६२** ) मा सरोज रेग्मी र गौरव ढकालको लेख 'खुकुरीको धारमा टेकेर हिड्ने महिला' शीर्षक अन्तर्गत २०५५ को दशकसम्म उनी उद्यम, समाजसेवा र साहित्यमा बराबर सक्रिय थिइन, तर पछि झन्झट लागेर उद्योग छोडे यता साहित्यिक पत्रपत्रिका क्रियाशील छन् भनी उल्लेख गरिएको छ ।

**रूपरेखा साप्ताहिक (३२ साउन २०६२**) मा प्रतिरोध कार्कीद्वारा लेखिएको 'लक्ष्मी, बनिता र नारी साहित्य' को लेखमा परोक्ष वा प्रत्यक्ष मानवीय चेतनालाई समाजसामु प्रस्ट्याउनु स्रष्टाहरूको धर्म हो, त्यो धर्ममा साहित्यकार उप्रेती निरन्तर लागिरहनुभएको छ भन्ने कुरा उल्लेख गरेका छन् ।

**गुन्जन (भदौ, २०६२**) मा लुमडी आचार्यको लेख 'समय स्पर्श भित्र डुबुल्की मार्दा' शीर्षकमा लक्ष्मी उप्रेतीको पुस्तक विमोचन कार्यक्रमको चर्चा गर्दै समय स्पर्शभित्र समेटिएका पद्यांशहरू भावप्रदान, विम्बप्रधान र दार्शनिक पृष्ठभूमि बोकेका कविताहरू हुन् भनी उल्लेख गरिएको छ ।

**रचना (पूर्णाङ्क-८५, भदौ-असोज, २०६२**) मा 'कृति समीक्षा' शीर्षकमा अरुण नदी खत्रीले 'समय स्पर्श' कवितासङ्ग्रहको समीक्षा गर्दै यसमा संकलित कविताहरूमा नारी मनका माया–पिरती, मिलन–विछोड, पीडाव्यथा, तिरस्कार, एक्लोपन, अपेक्षा, अभाव, शून्यता, मृत्युजस्ता अनुभूतिहरूलाई जतातातै देख्न पाइन्छ । भनी उल्लेख गरेका छन् ।

**मिर्मिरे (वर्ष ३५, अंक ५, मंसिर, २०६३**) मा रमेश शुभेच्छुको 'कवयित्री लक्ष्मी उप्रेती र उनको समय स्पर्श' शीर्षकको लेखमा उनको संवेदनशील नारीमन कविमनसँग घोलिएर अस्तित्वको खोजीमा प्रस्फुटन भएको छ भनी उल्लेख गरिएको छ ।

**उज्यालो साप्ताहिक (वर्ष ५१, अंक २८ कात्तिक, २०६३)** मा दीवाकर शर्माले 'तिर्सना भित्र लक्ष्मी उप्रेती' शीर्षकको लेखमा कथाको शील्पपक्ष अति नै राम्रो र कथानक पनि सलल बगेको सङ्लो नदी प्रवाहजस्तो छ भनी उल्लेख गरेको पाइन्छ ।

यसरी लक्ष्मी उप्रेतीको जीवनी, व्यक्तत्व र कृतित्वको बारेमा विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा सामान्य रूपमा चर्चा गरिए पनि उनको बारेमा व्यवस्थित र वैज्ञानिक रूपमा अध्ययन गरिएको पाइँदैन ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

नेपाली साहित्यको क्षेत्रमा साधनारत महिला साहित्यिक स्रष्टाहरू औंलामा गन्न सकिने मात्रै रहेको अवस्थामा नेपाली साहित्यिक आकाशमा उदाएकी लक्ष्मी उप्रेती तिनै साहित्यिक स्रष्टाहरूमध्ये एक सशक्त नारी हस्ताक्षर हुन । जीवन भोगाइका तीता–मीठा पलहरूलाई नै साहित्यिक ऊर्जा ठान्ने उप्रेतीका बारेमा विभिन्न पत्रपत्रिकाहरूमा सामान्य रूपमा छिटफुट अध्ययनबाहेक व्यवस्थित अध्ययन अनुसन्धान भएको पाइदैन । अतः उनको जीवनको निरूपण गर्दै उनका जीवनका विभिन्न पाटाहरूको परिचय दिनुका साथै नेपाली साहित्यमा उनले गरेको योगदानको विराट अध्ययन गर्नु अति आवश्यक देखिन्छ । यही आवश्यकताको परिपूर्ति गर्नुका साथै भविष्यमा समेत साहित्यकार उप्रेतीका बारेमा थप अनुसन्धान गर्न चाहने हरेक व्यक्ति वा संस्थालाई प्रस्तुत शोधकार्यले मार्गप्रसस्त गर्ने परिप्रेक्ष्यमा पनि प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व टड्कारो देखिन्छ । यसका अतिरिक्त प्रस्तुत अध्ययनबाट पाठकहरूले ज्ञान र प्रेरणा प्राप्त गर्नुका साथै लामो समयदेखि साहित्य सिर्जनामा साधनारत स्रष्टाको उचित सम्मान र मूल्याङ्कन गर्नु पनि औचित्यपूर्ण कार्य हो ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत अध्ययन साहित्यकार लक्ष्मी उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययनमा आधारित रहेको हुनाले साहित्यिक क्षेत्रसँग सम्बन्धित रहेको छ । यसमा उनका सम्पूर्ण पुस्तकाकार कृतिहरूको विभिन्न कोणबाट विवेचना गरिएको छ । उनी अद्यावधि साहित्यिक क्षेत्रमा क्रियाशील रहेको हुनाले यस सन्दर्भमा वि.सं. २०६७ सम्मका उप्रेतीका रचना एवम् उपलब्ध भएसम्मका सामग्रीको कालक्रमिक विवरण दिएर यिनै रचनाहरूलाई आधार बनाउँदै उनको जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त अध्ययन र विश्लेषणमा प्रस्तुत शोधपत्र सीमित रहेको छ ।

## १.९ सामग्री सङ्कलन विधि

शेधकार्यलाई विश्वसनीय एवम् प्रामाणिक बनाउन विभिन्न सामग्रीहरूको संकलन मूलतःपुस्तकालयीय विधि रहेकोछ । यसैगरी प्राथमिक र द्वितीयक स्रोतका रूपमा सामग्री संकलन गरिएको छ ।

प्रस्तावित शोधकार्यका सन्दर्भमा शोधनायिका लक्ष्मी उप्रेती जीवितै रहेको हुँदा आवश्यकता अनुसार भेटघाट, प्रश्नावली आदिका माध्यमबाट अध्ययन क्रममा आइपरेका समस्याको समाधान गरिएको छ । उप्रेतीका कृतिहरूलाई प्राथमिक सामग्रीका रूपमा स्वीकार गरी उनका बारेमा लेखिएका उनका कृतिका बारेका लेखिएका तथा उनका बारेमा विभिन्न विद्वान्हरूबाट लिइएका जानकारीहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा आवश्यकता अनुसार शोध नायिकाका शुभचिन्तक, आफन्त एवम् विभिन्न साहित्यकारहरूसँग पनि आवश्यक मौखिक एवम् लिखित जानकारी लिइएको छ ।

## १.१० शोधविधि

शोधपत्र तयार गर्दा तयारीका सिलसिलामा प्राप्त भएका सबै तथ्य र सूचनाहरूलाई संयोजित गरिएको छ । लक्ष्मी उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वको

अध्ययन, विश्लेषणका सिलसिलामा आवश्यकता अनुसार विवरणात्मक, वर्णनात्मक पद्धतिअनुरूप अध्ययन गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको स्वरूप र संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्न लिखित पाँच अध्यायमा विभाजन गरिएको छ :

(क) अध्याय एक : शोध परिचय

(ख) अध्याय दुई : लक्ष्मी उप्रेतीको जीवनीको अध्ययन

(ग) अध्याय तीन : लक्ष्मी उप्रेतीको व्यक्तित्वको अध्ययन

(घ) अध्याय चार : लक्ष्मी उप्रेतीको कृतित्वको अध्ययन एवम् मूल्याङ्कन

(ङ) अध्याय पाँच : उपसंहार एवम् निष्कर्ष

प्रस्तावित शोधपत्रका उक्त पाँच अध्यायलाई आवश्यकता अनुसार विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरी साहित्यकार लक्ष्मी उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन प्रस्तुत गरिएको छ । यस शोधपत्रको अन्त्यमा सन्दर्भ सामग्री समेत देखाइएको छ ।

# अध्याय दुई
# लक्ष्मी उप्रेतीको जीवनीको अध्ययन

## २.१. परिचय

साहित्यिक क्षेत्रमा निरन्तर साधनारत एवम् एक सशक्त नारी हस्ताक्षरका रूपमा परिचित साहित्यकार लक्ष्मी उप्रेती मूलतः कविताको फाँटमा सुपरिचित नाम हो । साहित्यका धेरैजसो विधामा कमल चलाए पनि कविता, कथा र बालसाहित्यमा नै उप्रेतीको खास रूचि रहेको देखिन्छ । नेतृत्वदायी भूमिका बहन गर्न सक्षम उप्रेतीको सांगठनिक व्यक्तित्व पनि सशक्त रहेको छ । करिब एक दर्जनभन्दा बढी साहित्यिक पत्रिकाहरूको कुशलतापूर्वक सम्पादन गरिसकेकी उप्रेती साहित्यिक पत्रकारितामा समेत सक्रिय रहँदै आएकी छिन् ।

## २.२ पुर्ख्यौली/परिवारिक पृष्ठभूमि

लक्ष्मी उप्रेतीका पुर्खाहरूधेरै पहिलेदेखि नै ताप्लेजुङ जिल्लाको आठराई, हाङपाङमा बस्दै आएको बुझिन्छ । उनको कान्छा हजुरबुबा लयप्रसाद प्रसाईका ४ छोरा र ६ छोरी गरी जम्मा १० जनाको सन्तान भएको जानकारी पाइन्छ । चार दाजुभाइ मध्ये जेठा बृहस्पति प्रसाईं, माइला, श्रीकुमार प्रसाईं, साईला जयकुमार प्रसाईं र कान्छा विष्णुकुमार प्रसाईं हुन् । यिनै जेठा छोरा बृहस्पति प्रसाईकै सुपत्रीका रूपमा लक्ष्मी उप्रेतीको जन्म भएको हो ।

बुबा बृहस्पति प्रसाईको विवाह वि.सं. १९८६ सालमा आठराई, चुहानडाँडामा बसोवास गर्दै आएका पद्‌मलाल थपलिया र विष्णुमाया थपलियाकी छोरी जगमाया थपलियासँग भएको रहेछ । प्रसाईको मुख्य पेशा कृषि भए पनि काठको ठेक्कापट्टाको काम पनि गर्ने गरेको बुझिन्छ । सामान्य लेखपढ गर्न सक्ने प्रसाईमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतना पनि रहेको पाइन्छ । चिना (जन्मकुण्डली) समेत हेर्न र तयार गर्न सक्ने सामर्थ्य भएका प्रसाई आँटिलो र साहसी व्यक्तित्वका धनी थिए । जीवनको पूर्वार्धमा कमजोर आर्थिक अवस्था भएका प्रसाईले जीवनको उतरार्द्धमा अथक परिश्रम र मिहिनेतबाट आर्थिक आर्जन गरी सुदृढ बन्न सफल भएको देखिन्छ । कामलाई नै

अत्यधिक महत्त्व दिने प्रसाई जीवनमा आफ्नो लागि भन्दा पनि बढी परिवारका लागि बाँचेकोजस्तो देखिन्थ्यो । गाउँमा 'भीरमाथिका जेठा' भनेर चिनिएका प्रसाईलाई कसैको घरमा झगडा पर्दा, अंशवण्डा गर्नुपर्दा आदि कार्यमा न्यायकर्ताका रूपमा गाउँलेहरूले उपस्थित गराउँथे र उनकै निर्णय नै अन्तिम मानिन्थ्यो । त्यस्तै अरूलाई खुसी पारूँ भन्ने भावना भएकी, सरल र मायालु स्वभावकी आमा जगमाया प्रसाई पनि गाउँमा 'भीरमाथिकी जेठी' भनेर परिचित थिइन् । ठूलीआमा धनमाया प्रसाईवाट प्राप्त जानकारी अनुसार गाउँमा विवाह भोज भतेर हुँदा पनि भीरमाथिका जेठाजेठीले नै त्यसको अगुवाई गर्दथे । पिता प्रसाईले जीवनभर कसैलाई दुःख नदिएका, वेइमान नगरेका र सवैलाई न्याय गरेको देखिन्छ । उनको मृत्यु भने वि.सं. २०४८ साल माघ महिनामा श्रीस्वस्थानी पूर्णिमाको अघिल्लो दिन भएको जानकारी पाइन्छ ।

## २.३ जन्म र जन्मस्थान

लक्ष्मी उप्रेतीको जन्म वि.सं. २०१५ साल श्रावण २३ गते मेची अञ्चल, ताप्लेजुङ जिल्ला, हाङ्पाङ् गाविस, वडा नं. ३ आठराईमा पिता बृहस्पति प्रसाई र माता जगमाया प्रसाईकी पाँचौ सन्तानको रूपमा भएको जानकारी पाइन्छ । पिता बृहस्पति प्रसाईका दुई श्रीमतीमध्ये जेठी पट्टिका आठ सन्तान र कान्छी पट्टिका ४ सन्तान गरी १२ जना छोराछोरी जन्मिए पनि जेठी पट्टिका दुई सन्तानको सानैमा मृत्यु भएको थियो । जेठी पट्टि मध्येका मनमाया उप्रेती जेठी, विमला सुवेदी माहिली र साईली छोरीको जन्म भएको केही समयमा नै मृत्यु भएको थियो । त्यसपछिकी शान्ता प्रसाई (उप्रेती)को विवाह पश्चात वि.सं. २०४८ सालमा मृत्यु हुन्छ । छारीहरू मध्येमा कान्छी हुन्– लक्ष्मी उप्रेती । लक्ष्मी मुनी जन्मिएको जेठो छोरो वर्षदिन नपुगी भगवान्को प्यारो बन्न पुगेको थियो भने त्यसको केही समयपछि सुरेन्द्र प्रसाई र अर्को वर्षमा कृष्ण प्रसाईंको जन्म हुनासाथ आमाको मृत्यु भएकोथियो । कान्छीपट्टि भने चार जना छोरीहरू जन्मिए जसमा रेखा घिमिरे जेठी, रञ्जना कोइराला माहिली, नानु सिटौला साहिँली र ज्ञानु ओली कान्छी हुन् ।

## २.४ बाल्यकाल

ताप्लेजुङ जिल्लाको हाङ्पाङ् आठराई प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको रमणीय स्थानमा चारपाँच वर्षसम्मको बाल्यकाल बितेको देखिन्छ उप्रेतीको । त्यसबेला घरको आर्थिक अवस्था त्यति सवल नभए पनि खान लाउनको कमी भएको देखिंदैन । चकचक

गरिरहने र चुलपुले स्वभाव भएकी उप्रेतीमा सानै देखि हठी र विदोही स्वभाव भएको पाइन्छ । साथीहरूसँग खेल खेल्दा जित्नै पर्ने उनको स्वभावले पनि उक्त कुराको पुष्टि गर्दछ । तर आमा बुबा सँग भने डराउने हुँदा उहाँहरूको इच्छा विपरीत कुनै काम गर्न नसकेको जनकारी पाइन्छ । गाउँभरिका केटाकेटीलाई जम्मा पारेर घर नजिकै रहेको च्वाँख्लो खोलामा पौडी खेल्दै पानी छ्यापा छ्याप गर्नु र  त्यसकै वरिपरि रहेर दिन विताउनु पनि उनको दैनिकी जस्तै रहेको बुझिन्छ । उप्रेती जब चार वर्ष पुगेर पाँच वर्षमा लागेकी थिइन् तब आमाको मृत्यु हुन पुगेको थियो । तर त्यस वेला उनलाई त्यसको पीडा बोध भएन तापनि त्यही पीडाले पछिका दिनमा पारेको प्रभावले भने उनको  जीवन दुःखद् रहेको पाइन्छ । त्यसपछि करिव २१ सालतिर उनको परिवार मधेशमा बढ्दै गएको करोवार सम्हाल्न भनेर २, ३ महिना बेलगाछीमा बसोवास गरेर विराटनगरमा बसाई सरेको देखिन्छ । एक डेठ वर्ष जति विराटनगरमा बसेर फेरि उप्रेती परिवार धरान सरेको देखिन्छ । यसरी नयाँ ठाउँमा सर्दै नयाँ साथी बनाउदै तथा आफूमाथिकी दिदी शान्ता र भाइहरूसँग खेल्दै उनले वाल्यकाल विताएको देखिन्छ ।

विशेषगरी डण्डीवियो, कपर्दी, लहरे, गट्टा, कुस्ती, डोरी नाघ्ने, सियो उन्ने रूमाल लुकाई आदिखेल खेलेको सम्झना उप्रेतीको मानसपटलमा अमिट छाप बनेर रहेको देखिन्छ । एक चोटि भाइ सुरेन्द्रसँग चल्दाचल्दै उसलाई ठेलिदिंदा ऊ भऱ्याङ्वाट लडेर खुट्टा भाँचिएको तीतो सम्झना ताजै रहेको प्रसङ्ग पनि उनले भूलेकी छैनन् । त्यस्तै एक दिन खेल्दा खेल्दै आफ्नो टाउको झ्यालको डण्डीमा अड्किएको र झिक्न खोज्दा नआएपछि अरू सँग गुहार मागेको तर काकाले तँ  धेरै चलेकीले त्यस्तो भएको हो अव टाउको नै काट्नुपर्छ, भनेपछि टाउको नकाटिदिनू अव म चल्दिन भनेर धेरैबेर रोएको कुरा सम्झँदा बाल्यावस्था कति अवोध हुँदो रहेछ  भन्ने लाग्ने गरेको उप्रेती सुनाउँछिन् । त्यस्तै अर्को घटना उप्रेती ६/७ कक्षामा पढ्दै गर्दाको रहेको छ । त्यसबेला गर्मीको छुट्टी भएको मौका पारी परिवारका सबै सदस्य भोरङको गछिया गएको बेलामा उप्रेती साथीभाइ सँग नुहाउन भनेर गछिया खोलामा पौडी खेल्दा खेल्दै गहिरोमा पुगेर डुवेको र अरूले बचाएको घटना पनि बाल्यकालको काहाली लाग्दो क्षणका रूपमा उनले लिएको पाइन्छ ।

समग्रमा भन्नुपर्दा उप्रेतीको वाल्यकाल शुरूमा सुखद रहे पनि आमाको मृत्युबोध हुनथाले पछि भने त्यति सहज बन्न नसकेको देखिन्छ ।

## २.५ मातृवियोग र दिशानिर्देश

वि.सं. २०१९ श्रावणमा उप्रेतीको कान्छो भाइ कृष्णलाई जन्म दिएर आमाले संसार त्याग्नु भएको थियो । त्यसवेला उप्रेती भर्खर ४ वर्ष पुगेर ५ वर्ष लागेकी थिइन् । त्यसबेलाको घटनाका झझल्काहरू उनको मानसपटलमा अहिले पनि आलै वनेर रहेको उनको ठम्याइँ छ । मानो खाएर मुरी उब्जाउने वेला थियो अर्थात् वर्षाको वेलामा रोपाइँको चटारो थियो । सबै रोपाइँका लागि खेतमा गएका थिए । झ्यामझ्याम पानी परिरहेको थियो मानौ प्रकृति पनि रोइरहेकी थिइन् । उनलाई भने आमा सँगै घर राखिएको थियो । आमाले एउटा पुरानो स्वीटर उधार्न लगाउँदै डल्ला वनाउनु भएको थियो । उधार्दै जाँदा गाँठो परेमा आमाले नै गाँठो फुकाइदिनु हुन्थ्यो । उनलाई त्यो घटना रमाइलो लाग्थ्यो । त्यही दिन नै आमा बित्नुभएछ । पछि गएर उनको जीवनयापनको मूल स्रोत नै स्वीटर व्यवसाय हुन पुग्यो र उनी  पूर्वाञ्चल क्षेत्रकै सफल महिला उद्यमीका रूपमा प्रतिष्ठित भइन् । साँच्चै छोराछोरीको पहिलो पाठशाला भनैकै आमा हुन् भन्ने कुरालाई यस घटनाले चरितार्थ गरेको देखिन्छ । यसरी आमाको दिशानिर्देशले नै उनको जीवन सफल र सुस्वादिलो बनेको देखिन्छ । स्मरणीय कुरा के छ भने आमाको मृत्युहुँदा उप्रेती ४, ५ वर्षकी मात्र भएकीले उनलाई मृत्युबोध थिएन त्यसैले आमाको मृत्यु उनलाई त्यसवेला दुःखद  भने लागेको थिएन ।

पछि कहिलेकाहीँ आमा भनेर झगडा गर्दा काकाहरूले आमा मामाघर गएकी छन् नयाँ नाना लगाएर आउँछिन् भन्ने गरेको सम्झना छ उनलाई । आमाको मृत्युको करिव छ महिनापछि बुबाले अर्को विवाह गर्नु भएको रहेछ । त्यसवेला उनी रमाउँदै आमा आइन् भनेर लिनलाई बाटासम्म गएकी तर बुबाले त अर्को आइमाईलाई आमा बनाएर ल्याउँदा पनि उनै मरेकी आमा राम्री भएर बुबाले ल्याउनु भयो भन्ने सोच उन्को बालमस्तिष्कले गरेको रहेछ । नाचगान, मिठो खाना र राम्रो लगाउन पाएकोले त्यो दिन उनलाई खुसी नै लागेको जानकारी पाइन्छ ।

## २.६ शिक्षा–दीक्षा

तत्कालिन समयमा पनि छोराछोरीलाई पढाउनुपर्छ अर्थात् शिक्षाको उज्यालो घामवाट छोराछोरीलाई बञ्चित गराउनु हुँदैन भन्ने चेतना उप्रेतीको पितामा रहेको

देखिन्छ । उप्रेतीको जन्म हाँङपाङको आठराईमा भए पनि उनी ४ / ५ वर्षकी हुँदा उनको परिवार मधेश बेलगाछी हुँदै विराटनगर बसाई सरेको थियो । विराटनगरको मभ्फुवा स्कुलबाट नै उनको प्रारम्भिक शिक्षारम्भ भएको देखिन्छ । विराटनगरमा रहेको मभ्फुवा स्कुलमा दिदीहरूसँग पछि लाएर उनी विद्यालय जान थालेको जानकारी पाइन्छ । करिव एक वर्ष त्यहाँ पढेपछि उनको परिवार फेरि धरान बसाई सरेको देखिन्छ । धरानमा रहेको भगवती मिडिल स्कुलबाट उनले ५ कक्षा सम्मको प्राथमिक शिक्षा हाँसिल गरेको देखिन्छ । प्राथमिक शिक्षा पूरा गरेपछि उनलाई अभ्फ राम्रो शिक्षा दिन भनेर बुबाले भारतको कालेबुङ भन्ने ठाउँमा लिएर जानुभयो तर उनको दुर्भाग्य त्यहाँ प्रवेश परीक्षा छुटेकाले उनले पढ्न भने पाइनन् । पुन : उनलाई फर्काएर बुबाले धरानमा नै रहेको बालिका विद्यायलयमा कक्षा छ मा भर्ना गरिदिनु भयो । कक्षा ६ देखि १० सम्मको माध्यमिक शिक्षा उनले बालिका विद्यालयबाट हाँसिल गरेको देखिन्छ । उनको पढाइ उत्तम नै रहेको देखिन्छ । कक्षामा सधै दोस्रो, तेस्रो स्थानमा आउनुले यस कुराको पुष्टि गर्दछ । स्कुलमा हुने अतिरिक्त क्रियाकलापमा भाग लिनु पनि उनको थप रूचिको विषय थियो । मूलत : खेलकुदमा त्यसमा पनि दौड र भलिबल खेल्नु उनको शौखको विषय थियो । विद्यायलयमा हुने अतिरिक्त क्रियाकलापबाट पनि थुप्रै पुरस्कारहरू प्राप्त गर्न सफल भएको देखिन्छ  उप्रेती ।

सानै उमेरमा मातृस्नेहबाट वञ्चित उप्रेतीलाई उनकी दिदी शान्तासँगको सामीप्यताले आमाको आभाव महशुस भएन । उनीहरू दिदीबहिनी मात्र नभएर आत्मीय मित्र जस्ता देखिन्थे । उप्रेती कक्षा ८ मा पढ्दै गर्दा दिदी शान्ता १० कक्षामा पढ्दै थिइन् । सँगै स्कुल जानु, सँगै आउनु, हरेक दु:ख सुखमा साथ दिनु, उनीहरूको दैनिकी जस्तै थियो । जब दिदी शान्ताको १० कक्षा पढ्दा पढ्दै विवाह भयो तव उप्रेती नितान्त एक्ली र वेसहारा जस्तै भएकी थिइन् तर पढ्न भने छाडिनन् । घरको सबै काम सकेर पनि उनी पढ्न जान्थिन् । वि.सं. २०२९ सालमा अचानक उनले दिदी शान्ताको मृत्युको खबर पाइन् । यस घटनाले उनलाई भ्फनै मर्माहत बनायो । तर सम्हालिँदै दिनहरू वित्दै गए । जब उनी कक्षा १० मा पुगिन् उनको पनि विवाह उनै शान्ता दिदीको श्रीमान् अर्थात् उनको भिनाजु (डिल्लीराम उप्रेती) सँग जवरजस्ती गरियो । विवाह पश्चात् उनले एस्.एल्.सी. परीक्षा दिइन् र दोश्रो श्रेणीमा पास पनि भइन् । उनको विवाह भ्फापामा भएको थियो । पछि छोराछोरीको शिक्षाको लागि उनी विराटनगर आइन् । विभिन्न समस्यै समस्याको बीचमा पनि कन्या क्याम्पस विराटनगरमा प्रमाणपत्र तह पढिन तर

परीक्षा भने भारतको विहार 'इन्टर सिडिएट एजुकेसन काउन्सिल' पटनाबाट सन् १९८८ मा दिइन् । त्यसपछि फेरि महेन्द्र मोरङ क्याम्पसमा स्नातक तह पढिन् । पुनः परीक्षा भने पटनाबाटै सन् १९९० मा दिइन् । अझै उनमा शिक्षाप्रतिको मोह घट्न सकेको थिएन । फलस्वरूप विराटनगरमा नै स्नातकोत्तर तहको पढाइ शुरू गरिन् तर विभिन्न घरेलु समस्या र सन्तानको शिक्षाको लागि उनले समय निकाल्न सकिनन् र केही समय पढेर पनि उक्त तहको पढाइ पूरा गर्न भने सकिनन् ।

औपचारिक रूपमा स्नातक तहसम्म उत्तीर्ण गर्न सफल उप्रेतीले साहित्यप्रतिको रूचिका कारण स्वाध्ययनको रूपमा थुप्रै नेपाली र हिन्दी साहित्यका पुस्तकहरूको अध्ययन गरेको जानकारी पाइन्छ ।

## २.७ दाम्पत्य जीवन

वि.सं. २०३० साल जेठ ४ गते दुर्गापुर झापा निवासी पिता टीकाप्रसाद उप्रेती र माता नारायणी उप्रेतीको साइँलो छोरा डिल्लीराम उप्रेतीसँग उनको विवाह भएको थियो । त्यसबेला उप्रेती भर्खर १५ वर्ष मात्र पुगेकी र कक्षा १० मा पढ्दै गरेकी थिइन् । डिल्लीराम उप्रेती दिदी शान्ताको श्रीमान् थिए । दिदीको मृत्यु भएकाले आफ्नै भिनाजुसँग उनको विवाह गराइएको थियो । सानै उमेर र पढ्ने तीव्र इच्छा भएकाले विवाह गर्न नमान्दा पनि जवरजस्ती उनको विवाह गराइएको जानकारी पाइन्छ । अर्थात् परिस्थितिले उनलाई बुबाआमाको इच्छामा सम्झौता गर्न बाध्य पारेको थियो ।

विवाहपछि उनको जीवनले दुःखद् मोड लिएको देखिन्छ । विवाह भएको केही दिनदेखि नै विभिन्न निहुँमा उनीमाथि मानसिक पीडा दिन थालिन्छ । उनको घर-परिवार ज्यादै पुरातन सोच र विचारबाट माथि उठ्न नसकेकाले उनलाई मानसिक तनाव बढ्दै जान थाल्छ । श्रीमान् ले पनि आफूलाई साथ नदिएकाले उनका दिनहरू झनै कष्टकर हुन थाल्छन् । माइतबाट फर्कंदा कोसेलीपात नल्याएकोले पनि उनलाई झनै पीडा दिन थालिन्छ । यस्तो परिस्थितिमा उनलाई साथ दिने कोही हुँदैन । माइतमा पनि बस्न सक्ने स्थिति थिएन किनकि एकातर्फ बुवाको खोक्रो शान र इज्जतलाई बचाउनु पर्थ्यो भने अर्कोतर्फ 'घर खान नसकेको' आरोप पनि खेप्नुपर्ने हुन्थ्यो । ती कष्टका दिनहरूमा उनलाई साथ दिने केवल आँशुहरूमात्र थिए । एकान्तमा बसी रूनुबाहेक अर्को विकल्प थिएन । ती कहालीलाग्दा दिनहरू सम्झँदा अझ पनि उनको आँखा रसाउने गर्छ ।

उप्रेतीको झापामा नै दुई छोरी र एक छोरा गरी तीन सन्तानको जन्म हुन्छ । छोराछोरीको गुणस्तरीय शिक्षाका लागि उनको परिवार वि.सं. २०३६ सालको अन्तिमतिर विराटनगरको भानुटोलमा बसाईं सर्दछ । त्यसपछि उनका झनै दुःखका दिनहरू सुरू हुन्छन् । उनले तत्काल निजी स्कुलमा पढाउन थाल्छिन् । स्कुल पठाउनु, छोराछोरीको् स्याहार गर्नु, हुर्काउनु, बढाउनु सबै काम उनकै काँधमा आइपर्छ । त्यस समयमा श्रीमान् त उनीसँगै थिए तर जब घरमा कोही बिरामी हुन्छ अर्थात् केही दुःख पर्छ, खर्च सिद्धिन्छ तब उनी विराटनगर छोडेर झापा पुग्थे । जब समस्या समाधान हुन्छ तब उनी फेरि विराटनगरमा नै फर्कन्थे । यसरी उनले पारिवारिक समस्यालाई कहिल्यै पनि समाधान गर्न सकेनन् । सधै समस्याबाट भागी नै रहे । भनिन्छ, श्रीमान्  श्रीमती भनेको एक रथका दुई पाङग्रा हुन्, दुवै पाङ्ग्रा सवल र सक्षम भएमा मात्र पारिवारिक रथ सहज रूपमा अघि बढ्छ । तर उप्रेतीको जीवनमा यो सिद्धान्त लागू भएन । श्रीमान् असहयोगी भए पनि महिला एक्लैले साहसी र सफल जीवन जीउन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेर देखाइन् उप्रेतीले ।

यसरी श्रीमान्  र श्रीमतीबीचको सम्बन्ध सुमधुर बन्न नसकेपछि वि.सं. २०४७ सालमा श्रीमान् ले अर्को विवाह गरी झापामा नै बस्न थाले । त्यसपछि उनीहरूको सम्बन्ध पूर्णरूपमा विच्छेद भए पनि कानुनी रूपमा पारपाचुके भने भएको देखिँदैन । हाल भने उनी आफ्नी जेठी श्रीमती र सन्तानप्रति गरेको अन्याय र गैह्र जिम्मेवारीका कारण पश्चाताप गरेको जस्तो देखिन्छ । जसका कारणहरूमा पहिलो कान्छी श्रीमतीबाट कुनै सन्तान जन्मन नसक्नु र जेठी पट्टि रहरलाग्दा तीन सन्तान, सुयोग्य दुई ज्वाईं र मुटुका टुक्रा जस्ता नातिनातिना हुनु हो भने दोस्रो कारण उप्रेती आर्थिक रूपमा सबल हुनु र साहित्यकारका रूपमा चिनिनु हो । काठमाडौं आएको बेलामा आफ्नी श्रीमती र छोराछोरीको बरोमा आफन्तसँग सोधपुछ गर्नु, उप्रेतीलाई टेलिभिजनमा देखेमा गाउँमा भन्दै हिड्नु आदि कारणहरूले श्रीमान् ले अझै पनि उप्रेतीलाई माया गर्दा रहेछन् भन्ने देखाउँछ भने यता उप्रेतीले भने श्रीमान् ले दोस्रो विवाह गरेपछि आफूले सिन्दुर र पोते बाग्मतीमा सेलाएको र श्रीमान्  हुनु र नहुनुमा आफूलाई केही फरक नपर्ने भन्दै कडा रूपमा प्रस्तुत हुन्छिन् ।

समग्रमा भन्नुपर्दा उनको वैवाहिक जीवन विभिन्न मोड र घुम्तीहरू पार गर्दै दुर्घटित अवस्थामा पुगेको छ । हाल शारीरिक र मानसिक दुवै रूपमा एक अर्काप्रति भिन्न रहनुले उक्त कुराको प्रमाण पेश गर्छ । यसको प्रमुख कारकको रूपमा श्रीमान् मा रहेको पारिवारिक दायित्ववोधको कमी देखिन्छ । दाम्पत्य जीवन असफल हुनु उप्रेतीका लगि पनि दुःखद पक्ष भए पनि त्यही असफलताले नै जीवनमा अघि वढ्न उर्जा थपेको र सफलता प्राप्त गर्दै गएकोमा भने आफूलाई भाग्यमानी ठानेको देखिन्छ ।

## २.८ सन्तान

लक्ष्मी उप्रेतीको २ छोरी र १ छोरा गरी ३ जना सन्तानको जन्म भएको देखिन्छ । पहिलो र दोस्रो सन्तानको रूपमा क्रमशः छोरीहरू सबिना र सरिताको जन्म भएको थियो भने तेस्रो सन्तानको रूपमा छोरा सञ्जयको जन्म भएको हो ।

### २.८.१ सबिना

उप्रेतीको पहिलो सन्तानको रूपमा छोरी सबिनाको जन्म वि.सं.२०३१ साल असोज १२ गते दुर्गापुर झापामा भए पनि उनको शिक्षा–दीक्षा भने विराटनगरमा भएको थियो । एस्.एल्.सी. सम्मको औपचारिक अध्ययन गरेकी सबिनाको विवाह वि.सं.२०५४ साल मंसिर २७ गते विराटनगर निवासी पिता रामबाबु पोखरेल र माता शान्ति पोखरेलको कान्छो सुपुत्र विद्याकुमार पोखरेलसँग भएको थियो । मूलघर सप्तरी भए पनि हाल विराटनगरमा नै बस्दै आएका विद्याकुमार पोखरेल ग्रामीण विकास वैंकको अधिकृतका रूपमा कार्यरत छन् भने सबिना ल्याव टेक्निसियन हुन् । उनीहरूको सन्तान को रूपमा वि.सं. २०५७ साल भदौ १२ गते छोरो कुशलको जन्मभएको थियो ।

### २.८.२ सरिता

उप्रेतीको दोस्रो सन्तानको रूपमा छोरी सरिताको जन्म वि.सं. २०३३ साउन २४ गते झापाको शनिश्चरेमा भएको देखिन्छ । वि.सं. २०६१ सालमा झापा निवासी पिता विनोद ओली र माता देवी ओलीको माहिलो सुपुत्र दीपक ओलीसँग वैवाहिक जीवनमा बाँधिएकी सरिता हाल अमेरिकामा मास्टर्स गर्दै छिन् । नेपाल छँदा व्यापार व्यवसायमा संलग्न उनका श्रीमान् दीपक ओली वि. एल. सकेर पनि हाल अमेरिकाकै बासिन्दा बन्न पुगेका छन् ।

### २.८.३ सञ्जय

उप्रेतीको कान्छो सन्तानको रूपमा छोरा सञ्जयको जन्म वि.सं. २०३५ साल भाद्र २५ गते झापाको शनिश्चरेमा भएको थियो । भारतको पटनावाट इन्जिनियरिङमा उच्च शिक्षा प्राप्त गरेका संजय हाल भारतमै स्थापित किङ फिसर एयरलाइन्समा एयर क्राफ्ट मेन्टानेन्स इन्जिनियरका रूपमा कार्यरत छन् ।

भनिन्छ–सन्तानको सुख नै मान्छेको सवैभन्दा ठूलो सुख हो । लक्ष्मी उप्रेती आफ्ना सन्तानहरूप्रति गर्व गर्छिन् । श्रीमान् को सहयोगविना पनि तीनजना छोराछोरीलाई हुर्काउन र उच्चशिक्षा दिलाउन सफल उप्रेती साहसी नारीको प्रतीकको रूपमा समेत रहेकी छन् । त्यसैले नजिकवाट चिन्ने विराटनगरबासीहरू सफल आमाको रूपमा समेत उप्रेतीलाई सम्झने गर्दछन् ।

## २.९ दिदी–भाइ

उप्रेतीका ४ दिदी र ३ भाइ जन्मेका थिए । जेठी दिदी मनमाया प्रसाई उप्रेती को जन्म वि.सं. २००३ सालमा भएको थियो । २०१७ सालमा रामेश्वर उप्रेतीसँग दाम्पत्य जीवनमा बाँधिएकी मनमायाका सन्तानहरूमा छोरी संङ्गीता र छोराहरूमा हरिकुमार र गणेशकुमार रहेका छन् । उनको परिवार हाल झापामा बस्दै आएको छ । त्यस्तै २००५ सालमा जन्मिएकी माहिली दिदी विमला प्रसाई (सुवेदी) को विवाह पनि २०१७ सालमा नै तेह्रथुम निवासी दयानन्द सुवेदीसँग भएको थियो । विमलाका सन्तानहरूका रूपमा ४ छोरीहरूशारदा हुमागाई, पुष्पा भट्टराई, तारा कडरिया र ममता यादब रहेका छन्  भने एकमात्र छोरा गोकुल सुवेदी हुन् । त्यस्तै २००८ सालमा जन्मिएकी साँहिली दिदीको जन्म भएको केही समय पछि मृत्यु भएको थियो । वि.सं. २०६३ सालमा जन्मिएकी काहिँली दिदी शान्ता प्रसाईंको पनि विवाहपश्चात् २०२९ सालमा मृत्यु भएको जनकारी प्राप्त हुन्छ ।

उप्रेतीका ३ जना भाइहरू जन्मिए पनि जेठो भाइको एक वर्ष नपुग्दै मृत्यु भएको थियो । २०१८ सालमा दोस्रो भाइ सुरेन्द्रको जन्म भएको थियो । २०४८ सालमा उषा बस्नेतसंग वैवाहिक जीवनमा बाँधिएका सुरेन्द्र हाल झापामा नै प्राध्यापन पेशामा संलग्न

रहेका छन् । उनका सन्तानहरूका रूपमा र दुई छोराहरू क्रमशः सशाङ्क, समीर र छोरी सीमा रहे पनि जेठो छोरो सशाङ्क भने ९ वर्षमै ईश्वरको प्यारो बन्न पुगेको देखिन्छ । कान्छो भाइ कृष्णको जन्म वि.सं. २०१९ सालमा भएको थियो । विराटनगरमा व्यापार गर्दै आएका कृष्णको विवाह वि.सं. २०४६ सालमा सीमा रिजालसँग भएको देखिन्छ । उनका सन्तानका रूपमा २ छोरीहरू सुवेक्षा र उर्जा तथा छोरा आर्य रहेका छन् । स्मरणीय कुरा के छ भने सानै उमेरमा आमा गुमाउन पुगेकी उप्रेतीको मातृस्नेहलाई पूरा गर्न कान्छी आमा गंगादेवीले सक्दो प्रयास गरेकी थिइन् । कान्छी आमावाट जन्मिएका ४ वहिनीहरू क्रमशः रेखा, रञ्जना, ज्ञानु र नानु पनि अत्यन्त आत्मीय भएको जाकारी प्राप्त भएकोछ ।

## २.१० आर्थिक अवस्था

धन सम्पत्ति नै सबै कुरा होइन तर जीवनलाई सहज रूपमा जीउनका लागि धन सम्पत्तिको आवश्यकतालाई भने नकार्न सकिंदैन । हाङपाङको निम्न आर्थिक अवस्था भएको परिवारमा उप्रेतीको जन्म भएको थियो । तर हाङपाङवाट मधेश झरेपछि भने उनको माइतीको आर्थिक अवस्था सुदृढ हुँदै गएको बुझिन्छ । उप्रेतीको विवाह पनि मध्यम आर्थिक अवस्था भएको खानलाउन पुग्ने घरमा भएको थियो तर उनका घरका सदस्यहरू भने सङ्कीर्णताबाट माथि उठ्न सकेका थिएनन् ।

छोराछोरीको उचित शिक्षाको निम्ति उनको परिवार विराटनगर सरेपछि उनले दिउँसो त्यहीं रहेको निजी स्कुलमा पढाउने र विहान बेलुका ट्युसन् पढाउँदै जीविकोपार्जन गर्न थालिन् । त्यसपछि वि.सं. २०३८/३९ बाट सुरू गरेको सीप विकास औपचारिक रूपमा दर्ता गरेर सञ्चालन गरी आफ्नै पसल खोली त्यसलाई उद्योगको रूपमा विस्तार गरिन् । त्यसपछि भने लक्ष्मीलाई लक्ष्मीले साथ दिँदै जान थालिन् । श्रीमान्  र घरपरिवारको सहयोगबिना पनि उनले आफ्नो आर्थिक अवस्थालाई सबल बनाउन सफल भइन् ।

लक्ष्मी उप्रेतीको अंशको रूपमा रंगेली मोरङमा २ बिगाह १२ कट्ठा जग्गा रहे पनि खोलाको बगर जस्तै कुनै उब्जनी नहुने भएकाले त्यसको खासै मूल्य आउने देखिंदैन । विराटनगरको टङ्की सुनवारीमा १ बिगाह जग्गा रहेको छ, जसको मूल्य ८/१० लाख पर्छ भने त्यहीं रहेको ८ कठ्ठा  घडेरीको मूल्य भने ३/४ लाख पर्ने देखिन्छ । वि.सं.

२०६४ सालमा काठमाडौंको मण्डीखाटारमा ५ आना जग्गा किनेर साढे २ तले घर निर्माण गरेको देखिन्छ । जसको मूल्य करिब ८०/९० लाख पर्ने जानकारी प्राप्त भएको छ ।

छोराछोरीको राम्रो शिक्षा-दीक्षा र राम्रैरूपमा विवाह गर्न सक्नु पनि आफ्नो कमाई भएको उप्रेतीको ठम्याईं छ । हाल साहित्यिक पत्रकारिता गर्दै आएकी उप्रेतीको बैङ्क ब्यालेन्सको रूपमा रकम रहेको देखिँदैन । बरू घर बनाउँदाको ऋण देखिन्छ । हुन त छोराको कमाई खानु  बाबु-आमाको नैसर्गिक अधिकार र छोराको दायित्वभित्र पर्छ तर उप्रेती भने आत्मनिर्भर रहन चाहने साहसी नारी भएकीले छोराको कमाई खान नपरोस् भन्ने धारणा राखेको देखिन्छ ।

यसरी उप्रेतीले आफ्नो सामान्य आर्थिक अवस्थालाई आफ्नै मेहनत र एक्लो परिश्रमले सबल र सक्षम बनाएपछि उनको जीवन सहज रूपमा व्यतीत भइरहेको देखिन्छ ।

## २.११ पेशागत संलग्नता

जीवनलाई सहज रूपमा सञ्चालन गर्नका लागि हरेक व्यक्तिले कुनै न कुनै पेसा अंगाल्नु पर्दछ । लक्ष्मी उप्रेतीले जीवनमा मूलतः तीनवटा पेसा अँगालेको देखिन्छ । पहिलो शिक्षण, दोस्रो उद्योग व्यवसाय र तेस्रो साहित्यिक पत्रकारिता रहेको छ जसलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

### २.११.१ शिक्षण पेशा

वि.सं. २०३६ सालको अन्तिमतिर उप्रेती परिवार छोराछोरीको उज्ज्वल भविष्यको लक्ष्य बोकेर दुर्गापुर, झापाबाट विराटनगरमा बसाईं सरेलगत्तै घरखर्चका लागि उप्रेतीले ‘गजराज प्री प्राइमरी स्कुल’मा पढाउन थालिन् । दिउँसो स्कुल पढाउनु र बिहान बेलुका ट्युसन पढाउनु उनको दैनिकी बन्न पुग्यो । त्यसमा पनि असहयोगी श्रीमान्  भएकाले ती दिनहरू उप्रेतीका कम कष्टकर थिएनन् । वि.सं. २०३६ सालको अन्तिमतिरबाट २०४०/४१ सालसम्म करिब ४/५ वर्ष जति उप्रेतीले शिक्षण पेसा अंगालेको देखिन्छ ।

## २.११.२ उद्योग व्यवसाय

भनिन्छ, अभावले मान्छेलाई सिकाउँछ । निजी स्कुलको थोरै पैसाले मात्र घरखर्च गर्न र छोराछोरी पढाउन नपुग्ने भएपछि उप्रेती वैकल्पिक पेशा अँगाल्न बाध्य भइन् । सानै उमेरमा आमाले स्वीटर उधारेर बुन्न अभिप्रेरित गर्नु भएको थियो । त्यही पेशा अँगाल्ने उद्देश्यले उप्रेतीले करिब ३९/४० सालतिरबाट सिलाईबुनाईको तालिम लिइन् । सीप जानेपछि आफैँ पसल खोलेर स्वीटर व्यवसाय शुरू गरिन् । त्यसपछि 'यज्ञ शिल्पकला तालिम केन्द्र' को स्थापना गरी आफैँले प्रशिक्षण दिन थालिन् । त्यही सिलाईबुनाई प्रशिक्षणलाई विस्तारै-विस्तारै उद्योगको रूपमा परिणत गरिन् र 'यज्ञ निटिङ उद्योग' सञ्चालनमा ल्याइन् । यस व्यवसाय सञ्चालनमा साथीभाइले गरेको सहयोग र सल्लाह भने अनुकरणीय रहेको उप्रेतीको ठम्याई छ । उद्योग बढ्दै गएपछि सहयोगीहरू थप्दै गइन् र करिब ६०/६५ जना जतिलाई रोजगार दिन पनि सफल भइन् । त्यसपछि विभिन्न संघ/संस्थाको सीपविकास तालिम कार्यक्रमको प्रमुख प्रशिक्षक भई १५ वर्ष जति कार्य सम्पादन गरिन् । यसबाट उप्रेती आर्थिक रूपमा सबल मात्र भइनन्, पूर्वाञ्चलक्षेत्रकै पहिलो महिला उद्यमीको रूपमा दरिइन् । महिला एक्लैले यति ठूलो सफलता प्राप्त गर्नु सहज भने अवश्य थिएन तर संघर्ष गर्दै गयो भने एक दिन अवश्य सफलताको शिखरारोहण गर्न सकिन्छ भन्ने प्रमाण पेसा गरिन् उप्रेतीले । त्यसैले उद्योग व्यवसाय नै उप्रेतीको जीवनको प्रमुख पेशा बन्न पुग्यो ।

## २.११.३ साहित्यिक पत्रकारिता

वि.सं. २०५४ सालसम्म उद्योग व्यवसायलाई नै मूल पेसा बनाएकी उप्रेतीले साहित्यमा रूचि र लगाव बढ्दै जान थालेपछि साहित्यिक पत्रकारितामा आफूलाई सक्रिय बनाउँदै आएकी छन् । विभिन्न पत्रपत्रिकाहरूमार्फत् साहित्यिक लेख रचना प्रकाशन गर्दै आएकी उप्रेतीले २०५६ सालबाट भने 'वनिता' साहित्यिक संस्थाको स्थापना समेत गरेको देखिन्छ । त्यसपछि निरन्तर रूपमा 'वनिता' साहित्यिक पारिवारिक त्रैमासिक सम्पादन र प्रकाशन गर्दै आएकी उप्रेतीले वनितालाई निरन्तरता दिने जानकारी दिइन् । आफ्नो अबको बाँकी जीवन साहित्य सिर्जना र साहित्यिक पत्रकारितामा नै लगाउने अठोट गरेकी उप्रेतीले यो पेसा आर्थिक लाभको उद्देश्यले नभई आत्मसन्तुष्टिको ागि गरेको बताइन् ।

यसरी आफ्नो जीवनमा मूलतः तीनवटा पेसा मार्फत् आँफूलाई सक्रिय बनाउँदै आएकी उप्रेतीको जीवनको आर्थिक उपार्जनको पेसा भने उद्योग व्यवसाय नै रहेको देखिन्छ । यही पेशाबाट नै आर्थिक रूपमा सबल र सामाजिक प्रतिष्ठा समेत प्राप्त गर्न सकेको उनको दाबी छ ।

## २.१२ रूचि तथा स्वभाव

रूचि तथा स्वभाव वैयक्तिक विषय हो । त्यसैले हरेक व्यक्तिमा फरक-फरक रूचि र स्वभाव रहने गर्दछ । उप्रेतीमा पनि आफ्नै खालका रूचि र स्वभाव रहेको देखिन्छ । मूलतः साहित्य सिर्जना र अध्ययन नै उप्रेतीको रूचिको विषय हो । त्यसमा पनि कविता उप्रेतीको प्रिय विद्या हो । उप्रेतीलाई अग्रज साहित्यकारहरूमा पारिजात, लक्ष्मीप्रसाद देवकोटा, भूपी शेरचन, गोपालप्रसाद रिमाल, हरिभक्त कटुवाल, देवकुमारी थापा, मदनमणि दीक्षित, रमेश विकल विशेष मन पर्छ भने मञ्जुल, अभि सुवेदी, माया ठकुरी, इल्या भट्टराई, कृष्ण धारावासी आदि उल्लेख्य रहेको उनको ठम्याई छ । नेपाली पुस्तकहरूमा 'माधवी' र 'राधा' उप्रेतीले सबैभन्दा बढी दोहोऱ्याएर पढेको पुस्तक हो । त्यस्तै दर्शनका पुस्तकहरू पनि खोजी-खोजी पढ्ने उनलाई बानी नै परेको छ । हिन्दी साहित्यकारहरूमा अमृता प्रितम र प्रेमचन्द उनलाई प्रिय लाग्छ ।

भ्रमण पनि उप्रेतीको रूचिको अर्को पाटो हो । उद्योग व्यवसाय, साहित्यिक कार्यक्रम र अन्य उद्देश्यका लागि देशका कुनाकाप्चादेखि भारत र थाइल्याण्ड सम्मको भ्रमण गरेको देखिन्छ उप्रेतीले । नेपालको पोखरा चाहीँ उप्रेतीको भ्रमणको उत्कृष्ट गन्तव्य ठहरिन्छ । त्यस्तै गीत-सङ्गीत उप्रेतीको अर्को रूचिको विषय हो । गीत-सङ्गीतमा पनि गजल उप्रेतीलाई विशेष मन पर्छ । वि.सं. २०४६ को आन्दोलनको समयमा वामपन्थी आन्दोलनमा सक्रिय रहेकी उप्रेतीमा राजनीतिमा लाग्ने सोच पनि नपलाएको होइन तर पछि राजनीति भनेको 'फोहोरी खेल' रहेछ भन्ठानेर पन्छिएको सम्झना पनि छ उप्रेतीमा । नेपाली राजनीतिज्ञहरूमा भने बी.पी. कोइराला, मदन भण्डारी र भरतबाबु प्रसाईं उप्रेतीलाई विशेष मनपर्छ ।

खानामा दाल, भात, तरकारी र अचार उप्रेतीलाई मनपर्छ । त्यसमा पनि अचार उप्रेतीलाई विशेष मनपर्छ । उप्रेती साकाहारी नभए पनि मासुमा विशेष रूचि भएको देखिँदैन । कपडामा सजिलोको लागि सुती र कटनका कुर्ता-सलवार लगाउने भए पनि

साडी र ब्लाउज नै उप्रेतीको मनपर्ने पोशाक रहेको बुझिन्छ । सिन्दुर र पोते नलगाउने भए पनि घाँटीमा मोतीको माला, कानमा सानो टप र फूली लगाउन उनलाई मनपर्छ । हातमा चाँदीको औंठी लगाउने उप्रेतीलाई निधारमा लगाउने टीकामा विशेष रूचि रहेको देखिन्छ । 'मेकअप' (शृङ्गार) मा विशेष रूचि नभएपनि लिविष्टिक उनको प्रिय शृङ्गारको साधन रहेको देखिन्छ ।

आफ्नो कुरा सबैका सामु स्पष्टरूपमा राख्न सक्ने खुबी उप्रेतीमा रहेको देखिन्छ । स्पष्टवक्ता हुँदा हुँदै पनि मृदुभाषिता उनमा रहेको अर्को गुण हो । खुला चिठी जस्तै सबैका सामु स्पष्टरूपमा प्रस्तुत हुने उप्रेतीले अरूका कुरा पनि धैर्यतापूर्वक सुन्ने गरेको देखिन्छ । समाजसेवामा रूचि भएकी उप्रेतीले अरूको दुःखमा सक्दो सहयोगसमेत गर्ने गरेको देखिन्छ । सबैप्रति उत्तिकै स्नेहभाव प्रकट गर्ने उप्रेतीलाई भेट्ने जो कोहीले गुमाएको असल साथी भेटेको अनुभव गर्दछन् । विभिन्न साहित्यिक र सामाजिक संघसंस्थाहरूमा आबद्ध उप्रेतीमा नेतृत्वदायी भूमिका समेत रहेको देखिन्छ । बहिर्मुखी स्वभाव भएकी उप्रेती अरूलाई ठोस सहयोग गर्न पाउँदा खुसी हुने बताउँछिन् । सिर्जनशील काममा सँधै आँफूलाई व्यस्त राख्न चाहने उप्रेती स्वाभिमानी समेत रहेको देखिन्छ । आफूप्रति नकारात्मक सोच राख्ने व्यक्तिहरूप्रति भने चाँडो रोष प्रकट गर्न पछि हट्दिनन्  उप्रेती । समग्रमा भन्नु पर्दा उप्रेतीको स्वभाव शालीन, शिष्ट र मर्यादित एवम् परिपक्क रहेको देखिन्छ ।

## २.१३ भ्रमण

भ्रमणलाई ज्ञान प्राप्तिको महत्त्वपूर्ण साधनको रूपमा समेत लिन सकिन्छ । नयाँ ठाँउ घुम्दा नयाँ कुरा थाह पाइने उप्रेतीको ठहर छ । त्यसैले उप्रेतीले देशभित्र र बाहिर विभिन्न ठाउँको भ्रमण गरेको देखिन्छ । देशभित्र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै पुगेको उनको अनुभव छ । त्यसमध्ये पोखरा, पाल्पा, बन्दिपुर, बैतडी आदि उप्रेतीलाई मनपर्ने ठाउँहरू हुन् । देशबाहिर भने भारतको दार्जिलिङ, सिक्किम, पटना, आसाम, दिल्ली, मुम्बई, राजस्थान, बैंङलोर, कलकत्ता आदि ठाउँमा भ्रमण गरेको देखिन्छ । त्यस्तै थाइल्याण्डको बैंककमा भएको एक कार्यक्रममा भाग लिन जाँदा बैंकककका विभिन्न ठाँउहरूमा समेत भ्रमण गरेको बताउँछिन् उप्रेती । भ्रमणले गर्दा नै साहित्य सिर्जनामा नयाँ ऊर्जा थपिएको उप्रेतीको अनुभव छ ।

## २.१४ साहित्यिक र सामाजिक संघसंस्थामा संलग्नता

लक्ष्मी उप्रेती साहित्य सिर्जनका अतिरिक्त विभिन्न साहित्यिक र सामाजिक संघसंस्थामा समेत आवद्ध भएको देखिन्छ । सामाजिक सेवा गर्ने पवित्र उद्देश्य बोकी वि.सं.२०४१ सालमा स्थापित 'लायन्स क्लब अफ विराटनगर' का माध्यमबाट सामाजिक सेवामा आकृष्ट भएको देखिन्छ  उप्रेती । लायन्स क्लब अफ विराटनगरको स्थापना कालदेखि नै सचिवको कार्यभार सम्हाल्दै आएकी उप्रेतीले विराटनगरको समाज उत्थानका लागि विभिन्न संघसंस्थामा नेतृत्वदायी भूमिका निर्वाह गर्दै विशेष कार्यक्रमको आयोजना गरेको जानकारी प्राप्त भएको छ । त्यस्तै वि.सं.२०४५ सालदेखि पूर्वाञ्चल अनाथ आश्रमको आजीवन सदस्य भई आश्रमको सञ्चालनमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसका अतिरिक्त 'बबरसिंह थापा सेवा गुठी' मा समेत आवद्ध रहेको देखिन्छ उप्रेती । वि.सं.२०५२ सालदेखि पूर्वाञ्चल साहित्य प्रतिष्ठानको कोषाध्यक्ष रहँदै आएकी उप्रेती वि.सं. २०५६ सालमा स्थापित 'वनिता' संस्थाको अध्यक्ष र सम्पादक समेत रहेको देखिन्छ । त्यस्तै वि.सं. २०५९ सालदेखि महानन्द वाङ्मय प्रतिष्ठानको कार्य समितिको सदस्य र वि.सं. २०६१ सालबाट 'चिचिला' बालपत्रिकाको सल्लाहकार समेत रहेको देखिन्छ उप्रेती । वि.सं. २०६२ सालदेखि सा.शङ्कर लामिछाने निबन्ध समाजको सदस्य सचिव रहँदै आएकी उप्रेतीले वि.सं.२०६२ सालदेखि 'नेपाल साहित्य पत्रकार संघ' को उपाध्यक्षको भूमिका समेत बहन गर्दै आइरहेको देखिन्छ । यसका अतिरिक्त उप्रेती थुप्रै संघसंस्थामा आजीवन सदस्य समेत रहेको देखिन्छ । जस्तै 'प्रतिभा पुरस्कार प्रतिष्ठान', २०४५ सालदेखि, 'वाणी प्रकाशन', २०५१ सालदेखि, 'सुनसरी साहित्य प्रतिष्ठान', २०५३ सालदेखि, 'गुञ्जन' २०६१ सालदेखि, 'डा.नरेन्द्र चापागाईं स्मृति प्रतिष्ठान' २०६३ सालदेखि, 'बाल साहित्य समाज' २०६३ देखि 'हृदयचन्द्रसिंह प्रधान प्रतिष्ठान' २०६४ सालदेखि आदि ।

यसरी उप्रेतीले साहित्य र सामाजिक संघसस्थामा रहेर पुऱ्याएको योगदान अतुलनीय रहेको देखिन्छ ।

## २.१५ साहित्य सिर्जना

### २.१५.१ लेखन आरम्भ

स्कुले विद्यार्थीदेखि नै साहित्यप्रति रूचि राख्ने उप्रतीको दश कक्षा पढ्दा पढ्दै विवाह भएपछि आफ्ना सम्पूर्ण इच्छा चाहनाहरूले कुण्ठित हुनुपरेको थियो । सानैदेखि

थुप्रै कविताहरू लेख्दै, राख्दै, च्यात्दै गरेकी उप्रेतीले औपचारिक रूपमा भने सर्वप्रथम वि.सं. २०४१ सालमा विराटनगरबाट प्रकाशित हुने 'चाँदनी' पत्रिकामा 'विस्कुनले थिचिएका खुसीहरू' शीर्षकको कविता प्रकाशित गरी साहित्यमा पदार्पण गरेकी हुन् । यसरी कविताबाट शुरू भएको उप्रेतीको साहित्यक यात्रा कथा, बालसाहित्य, सम्पादन र साहित्यिक पत्रकारिता हुदै अघि बढिरहेको छ । उप्रेतीको पहिलो कथा 'साकार हुन नसकेको सपना' वि.सं. २०४४ सालमा विराटनगरबाट प्रकाशित लायन्स स्मरिकामा प्रकाशित भएको थियो । त्यस्तै गरी सर्वप्रथम 'कृष्णको पछुतो' कथा सुनकेस्रामा प्रकाशित गरी बालसाहित्यमा होमिएको देखिन्छ उप्रेती । वि.सं. २०५६ सालदेखि नियमित रूपमा 'वनिता' त्रैमासिक प्रकाशन र सम्पादन गर्दै आएकी उप्रेतीको थुप्रै पत्रपत्रिकामा लेख तथा रचनाहरूप्रकाशित भैरहेका छन् । पुस्तकाकारको रूपमा भने सर्वप्रथम 'योटा बाटो खोजी रहेछ जीवन' कवितासङ्ग्रह वि.सं. २०५१ मा प्रकाशित भएको देखिन्छ ।

यसरी लक्ष्मी उप्रेतीको लेखन आरम्भ औपचारिक रूपमा वि.सं. २०४१ सालवाट शुरू भएको देखिन्छ ।

## २.१५.२ प्रेरणा र प्रभाव

हरेक सफल व्यक्तिको पछाडि कुनै न कुनै व्यक्तिको प्रेरणा अथवा कुनै न कुनै घटनाको प्रभाव प्रत्यक्ष वा परोक्षरूपमा परेको देखिन्छ । उप्रेतीमा सानैदेखि नै साहित्यप्रति रूचि भए पनि प्रस्फुटन हुनै मौका भने विराटनगर आएपछि मात्रै भएको देखिन्छ । संयोगवश विराटनगरमा केही साहित्यिक मित्रहरूको भेटपछि साहित्यिक यात्रा शुरू भएको बताउँछिन् उप्रेती । उहाँहरूकै सद्भाव र प्रेरणाले नै साहित्यिक लेखनमा रूचि बढाएको देखिन्छ उप्रेतीमा । विस्तारै विस्तारै लेखक कविहरूसँग परिचय बढ्दै गएर साहित्यिक परिवेशमा प्रवेश गरेको ठम्याइँ छ उप्रेतीको । सर्वप्रथम वि.सं. २०४१ सालको मोतीजयन्तीका दिन सिद्धार्थ बोर्डिङ स्कुलको हलमा भएको कवि गोष्ठिमा 'मेरो वसन्त' नामक कविता वाचनबाट नै साहित्यिक माहोलमा प्रवेश गरेको अनुभव सुनाउँछिन् उप्रेती । गुरूका रूपमा डा.नरेन्द्र चापागाईं र दधिराज सुवेदीहरूको सहयोगबाट पनि उप्रेतीमा आत्मवल बढेको देखिन्छ । त्यसपछि लायन्स क्लव अफ विराटनगरले २०४१ सालमा गरेका कविता प्रतियोगितामा दोस्रो स्थान प्राप्त गरेपछि झनै प्रोत्साहित भएको अनुभव छ उप्रेतीमा । अनि क्रमश : पत्रपत्रिकाहरूमा कविताहरू प्रकाशित गर्दै अघि वढेको बताउँछिन् उप्रेती । जीवन भोगाइका तीतामीठा अनुभवहरूले

साहित्य लेखनमा उर्जा थप्दै लगेको देखिन्छ उप्रेतीमा । यसका साथै छोराछोरी र मित्रहरूको सद्भावपूर्ण सहयोग र सुझावबाट नै साहित्यिक रूपमा सफल भएको ठम्याइँ छ उप्रेतीको । वि.सं.२०५० सालमा पहिलो कवितासङ्ग्रह लिएर कथाकार परशु प्रधानले कविको रूपमा स्थापित गराएको देखिन्छ उप्रेतीलाई ।

## २.१६ जीवन दर्शन

जीवनलाई हेर्ने र बुझ्ने दृष्टिकोण सबैको आ–आफ्नै अर्थात् वैयक्तिक हुने गर्दछ । वास्तवमा जीवनलाई जसले जसरी भोगेको हुन्छ, त्यहीरूपमा बुझ्ने गरेको देखिन्छ । अझ भनौं भोगाइले (अनुभव) ले विचारको निर्माण गर्दछ । यही सोच्न सक्ने क्षमताले गर्दा नै सवै जीवमध्ये मान्छे सर्वोत्कृष्ट जीव ठहरिएको हुनु पर्दछ । हरेक व्यक्ति सोच, विचार र व्यवहारको कारण एक अर्कावाट पृथक् देखिन्छन् । लक्ष्मी उप्रेतीको पनि जीवनलाई हेर्नै र बुझ्ने दृष्टिकोण आफ्नै किसिमको रहेको छ । एक शब्दमा भन्नुपर्दा जीवनलाई 'संघर्ष' भन्न रूचाउँछिन् उप्रेती । जीवनबाट संघर्ष गरेर हामीले धेरै कुरा लिइरहेका हुन्छौ त्यसैले केही कुरा अरूलाई दिन पनि सक्नु पर्दछ भन्ने उप्रेतीको ठम्याइँ रहेको छ । मूलतः 'परोपकारायः पुण्याय पापाय परपीडनम्' भन्ने उक्ति जीवनको मूलमन्त्रको रूपमा लिएको देखिन्छ उप्रेतीले । एक वाक्यमा जीवन भनेको संघर्षै, संघर्ष हो भन्ने उप्रेतीको जीवनको मूल उदेश्य परोपकार रहेको देखिन्छ ।

## २.१७ मानसम्मान र पुरस्कार

हरेक समाजमा खराब कार्य गर्ने व्यक्तिलाई दण्डको व्यवस्था गरिए जस्तै असलकार्य गर्ने व्यक्तिलाई मानसम्मान र पुरस्कारको व्यवस्था गरिएको हुन्छ । लक्ष्मी उप्रेतीलाई पनि सामाजिक काम र साहित्य क्षेत्रमा दिएको योगदानका कारण विभिन्न मानसम्मान र पुरस्कारद्धारा सम्मानित गरिएको छ । स्कुल पढ्दादेखि नै पढाइमा र अतिरिक्त क्रियाकलापबाट पुरस्कार र प्रमाणपत्र प्राप्त गर्दै आएकी उप्रेतीले हालसम्म थुप्रै पुरस्कार र सम्मान प्राप्त गरेको देखिन्छ ।

साहित्य साधनाको उचित कदर गर्दै उप्रेतीलाई हालसम्म निम्न उल्लेखित मान–सम्मान र पुरस्कारबाट विभूषित गरिएको छ ।

१. पूर्वाञ्चल स्तरीय कविता प्रतियोगितामा दोस्रो पुरस्कार (२०४१)
२. नवरङ्ग साहित्य सम्मान (२०५६)
३. षडानन्द प्रतिभा पुरस्कार (२०५७)
४. हिमशिखर राष्ट्रिय प्रतिभा सम्मान (२०५८)
५. कमला सैँजू जनमत सम्मान (२०६१)
६. पारिजात पाण्डुलिपि बालसाहित्य पुरस्कार (२०६२)
७. लक्ष्मी कार्की साहित्यिक पत्रकारिता पुरस्कार (२०६३)

८. त्रिमूर्ति वाङ्मय राष्ट्रिय सेवा सम्मान (२०६३)
९. बाल साहित्य शिशु सेवा राष्ट्रिय पुरस्कार (२०६४)
१०. तन्नेरी विशेष सम्मान (२०६५)
११. प्रेमदत्त गोमा त्रिपाठी स्मृति साहित्य, सञ्चार विशेष सम्मान (२०६५)
१२. भद्र व्यक्तित्व पुरस्कार (२०६६)
१३. शारदा कोइराला स्मृति वाणी बालसाहित्य पुरस्कार (२०६६)

## २.१७ निष्कर्ष

ताप्लेजुङ अन्तर्गत हाङपाङको आठराईमा वि.सं. २०१५ सालमा जन्मिएकी लक्ष्मी उप्रेतीले ४/५ वर्षको उमेरमा नै मातृस्नेहबाट वञ्चित हुनुपरेको थियो । निम्न आर्थिक अवस्था भएको घरमा जन्मिए पनि उप्रेतीका पितालाई छोराछोरीलाई पढाउनु पर्छ भन्ने चेनता भएकाले उनको पढाइमा भने कुनै कसर नराखेको देखिन्छ ।

हाङ्पाङ्वाट विराटनगर (मधेश) बसाइँ सरेपछि उप्रेतीको शिक्षारम्भ शुरू हुन्छ तर त्यहाँ एक वर्ष जति वसेपछि उनको परिवार पुन धरानमा सर्दछ । धरानमा नै उप्रेतीको माध्यमिक स्तरको पढाइ पूरा हुन्छ । त्यसपछि पनि पढ्ने इच्छा हुँदाहुँदै जवरजस्ती उनको विवाह वि.सं. २०३० सालमा झापा निवासी डिल्लीराम उप्रेतीसँग हुन पुग्छ । विवाह पश्चात् तीन सन्तानहरूको जन्म भएपनि उप्रेतीको दाम्पत्य जीवन भने असफल हुन पुग्दछ । यही असफलताले नै उप्रेतीलई सफलतातर्फ उन्मुख गराउँछ ।

वि.सं.२०३६ सालमा उप्रेतीको परिवार झापाबाट विराटनगरको भानुटोल बसाई सर्दछ । त्यसपछि उप्रेतीका संघर्षका दिनहरू शुरू हुन्छन् । असहयोगी श्रीमान्  भएकाले सन्तानलाई उचित शिक्षा प्रदान गर्न र घरव्यवहार चलाउन उप्रेतीलाचई धौ–धौ पर्छ । फलस्वरूप करिव ४/५ वर्ष शिक्षण पेशा पनि अंगालेको देखिन्छ उप्रेतीले तर त्यसबाट घर धान्न गाह्रो भएपछि सिलाइवुनाइ सम्बन्धी लातिम लिएर व्यवसाय सञ्चालन गर्न पुग्छिन् उप्रेती । यही व्यवसायवाट उप्रेती पूर्वाञ्चल क्षेत्रकै पहिलो सफल महिला उद्यमीका रूपमा परिचित हुन्छिन् । यसै बीचमा उप्रेतीले स्नातकसम्मको औपचारिक शिक्षा पनि सफलतापूर्वक सम्पन्न गरेको देखिन्छ ।

आफ्नै जीवन भोगाइका सुखद् र दुखद् परिवेशहरूबाट शिक्षा र प्रेरणा लिएर र केही सहृदयी मित्रहरूको सहयोगबाट उप्रेती साहित्यतर्फ उन्मुख भएको देखिन्छ । वि.सं. २०४१ सालबाट निरन्तर साहित्य लेखन र अध्ययनमा लागेकी उप्रेती थुप्रै सामाजिक र साहित्यिक संघ/संस्थामा समेत सक्रियता पूर्वक आबद्ध भएको देखिन्छ । करिब एक दर्जन जति पुस्तकहरूको सफलता पूर्वक सम्पादन गरी सकेकी उप्रेतीका हालसम्म चारवटा कवितासङ्ग्रह, नौ वटा बालसाहित्य सङ्ग्रह र एउटा कथासङ्ग्रह समेत प्रकाशित भैसकेका छन् । यसका अतिरिक्त थुप्रै पुस्तक र पत्रपत्रिकाहरूमा समेत फुटकर रूपमा लेख/रचनाहरू पनि प्रकाशित भैरहका छन् । वि.सं. २०५६ सालदेखि 'वनिता' साहित्यिक संस्थाको अध्यक्ष र 'वनिता' साहित्यक पत्रिकाको सम्पादक रहँदै आएकी उप्रेतीले 'वनिता' त्रैमासिक पत्रिकाको निरन्तर रूपमा लेखन, प्रकाशन र सम्पादन समेत गर्दै आएको पनि देखिन्छ । करिब डेढ दर्जन जति कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका उप्रेतीले एक दर्जन भन्दा बढी पुरस्कार र मानसम्मान समेत पाएको देखिन्छ ।

श्रीमान्  र घरपरिवारको सहयोग विना नै एक्लैले ३ सन्तानको उचित शिक्षा-दीक्षा र विवाह समेत गराउन सफल उप्रेतीको जीवन सार्थक रहेको देखिन्छ । दाम्पत्य जीवन असफल भए पनि एक असल आमा, एक सफल उद्यमी र एक सफल साहित्यकारका रूपमा समेत परिचित उप्रेतीको संघर्षपूर्ण जीवनगाथा सबैका लागि प्रेरणाको स्रोत बन्न सक्छ ।

# अध्याय तीन
# लक्ष्मी उप्रेतीको व्यक्तित्वको अध्ययन

## ३.१ परिचय

हरेक व्यक्तिको आ-आफ्नै व्यक्तित्व हुने गर्दछ । व्यक्तित्वकै कारण एक व्यक्ति अर्कोबाट फरक हुने गर्दछ । व्यक्तिको पहिचान भनेकै उसको व्यक्तित्व हो जसका आधारमा ऊ समाजमा परिचित हुन्छ । मूलतः वंशाणुगत गुण, शारीरिक गठन, पारिवारिक रहनसहन, शिक्षा, भेषभूषा, प्रतिभा, क्षमता, बौद्धिकता, विचार र व्यवहार जस्ता विविध आधारहरूलाई नै व्यक्तित्व निर्माण गर्ने आवश्यक कारक तत्त्वहरूको रूपमा लिन सकिन्छ । व्यक्तिले भोगेको जीवन भोगाइका विविध पक्षहरूले पनि व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

मानवीय व्यक्तित्वलाई आन्तरिक र बाह्य गरी दुई मागमा बाँडेर पनि हेर्न सकिन्छ । बाह्य व्यक्तित्व शरीर संगठन रूपरङ्ग आकारप्रकार र लवाइखवाइ एवम् बोलीचालिका आधारमा प्रकट हुन्छ भने आन्तरिक व्यक्तित्व व्यवहारबाट प्रकट हुने गर्दछ । अर्को शब्दमा भन्नुपर्दा चर्मचक्षुले देखिने शारीरिक ढाँचालाई बाह्य व्यक्तित्व र व्यवहारबाट देखिने मानसिक रूपमा निर्मित व्यक्तित्वलाई नै आन्तरिक व्यक्तित्व भन्ने गरिन्छ । मूलतः शारीरिक व्यक्तित्व भन्दा पनि आन्तरिक व्यक्तित्वकै कारण व्यक्ति महान हुने गर्दछ ।

लक्ष्मी उप्रेतीको व्यक्तित्व बहुमुखी रहेको देखिन्छ । उप्रेतीको व्यक्तित्व निर्माणका विविध पक्षहरूलाई बुँदागत रूपमा निम्न लिखित रूपमा चर्चा गर्न सकिन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व

मान्छेको पहिलो पहिचान भनेकै उसको शारीरिक व्यक्तित्व हो । शारीरिक व्यक्तित्व निर्माणमा मूलतः वंशाणुगत गुणको प्रभाव परेको हुन्छ भने आहार, विहार र रहनसहनले पनि कम प्रभाव पारेको हुँदैन । ६८/६९ के.जी.तौल भएकी उप्रेतीको शरीर हृष्टपुष्ट र वजनदार देखिन्छ । लगभग ५ फिट ५ इन्चको उचाइ भएकी उप्रेतीको वर्ण

गोरो रहेको छ । हँसिलो मुखाकृति भएकी उप्रेतीको शारीरिक रूपरंग आकर्षक देखिन्छ । टम्म मिलेका दाँत र चम्किला आँखा भएकी उप्रेतीले निधारमा टीका र घाँटीमा मोतीको माला लगाउने गरेको देखिन्छ । हाँसेर कुरा गर्ने, गम्भीर भई अरूको कुरा सुन्ने, स्पष्टसँग आफ्नो कुरा राख्ने क्षमता भएकी उप्रेतीको व्यक्तित्व ज्यादै आकर्षक देखिन्छ । सामान्य अवस्थामा कुर्ता र सलवारमा देखिने उप्रेती औपचारिक समारोहमा भने साडी र ब्लाउजमा प्रस्तुत हुने गर्दछिन् । सधैँ व्यस्त रहन रूचाउने उप्रेतीले सामान्य पावरको चस्मा लगाउने गरेको पनि देखिन्छ । सबै सँग शिष्टता र हार्दिकताका साथ प्रस्तुत हुने उप्रेती ओजस्वी नारी व्यक्तित्वको रूपमा परिचित छिन् ।

## ३.३. साहित्यिक व्यक्तित्व

लक्ष्मी उप्रेतीले आफूलाई मूलतः कवयित्री भन्न रूचाउने भए पनि साहित्यका विभिन्न विद्यामा कलम चलाउने गरेको देखिन्छ । उप्रेतीको साहित्यिक व्यक्तित्वलाई कवि व्यक्तित्व, वाल साहित्यकार व्यक्तित्व, कथाकार व्यक्तित्व र सम्पादक व्यक्तित्वका रूपमा वर्गीकरण गरेर देखाउन सकिन्छ ।

### ३.३.१. कवि व्यक्तित्व

सानै उमेरदेखि कविता लेख्न रूचाउने उप्रेतीले वि.सं.२०४१ सालमा विराटनगरबाट प्रकाशित हुने 'चाँदनी' पत्रिकामा 'विस्कुनले थिचिएका खुसीहरू' शीर्षकको कविता प्रंकाशन गरी औपचारिक रूपमा कविता यात्रा आरम्भ गरेको देखिन्छ । पहिलो कवितासङ्ग्रहको रूपमा वि.सं. २०५१ सालमा 'यौटा बाटो खोजिरहेछ जीवन' प्रकाशित भएपछि उप्रेतीको कवि व्यक्तित्वले अझ बढी सार्वजनिक हुने मौका पायो । त्यसपछि वि.सं. २०५६ सालमा प्रकाशित 'मृदु स्मृतिहरू' कवितासङ्ग्रहले उप्रेतीलाई कवयित्रीका रूपमा स्थापित गराएको थियो । तेश्रो कवितासङ्ग्रहका रूपमा वि.सं. २०५९ सालमा प्रकाशित 'स्निग्ध अनुभूति' ले उप्रेतीको कवि व्यक्तित्वमा नयाँपन थपिएको थियो भने वि.सं. २०६१ सालमा प्रकाशित 'समय स्पर्श' शीर्षकको कविता' सङ्ग्रहबाट भने उप्रेतीको कवि व्यक्तित्व झनै फराकिलो बनेको देखिन्छ । यसका अतिरिक्त फुटकर रूपमा थुप्रै पत्रपत्रिकाहरूमा प्रकाशित कविताहरूले उप्रेतीको प्रखर कवि व्यक्तित्वलाई साकार रूप दिन सफल भएका छन् ।

### ३.३.२. बाल साहित्यकार व्यक्तित्व

कविताबाट शुरू भएको उप्रेतीको साहित्य यात्रा बालसाहित्य तर्फ पनि उत्तिकै सशक्त रहेको देखिन्छ । सर्वप्रथम 'सुनकेस्रा' बालपत्रिकामा वि.सं.२०५६ मा 'कृष्णको पछुतो' कथा प्रकाशित भएपछि उप्रेतीको बालसाहित्यकार व्यक्तित्वले प्रस्फुटित हुने मौका पाउँछ । त्यसपछि क्रमशः कर्मको फल (२०५८) 'बृद्धिमानी बाँदर' (२०५९) 'सुनको अण्डा दिने चरी' (२०६१) 'साथी–साथी' (२०६४) जस्ता बालकथासङ्ग्रहहरू प्रकाशित भएपछि उप्रेती बालसाहित्यकार व्यक्तित्वका रूपमा स्थापित हुन पुग्छिन् । यसका अतिरिक्त बाल कवितासङ्ग्रह- 'मनेको म्याँ म्याँ' (२०५७) बालउपन्यास- 'साहसी आकाङ्क्षा र पवन परी' (२०६०) र बालचित्र कविता 'कमिलाको ताँती' (२०६१) जस्ता बालसाहित्यले उप्रेतीको बालसाहित्यकार व्यक्तित्वलाई अझ बढी परिमार्जित गरेको देखिन्छ । उप्रेतीको प्रकाशोन्मुख बालयात्रा कथासङ्ग्रह 'सानुको मामाघरको यात्रा' ले वि.सं. २०६२ सालको पारिजात पाण्डुलिपि बालसाहित्य पुरस्कार प्राप्त गर्न सफल भएकाले पनि उप्रेतीको बालसाहित्यकार व्यक्तित्व सशक्त रहेको प्रमाण पेश गर्दछ । उप्रेतीको बालसाहित्यबाट बालबालिकाहरूले मनोरञ्जनका अतिरिक्त ज्ञान र विभिन्न खाले शिक्षासमेत प्राप्त गर्ने गरेको देखिन्छ । यिनै कारणहरूले गर्दा उप्रेतीको वाल साहित्यकार व्यक्तित्व सफल रहेको ठहरिन्छ ।

### ३.३.३. कथाकार व्यक्तित्व

लक्ष्मी उप्रेतीका व्यक्तित्वका पाटाहरूमध्ये कथाकार व्यक्तित्व पनि एक हो । औपचारिक रूपमा वि.सं. २०४४ सालमा 'सकार हुन नसकेको सपना' लायनेस स्मारिका विराटनगरमा प्रकाशित गरी कथा लेखनतर्फ आकृष्ट भएको देखिन्छ उप्रेती । वि.सं. २०६३ सालमा 'तिर्सना' कथासङ्ग्रह प्रकाशित गरी कथाकार व्यक्तित्वको परिचय दिन सफल उप्रेतीका कथाहरू सङ्ख्यात्मकरूपमा कम भए पनि गुणात्मकरूपमा उत्कृष्ट रहेको देखिन्छ । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा पनि उप्रेतीका थुप्रै कथाहरूप्रकाशित भैरहेका छन् । उप्रेतीका कथाहरूमा मानवीय जीवनका छटपटी र पीडाहरूलाई सजीवताका साथ उतारिएको पाइन्छ । मूलतः नारी मनका व्यथा र नारी मनेविज्ञानलाई खोतल्ने प्रयास गरिएको भए पनि कोरा नारीवादी चिन्तनको विपक्षमा रहेको देखिन्छ उप्रेती । उप्रेतीका कथाहरूले समाजलाई सही मार्गदर्शन दिने प्रयास

गरेको देखिन्छ । अतः उप्रेतीका विभिन्न व्यक्तित्वहरूमध्ये कथाकार व्यक्तित्व पनि उज्ज्वल रहेको देखिन्छ ।

### ३.३.४. सम्पादक व्यक्तित्व

साहित्य साधनामा साधनारत साहित्यकार लक्ष्मी उप्रेतीका व्यक्तित्वका विविध पाटाहरूमध्ये सम्पादक व्यक्तित्व पनि सशक्त रहेको देखिन्छ । सर्वप्रथम वि.सं.२०४४ सालमा विराटनगरवाट प्रकाशित लायनेस स्मारिकाको सम्पादन गरेपछि उप्रेतीको सम्पादक व्यक्तित्वले यात्रा प्रारम्भ गरेको देखिन्छ । हालसम्म एक दर्जन जति पुस्तकहरूको सम्पादन गरी सकेकी उप्रेतीले आफूलाई कुशल सम्पादक व्यक्तित्वका रूपमा समेत परिचित गराउन सफल भएकी छन् । उप्रेतीले हालसम्म सम्पादन गरेका पुस्तकहरू यसप्रकार रहेका छन् ।

१. लायनेस स्मारिका विराटनगर (२०४४)
२. भानु मोरङ प्रतिविम्ब (२०४७)
३. केन्द्रीय महिला उद्यमी स्मारिका (भाग १ र भाग २) (२०५६ र २०५७)
४. वनिता त्रैमासिक (२०५६ सालदेखि हालसम्म)
५. साहित्यकार देवकुमारी थापाको व्यक्तित्व र कृतित्व ग्रन्थ (२०५८)
६. समाजसेवी शान्ता पोखरेल विशेषाङ्क (२०६१)
७. बालकथाका फूलबारी (२०६१)
८. सेवा र सिर्जनको परिधिमा भद्रकुमारी घले (२०६२)
९. नानीहरूलाई कोसेली (२०६२)
१०. लीला विमर्श (२०६३)
११. दधिराज सुवेदीका पाइलाहरू(२०६५)
१२. भाविष्य द्रष्टा–देवकोटा (२०६६)

यी सम्पादित पुस्तकहरूवाट उप्रेतीमा स्रष्टा व्यक्तित्व मात्र नभई एक सफल सम्पादक व्यक्तित्वसमेत रहेको देखिन्छ । हालसम्म पनि वनिता त्रैमासिकको सम्पादनमा सकृय रहँदै आएकी उप्रेतीको सम्पादक व्यक्तित्व पनि अत्यन्त प्रभावकारी रहेको यस क्षेत्रमा पुऱ्याएका योगदानहरूले प्रस्ट पार्दछन् ।

लक्ष्मी उप्रेतीको साहित्यिकार व्यक्तित्वका रूपमा फाट्टफुट्ट रूपमा निबन्धकार व्यक्तित्व, जीवनीकार व्यक्तित्व, खोज तथा अनुसन्धाता व्यक्तित्व आदि पनि रहेको देखिन्छ ।

## ३.४. साहित्येतर व्यक्तित्व

साहित्यकार लक्ष्मी उप्रेतीको साहित्येतर व्यक्तित्वका पाटाहरू पनि सवल रहेको देखिन्छ । उप्रेतीको साहित्यिक यात्रालाई सफल बनाउन र त्यसमा उर्जा प्रदान गर्न साहित्येतर व्यक्तित्वले महत्त्वपूर्ण प्रभाव पार्ने हुनाले यी व्यक्तित्वका पाटाहरूको चर्चा गर्नु औचित्यपूर्ण हुने गर्छ । यस अन्तर्गत मूलत : शिक्षक व्यक्तित्व, उद्योगी–व्यवसायी व्यक्तित्व, समाजसेवी व्यक्तित्व, धार्मिक तथा सांस्कृतिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, साङ्गठनिक तथा संस्थापक व्यक्तित्वको अध्ययन गर्न सकिन्छ ।

### ३.४.१. शिक्षक व्यक्तित्व

लक्ष्मी उप्रेतीको दाम्पत्य जीवन सुस्वादिलो बन्न नसके पनि २ छोरी र १ छोरा गरी ३ जना सन्तानको जन्म झापामा नै भएको देखिन्छ । छोराछोरीको उज्ज्वल भविष्यको लागि उचित शिक्षा दिन भनी वि.सं. २०३६ सालको अन्तिमतिर उनको परिवार विराटनगरको भानुटोलमा वसाइँ सर्दछ । त्यसपछि घरखर्च गर्न र छोराछोरी पढाउन उप्रेतीले 'गजराज प्री प्राइमरी स्कुल' मा करिव ५ वर्ष जति पढाएको जानकारी प्राप्त भएको छ । त्यस समयमा दिउँसो स्कुल पढाउनु र विहान वेलुका ट्युसन पढाउनु उप्रेतीको दैनिकी नै बनेको देखिन्छ । बच्चाहरूको मनोविज्ञान र बच्चाहरूलाई कसरी पढाउनु पर्छ भन्ने कुरा त्यति बेलाबाट नै आफूले सिकेको उप्रेतीको ठम्याइँ छ । उक्त समयमा उप्रेतीको तलव करिव एकहजार/बाह्रसय रूपैयाँ जति रहेको देखिन्छ । न्यून तलवका कारण घर खर्च टार्न सहज नबनेपछि उप्रेती वैकल्पिक पेशा अंगाल्न बाध्य भएको देखिन्छ ।

### ३.४.२ उद्योगी–व्यवसायी व्यक्तित्व

लक्ष्मी उप्रेतीको साहित्येतर व्यक्तित्वमा सबैभन्दा महत्त्वपूर्ण व्यक्तित्व उद्योगी–व्यवसायी व्यक्तित्व नै हो । उप्रेतीको न्यून आर्थिक अवस्थालाई उनमा रहेको उद्योगी–व्यवसायी व्यक्तित्वले नै सवल बनाउन सक्षम रहेको देखिन्छ । उप्रेतीलाई सानै उमेरमा

आमाले पुरानो स्वीटर उधारेर डल्ला बनाउन दिनु नै उनको जीवन उपार्जनमा लगि शिक्षा भएछ । त्यही अन्तरप्रेरणाले वि.सं. २०४० सालतिर उप्रेतीले सिलाइ बुनाइको तालिम लिइन् र २०४१ सालपछि औपचारिकरूपमा पसल खोली स्वीटर व्यवसाय नै सञ्चालन गरिन् । उनको अथक मिहिनेत, परिश्रम र साधनावाट 'यज्ञ निटिङ उद्योग' को स्थापना गरी करिब ६०/६५ जना महिलाहरूलाई रोजगार दिन पनि सफल भइन् । उनको व्यक्तित्वबाट प्रभावित भएर उनलाई साथ दिने साथीहरू पनि बढ्दै गए । त्यसपछि विभिन्न संघ-संस्थाको सीपविकास तालिम कार्यक्रमको प्रमुख पशिक्षक भएर करिव १५ वर्षजति कार्य सम्पादन गरिन् । यसै सिलसिलामा दिल्लीमा भएको व्यापार मेलामा मात्र होइन् सन् १९९६ अप्रिल २२ देखि २६ तरिखसम्म बैङ्कमा भएको औद्योगिक मेलामा पनि सहभागी हुन सफल भइन् । उनको मेहनत, लगनशीलता, कार्य सम्पादनको शैली र व्यक्तित्वबाट विराटनगरबासीहरू धेरै नै प्रभावित भएको उनको समकक्षी व्यक्तिहरूले जानकारी दिएका छन्. । यसरी उप्रेती पूर्वाञ्चल क्षेत्रकै पहिलो सफल महिला उद्यमीको रूपमा दरिइन् ।

## ३.४.३ समाजसेवी व्यक्तित्व

समाजवाट आफूले धेरै कुरा पाएकाले आफूले पनि समाजलाई केही दिन सक्नु पर्छ भन्ने मान्यता राख्ने उप्रेती समाजसेवा गर्न पाउँदा आफूलाई सन्तुष्टि प्राप्त हुने बताउँछिन् । समाजसेवा गर्ने उद्देश्यले उप्रेतीले वि.सं. २०४१ सालमा स्थापित लायनेस क्लवको संस्थापक सचिवको रूपमा कार्यभार सम्हालेको देखिन्छ । त्यसपछि उप्रेतीले वि.सं. २०६० सालवाट 'बबरसिंह थापा सेवा गुठी' र वि.सं. २०५५ सालबाट पूर्वाञ्चल अनाथ आश्रमका अध्यमबाट समाजसेवामा लागेको देखिन्छ । समाजिक काममा आफ्नो हैसियत अनुसार तन, मन र धनले सहयोग गर्ने उप्रेती थुप्रै सामाजिक संघ-संस्थामा आवद्ध भएको पनि देखिन्छ । उप्रेतीवाट सञ्चालित उद्योग व्यवसायमा करिव ६०/६५ जना महिलालाई रोजगारी दिन सक्नुलाई पनि समाज सेवाको रूपमा हेर्न सकिन्छ भने साहित्य सेवा पनि विशुद्ध समाज सेवा नै हो । साहित्य साधना र समाजसेवाबाट नै आफूलाई अत्यधिक सन्तुष्टि प्राप्त हुने भएकाले अब त्यसमै समर्पित हुने बताउँछिन् उप्रेती ।

### ३.४.४ धार्मिक तथा सांस्कृतिक व्यक्तित्व

पूजाबाट मात्रै ईश्वर खुसी हुन्छन् भन्ने पक्षमा नरहेको देखिन्छ उप्रेती । धेरै समय लगाएर अर्थात् घण्टौंसम्म लाइनमा बसेर पुजा गर्नुभन्दा त्यो समयलई सही रूपमा सदुपयोग गर्न सके ईश्वर खुसी हुन्छन्  भन्ने धारणा व्यक्त गर्छिन् उप्रेती । हरेक दिन विहान पुजा गर्ने तर सोचविचार र व्यवहार भने गलत गर्ने व्यक्तिहरूदेखि रूष्ट रहेको देखिन्छ उप्रेती । धर्मप्रतिको आस्था भन्दा बढी आत्मसन्तुष्टिको लागि पूजा गर्ने गरेको बताउने उप्रेती श्रमबाट नै ईश्वरलाई खुसी बनाउन सकिन्छ भन्ने मान्यता राख्छिन् । मूर्तिपुजा गर्नुभन्दा दुःखी गरिबलाई एक छाक खाना खुवाउन सके धर्म मिल्छ भन्ने पक्षमा रहेको देखिन्छ उप्रेती ।

हाम्रो पहिचान भनेकै हाम्रो संस्कृति हो । हामी हाम्रो संस्कृतिमा धनी छौं तर संस्कृतिमा रहेको गलत तरिका र प्रवृत्तिहरूलाई भने हटाउनु पर्छ भन्ने पक्षमा रहेको देखिन्छ उप्रेती । संस्कृतिको रूपमा रहेका कुरीति र कुप्रथालाई भने त्याग्न सक्नुपर्छ भन्ने मान्यता राख्ने उप्रेतीले परोपकारलाई नै धर्म ठान्ने गरेको बुझिन्छ ।

### ३.४.५ राजनीतिक व्यक्तित्व

कुनै समयमा समाजसेवाको लागि राजनीतिमा नै आफ्नो जीवन सुम्पने निर्णय गरेकी उप्रेतीले पछि राजनीति भनेको 'फोहोरी खेल' रहेछ भन्ने सोचेर आफ्नो निर्णय फिर्ता लिएको अनुभव सुनाउँछिन । मार्क्सवादी सिद्धान्त र लेलिनवादबाट प्रभावित रहेपनि उप्रेती वर्तमान राजनीति अस्थिरता र विकृतिपूर्ण राजनीतिक परिस्थितिले आफू कुनै गुट प्रति नलागेको दाबी गर्छिन । कम्युनिष्ट विचारधाराबाट अभिप्रेरित उप्रेतीले देशको बारेमा सोच्ने नेता नेपालमा छैनन् कि ? भन्ने गुनासो व्यक्त गर्छिन् । शान्ति सुरक्षा कायम राख्न, विकास निर्माणको काम गर्न र धनी र गरिब बीचको खाडल कम गर्न अहिलेसम्मका सरकारहरू असफल भएको उप्रेतीको ठम्याँइ छ ।

### ३.४.६ संगठनात्मक व्यक्तित्व

समाज सेवाको पवित्र उद्देश्यका साथ विभिन्न संघ/संगठनमा आवद्ध भएको देखिन्छ उप्रेती । साङ्गठनिक गतिविधिमा सक्रिय उप्रेतीमा नेतृत्वदायी क्षमतासमेत

रहेको स्पष्ट हुन्छ । उनी हालसम्म निम्न साहित्यिक र सामाजिक संघ/संगठनमा आवद्ध भएको देखिन्छ ।

क) वनिता अध्यक्ष/सम्पादक/प्रकाशन संस्थापक (२०५६)

ख) महानन्द वाङ्मय प्रतिष्ठान कार्यसमिति सदस्य (२०५८)

ग) सा.शङ्कर लामिछाने निबन्ध समाज उपाध्यक्ष संस्थापक (२०६३)

घ) नेपाल साहित्यिक पत्रकार संघ उपाध्यक्ष संस्थापक (२०६३)

ङ) चिचिला सल्लाहकार(बालपत्रिका) (२०६३)

च) रमाकृष्ण सिर्जना प्रतिष्ठान उपाध्यक्ष (२०६५)

आजीवन सदस्य : (क) प्रतिभा पुरस्कार प्रतिष्ठान (२०४३)

(ख) वाणी प्रकाशन संस्थापक (२०५१)

(ग) सुनसरी साहित्य प्रतिष्ठान (२०५१)

(घ) गुञ्जन (२०६०)

(ङ) पूर्वाञ्चल साहित्य प्रतिष्ठान कोषाध्यक्ष (२०६०)

(च) बालसाहित्य समाज (२०६२)

(छ) हृदयचन्द्रसिंह प्रधान प्रतिष्ठान (२०६३)

(ज) डा.नरेन्द्र चापागाईं स्मृति प्रतिष्ठान (२०६३)

(झ) रमेश विकल साहित्यक प्रतिष्ठान (२०६६)

यसरी विभिन्न संघ/संस्थामा संगठित र समर्पित भई नेतृत्वदायी भूमिका खेल्दै आएकी उप्रेतीको साङ्गठनिक व्यक्तित्व पनि सशक्त रहेको देखिन्छ ।

## ३.५.जीवनी, व्यक्तित्व र साहित्य-लेखन बीचमा अन्तःसम्बन्ध

भनिन्छ, साहित्य भनेको समाजको दर्पण हो । मानिस पनि समाजकै एक अङ्ग भएकाले मानवीय जीवनकै इतिवृत्तमा रहेर साहित्य सिर्जना हुने गर्दछ । जीवन भोगाइका क्रममा प्राप्त भएका अनुभवहरूलाई नै शैली र शिल्पका साथ साहित्यमा प्रयोग गर्ने गरिन्छ । त्यसैले साहित्य, जीवनी र व्यक्तित्व एक अर्कामा सम्बन्धित रहेको देखिन्छ । मानवीय जीवनमा भोगिएका तीता र मीठा क्षणहरूले जब सर्जकलाई चिमोट्न थाल्छ अनि उसलाई प्रसवपीडा हुन्छ र त्यही पीडाबाट उत्पन्न हुन्छ- सिर्जना ।

उप्रेतीका विभिन्न कृतिहरूमा आफ्नै जीवनका अनुभव र भोगाईहरूको छायाँसमेत देख्न सकिन्छ । देखेको कुरा लेख्न भन्दा भोगेको कुरा लेख्न बढी सजिलो हुने स्रष्टाहरू बताउँछन् । अतः जीवनी, व्यक्तित्व र साहित्य-लेखनबीचमा अन्तःसम्बन्ध रहेको छ भन्न सकिन्छ ।

## ३.६ निष्कर्ष:

बहुमुखी प्रतिभाकी धनी लक्ष्मी उप्रेतीका व्यक्तित्वका सबै पाटाहरू सशक्त रहेको देखिन्छ । उप्रेतीको आन्तरिक र बाह्य दुवै व्यक्तित्व सफा र स्पष्ट रहेको छ । गोरो वर्णकी उप्रेतीको ५ फुट ५ इन्चको उचाइ र ६८/६९ के.जी. को बजन नै बाह्य व्यक्तित्वका रूपमा रहेको पाइन्छ । उप्रेतीको मुख्य व्यक्तित्व भनेकै साहित्यिक व्यक्तित्व हो । साहित्य अन्तर्गत पहिलो व्यक्तित्व कवि व्यक्तित्व रहेको छ । औपचारिक रूपमा वि.सं.२०४१ देखि शुरू भएको कवि व्यक्तित्व ४ वटा कवितासङ्ग्रह प्रकाशित गर्दै आजसम्म पनि निरन्तर अघि बढिरहेको छ । त्यस्तै गरेर औपचारिक रूपमा वि.सं.२०४४ सालबाट उप्रेतीको कथाकार व्यक्तित्वले पनि प्रस्फुटित हुने मौका पाएको देखिन्छ । फुटकर रूपमा थुप्रै पत्रपत्रिकाका अतिरिक्त वि.सं. २०६३ सालमा 'तिर्सना' कथासङ्ग्रह प्रकाशित गरेकी उप्रेतीको कथाकार व्यक्तित्व अविराम रूपमा अघि बढिरहेको छ । बालबालिकाको रुचि र चाहनालाई ध्यानमा राखेर लेखिएका उप्रेतीका आठवटा बालसाहित्यका सङ्ग्रहहरूले उप्रेतीको बालसाहित्यकार व्यक्तित्वको परिचय दिइरहेका छन् । उप्रेती स्रष्टा मात्र नभएर द्रष्टा पनि हुन् भन्ने तथ्यलाई उनले सम्पादन गरेका एक दर्जन जति पुस्तकहरूले प्रमाणित गरिसकेका छन् । त्यसैले उप्रेतीको सम्पादक व्यक्तित्व पनि सशक्त रहेको छ भन्न सकिन्छ ।

उप्रेतीको साहित्यिक व्यक्तित्व जति प्रभावशाली रहेको छ साहित्येतर व्यक्तित्व पनि उत्तिकै उदिप्त रहेको देखिन्छ । करिब ५ वर्षजति विराटनगरको भानुटोलमा रहेको 'गजराज 'प्रि प्राइमरी' स्कुलमा पढाएकी उप्रेतीमा शिक्षक व्यक्तित्व समेत रहेको देखिन्छ । उप्रेंतीको साहित्येतर व्यक्तित्वमा सबैभन्दा मुख्य व्यक्तित्व उद्योग-व्यवसायी व्यक्तित्व हो । वि.सं. २०४०/४१ सालतिरबाट औपचारिक रूपमा सुरू भएको यस व्यक्तित्वले नै उप्रेतीलाई आर्थिकरूपमा सफल र सबल बनाएको देखिन्त्छ । ६०/६५ जना सहयोगी राखेर उद्योग संचालन गरेकी उप्रेती उद्योग-व्यवसायी व्यक्तित्वकै कारण पूर्वाञ्चल क्षेत्रकै सफल महिला उद्यमीका रूपमा दरिएकीछिन् । त्यस्तै गरेर समाजसेवा गर्दा

सबैभन्दा बढी आत्मसन्तृष्टि प्राप्त हुने बताउने उप्रेतीमा समाजसेवी व्यक्तित्व पनि सशक्तरूपमा रहेको देखिन्छ । दुई दर्जन जति साहित्यक र सामाजिक संघ/संस्थाहरूमा आवद्ध रहेकी उप्रेतीमा नेतृत्वदायी क्षमतासमेत रहेकाले संगठनात्मक व्यक्तित्व पनि प्रभावशाली रहेको देखिन्छ । आत्मसन्तृष्टिका लागि पुजा गर्ने उप्रेतीमा धार्मिक तथा सांस्कृतिक व्यक्तित्व पनि रहेको देखिन्छ । ४६ सालको आन्दोलनमा सहभागी भएकी उप्रेतीमा राजनीतिक व्यक्तित्व पनि रहेको देखिन्छ ।

यसरी उप्रेतीका व्यक्तित्वका पाटाहरू विविध भए पनि मुख्यरूपमा साहित्यिक व्यक्तित्व, उद्योग-व्यवसायी व्यक्तित्व र समाजसेवी व्यक्तित्व सशक्त रहेको देखिन्छ ।

# अध्याय चार
# लक्ष्मी उप्रेतीको कृतित्वको अध्ययन एवम् मूल्याङ्कन

## ४.१. परिचय

बहुआयामिक व्यक्तित्वकी धनी साहित्यकार लक्ष्मी उप्रेतीले साहित्यका विविध विधामा कलम चलाएको देखिन्छ । मूलतः आफूलाई कवयित्री भन्न रूचाउने उप्रेतीले कविताको अतिरिक्त कथा र बालसाहित्यका क्षेत्रमा पनि आफूलाई स्थापित गराएको देखिन्छ ।

## ४.२ उक्ष्मी उप्रेतीको साहित्यक यात्राको चरण विभाजनः

सशक्त नारी हस्ताक्षर लक्ष्मी उप्रेतीको साहित्यक यात्राको कालक्रमिक विवरण निम्नानुसार विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

१. सुरूदेखि–वि.सं. २०४० सम्म

२. वि.सं. २०४१ देखि –वि.सं.२०४९ सम्म

३. विंसं. २०५० देखि–हालसम्म

## ४.२.१ शुरूदेखि–वि.सं. २०४० सम्म

लक्ष्मी उप्रेती ५/६ कक्षामा पढ्दै गर्दा उनकी दिदी शान्ताले कविता लेखेर सुनाएकाले उनकै सिको गर्ने प्रयास गरेको देखिन्छ । त्यसैले त्यत्तिबेलैदेखि उप्रेतीको साहित्यिक यात्रा सुरूभएको मान्न सकिन्छ । यस चरणमा उप्रेतीले थुप्रै कविताहरू लेखे पनि तिनलाई प्रकाशित गरेको देखिदैन । कविताहरू लेख्दै, राख्दै, च्यात्दै गरेको सम्भना छ–उप्रेतीलाई । यस समयमा एकातिर कार्यव्यस्तता थियो भने अर्कोतर्फ साहित्यिक माहोल पनि थिएन । तर कविता लेख्ने रहर भने अवश्य नै थियो । यस अवधिमा उप्रेतीमा भाव भए पनि अभिव्यक्त गर्ने शैली थिएन । कविताहरू लेखे पनि लाजले लुकाउने गरेको उप्रेतीको ठम्याइ छ । उप्रेतीको सुरूको डायरीका अप्रकाशित केही कवितांशहरू यस प्रकार छन् :

*खुसीमा मात्र होइन*
*दुःखमा पनि मुस्कुराउनु पर्दो रहेछ*
*आफ्ना लागि मात्र होइन ।*

*पराइका लागि पनि आँसु झर्दोरहेछ ।*

*वर्तमान जिन्दगी भन्दा अतीतको कल्पना गर*
*खित्का छाडेर हास्नुभन्दा वास्तविक मुस्कान छन् ।*

## ४.२.२ वि. सं. २०४१ देखि–वि.सं. २०४९ सम्म

यस चरणलाई उप्रेतीको फुटकर रचना प्रकाशनको चरणका रूपमा लिन सकिन्छ । यस समयवाट नै उप्रेती कविताका माध्यमबाट सार्वजनिक भएको देखिन्छ । वि.सं. २०४१ सालमा मोती जयन्तीको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा ‘सङ्घर्ष कुनै अनन्तको वृक्ष होइन’ भन्ने कविता वाचन गरेर पुरस्कृत भएपछि उप्रेती विराटनगरको साहित्यिक माहोलमा प्रवेश गरेको देखिन्छ । सर्वप्रथम वि.सं. २०४१ सालमा ‘चाँदनी’ पत्रिकामा ‘विस्कुनले थिचिएका खुसीहरू’ कविता प्रकाशित गरी निरन्तररूपमा साहित्यका लागिरहने प्रण गरेको देखिन्छ उप्रेतीले । यस समयमा उप्रेतीले थुप्रै कविताहरूको रचना गरे पनि बालसाहित्यमा लाग्ने सोच भने नभएको देखिन्छ । कथाकोरूपमा वि.सं. २०४४ सालमा लायनेस स्मारिकामा ‘साकार हुन नसकेको सपना’ शीर्षकको रूपमा एकमात्र कथा प्रकाशित भएको देखिन्छ । यसका अतिरिक्त २ वटा पुस्तकहरूको कुशलतापूर्वक सम्पादन समेत गरेकी उप्रेतीका यस चरणका रचनाहरू भाषाशैलीका दृष्टिले परिष्कृत र परिमार्जित हुँदै गएको देखिन्छ । यस कालखण्डमा रचना गरिएका कविताका केही हरफहरू यस प्रकार रहेका छन् ।

*यो भेकमा कहिले काहीँ मुरली बज्छ ।*
*सुनसान-सुनसान वातावरणमा*
*गीतको तिखो बोल सुनिन्छ,*
*तिमीले उसलाई भेट्यौ  भने*
*मैले चिनेकी छु भनिदिनु*
*मैले माया लगाएकी छु भनिदिनु !!*

*(२०४२ मेरो बसन्त)*

## ४.२.३ वि.सं. २०५० देखि-हालसम्म

यस अवधिलाई उप्रेतीको साहित्यिक यात्राको उत्कर्ष कालकोरूपमा लिन सकिन्छ । यस कालखण्डमा नै उप्रेती सशक्त नारी हस्ताक्षरका रूपमा स्थापित भएकी हुन् । यस कालखण्डमा उप्रेतीको बहुमुखी प्रतिभा प्रकटित भएको छ । यस अवधिमा उप्रेतीको चारवटा कवितासङ्ग्रह प्रकाशित भएको छ भने एउटा कथासङ्ग्रह र आठवटा बालसाहित्य सङ्ग्रह समेत प्रकाशित भएको देखिन्छ । यसका अतिरिक्त थुप्रै पत्रपत्रिकाहरूमा फुटकररूपमा थुप्रै लेख रचनाहरू पनि प्रकाशित भइरहेका छन् भने एक

दर्जन जति कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । त्यस्तै गरेर एक दर्जन जति नै पुस्तकहरूको सफलतापूर्वक सम्पादन समेत गरेका देखिन्छ । सरल, सहज र सुललित भाषाशैलीको प्रयोण गर्न सक्नु उप्रेतीको मूल वैशिष्ट्य हो ।

## ४.३. कृतित्वको अध्ययन

लक्ष्मी उप्रेतीका कृतिहरूलाई विशेषतः तीन भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :

(१) लक्ष्मी उप्रेतीका कविताहरूको अध्ययन
(२) लक्ष्मी उप्रेतीका कथाहरूको अध्ययन
(३) लक्ष्मी उप्रेतीका बालसाहित्यको अध्ययन

## ४.४. लक्ष्मी उप्रेतीका कविताहरूको अध्ययन

सर्वप्रथम वि.सं. २०४१ सालमा विराटनगरबाट प्रकाशित 'चाँदनी' पत्रिकामा 'विस्कुनले थिचिएका खुशीहरू' शीर्षकको कविता प्रकाशित गरी साहित्यिक आकाशमा उदाएकी उप्रेतीका हालसम्म चारवटा कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् । जसलाई निम्नानुसार देखाउन सकिन्छ ।

(१) यौटा बाटो खोजिरहेछ जीवन (२०५०)
(२) मृदु स्मृतिहरू(२०५६)
(३) स्निग्ध अनुभूति (२०५९)
(४) समय स्पर्श (२०६१)

### ४.४.१ 'यौटा बाटो खोजिरहेछ जीवन' कवितासङ्ग्रहको अध्ययन

लक्ष्मी उप्रेतीको साहित्यिक यात्राको तेस्रो कालखण्डमा प्रकाशित पहिलो कवितासङ्ग्रह 'यौटा बाटो खोजिरहेछ जीवन' वि.सं. २०५० सालमा प्रकाशित भएको हो । कथाकार परशु प्रधानको सम्पादन सृजनशील प्रकाशन, नयाँ बानेश्वरद्वारा प्रकाशित यस सङ्ग्रहमा ४० वटा विभिन्न शीर्षकका कविताहरू समावेश गरिएका छन् । यस सङ्ग्रहका शीर्षकहरू यस प्रकार रहेका छन् :

(१) मेरो वसन्त
(२) एउटा बाटो खोजिरहेछ जीवन

(३) निर्धो आत्मा म

(४) अन्त्यहीन यात्राको प्रारम्भ

(५) सधैं तिमी यसरी रहू

(६) प्रकृति स्वच्छन्दता मन पराउँछिन्

(७) न्यानो घाम

(८) सृष्टिको आयाम हो मान्छे

(९) विस्कुनले थिचिएका खुशीहरू

(१०) तिम्रो खुशी मेरो चाहना

(११) मातृहीन हुनुको कारण

(१२) त्यागको स्वरूप

(१३) तीन टुक्रा

(१४) सोचेका आधार

(१५) जिन्दगी

(१६) प्रतीक्षामा

(१७) चेलीको कामना

(१८) अभावभित्रका अपुरा रहरहरू

(१९) आत्मकथा एउटा रूखको

(२०) हामी केवल यात्री हौँ

(२१) यस्तै छ जीवनको खबर आजकल

(२२) अतीत दोहोऱ्याउने नाम सम्झेको बेला

(२३) सङ्घर्ष कुनै अनन्तको नाम होइन

(२४) आऊ वसन्त

(२५) दिन र रातको लुकामारी

(२६) दोस्रो यात्राको सुभारम्भ

(२७) पञ्चामृत बनी बग्छौ तिमी

(२८) गल्तीहरूका हार यसैगरी हुन्छन्

(२९) एउटा रेखाचित्र गरिबीको

(३०) संभावनाभित्र सम्भावनाबाहिर

(३१) विश्वासको जगेर्नाको आकाङ्क्षा

(३२) एउटा कहानी उदास भावनाभित्रको

(३३) जीवनका पवित्र चाहनाहरू

(३४) समयको खोजी गर्दै

(३५) एउटा प्रणको आरम्भ

(३६) मौनताको छटपटी

(३७) मेरो प्यारो घाउ

(३८) तिमी नै तिमी

(३९) भीडभित्रको जीवन

(४०) तिमी थियौ र म भएँ

### ४.४.१.१ प्रकृतिप्रेम

स्वभावैले कविहरू भावुक हुन्छन् र प्रकृतिको स्निग्ध सुन्दरतामा रमाउने गर्दछन् । उप्रेतीमा पनि अथाह प्रकृतिप्रेम देख्न सकिन्छ । प्रकृतिप्रतिको मोहले नै साहित्यमा आकृष्ट भएको देखिन्छ । प्रकृतिको सुन्दर तस्बिर आँखाको क्यामराले खिचेर हृदयको रिलमा रङ्ग्याएर सेता कागजमा कालोमसीले पोत्ने काम गर्छिन् उप्रेती । जीवन र जगतलाई प्रकृतिको उपहार ठान्ने उप्रेती प्राकृतिक सौन्दर्यमा रमाउँदा स्वर्गीय आनन्द प्राप्त हुने विश्वास पनि व्यक्त गर्दछिन् । उप्रेतीको कवितामा प्रकृतिको चित्रण यसरी गरिएको छ :

*नवपल्लवित कोपिलालाई सुमसुम्याउँदै*
*जीवनका नवीन कामनाहरूलाई आँखा लगाउँदै*
*सुदूर क्षितिजबाट स्वर्गको सुकुमारता र सौन्दर्यलाई*
*आफ्नो दुबै आँचलमा संगालेर*
*सुस्तरी-सुस्तरी शुभ-शान्त भावमा मुस्कुराउँदै*
*आऊ बसन्त मेरो जीवनको संघारमा*
*(आऊ बसन्त, पृ. ४६)*

*लय र ताल मिलाउँदै*
*उकाली-ओराली*
*वन, पाखा, भीर*
*कन्दराहरूको*

*गीत गुन्जाउँदै*
*सङ्लो र पवित्र बनी*
*झर्ने झरना*
*सुनाऊ आफ्नो गीत*
*(पंचामृत बनी बग्छ्यौ तिमी, पृ. ४९)*

### ४.४.१.२ पीडाको अभिव्यक्ति

उप्रेतीका कविताहरूमा जीवन भोगाइका क्रममा भोगिने पीडा, कुण्ठा, निराशा आदिको सफल रूपमा चित्रण गरेको पाइन्छ । जीवन वसन्तको हरियाली मात्र नभई शिशिरको उजाडता र तुषारो पनि हो भन्ने भाव उनका कविताहरूमा देख्न सकिन्छ । मानवीय जीवनका संघर्ष, घात, प्रतिघात, अन्तरविरोध आदिको जीवन्त प्रस्तुति पनि हुन् उप्रेतीका कविताहरू। मानवीय जीवनका पीडाहरूलाई उप्रेतीका कविताहरूमा यसरी व्यक्त गरिएको छ -

*भोगेको छ कैयौं शिशिरहरूका पीडा*
*हिउँदको चिसा रातहरूसँग कठांग्रिएको छ ऊ*
*भोग्दै हजारौं-हजारौं जीवनका कथाहरू*
*तर पनि ऊ हारेको छैन*
*(आत्मकथा-एउटा रूखको, पृ. ३५)*

*कहिले आफैंलाई छेकी गुम्स्याउँदै*
*बाँच्नै नसकिने कठोर क्षणहरूको जन्म हुन्छ*
*यसै पनि बाध्यता छ बाँच्नलाई,*
*आवश्यकताहरूलाई छोट्याएर बाँच्नु पर्छ*
*(यस्तै छ जीवनको खबर आजकल, पृ. ३९)*

*एउटा सिंगो जीवन-कथा लेख्न*
*मृत्युसँग सङ्घर्ष गरेर जिउनु पर्छ*
*जिन्दगी मन पराउनेहरूले*
*धेरै-धेरै चोट खाएर बाँच्नु पर्छ !*
*(संघर्ष कुनै अनन्तको वृक्ष होइन, पृ. ४५)*

आफ्नै जीवन भोगाइका क्रममा आइपरेका हृदयविदारक क्षणहरूलाई कवितामा उतारेको देखिन्छ उप्रेतीले । सानै उमेरमा आमालाई गुमाउन पुगेकी उप्रेतीका मातृ वियोगको पीडा पनि कवितामा छरपष्ट भएको देखिन्छ भने सुमधुर बन्न नसकेको दाम्पत्य जीवनको पीडा र पिता र पुत्रीबीचको असमझदारी पनि कविताका माध्यमबाट व्यक्त गरिएको छ ।

*ईश्वर पनि कति कठोर*
*निष्ठुरी हुँदो रहेछ आफ्ना सन्तानप्रति ।*
*कुन जन्मान्तरको पापको प्रायश्चितको रूपमा*
*यति ठूलो सजायँ दिइस्*
*पृथ्वीमा उतार्ने वित्तिकै*
*एउटा कलिलो मुनालाई*
*किन मातृ वियोगमा मुछाइस् ?*
*(मातृहीन हुनुको कारण, पृ. २२-२३)*

*अतितको यादले कहिले काहिँ*
*मेरो मुटु घोचिदिन्छ*
*सहन नसक्दा आँखाबाट उम्ली-उम्ली पोखिदिन्छ ।*
*(अतित दोहोर्‍याउने नाम सम्झेको बेला, पृ. ४१)*

### ४.४.१.३ प्रेमप्रसङ्ग

प्रेमबिनाको जीवनको कल्पनासमेत गर्न सकिँदैन । प्रेमले गर्दा नै संसार रसमय बनेको छ । जीवनको उकाली र ओरालीमा विभिन्न खाले अल्पकालिन र दीर्घकालीन प्रेम

प्रसंगहरू हुने गर्दछन् । प्रेमको व्यापकताका कारण कुनै पनि क्षेत्र अछुतो रहन सक्दैन । उप्रेतीका कविताहरूमा पनि विविध खाले प्रेमका प्रसङ्गहरू उद्घाटित भएका छन् ।

*आँखाको पर्दामा नदेखेको भएर के भो र ?*
*मनको आल्हादमा छाप बसेको छ,*
*उसलाई नविर्सने गरी*
*मुटुले टाँसेको छु भनिदिनु ।*
*(मेरो बसन्त, पृ. १)*

*तिमी बाँच*
*हजार वर्ष बाँच*
*मेरो आयु पनि खाप्नु परे खाँपुला ।*
*तिमी हाँस*
*उज्यालो छर्ने गरी हाँस*
*मेरो सारा खुशी पनि थप्नुपरे थपुँला !!*
*(तीन टुक्रा, पृ. २६)*

## ४.४.१.४ विद्रोहको स्वर

कविहरू स्वभावैले विद्रोही हुन्छन् । कविताका माध्यमबाट विद्रोहको स्वर ओकल्दछन् । कुरीति, कुप्रथा र हाम्रा संस्कारमा रहेका गलत प्रवृत्ति र व्यवहारप्रतिको आक्रोश नै विद्रोहको रूपमा कवितामा व्यक्तिएको पाइन्छ । धनी र गरिब बीचको बढ्दो खाडलप्रति पनि असन्तुष्टि प्रकट भएको देखिन्छ ।

*तर देखिएका छैन, छापिएको छैन*
*गरिबीका व्यथाहरू मजबुरीहरू*
*अन्यायहरू... कहिँ कहिल्यै पनि*
*गरिबी समाजदेखि तिरस्कृत भएर*
*हाँस्न पनि डराउँछ तर्सन्छ*
*(एउटा रेखाचित्र - गरिबीको, पृ. ५१-५२)*

## ४.४.१.५ जीवनदृष्टि

विश्वमा जति व्यक्तिहरू छन् हरेकको आआफ्नै संसार भएजस्तै जीवन प्रतिको दृष्टिकोण पनि व्यक्तिपिच्छे फरक हुने गर्दछ । जीवन जसले जसरी भोगेको हुन्छ, उसै गरी बुझ्ने गर्दछ उप्रेतीका कविताहरूमा पनि जीवनलाई हेर्ने दृष्टिकोण प्रकट भएको छ ।

*साराका सारा बेरसिला अनुभवहरू बटुलेर*
*बाँच्नमा नै मग्न छ जीवन*
*जीवन नै भएर जिउने हिम्मत गर्छ जीवन*
*थुप्रै-थुप्रै ठक्कर खाएर पनि*
*जीवन सिकाउने आत्म विश्वास राख्छ जीवन*
*जीवन केवल श्वास फेर्न र बाँच्न मात्र होइन,*
*जीवन बनेर जिउने अठोट गर्छ जीवन ।*
*(एउटा बाटो खोजिरहेछ जीवन, पृ. २)*

*कति पो हुन्छ र मान्छेको जिन्दगी ?*
*ननिदाए पनि हिजोको सपना हेरिदिन्छु ।*
*(विस्कुनले थिचिएका खुशीहरू, पृ. १६)*

## ४.४.१.६ संरचना/भाषा शैली

गद्यमा लेखिएको 'यौटा बाटो खोजिरहेछ जीवन' उप्रेतीको पहिलो कवितासङ्ग्रह हो । 'मेरो बसन्त' र 'तीन टुक्रा' कविता ३ अनुच्छेदमा रचिएको छ भने बाँकी सबै कविताहरूमा अनुच्छेदको विच्छेद गरिएको पाइँदैन । प्रश्नार्थक, विस्मय, योजक जस्ता चिन्हको उचित प्रयोग गरिएको छ । हरफका दृष्टिले ११ देखि बढीमा १२९ हरफसम्ममा संरचित छन् । कतै कतै एउटै हरफ दोहोऱ्याएर श्रुतिरम्यता बनाइएको छ । कविताको बीच बीच पङ्क्तिमा.......खाली थोप्लोको प्रयोग गरेर केही भन्न बाँकी भएको तर पाठकले आफैं बुझ्ने हुने भनी छोडिएको जस्तो देखिन्छ । मूलतः 'म' को स्वगत कथन पद्धति अपनाइएको पाइन्छ । कतिपय पङ्क्तिहरूको मध्ये भागमा र अन्त्यमा समेत अनुप्रासीय योजना रहेकाले पनि कवितामा एक प्रकारको लयात्मकता देखा पर्दछ अन्त्यानुप्रासको उदाहरणको रूपमा तलको हरफलाई लिन सकिन्छ -

*तर नेत्र छन् सजल*
*आँखाभरि आँसु ढलपल*
*हृदयको चित्कार सुनिन्छ हरपल*
*अरू के वर्णन गरूँ मेरो साथी !*
*यस्तै छ जीवनको खबर आजकल*
*यस्तै छ जीवनको खबर आजकल*

*(यस्तै छ जीवनको खबर आजकल, पृ. ४०)*

## ४.४.१.७ निष्कर्ष

लक्ष्मी उप्रेतीको पहिलो सङ्ग्रहको रूपमा आएको यस सङ्ग्रहभित्रका कविताहरूमा उप्रेतीकै जीवन भोगाइका तीता पलहरूको अभिव्यक्ति भएको देखिन्छ तर जीवनको ज्ञीजीविषा भने कायम नै रहेको पाइन्छ । "प्रस्तुत कवितासङ्ग्रह कवयित्रीको प्रथम सङ्ग्रह हो त्यसैले यसमा सबै उच्चस्तरका कविताहरू छन् र कवयित्री पूर्ण सफल छिन् भन्ने पक्षमा म छैन । उनमा कमजोरीहरू पनि छन् । कतैकतै कविता वर्णन र व्याख्याजस्तो, कतै कतै अस्पष्टता र अलमलजस्तो अनि कतैकतै पुनरावृत्ति दोष छ तथापि, पहिलो सङ्ग्रहमा नै पर्याप्त काव्य सम्भावना र कलात्मक शैली बोकेर आएकी कवयित्रीको काव्य यात्रा नेपाली साहित्यका लागि महŒवपूर्ण हुने कुरामा भने विश्वस्त हुन सकिन्छ ।"[१] उप्रेतीको पहिलो कवितासङ्ग्रहले सुन्दर भविष्यको आधार निर्माण गरेको देखिन्छ ।

## ४.४.२ 'मृदु स्मृतिहरू' कवितासङ्ग्रहको अध्ययन

लक्ष्मी उप्रेतीको दोस्रो कवितासङ्ग्रह 'मृदु स्मृतिहरू' वि.सं.२०५६ सालमा 'वाणी' प्रकाशनले प्रकाशित गरेको हो । आँसु र हाँसोको दोभानको रूपमा रहेको प्रस्तुत कवितासङ्ग्रहमा लामाछोटा गरी ४१ वटा विभिन्न शीर्षकका कविताहरू समाविष्ट छन् । शीर्षकहरूलाई क, ख, ग, घ गरेर पनि राखिएको छ । यस सङ्ग्रहका शीर्षहरू यसप्रकार रहेका छन् :

(१) जीवन बाँच्ने क्रममा

१. प्रमोध प्रधान, लक्ष्मी उप्रेतीका कविताका सन्दर्भमा **'यौटा बाटो खोजिरहेछ जीवन'**, काठमाडौं, सृजनशील प्रकाशन, २०५७

(२) कहिले तृप्तिमा पनि नौलो मृत्यु मर्न ........
(३) फरक
(४) मन आफैंमा बेचैन छ
(५) हार्दिकतासँगै
(६) गाँस, बास, कपास
(७) मान्छे (क)
(८) मान्छे (ख)
(९) अनुत्तरित प्रश्नहरू
(१०) जिन्दगी
(११) सडक बदल्न सकिन्न
(१२) तिमी हाँसे मलाई पुग्छ
(१३) जिन्दगीको यात्रामा
(१४) म र मेरो मौनता
(१५) स्नेह र त्यागकी प्रतीक
(१६) पलायन म र मेरा आस्थाहरू
(१७) खुसी
(१८) काठमाडौँ
(१९) जीवन र नदी
(२०) समय (क)
(२१) समय (ख)
(२२) समय (ग)
(२३) आस्था
(२४) मृत्यु (क)
(२५) मृत्यु (ख)
(२६) मृत्यु (ग)
(२७) मृत्यु (घ)
(२८) हावासँगको वार्ता
(२९) मन
(३०) मेरो नियतिमा

(३१) खुसीको गीत गाउँदै आऊ
(३२) स्मृति शब्द र कागज
(३३) रातको सुन्दर सृष्टि तारा
(३४) तिमी बैकुण्ठबासी भयौ
(३५) सधैं यसै गरिरहुँ
(३६) पहिलो मुस्कान
(३७) प्राप्तिको अनुभूति
(३८) चाहनाको प्रतीक
(३९) खुशीमा पनि पीडा दुख्छ भित्र कतै .......
(४०) जिन्दगानी
(४१) मौन तस्बिर र मृदु स्मृतिहरू

### ४.४.२.१ पीडाको अभिव्यञ्जना

लक्ष्मी उप्रेतीका कविताहरूमा व्यक्त गरिने प्रमुख विषयवस्तु नै पीडाको अभिव्यक्ति हो । सङ्घर्षपूर्ण जीवनको सङ्घर्षको कहानी पनि हो मृदु स्मृतिहरूका कविताहरू। शीर्षकले मृदु भनेता पनि यसमा मृदुता होइन । तिक्तता र तिरस्कारहरूनै बढी पाउन सकिन्छ । हरेक पीडाभित्र खुशी हुन्छ र त्यसलाई लुट्न सक्नुपर्छ भन्ने भाव कविताले दिन खोजेको देखिन्छ । "उनका कवितामा पीडाभित्र हाँसो छचल्किएको र हाँसोभित्र पीडा रन्किएको आभाष प्राप्त हुन्छ अथवा दुःखभित्र सुखको आभास र सुखभित्र पीडाको अभिव्यञ्जना रहेको अनुभव गर्न सकिन्छ ।"[२] यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् -

*सहनुको पराकाष्ठा*
*यातना भोग्नुपरेको छ*
*आँसु मात्र होइन बगेको*
*रगत बनी चिरिएको छ मुटु*
*हाँसेको छु .....................*
*.................... यातनालाई सहँदै*

२. नरेन्द्र चापागाईं, लक्ष्मी उप्रेतीका कविताको सङ्क्षिप्त समीक्षा, **समष्टि,** (वर्ष २३, अंक २, असोज-कार्तिक, २०५९), पृ. १५ ।

*दुःख र पीडाहरूलाई लुकाउँदै ।*
*(जीवन बाँच्ने क्रममा, पृ. १)*

*किन हो कुन्नि ?*
*बाँच्नुमा पनि*
*निस्तो जीवन बाँच्नु पर्दोरहेछ*
*हाँस्नुमा पनि*
*बेदनाका रंग फिँजाउनु पर्दोरहेछ*
*(मन, पृ. ५०)*

*म आँसु खसाली रोएको होइन*
*खुशीमा उम्लिएछ मनको दह !*
*नरोए पनि*
*पीडा हुन्छ भित्र कतै*
*खुशीमा पनि*
*पीडा दुःख्छ भित्र कतै*
*(खुसीमा पनि पीडा दुख्छ भित्र कतै, पृ ७०)*

## ४.४.२.२ वैयक्तिक अनुभूति

'मृदु स्मृतिहरू' भित्रका कविताहरूमा कवयित्रीको वैयक्तिक अनुभूतिहरूको बहुलता रहेको देखिन्छ । यसभित्र उप्रेतीकै जीवनमा घटेका यथार्थ घटनाहरूको अभिव्यक्ति रहेको पाउन सकिन्छ । "मैले देखेको, सुनेको, भोगेको यथार्थ नै समग्रमा मेरा कविताहरूहुन् ।"[३] उप्रेतीकै जीवनको विगतमा घटेका यथार्थ घटनाहरूलाई अनुभूत गर्दै त्यसैलाई सामाजिकिकरण गर्न खोजेको देखिन्छ उप्रेतीले । उदाहरणको रूपमा-

*मेरा यहाँ*
*उज्यालोभित्र पनि*
*पीडा र कुण्ठा छन्*

३. लक्ष्मी उप्रेती, मेरो आफ्नै कुराहरू, **मृदु स्मृतिहरू,** (वाणी प्रकाशन, विराटनगर, २०५६)

*अनौठा खुशीका रेखाहरूमा*
*अपाङ्ग जिन्दगी बाँचेको छु*
*मन अपाङ्ग छ*
*बल गरेर हाँसेको छु*
*(कहिले तृप्तिमा पनि नौलो मृत्यु मर्न चाहन्छ जिन्दगी, पृ. २)*

*अहिले उर्लिरहन्छन्, स्मृतिका भेलहरूक्रमशः*
*कहिले छर्छु कागजभरि शब्दहरूमा*
*कहिले समेट्छु भावनाभरि अर्थहरूमा*
*यी सम्झनाहरू-*
*भऱ्याङ बन्छन्*
*नलेखी नहुने शब्दहरूका*
*एउटा कविता बन्छ ।*
*संवेदनशील कागजमा*
*(स्मृति-शब्द र कागज, पृ. ५६)*

### ४.४.२.३ प्रणयप्रसङ्ग

'मृदु स्मृतिहरू'भित्र प्रणयका बर्गेल्ती प्रसङ्गहरू छताछुल्ल रूपमा पोखिएको देखिन्छ । प्रेमको अनुभूतिलाई भावनात्मक रूपमा शब्दहरूले सजाउन सफल रहेकी छिन् उप्रेती । प्रणयका प्रसंगहरूयी कवितांशबाट प्रष्ट हुन्छ -

*एकान्तमा मेरो मुटु*
*तिमी बिना पोल्छ*
*भीड भाडमा मेरो मन*
*तिमीलाई खोज्छ*
*(तिमी हाँसे मलाई पुग्छ, तिमी रोए मलाई दुःख्छ, पृ. १९)*

*मेरो जीवनको संघारमा*
*सुन्दर फूल फुल्यो*
*नवीन सृजना झुल्यो*

*अपुरै-अपुरो मेरो जीवनमा*
*तिम्रो आगमनले*
*मलाई पूर्ण पाऱ्यो*
*(पहिलो मुस्कान, पृ. ६५)*

### ४.४.२.४ व्यङ्ग्यात्मकता

उप्रेती व्यङ्ग्य कवि होइनन्, तर पनि उनका कविताहरूमा व्यंग्यात्मकतालाई पनि पाउन सकिन्छ । उप्रेतीका केही कविताहरूमा व्यङ्ग्य र विद्रोह घोलिएर रहेको देखिन्छ। एक उदाहरणको *रूपमा तलका हरफहरू:*

*आफ्ना सारा खुशीहरूलाई*
*अरूमा समर्पित गर्दै*
*आश्वासनको मृदु मुस्कानले*
*प्रेम रूपी भावनाहरूसँगै*
*निःशब्द आउँछिन्*
*निःशब्द जान्छिन्*
*नित-नित्य*
*आफैंलाई खोजिरहन्छिन्*
*आफैंलाई हराइरहन्छिन्*
*(स्नेह र त्यागकी प्रतीक, पृ. २५)*

### ४.४.२.५ दार्शनिकता

उप्रेतीका कविताहरूनिजात्मक र वैयक्तिक अनुभूतिका परिधिभित्र घुमेका भए पनि त्यसभित्र प्रचुर मात्रामा दार्शनिकता भेट्न सकिन्छ । मृदु स्मृतिहरूभित्र उप्रेती जीवन, जगत र मृत्युका बारेमा दार्शनिकजस्तो बनेर प्रस्तुत भएकी छिन् -

*जिन्दगी नै यस्तै हो सायद*
*सायद सत्य नै यही हो जीवन हुनुको*
*जीवनको अर्थ नै यही हो*
*(जिन्दगी, पृ. १६)*

*सायद*
*नदी हो जीवन*
*यात्रा हो जीवन*
*हिँडेको छ जीवन*
*गति दिएर आफ्नो*
*नफर्की पछाडि*
*अगाडि लम्की*
*लम्किनै रहने......*

*(जीवन र नदी, पृ. ३३)*

### ४.४.२.६ संरचना/भाषाशैली

'मृदु स्मृतिहरू' लक्ष्मी उप्रेतीको दोस्रो कवितासङ्ग्रह हो । पहिलो र दोस्रो कवितासङ्ग्रहका बीचमा संरचना र भाषाशैलीका दृष्टिले खासै भिन्नता देखिँदैन । कविताहरूमा पात्रको रूपमा मूलतः 'म' र 'ऊ' को प्रयोग गरेको देखिन्छ । लामा छोटा गरी ४१ वटा कविताहरू सङ्गृहीत यस कृतिमा हरफका दृष्टिले ४ देखि बढीमा ५८ हरफसम्ममा संरचित रहेको देखिन्छ । "लक्ष्मी उप्रेतीका प्रायः सबै कविताका आकार त्यति लामा छैनन् । पङ्क्तिहरू पनि छोटा छोटा नै छन् । एक डेढ घण्टामा एउटा सङ्ग्रहका कविताहरूपढेर सिध्याउन सकिन्छ । तत्सम् शब्दका जटिल रूपहरूको प्रयोग पनि पाइदैन । बोलचालकै भाषाका स्वरूपबाट सुललित र कोमल शब्दहरूको चयन गरी काव्यलाई सुगम र सुबोध पार्ने किसिमले कविताहरूको संरचनात्मक बान्की तयार गरिएको पाइन्छ । विचारका संवाहक प्रतीक र सौन्दर्यका बाहक विम्बहरूको विधान पनि सरल ढंगबाटै गरिएको पाइन्छ । भाषिक सरलता र सहजता रहे पनि शैलीमा निजत्वको स्थापना गर्नका निमित्त चाहिँ कबयित्रीले अझै मिहिनेत गर्नुपर्ने देखिन्छ । कतै व्याख्यात्मकता कतै अमूर्तता र कतै अस्पष्टता भएकाले कविताको स्तरियतामा बाधा पुऱ्याएबाहेक लक्ष्मी उप्रेतीका कवितालाई नराम्रा भन्न मिल्दैन । शब्द भण्डारको विकास, प्रतीक एवम् विम्बको सम्यक संयोजन, भाव वा विचारको स्पष्टतातिर उनले अझै ध्यान दिनुपर्दछ ।"[४] उप्रेतीको दोस्रो कृति भाषिक रूपमा सबल हुँदै गए पनि परिष्कारको खाँचो भने कायम नै रहेको देखिन्छ ।

---

४ नदेन्द्र चापागाईं, लक्ष्मी उप्रेतीका कविताको सङ्क्षिप्त समीक्षा, **समष्टि** (वर्ष २३, अंक २, असोज-कार्तिक, २०५९), पृ. १७ ।

### ४.४.२.७ निष्कर्ष

लक्ष्मी उप्रेतीको दोस्रो कवितासङ्ग्रहको रूपमा रहेको 'मृदु स्मृतिहरू' विविध विषयवस्तुलाई समेटिएको स्मृतिहरूका पोकोको रूपमा रहेको देखिन्छ । "यस दोस्रो कवितासङ्ग्रह मृदु स्मृतिहरूमा श्री उप्रेतीले नारी तन र मनका अनुभव र अनुभूतिहरूलाई व्यक्त गर्नाका साथै विसंगतिप्रति विद्रोह र प्रखर नारी चेतनालाई सफलतापूर्वक प्रस्तुत गर्नुभएको छ । विशेषतः २०४७ पछि हाम्रो समाजले भोगीआएका विकृति, विसंगति, मानवीयता, मानवअधिकार, आर्थिक र सामाजिक दुरावस्थाहरूश्री लक्ष्मी उप्रेतीका कविताहरूमा कहीँ प्रतीकात्मक, कहीँ लक्षणात्मक र कहीँ ध्वन्यात्मकरूपमा उद्घाटित भएका छन् ।"[५] उप्रेतीको दोस्रो कृति पहिलो कृतिको तुलनामा माझिँदै गएको देखिन्छ ।

### ४.४.३. 'स्निग्ध अनुभूति' कवितासङ्ग्रहको अध्ययन

लक्ष्मी उप्रेतीको तेस्रो कवितासङ्ग्रह 'स्निग्ध अनुभूति' वि.सं.२०५९ सालमा बनिता प्रकाशन, विराटनगरले प्रकाशित गरेको हो । खण्डकाव्यिक संरचनाजस्तो देखिए पनि लामो कविताका रूपमा स्वीकारिएको यस सङ्ग्रहमा ६७ वटा कविताहरू सङ्गृहीत रहेका छन् । यसभित्र उप्रेतीका जीवनका आरोह अवरोहका साथै आन्तरिक छट्पटी, एक्लोपना, पीडा र कुण्ठाहरूलाई भावनात्मक किसिमले प्रस्तुत गरिएको देखिन्छ ।

### ४.४.३.१ विसङ्गतिपूर्ण

उप्रेतीको 'स्निग्ध अनुभूति' भित्र विसङ्गतपूर्ण जीवनको कथा व्यक्तिएको पाइन्छ । जीवनमा कहीँ कतै पनि सङ्गति नदेखिएकोले बाँच्नुको लाचारीपनमाथि पनि व्यङ्ग्य प्रहार गरिएको छ । जीवनको निस्सारता, मृत्युबोध र शून्यतालाई कवितामा घनीभूत रूपमा शंखघोष गरिएको देखिन्छ ।

*संगीतका झन्कार बजेनन्*
*बाँसुरीको धनु पनि बिलायो*
*सारंगीले तार पनि छिनायो*

---

५. परशु प्रधान, प्रकाशकीय, **मृदु स्मृतिहरू**, (वाणी प्रकाशन, विराटनगर, २०५९)

*एकाएक स्वर पनि हरायो*

*(स्निग्ध अनुभूति, पृ. २१)*

*मृत्यु अघि नै*
*मरेर*
*बाँच्नुको अभिनय*
*उफ् जिन्दगी !*

*(स्निग्ध अनुभूति, पृ. २२)*

### ४.४.३.२ प्रेमप्रसङ्ग

जीवनको सारतत्वको रूपमा रहेको प्रेमको महत्तालाई कवितामा व्यक्त गरिएको पाइन्छ । "प्रेमकै सम्पूर्णतामा स्निग्ध अनुभूतिको काव्य स्वरूप प्रदर्शित भएको पाइन्छ अर्थात् प्रेमकै अनुभूतिलाई कवयित्री तीव्र संवेध, मार्मिक, हृदयस्पर्शी र व्यापक बनाएकी छन् । त्यसैको प्रमाण र परिणतीका रूपमा प्रस्तुत काव्यकृति उपस्थित भएको छ । अझ भनौ स्निग्ध अनुभूति एउटा सशक्त प्रेमकाव्य हो । जहाँ जीवनको पयार्य र पूरकका रूपमा प्रेमलाई उभ्याएर त्यसैको अप्राप्तिमा अर्थात् नायक नायिकाको अप्रत्यासित वियोग पीडामा सशक्तताकासाथ प्रेमको महत्ता एवम् अपरिहार्यता प्रदर्शित भएको पाइन्छ ।"[६] प्रेमको सेरोफेरोलाई केन्द्रीय भावको रूपमा प्रदर्शित यस कविताका केही प्रेम प्रसङ्गहरू यसप्रकार रहेका छन् :

*मलाई थाहा छ*
*साँच्चै तिम्रो प्रेमले*
*पागल पारेको मन*
*तिमीले जितेका छौ*
*लैजाऊ गोधुलीमा*
*यो मन तिम्रो भएको छ*

*(स्निग्ध अनुभूति, पृ. ३२)*

६. शैलेन्दुप्रकाश नेपाल, लक्ष्मी उप्रेतीको स्निग्ध अनुभूति, **युगान्तर,** (वर्ष १, अंक १, २०६१), पृ.१५ ।

*तिम्रो स्वागतमा*
*खुशी र उमंगले*
*मेरो प्रेमको मन्दिरमा*
*पूजाको शंखनाद गर्छन्*
*मेरो संसार नै उजेलिन्छ*
*(स्निग्ध अनुभूति, पृ. ४६)*

### ४.४.३.३ प्रकृतिचित्रण

कविहरूमा प्रकृतिको सुन्दरतामा रमाउने र त्यसैलाई काव्यमा अभिव्यक्त गर्ने सामर्थ्य रहेको देखिन्छ । "प्रकृतिलाई जीवनकै अभिन्न अंङ्गका रूपमा स्वीकार गरिएको छ । प्रकृतिप्रतिको कवयित्रीको आस्था प्रसंशायोग्य देखिन्छ । प्रकृतिको विम्बलाई जीवनको विम्ब प्रदान गरिएको एवम् प्रतीकात्मकताले भरिपूर्ण पारिएको पाइन्छ । प्रकृतिको न्यानो स्पर्शप्रति आभार व्यक्त गर्दै कृतिलाई उद्दीपन समेत बनाइएको छ ।"[७] यी कवितांशहरूमा प्रकृतिको सुन्दर संयोजन रहेको देखिन्छ-

*हरेक दिन घाम*
*एउटा उमङ्गको नयाँ दिन बनेर उदाउँछ*
*दिनको उज्यालो जुलुसमा*
*सूर्यले सबैतिर*
*एकै खाले प्रकाश दिन्छ*
*(स्निग्ध अनुभूति, पृ. १५)*

*नदीको पानीमा बग्दाबग्दै पनि*
*मनहरूकुँदेर मुस्कान टिप्न खोज्छन्*
*(स्निग्ध अनुभूति, पृ. ३१)*

*ढुंगा टुक्रनु भनेको बुद्ध चोइटिनु हो शायद*
*ढुंगा अडिनु भनेको शिव स्थापित हुनु, हो शायद*
*(स्निग्ध अनुभूति, पृ. ३६)*

---

७. ऐजन, पृ.२५ ।

### ४.४.३.४ नारीपीडा

यस सङ्ग्रहभित्र नारी मनका पीडा छताछुल्लरूपमा पोखिएको देखिन्छ । नारीको कोमल हृदयमा पारिएको अदृश्य घाउको वर्णन पनि व्यक्त गरिएको छ । नारीले सर्वस्व दिँदा पनि केही पाउन नसक्दाको पीडामात्र होइन नारीभित्र रहेको असीम माया भावको अवमूल्यन भएको भाव पनि देख्न सकिन्छ । नारी मनका छट्पटी, कुण्ठा, अभाव, अप्राप्ति, घात प्रतिघात, अन्तरसङ्घर्ष आदिलाई जीवन्त रूपमा कवितामा व्यक्त गरिएको छ । तलका केही हरफहरू यसकै उदाहरणहरू हुन् :

*जीवका घुम्तीहरूमा*
*दुःख-सुखका यात्रा थुप्रै हिँडे*
*हाँसो आँसुका कथा थुप्रै साटे*
*क्षण प्रतिक्षण चोटहरूफाल्दै आएँ*
*तर पनि पीडाहरूघटेनन्, झन झन बढ्दै गए*
*घाउ बल्झदै पछ्याइरह्यो जीवनमा अतितलाई ।*
*(स्निग्ध अनुभूति, पृ. १३)*

*हरे !*
*तिमीलाई मैले विश्वासमात्र गरेँ*
*तिमीले भने कपटको घुम्टी ओढायौं*
*स्वीकारेँ म रित्तिएकी थिएँ*
*तिम्रो साथ तिम्रो हात*
*फगत भ्रमपूर्ण इन्द्रधनुषका रंगहरूरहेछन्*
*यसबेला अतीत चहऱ्याएको छ मलाई*
*तिम्रो रहरको पासोले कसैको छ, मलाई*
*(स्निग्ध अनुभूति, पृ. २८)*

### ४.४.३.५ गुनासोको पोको

उप्रेतीको स्निग्ध अनुभूति गुनासै गुनासोको पोकै पोकाको रूपमा अभिव्यञ्जित भएको देखिन्छ । प्रेमप्रतिको गुनासो, जिन्दगीप्रतिको गुनासो, मृत्युप्रतिको गुनासो आदि छताछुल्ल रूपमा कवितामा व्यक्त गरिएको छ । समय ज्यादै निर्दयी र कठोर हुँदोरहेछ नचाहँदा नचाहँदै पनि समयले मान्छेलाई कहाँबाट कहाँ पुऱ्याउँदो रहेछ भन्दै समयप्रतिको गुनासो पनि सशक्त रूपमा कवितामा उजिल्याइएको छ ।

*तर प्रिय !*
*जब तिमी जान्छ्यौ*
*ओइलिएर फूल झर्छन्*
*मेरो मन विचलित हुन्छ*
*मुटु क्षतविक्षत भई*
*चुडिएर अलग्गिन्छ*
*उज्यालो आकाश*
*अँध्यारो नदी बग्छ*
*(स्निग्ध अनुभूति, पृ. ४६)*

*जीवन बल्ल बुझेथें, यात्रा बल्ल भेटेथें*
*तर, पुग्नै नपाई समयले छलेछ*
*रहरै नपुगी समयले धकेलेछ*
*(स्निग्ध अनुभूति, पृ. ६३)*

### ४.४.३.६ जीवनदर्शन

जीवनको आरोह अवरोध र संघर्षहरू भोग्दै आएकी उप्रेतीले यस सङ्ग्रहमा जीवनवादी दृष्टिकोण पनि प्रस्तुत गरेको देख्न सकिन्छ । "जीवनमा तिक्तता रहँदा रहँदै पनि यसलाई चम्काएर सौन्दर्यपूर्ण बनाउन सके जीवनको मूल्यवान् पाटोलाई समात्न सकिने धारणाकी पक्षधर उप्रेतीका कविताहरू जीवनवादी रहेका र तिनले जिउनुसँगका विविध समस्या र सम्भावनालाई विम्ब-प्रतीकादिको पगरी गुथाएर सरल प्रवाहमा छाडेका छन् । आखिरमा जिन्दगीमा पलायनवादी बन्नुको सट्टा भोगाइको नियतिलाई बुझ्रै

अनवरत संघर्ष गर्न सिक्नुपर्छ । सङ्गतिहीन शून्यताले गाँजेको जिन्दगीलाई सिर्जनाका फूलले सजाउनुपर्छ र त्यही सुन्दर फूलको मुस्कुराहटसँगै नहुनुमा हुनु गरेर नदीको प्रवाहकै निरन्तरता दौडिरहनु पर्छ ।"[८] यही जीवनबोधलाई उप्रेतीका यी कवितांशहरूले पहिल्याएका छन् ।

*जीवनको यात्रा भन्नु त*
*नदीको प्रवाह जस्तै बगिरहनु*
*अनबरत बगिरहनु*
*कहिँ किनारा तोडेर कहीँ किनारा जोडेर*
*समयसँग लम्किरहनु हो*
*(स्निग्ध अनुभूति, पृ. ७१)*

*म समयको आँखामा*
*उज्यालो खोजिरहेछु*
*पीडाको अनुभूति सहेर*
*मधुमास पर्खिरहेछु*
*(स्निग्ध अनुभूति, पृ. २७)*

## ४.४.३.७. संरचना/भाषा शैली

उप्रेतीका यस अघिका दुई कवितासङ्ग्रहभन्दा यो कवितासङ्ग्रह केही पृथक एवम् संरचना र भाषाशैलीका दृष्टिले समेत उत्कृष्ट रहेको छ । संरचनात्मक दृष्टिले हेर्दा ६७ वटा छोटा कविताहरू८० पृष्ठको यस कृतिभित्र समेटिएका छन् । करिब १२ सय कविता पंक्तिको यस पुस्तकभित्र खण्ड, शीर्षक, उपशीर्षक आदिको विभाजन नगरिकन संख्याका आधारमा कविताहरू राखिएका छन् । "उप्रेतीका कवितामा शास्त्रीय छन्दको अनुशरण गरिएको नभएर आधुनिक गद्य कविताका पृथक पृथक लयको प्रयोग गरिएको छ । साङ्गीतिकता सहितको प्राज्वल्य भाषामा कतै अभिधार्थ तहको सरल र कतै व्यञ्जनात्मक वा ध्वन्यात्मक अभिव्यक्ति स्पष्ट रूपमा ठम्मिएको छ । अलङ्कार प्रयोगका दृष्टिले कवितात्मक अभिव्यक्तिलाई शब्द मिश्रण समायोजन र अर्थ चामत्कारिकता दुबै पक्षबाट

८. बाबुराम ओभा 'भाइ', लक्ष्मी उप्रेतीको स्निग्ध अनुभूति : सङ्क्षिप्त अध्ययन, **दायित्व** (वर्ष १६,अंक ६, २०५९), पृ.४९, ५० ।

सजाउनका लागि शब्दालङ्कार र अर्थालङ्कारका विभिन्न रूपहरूलाई यथोचित किसिमले गरिएको प्रयोग त्यहाँ पाइन्छ । अनुप्रास, रूपक, उपमा, उत्प्रेक्षा, अर्थान्तरन्यास आदि अलङ्कारको प्रयोग गरेर जीवन, प्रेम, समय, भविष्य, शब्द आदिका यथार्थता र महिमालाई उजिल्याउने र अर्थ्याउने प्रयत्न भएको पाइन्छ ।

कविताभित्र कवयित्रीका अन्तर्हृदयका भावनाहरू मूल रूपमा कविता बस्तु बनेर आएको हुँदा यहाँ विम्ब र प्रतीकको पनि प्रयोग पर्याप्त पाइन्छ । काव्यलाई सुन्दर बनाउन यहाँ पुरै प्राकृतिक दृश्यहरू दृश्यविम्बका रूपमा उपस्थित भएको देखिन्छ । आकाशको फराकिलो फाँट, बसन्तको मोहकता, इन्द्रेणीको सुन्दरता, सूर्यको समुद्रमा पोखिने मुहार, तिमीको रूप, प्रातकालको मौसम नदीको प्रवाह आदिको विम्बात्मक सजावट कवितामा देखिन्छ । उनका कवितामा विम्बात्मक भाषाको प्रयोगमात्र नभएर प्रतीक योजना पनि उत्तिकै पाइन्छ । जीवनको सुख, दुःख र जीवनयात्राको अनवरत दौरानमा अनुभूत अमूर्ततालाई सजीव र सशक्त रूपमा प्रस्तुत गर्न र भाषिक सौन्दर्यको श्रीपेच उँचो गराउन कवितामा प्रयुक्त प्रतीकहरूसहायक बनेका देखिन्छन् । यहाँ पीडा र वेदनाले निराश बनेको भोगाइलाई क्याक्टसको काँडामा प्रतीकीकरण गरिएको छ ।"[९]

*म एक रित्तो खण्डित प्रतिमा*
*क्याक्टसको काँडा उमारेर दुःखको जीवन रचिरहेछु*
*मनको तहमा आफैलाई छल गरेर आफ्नो परिचय विर्सिएर*
*उनलाई बुनिरहेछु*

*(स्निग्ध अनुभूति, पृ. २३)*

## ४.४.३.८ निष्कर्ष

उप्रेतीको 'स्निग्ध अनुभूति' आख्यानात्मक ढाँचामा रचिएको खण्डकाव्यस्तरीय लामो कवितासङ्ग्रह हो । त्यसैले यसलाई प्रयोगशील कविताकृतिका रूपमा समेत लिन सकिन्छ । मूलतः 'म' र 'तिमी' दुई पात्र रहेको यस कवितासङ्ग्रहमा 'म' नायिकाको रूपमा देखा पर्छे भने 'तिमी'ले नायकको प्रतिनिधित्व गरेजस्तो लाग्छ । यहाँ नायिकालाई कादम्बिनी, अनामिका र वसन्ती भनेर पनि सम्बोधन गरिएको छ । कहीँकहीँ नायक र

९. ऐजन, पृ.५१ ।

नायिका एकाकार भएजस्तो पनि देखिन्छ । यसलाई स्मृतिकाव्य पनि भन्न सकिन्छ । उप्रेतीकै जीवनमा घटेका घटनाहरूर उतारचढावहरूलाई स्मृतिमा ल्याएर यसमा समेटिएको छ । यसभित्रका कविताहरू निराशाबाट सुरू भई आशातर्फ उन्मुख भएका छन् । जीवनवादी दृष्टिकोण रहेको यस कविता कृतिमा मानवताको आह्वानसमेत गरिएको देखिन्छ ।

### ४.४.४. 'समय स्पर्श' कवितासङ्ग्रहको अध्ययन

लक्ष्मी उप्रेतीको चौथो कवितासङ्ग्रह 'समय स्पर्श' वि.सं. २०६२ सालमा प्रकाशित भएको हो । साहित्यकार मनोज न्यौपानेको सम्पादनमा वनिता प्रकाशन विराटनगरद्वारा प्रकाशित यस सङ्ग्रहमा ४० वटा विभिन्न शीर्षकका कविताहरूसमावेश गरिएका छन् । यस सङ्ग्रहका शीर्षकहरूयस प्रकार छन् :

(१) अस्ताउँदो सूर्य
(२) ढुङ्गो बोल्दैन
(३) दुःख्नु विद्रोह हो
(४) घाम त उज्यालो जुलुस हो सूर्यको
(५) मन
(६) जीवनको पीडा
(७) अन्तिम सत्य
(८) मन भनेको त हावा हो
(९) मेची र महाकाली
(१०) रातः समयको सम्झौता
(११) सूर्य
(१२) मृत्यु -१
(१३) फूलको जीवन
(१४) रहरको अमूल्य प्राप्ति
(१५) सपनाको व्यापारमा
(१६) मृत्यु-२
(१७) उज्यालोको अस्तित्व
(१८) यात्रा

(१९) युद्ध आस्था हो

(२०) आस्था

(२१) फेवासँग

(२२) भाग्नुमा

(२३) बाँच्नुमा

(२४) अस्तित्व

(२५) विपरीत मन

(२६) बुद्ध आफैं भित्रको आस्था हो

(२७) खेल

(२८) मान्छेका रूप

(२९) मानिसको मन

(३०) नदी

(३१) प्राप्तिको पल

(३२) आस्था नै त हो उज्यालो

(३३) जून

(३४) मृत्यु-३

(३५) मानिसको मनसित

(३६) हारभित्रको जीत

(३७) स्मृति

(३८) सम्झनाका विम्बहरू

(३९) जूनको जीवन

(४०) विभाजित पीडा

## ४.४.४.१ नारी मनको अभिव्यक्ति

उप्रेतीको 'समय स्पर्श' मूलतः आफ्नै नारी मनको अभिव्यक्ति हो । मन, मन भनेको त हावा हो, विपरीत मन, मानिसको मन, मानिस मनसित, जस्ता मनसँग सम्बन्धित कविताहरूका कारणले यो नारी मनको अभिव्यक्ति हो भन्न सकिन्छ । "उनको कविलाई कवितामा बौद्धिकता छाट्न त्यति मन पर्दैन । उसलाई हृदयकै कुरा गर्न मन पर्छ । त्यसैले त यस सङ्कलनका केही कविताको शीर्षकमै मन शब्द प्रयुक्त छ, कविता

भित्र मन शब्दको प्रयोग त कति कति ! त्यसो त मनको कुरा गरेको सुकाएको पनि छ ।"[10] नारी मन अभिव्यक्त भएका केही कविताांशहरू-

*विभाजित भएको छु म*
*चारैतिर छरफस्ट-छरफस्ट छ मन*
*मस्तिष्क बोझ बनेको छ*
*मनस्थिति नै बिथोलिएको छ*
*(मन, पृ. ७)*

*समयको कुनै पावन्दी छैन उसलाई*
*शंका-उपशंकाको उपज हो मन*
*मन*
*आफैंमा कायर पनि हो र बलवान् पनि*
*र समझको बन्द घडीको घेरामा अटाउने पश्चाताप पनि*
*प्रेरणाको पनि मन, उमङ्ग पनि मन*
*मन भनेको त हावा हो*
*आफ्नो, निजी नहुने*
*(मन भनेको त हावा हो, पृ. ११)*

### ४.४.४.२ प्रकृति चित्रण

उप्रेतीका अघिल्ला कवितासङ्ग्रहमा जस्तै यसमा पनि प्रशस्त रूपमा प्रकृतिका छटाहरूको चित्रण देख्न सकिन्छ । "प्रकृति प्रदत्त हरेक भौतिक पदार्थहरू सुन्दरताको चमकले सजिएका हुन्छन् । प्रकृतिको मनमोहक छटाले सृष्टिका सम्पूर्ण प्राणीको र विशेष रूपले मानवको हृदय चुम्छ । झन् कवि कलाकारहरू त सौन्दर्य पिपासु भएकाले यस्तो जादुगरी मोहनीरूप समातेर आफ्ना सिर्जनालाई प्रकृतिको त्यही सौन्दर्यको आभा दिन्छन् ।"[11] उप्रेतीका कवितामा प्रयुक्त प्रकृतिचित्रणका केही हरफहरू यस प्रकार रहेका छन् :

---

१०. मनोज न्यौपाने, सम्पदाकीय, **समय स्पर्श** (वनिता प्रकाशन, विराटनगर, २०६२)

११. बाबुराम ओझा 'भाइ', लक्ष्मी उप्रेतीको स्निग्ध अनुभूति : सङ्क्षिप्त अध्ययन, **दायित्व** (वर्ष १६, अंक ६, २०५९), पृ. ५० ।

*एक सप्को आँचल*
*बादलसँग पैंचो लिएर*
*अलिकति लुकेछ सूर्य,*
*लुक्नु उसको समय हो*
*(अस्ताउँदो सूर्य, पृ. १)*

*बग्दै, सुसाउँदै, हल्लँदै, तैरँदै, छचल्किँदै*
*माझीले खियाएको नाउसँगै*
*किनारमा ठोक्किँदै छाल उफ्रन्छ*
*सुन्दर आकृतिका पहिरन फेर्दै*
*नतमस्तक छ फेवा आफैंमा*
*(फेवासँग, पृ. २७)*

*जुन*
*सुन्दर उज्यालो बाँडेर धरतीमा*
*रातको अँधेरीमा मुस्कुराएछ*
*सफलताको प्रतीक ऊ*
*(जुन, पृ. ४४)*

### ४.४.४.३ पीडाको अभिव्यञ्जना

हरेक मान्छेलाई पीडाले छोएकै हुन्छ । अझ उप्रेतीको जीवन त पीडै-पीडाको पोको भने पनि हुन्छ । जीवनभर सङ्घर्ष गरेकी उप्रेतीले खुकुरीको धारमा पाइला राखेर हिँडेको देखिन्छ । त्यसैले पनि होला उप्रेतीका धेरै कविताहरूमा देखेका मात्र नभई आफैंले भोगेका पीडाहरूको अभिव्यक्ति बढी हुने गरेको भेटिन्छ ।

*अझ कति भोगाउँछौ मलाई*
*यो असह्य पीडा*
*अप्राप्यताको पराकाष्ठा भोग्दैछु कि म*
*भोग्दैछु जीवन*
*(जीवनको पीडा, पृ. ९)*

*मुटु दुख्छ*
*मन दुख्छ*
*खै, कहाँ कहाँ दुख्छ !*
*सबैतिर दुख्छ*
*शरीरैभरि दुख्छ*
*(मानिसको मन, पृ. ३७)*

### ४.४.४.४ मृत्युको महिमा

मृत्यु शाश्वत सत्य हो । जीवनमा नचाहँदा नचाहँदै पनि आउने र चाहँदैमा पनि नआउने तीतो सत्य पनि हो मृत्यु । त्यसैले होला उप्रेतीको समय स्पर्शमा मृत्युसम्बन्धी र मृत्यु नै शीर्षक राखेर ३ वटा कविता अभिव्यक्त भएको छ । कवितामा मृत्युसम्बन्धित रहेका केही प्रसङ्गहरू यसप्रकार छन् :

*बोझ हुन्छ मृत्यु*
*रित्तोमा पनि ननिखने*
*काँडा हुन्छ मृत्यु*
*मुटु नै खोच्ने*
*निराकार हुन्छ मृत्यु*
*दुःखको सागरमा डुब्ने*
*(मृत्यु १, पृ. १५)*

*सायद*
*प्रकृतिको नियम*
*नियतिको बरदान*
*र*
*सृष्टिको अनवरत बग्ने, बगिरहने अन्तहीन गति हो मृत्यु ।*
*(मृत्यु-२, पृ. २१)*

*मृत्यु नचाहेर पनि आइदिन्छ*
*कोलाहल र मौनताको आवाजमा*
*(हार भित्रको जित, पृ. ४९)*

### ४.४.४.५ जीवनको जीजिविषा

उप्रेतीका कविताहरूमा जति नै पीडा र मृत्युका कुरा गरेपनि संघर्ष गरेरै जीवन बाँच्नु पर्छ भन्ने सन्देश दिएको पाइन्छ । पीडाभित्र खुशी खोज्दै अस्तित्वको लागि लड्नुपर्छ भन्दै जीवनको जीजिविषा व्यक्त गरिएको छ । जीवन प्रकृतिको उपहार भएकाले यसलाई सृजनशील काममा लगाउँदै अघि बढ्नुपर्छ भन्ने जीवनवादी दृष्टिकोण पनि प्रस्तुत भएको देखिन्छ । जीवनका जीजिविषा व्यक्त गरिएका केही कविताका हरफहरू यसप्रकार रहेका छन् :

*फूल*
*सहजता, संवेदनशीलता*
*फूल जीवन हो*
*अनि*
*जीवन पनि फूल हो सायद !!*
*(फूलको जीवन, पृ. १७)*

*कर्मलाई आस्थाको मूल मन्त्र मानी*
*नित्य उभिएको छु धरतीमा*
*दीर्घजीवी भएर हिँडेको छु यात्रामा*
*अँध्यारोमा एउटा विम्ब अथवा*
*एक थोपा उज्यालो नै पर्याप्त छ मलाई*
*(यात्रा, पृ. २३)*

### ४.४.४.६ राष्ट्रियता

उप्रेतीको 'समय स्पर्श' कवितासङ्ग्रहमा राष्ट्रियतासँग सम्बन्धित कविताहरू पनि समेटिएको छ । राष्ट्र हाम्रो मातृभूमि हो र यसलाई हाम्रा पूर्खाहरूले धेरै ठूलो बलिदान गरेर जोगाएका हुन् । त्यसैले राष्ट्रियताको लागि हामी सबै एक हुनुपर्छ भन्दै राष्ट्रप्रेमको भाव कवितामा व्यक्त भएको छ । नेपाल रहेमात्र नेपाली भई बाँच्न सकिन्छ भन्ने तर्क पेश गर्दै देशप्रेमको भाव पनि कवितामा छताछुल्ल रूपमा पोखिएको छ ।

*मेची पनि मिसियो रे*
*महाकाली पनि बेचियो रे*
*बीर पूर्खाको रगतले लेखेको इतिहास*
*पौरखले आर्जेको भूगोल*
*हाम्रो अस्तित्व*
*हाम्रो गौरबको राष्ट्र*
*खोइ अब ?!*

*(मेची र महाकाली, पृ. १२)*

*त्यसबेला*
*हामी देशका लागि हरेक पटक मर्दै बाँच्यौं*
*देशलाई मुटुको ढुकढुकी सम्झी औंधी माया गऱ्यौं*
*हामीले त्यसरी रोपेका रूखमा लटरम्म फलहरू फले*
*हाम्रो जित भयो, हामी खुशी भयौं*
*तर विडम्बना*
*जित र खुसी बाँड्नु पर्दा*
*हामीमा विभाजनको रेखा भेटियो*
*हाम्रो विभाजन नहुने प्रतिबद्धता थियो तर भुल्यौं कति छिटै*
*तेरो र मेरोमा हामी विभाजित भयौं*

*(विभाजित पीडा, पृ. ५४)*

## ४.४.४.७ शान्तिको आह्वान

देशको राजनीतिक अवस्थाले हरेक व्यक्तिलाई प्रभाव पारेको हुन्छ । उप्रेती पनि यसबाट अछुतो रहन सकिनन् । देशमा हत्या, हिंसाको राजनीति पराकाष्ठामा पुगेको बेला रचिएको उप्रेतिको कवितामा शान्तिको आह्वान गरिएको छ । करिब एक दशकसम्म देश आन्तरिक द्वन्दमा फसेको बेला उप्रेतीका यी कवितांशहरूले क्रान्तिको बाटो छोडेर शान्तिप्रक्रियामा सामेल हुन आह्वान गरेको छ ।

*युद्ध जित्नलाई*
*मन भित्रको मुटु रोप्नुपर्छ*

*शान्तिको लागि गरिने क्रान्तिलाई*
*मनको आँखाले हेर्नुपर्छ*
*योद्धा विनाको युद्धमा पनि*
*मुटुको बुद्ध उदाउनुपर्छ ।*
*(युद्ध आस्था हो, पृ. २५)*

*ए, बुद्धत्व हराएका मानिसहरूहो*
*छाम कहिँ कतै तिमीमा नै लुकेको हुनसक्छ बुद्ध*
*शान्तिको खोजमा तिमी निस्क*
*आऊ, एकपटक स्वतन्त्र परिवेशमा अहिंसाको युद्ध लड*
*कहिँ कतै तिमीमै फहराउन सक्छ बुद्ध*
*तिमी पनि मानिस नै हौ नि आस्था बोकेर हिँड*
*गर संकल्प सत्यको*
*हिंसा र हत्यामा भाग्न पनि सक्छ बुद्धत्व*
*(बुद्ध आफैंभित्रको आस्था हो, पृ. ३४)*

### ४.४.४.८ संरचना/भाषाशैली

लक्ष्मी उप्रेतीको चौथो कवितासङ्ग्रह संरचना र भाषाशैलीका रूपमा सवल रहेको देखिन्छ । ५६ पृष्ठ रहेको 'समय स्पर्श' भित्र छोटाछोटा ४० वटा कविताहरू सङ्गृहीत रहेका छन् । करिब एक, डेढ घण्टामा पढेर सिध्याउन सकिने यस कृतिमा हरफका दृष्टिले १२ देखि ६३ हरफसम्ममा संरचित रहेको देखिन्छ । कतिपय हरफहरूमा अन्तर अनुप्रास र अन्त्यानुप्रासले कविता लयात्मक बनाइएको छ भने कतिपय ठाउँमा भने शायद, त्यसैले, अर्थात्, अथवा जस्ता शब्दहरूको उपस्थितिले अजस्र बगिरहेका काव्यिक वेगहरूलाई खजमज्याइदिएको छ । "कविता पद्यात्मक विधा हो । यो गद्यमा लेखिएपनि यसले लयको अपेक्षा राख्छ लक्ष्मी उप्रेतीको गद्य कविताले आफूभित्रै एउटा लय सिर्जना गरेको नागवेली आकारमा अन्त्य हुने सामर्थ्य राखेका छन् । यसको अर्थ हो उनका कवितामा शब्दशक्ति देखिइसकेको छ । यी कविताहरूकविले बाँचेका जीवन र त्यस जीवनसँग ठोक्किन आएका, जीवनसँग ठोक्काइएका परिवेशमा अडेर निरर्थक विसंगत जीवनलाई सार्थक र संगठन बनाउँदै एउटा अस्तित्वको खोजमा लम्किएका छन् । यी

कविताहरूमा त्यस्तो कुनै बैचारिक चुलीभन्दा पनि जीवन भोगाइबाट प्राप्त पश्चाताप र सफलतापूर्ण अनुभूतिहरूसँगको एकालापीय अभिव्यक्ति प्रवल देखिन्छ । सूर्य, जुन, हावा, रात, फूल, उज्यालो, मन, मृत्युजस्ता शब्दहरूलाई प्रतीकात्मक र विम्बात्मक रूपमा पटक-पटक प्रयोग गर्दै भाषालाई काव्यात्मक र आलंकारिक बनाइएको छ ।"[१२] कतिपय ठाउँमा व्याकरणात्मक तथा अरू सामान्य त्रुटीहरू भेटिएपनि समग्रमा यसको भाषा शैली उत्कृष्ट नै रहेको देखिन्छ ।

## ४.४.४.९ निष्कर्ष

लक्ष्मी उप्रेतीको चौथो कवितासङ्ग्रह समय स्पर्शका कविताहरू नारीसमवेदनाका निकट रहेका छन् । जीवनका पीडा, असन्तुष्टी, अतृप्ति, अनिच्छा, कुण्ठा, अप्राप्ति जस्ता संवेगहरूहुँदाहुँदै पनि जीवनवादी दृष्टिले समेत फक्रने मौका पाएका छन् । मूलतः पीडित जीवन, बाँच्ने चाहना र मृत्युको त्रिवेणीको रूपमा रहेको देखिन्छ- समय स्पर्श । यसभित्र मनका ६ वटा र मृत्युका ३ वटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहभित्र विद्रोह, सम्झौता, आस्था, पीडा, असन्तोष, विसङ्गति जस्ता विषयहरूले समेत प्रवेश पाएका छन् । उनका कविताहरूमा स्वाभाविक रूपमा आफूले बाँचेका जीवनका अभिव्यक्तिहरू काव्यात्मक शैलीमा प्रस्तुत भएका छन् । उप्रेतीका यसपछिका कवितासङ्ग्रहहरूले पनि अझै सफलताको शिखरारोहण गर्दै जानेछन् भन्ने विश्वास लिन सकिन्छ ।

१२. रमेश शुभेच्छु, कवयित्री लक्ष्मी उप्रेती र उनको सङ्ग्रह 'समय स्पर्श', **मिमिरे** (वर्ष ३५,अंक ५, मंसिर, २०६३), पृ.८४।

# लक्ष्मी उप्रेतीका कथाहरूको अध्ययन

## ४.५ परिचय

सर्वप्रथम वि.सं. २०४४ सालमा 'साकार हुन नसकेको सपना' लाइनेस स्मारिकामा प्रकाशित गरी कथा लेखनको साहित्यिक आकाशमा उदाएकी लक्ष्मी उप्रेतीको हालसम्म सङ्ग्रहको रूपमा एकमात्र कथासङ्ग्रह तिर्सना वि.सं. २०६३ सालमा प्रस्फुटन परिवार काठमाडौंले प्रकाशित गरेको हो । लामाछोटा गरी १६ वटा कथाहरूसमेटिएको यस कथासङ्ग्रहका केही कथाहरू हिन्दी र अंग्रेजी भाषामा समेत अनुवाद भइसकेका छन् । यस सङ्ग्रहको पूर्वार्द्धमा १६ वटा कथाहरूरहेका छन् भने उत्तरार्द्धमा ती कथाहरूलाई विभिन्न विद्वान तथा स्रष्टाहरूले मूल्याङ्कन गरेको देखिन्छ । कोरा नारीबादी चिन्तनको विरूद्धमा रहेकी उप्रेतीको यस सङ्ग्रहका कथाहरू मूलतः असफल, वैवाहिक जीवनको वरिपरि परिक्रमा गरेको देखिन्छ । यस सङ्ग्रहभित्र रहेका कथाहरूयसप्रकार रहेका छन् :

(१) एक टुक्रा माया
(२) पीडा
(३) आत्मलाञ्छना
(४) विडम्बना
(५) कमली
(६) तिर्सना
(७) एक जोर स्वार्थी आँखा
(८) अस्तित्व
(९) पाखण्डीपन
(१०) नागरिकता
(११) यात्रा अनि यात्रा ...
(१२) देवताको स्वरूप
(१३) साकार हुन नसकेको सपना
(१४) विचलित मन र दुख्दो अनुभूति
(१५) प्रतिशोध
(१६) मायाको मिठो चोट

### ४.५.१ 'एक टुक्रा माया' कथाको अध्ययन

#### ४.५.१.१ कथावस्तु

'एक टुक्रा माया' उप्रेतीको नारी समस्यामा आधारित सामाजिक कथा हो । एक टुक्रा मायाको अभावमा छट्पटाएकी नारीको व्यथालाई कथामा व्यक्त गरिएको छ । कथाकी मुख्य पात्र अरूणाको सानैमा विवाह हुन्छ । उसको दुई सन्तान र एक लोग्ने हुन्छ, जो सधैं रक्सी खाएर अरूणालाई यातना दिने गर्दछ । घरको काम गर्दै घर चलाउने अरूणा लोग्नेको लगातारको पिटाइ सहन नसकेर १२-१३ वर्ष भएका छोराछोरीलाई छोडेर जोगिनी बन्न भनेर घर छाडेर निस्कन्छे । बाटामा परिचित दिदीसँगको भेटपछि काठमाडौं गएर डिपार्टमेन्टल स्टोरमा काम गर्न थाल्छे । त्यहीँ एक नीरज सिंह भन्ने व्यक्ति आउँछ र उसले हरेक महिना ३ दिन अरूणाको कोठामा बसेर अरूणालाई भरपूर माया दिन्छ र कोठा भाडा र शृङ्गारका सामानदेखि महिनाभरको खर्च पनि भरिदिन्छ । नीरज सिंह पसल हुँदैमा चिनेको एक परिवारवाला सरकारी अधिकृत हो जसको एक छोराको भर्खरै विवाहसमेत भएको देखिन्छ । उसको विषयमा समाजमा अनेक कुरा चल्छ तर अरूणा मात्र एक टुक्रा मायाको लागि जस्तोसुकै त्याग गर्नसक्ने बताउँछे र त्यत्तिकैमा कथा टुङ्गिन्छ ।

#### ४.५.१.२ पात्र र चरित्रचित्रण

पात्र र चरित्रबाट नै कथावस्तु अगाडि बढ्नेगर्छ । यस कथामा मुख्य पात्रको रूपमा नायिका अरूणा देखापर्छे भने अन्य पात्रको रूपमा नीरज सिंह र परिचित दिदी पर्दछन् । यसबाहेक कथामा गौण पात्रको रूपमा अरूणाको लोग्ने, छोराछोरी तथा छरछिमेकी देखा पर्दछन् । नायिका अरूणा जँड्याहा लोग्नेको प्रवृत्ति खप्न नसकेर हिँडेकी पीडित पात्र हो जो एक टुक्रा मायाको लागि समाजले स्वीकार्न नसक्ने सम्बन्धमा बाँधिएर परपुरुषको सम्पर्कमा आउँछे । त्यसैले ऊ पीडित, मायाको भोकी र समाजको दृष्टिमा चरित्रहीन पात्र हो । त्यस्तै नीरज सिंह पनि परिवारबाट सुख प्राप्त गर्न नसकेको र परस्त्रीमा रमाउने सरकारी अधिकृतको रूपमा चित्रित रहेको छ । कथाको अर्को पात्र अरूणाको लोग्ने हो जो सधैं रक्सी खाइरहने र स्वास्नीलाई तथानाम गाली गर्दै कुट्ने खलपात्रको रूपमा कथामा वर्णित छ । अरूणाको परिचित दिदी जसले कथामा सूत्रधारको काम गरेकी छिन् । उनी सत्पात्र तथा सल्लाहकारको रूपमा कथामा उपस्थित भएकी छिन् ।

### ४.५.१.३ दृष्टिबिन्दु

'एक टुक्रा माया' कथा कथाकी मुख्य पात्र अरूणाको स्वकथन पद्धतिमा लेखिएको छ । कथामा प्रथम पुरुषको रूपमा स्वयं कथाकार वा अरू कुनै पात्र 'म' को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत भएकोले यहाँ आन्तरिक केन्द्रीय दृष्टिबिन्दु रहेको देखिन्छ ।

### ४.५.१.४ भाषाशैली

'एक टुक्रा माया' मा सरल भाषाको प्रयोग भएको देखिन्छ । धेरै लामा र असहज बाक्यको प्रयोग भएको पाइदैन । आयतनका दृष्टिले प्रस्तुत कथा लघुकथाभन्दा केही लामो मात्र रहेको छ । प्रस्तुत कथा लामा र छोटा गरी १६ अनुच्छेदमा विभक्त रहेके देखिन्छ । उप्रेती भाषालाई धेरै घुमाइफिराई पृष्टभूमि तयार गर्न नलागी सोझै घटनाभन्न रूचि राख्छिन् । "सरल र स्वाभाविक अभिव्यक्तिको रूप संवृत रूपविन्यास हो । भाषालाई आलङ्कारिक बनाउने चेष्टा कथाकारको देखिँदैन । सहज रूपमा चल्तीमा आएका आगन्तुक शब्दहरू थोरै प्रयोग भएका छन् । सम्प्रेषणीय मध्यम स्तरको सहजशैली भएर पनि विषय लेखनमा कथाकारको प्रतिभा लागेको छ भन्न सकिन्छ । भाषालाई क्लिष्ट, दुवोध्य र दुरूह बनाउने काम उप्रेतीले गरेकी छैनन्, पाण्डित्य प्रदर्शन पनि कतै छैन । मिश्र वाक्यभन्दा संयुक्त वाक्य र सरल वाक्यहरूकै ज्यादा प्रयोग भएको छ ।"[१३] रैखिक ढाँचामा क्रमबद्ध गरिएको यस कथालाई भाषाशैलीका रूपमा सफल नै मान्न सकिन्छ ।

### ४.५.१.५ भाव/उद्देश्य

जीवनमा माया नै सबैभन्दा ठूलो कुरा हो । मायाबिना मान्छे बाँच्न सक्दैन । मायाको लागि मान्छेले संसारै त्याग्न पनि उद्यत रहेको देखिन्छ । यस कथामा अरूणाले एकटुक्रा मायाको लागि कसैको परवाह नगरेको देखिन्छ । सधैं पीडामा बाँच्ने नारीले कसैको माया पाए भने जस्तोसुकै घृणित काम पनि गर्न सक्छे भन्ने भाव कथामा देखिएको छ । अझ भनौं लोग्ने र घरपरिवारबाट तिरस्कृत नारीले एक टुक्रा मायाको लागि जस्तोसुकै त्याग गर्न पनि पछि हट्दिन भन्ने कुरा कथामा अभिव्यक्त भएको देखिन्छ ।

१३. अनिरुद्ध तिमसिना, 'एक टुक्रा माया' कथाको कथाकारिता : एक विवेचनात्मक अवलोकन, **तिर्सना कथासङ्ग्रह**, (प्रस्फुटन परिवार, काठमाडौं, २०६३), पृ.७७ ।

## ४.५.२ 'पीडा' कथाको अध्ययन

### ४.५.२.१ कथावस्तु

यस कथाकी नायिका सुधा र उनका श्रीमान्  समीर छोरीको मृत्युबाट अत्यन्त मर्माहत थिए । अचानक छोरीको पीडा केही भएपनि कम गराएको कुकुर 'टमी' पनि विरामी हुनपुग्छ । टमीलाई छोरीले असाध्यै मन पराएकाले उनीहरूले छोरीका लागि ल्याइदिएका थिए । छोरी र टमी खेलेको हेरेर उनीहरू अत्यन्त खुसी हुने गर्दथे । छोरीको मृत्युपछि उनीहरूको पीडा कम गराउन टमीले सक्दो कोशिस गरेको थियो । छोरीको मृत्युको घाउलाई टमीले नै मलहम लगाएर निको पार्ने प्रयासमा थियो । एक दिन ज्वरोले ग्रस्त भई जब छोरीको मृत्यु भयो, उनीहरूको जिन्दगी शुन्य भएको थियो । टमी पनि अत्यन्त दुःखी भई आँसु झार्दै समवेदना प्रकट गरिरहेको थियो । छोरीको मृत्युको सम्झना भुलाउन टमी सफल हुँदै गएको थियो । तर, अचानक टमी पनि बिरामी भयो र डाक्टरले अब टमी निको नहुने जवाफ दिएपछि उनीहरू झनै पीडित बन्न पुगे समीरले टमीको छटपटी देख्न सकेनन् र टमीलाई आफूबाट अलग राख्न सुधालाई भने तर सुधाको ममतामयी र वात्सल्यमयी हातहरूले टमीलाई सुमसुम्याइ नै रहिन् । आफू जति पीडित भएर पनि अन्तिमसम्म टमीलाई माया गर्दै रहिन् ।

### ४.५.२.२ पात्र र चरित्रचित्रण

यस कथामा मानव र मानवेतर गरी दुई प्रकारका पात्रहरू रहेका छन् । सुधा, समीर र छोरी मानवीय पात्र हुन् भने कुकुर टमी मानवेतर पात्र हो । यहाँ मुख्य पात्रहरूमा सुधा, समीर र टमी रहेका छन् भने गौण पात्रकोरूपमा छोरी रहेकी छ । यहाँ सुधाको चरित्रलाई अत्यन्त सहनशील, ममतामयी, स्नेही र हिन्दू नारीको रूपमा चित्रण गरिएको छ । आफू टुटेर पनि अरूका लागि बाँच्ने आकाश जस्तै विशाल हृदय भएकी बात्सल्यमयी आमाको रूपमा चिनाइएको छ सुधालाई । टमीको छटपटाहट सहन नसक्ने समीर पनि सत् पात्रकै रूपमा देखिएका छन् भने छोरीको मृत्युमा आँसु झारेर समवेदना प्रकट गर्ने र पछि छोरीको मृत्युको पीडा कम गराउन सहयोग पुऱ्याउने कुकुर टमीलाई पनि अत्यन्त कर्तव्यपरायण र संवेदनशील प्राणीको रूपमा चित्रण गरिएको छ ।

## ४.५.२.३ दृष्टिबिन्दु

पीडा कथामा सुधा, समीर र टमीको विषयलाई लिएर कथा व्यक्त गरिएको छ । यसमा तृतीय पुरुषको प्रयोग भएकाले बाह्य दृष्टिबिन्दु रहेको छ । यहाँ कथाकारले सबै पात्रहरूको मनभित्र स्वतन्त्र रूपले चिहाउँदै उनीहरूको भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गरिएकाले यहाँ बाह्य सर्वदर्शी दृष्टिबिन्दु प्रयोग भएको देखिन्छ ।

## ४.५.२.४ भाषाशैली

उप्रेतीको मनोविश्लेषणात्मक कथा पीडाभित्र निकै सहज भाषाशैलीको प्रयोग भएको देखिन्छ । छोटो कथा र न्यून पात्र हुँदाहुँदै पनि भावनाको गहिराइमा पुगी ज्यादै मार्मिक र हृदयस्पर्शी भाषाशैली प्रस्तुत गर्नसक्नु उप्रेतीको सफलता हो । उपयुक्त भाषिक प्रयोग, छोटा वाक्य विन्यास र भाषिक मिठासले कथालाई उचाइमा पुऱ्याइएको छ । "कथामा कथानक लघु भए पनि प्रभावशाली छ, कथाका पात्रहरूसजीव छन् । भावानुकुल भाषा, शैलीगत समायोजन र कथावस्तुलाई नवीन ढङ्गबाट अभिव्यक्ति गर्ने सीप कथाकारमा देखिन्छ । कथाको शीर्षक पनि उपयुक्त, सार्थक र प्रभावशाली छ । नारी हृदयका कोमल भावनालाई सूक्ष्मातिसूक्ष्म रूपमा केलाउँदै लैजाने क्षमता कथाकारमा देखिन्छ । मानवीय संवेदनापक्षको खोजी सबल रूपमा यहाँ देखा पर्दछ ।"[१४] कवयित्री को रूपमा परिचित उप्रेतीका कथामा पनि काव्यिक भाषाशैलीको प्रयोग भएको देखिन्छ । कथाको एक अंश :

"त्यो छटपटी, त्यो मृत्यु, निर्लज्ज रातले निरीह बनाएर चुँडेर लग्यो । रूवाबासी, कोलाहल, कहाँ कता शून्यमा शून्य भई रित्तियो । खरानी बनेर निखियो ।"[१५]

## ४.५.२.५ भाव/उद्देश्य

उप्रेतीको यस कथामा मूलतः नारी हृदयको भावनालाई मर्मस्पर्शीरूपमा व्यक्त गरिएको छ । नारीले जस्तोसुकै पीडालाई पनि लुकाएर निःस्वार्थ भावले असीम माया खन्याउन सक्छिन् भन्ने भाव कथामा उजागर भएको छ । नारी भनेकी आमा हुन् । आमा भनेकी धरती हुन् । धरतीले जसरी पृथ्वीको सारा भार थामेर पनि उर्वर बनिरहेको छ ।

१४. उषा ठाकुर, 'पीडा' लाई नियाल्दा, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ ७९ ।
१५. लक्ष्मी उप्रेती, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ. ६ ।

त्यसैगरी आमाले पनि परिवारको सबै पीडाहरूसहेर वात्सल्यमय ममता पोखिरहेकी हुन्छिन् । एकातर्फ नारी दुःख, पीडा, व्यथाकी प्रतिमूर्ति हुन् त अर्कातर्फ बात्सल्यमयी आमाको रूपमा नारी हृदय आकाशजस्तै व्यापक, सागरजस्तै गहिरो र धरतीजस्तै सहनशील हुन्छ । यसप्रकार कथाकारले नारीहृदयको विशालतालाई दर्शाएकी छिन् । "नारीका आमारूपलाई सर्वोपरी राख्दै नारीलाई जगत् जननी, आदर्शमयी, गरिमामयी रूपमा प्रतिष्ठित गरेकी हुन् र अप्रत्यक्ष रूपमा आजको आधुनिक नारीलाई महिमामयी हिन्दू नारी बन्नका लागि सन्देश पनि प्रदान गरेकी छिन् ।"[१६]

जीवन संघर्षमय हुन्छ, जीवनमा आपत्विपद् आइरहन्छन्, तर जस्तोसुकै पीडा परेपनि जीवन बाँच्नै पर्ने बाध्यता हुन्छ । यस कथामा सुधा र समीरको छोरी र कुकुर 'टमी' दुबै मरेका छन् तर पनि यो असह्य पीडालाई सहेर पनि जीवन विताउनै परेको छ । त्यसैले जीवनमा जस्तोसुकै कठिन समयको पनि सामना गर्नसक्नुपर्छ भन्ने भाव पनि प्रस्तुत भएको छ । त्यस्तै कथामा पशु पनि संवेदनशील हुन्छ र मानवीय भावना बुझ्न सक्छ भन्ने देखाइएको छ । छोरीको मृत्युमा कुकुर दुःखी भएर समवेदनाको भाव आँखाबाट छचल्किएको भन्दै कुकुर पनि सहृदयी, कर्तव्यपरायण र मानिसको सहयोगी हुन्छ भन्ने सन्देश पनि कथामा व्यक्त भएको छ ।

सहरिया परिवेश र वौद्धिक पात्रहरू रहेका यस कथामा छोरीलाई अत्यधिक महत्त्व दिएर छोरा र छोरी बराबर हुन् त्यसैले भेदभाव गर्नु हुँदैन भन्ने भाव पनि व्यक्त भएको छ । छोरामात्रै आफ्नो हुन्छ र छोरी आफ्नी हुँदैन भनेर छोरीमाथि गरिने असमान व्यवहार अन्त्य हुनुपर्छ भन्दै लैंगिक समानताको माग पनि कथाले राखेको प्रतीत हुन्छ ।

## ४.५.३ 'आत्मलाञ्छना' कथाको अध्ययन

### ४.५.३.१ कथावस्तु

कथाको मूल पात्र 'म' को संस्मरणात्मक शैलीमा कथा व्यक्तिएको छ । 'म' पात्र र रूपाको २८ वर्ष अगाडि बिहे भएको थियो तर १८ वर्ष अगाडि नै विवाह टुट्न पुगेको कुरा म पात्रले सम्झन्छ । उसले आफूभन्दा कम उमेरकी केटीलाई विवाह गरेको थियो । ऊ पढ्न चाहन्थी तर उसको भावनाको कदर म पात्रले कहिल्यै नगरेको सम्झन्छ । ऊ

---

१६. उषा ठाकुर, 'पीडा' लाई नियाल्दा, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ ८० ।

पुरुषत्वको अहम्वादले ग्रसित भएको देखिन्छ । यसैबीचमा छोराछोरी जन्मन्छन् । छोराछोरीहरूको शिक्षाको लागि श्रीमान्  र श्रीमती दुबैको दायित्व हुनुपर्ने थियो तर उसले त्यो दायित्व पनि पूरा गर्न सक्दैन र रूपाले नै शिक्षादीक्षा प्रदान गर्छे । धेरै वर्ष पत्नीसँग अलग रहे पनि रूपाले आफूलाई स्वीकार्ली भन्ने कल्पना उसले गर्छ । उसले आफूले गल्ती गरेको स्वीकार्दै रूपाबाट सहानुभूतिको आशा राख्दछ ।

सँगैबस्न नसक्नेरूपमा असमझदारी भएपछि उसले दोस्रो विवाह गरेको हुन्छ । छोराछोरीहरूलाई रूपा एक्लैले हुर्काउँदै आज जेठी छोरीको विवाहको दिन ऊ विवाहमा सरिक हुन जान्छ । उसले रूपाले आफूलाई माफ गर्छे र माया गर्छे होला भन्ठानेको हुन्छ तर विवाहमा पुग्दा रूपाको आँखामा उसले तिरस्कारको ज्वाला देख्छ । रूपाले लोग्नेलाई पेच पर्ने गरी तिरस्कारका शब्द ओकल्छे र लोग्नेलाई माफ गर्न सक्दिन । त्यसपछि म पात्रका सम्पूर्ण सोचहरू खरानी हुन्छन् । उसले गरेका गल्तीहरू सम्झन्छ र उसको मुटुभित्र सञ्चो नहुने गरेर लागेको घाउ सम्झन बाध्य हुन्छ र रूनु न हाँस्नुको पासोमा झुण्डिन्छ । यसरी कथा टुङ्गिएको छ ।

## ४.५.३.२ पात्र र चरित्रचित्रण

यस कथाभित्र मूलतः दुई पात्र रहेका छन् ‘म’ र ‘रूपा’ । छोराछोरीहरू पनि गौण पात्रको रूपमा कथामा देखिएको छ । म पात्र रूपाको श्रीमान् हो । तर उसले श्रीमान्को दायित्वबोध गरेको देखिँदैन । उसले रूपामाथि कहिल्यै सद्भाव राखेको देखिँदैन । सुरूमा रूपाको पढ्ने चाहनामा बाधा पु¥याएको छ भने पछि घरव्यवहार सञ्चालनमा गैर जिम्मेवार देखिएको छ । ऊ पुरुषत्वको अहम्वादले ग्रसित चरित्र हो, जसलाई उसले आफ्नो गल्तीको रूपमा पनि स्वीकारेको छ । उसले छोराछोरीहरूको लालनपालन र शिक्षाको लागि समेत कुनै सहयोग गरेको छैन । ऊ श्रमविनाको मूल्यमान्यतामा घमण्ड गर्छ । उसले श्रीमतीको भावनाको कदर कहिल्यै गरेन र उसले दोस्रो विवाहसमेत ग¥यो । तर, आज ऊ रूपाको माया चाहन्छ । रूपाको सद्भाव चाहन्छ । तर रूपाले घृणा र तिरस्कार गरेपछि पश्चात्तापको आगोमा जल्छ । त्यसैले ऊ सुरूमा खलपात्रको रूपमा देखिए पनि पछि पश्चाताप गरेको र गल्ती स्वीकारेकाले गतिशील पात्रको रूपमा देखिन्छ । रूपा साहसी नारीको रूपमा कथामा चित्रित छ । ऊ श्रीमान् को सहयोगबिना घर चलाउन सक्षम छ । छोराछोरीहरूको शिक्षा-दीक्षामा समेत श्रीमान् को कुनै सहयोग

रहँदैन । ऊ जस्तालाई त्यस्तै ढिडालाई निस्तै भन्ने उखान चरितार्थ गर्ने पात्र हो । ममताकी खानी, मृदुभाषी र सहयोगी रूपालाई असहयोगी र गैरजिम्मेवार श्रीमान् लाई तिरस्कार र तिखो बचनले प्रहार गर्ने पात्रको रूपमा कथामा चित्रण गरिएको छ ।

### ४.५.३.३ दृष्टिबिन्दु

प्रस्तुत 'आत्मलाञ्छना' कथा 'म' पात्र प्रथम पुरुषको एकोहोरो प्रलाप भएकाले आन्तरिक दृष्टिबिन्दुमा रचित कथा हो भन्न सकिन्छ । संस्मरणात्मक शैलीमा लेखिएको यस कथामा 'म' पात्रले विगतदेखि आजसम्मका घटनाहरूसम्भिmएको छ । कथा 'म' पात्रकै अभिव्यक्ति भएकाले यसमा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.५.३.४ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस कथामा सुगठित भाषाशैलीको प्रयोग गरिएको छ । चौधवटा अनुच्छेदमा विभक्त यस कथामा छोटा अनुच्छेद ३ हरफसम्मका छन् भने लामा अनुच्छेद १९ हरफसम्मका रहेका छन् । यस कथामा शब्दचयन र भाषा अत्यन्त सरल र प्रवाहात्मक रहेको छ । कथामा कौतूहलताको सृजना गर्नसक्नु कथाकारको अर्को वैशिष्ट्य हो । क्लिष्ट र दुर्वोध्य शब्दको प्रयोग नगरिएका उनका कथामा सरल, सरस र सुवोध्य भाषाको प्रयोग गरिएको देखिन्छ । कवितामा जस्तै कथामा पनि केही ठाउँमा वाक्यको अन्त्यमा...... खाली ठाउँ राखेर बाँकी कुरा पाठकलाई आफैं बुझ्न लगाइएको छ । यसका केही उदाहरणहरू यस्ता छन् :

"यो दिन सायद हाम्रो पनि ..................।"[१७]
"म पिताका नाममा शायद ..................।"[१८]

### ४.५.३.५ भाव/उद्देश्य

यस कथामा मूलरूपमा म पात्र अर्थात् लोग्नेलाई गैरजिम्मेवार र कर्तव्यहीन व्यक्तिको रूपमा प्रस्तुत गरिएको छ । लोग्नेस्वास्नी भनेका एक रथका दुई पांग्रा भएकाले दुबै सवल भएमा मात्रै दाम्पत्य जीवन सफल हुन्छ भन्ने भाव पनि कथामा प्रस्तुत

---

१७. लक्ष्मी उप्रेती **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ. १० ।
१८. ऐजन, पृ. ११

भएको छ । पुरुषत्ववादी अहम्वादले ग्रसित भएर श्रीमतीलाई दास ठान्ने लोग्नेहरूको नियतिलाई कथामा जीवन्त रूपमा प्रस्तुत गरिएको छ । नारीका सबै इच्छा भावना र सपनाहरूलाई कुल्चिएर श्रमविनाको मूल्यमान्यतामा घमण्ड गर्ने पुरुषहरूलाई पनि उदांगो रूपमा प्रस्तुत गरिएको छ यस कथामा । "साहसी रूपाले श्रमविनाको मूल्यमान्यतामा घमण्ड गर्ने लोग्नेलाई उल्टै हाँक (चुनौति) दिएकी छ । अन्त्यमा म पात्रले पिताका नाममा आफू कलंकित रहेको अनुभव गर्नुपर्छ र उसले आफैंभित्र आत्मलाञ्छनामा दुःखेको व्यथा बोकेर बसिरहनुपर्छ । उसको आँसु नै आएपनि त्यो गोहीको आँसु बन्छ । कथाले महिला लोग्नेका कठपुतली होइनन्, घर चलाउनसक्ने सक्षम नारी पनि हुन् भन्ने कुरा राम्ररी उद्घाटित गरेको छ ।"[१९] समस्याबाट भागेर कर्तव्यच्यूत भएको लोग्नेको निर्लज्ज प्रस्तुति पनि रहेको छ कथामा । छोराछोरीको स्वास्थ्य, शिक्षा र पालनपोषण गर्नुपर्ने दायित्वबाट पन्छिएर भागेको म पात्रले आत्मग्लानीमात्र होइन, आत्मलाञ्छना सहेर बाँच्नुपर्छ भन्ने भाव पनि कथामा व्यक्त भएको छ । पुरुषको सहयोगबिना पनि महिला एक्लैले छोराछोरीलाई हुर्काउन, बढाउन र पढाउन सक्षम छन् भन्ने सन्देश पनि कथाले प्रस्तुत गरेको छ ।

### ४.५.४ 'विडम्बना' कथाको अध्ययन

### ४.५.४.१ कथावस्तु

प्रस्तुत कथा संस्मरणात्मक शैलीमा व्यक्त भएको छ । वीणाको विगतको प्रेम सम्बन्धको संस्मरण नै यो कथा हो । तीस वर्ष अगाडि वीणा र विवेक एक अर्काका अत्यन्त नजिकका साथी भएका थिए । उनीहरूसँगै घुम्ने सँगै सिनेमा हेर्न जाने, सँगै घण्टौंसम्म कुरा गरेर बस्ने गर्दथे । उनीहरूको प्रेम झनझन गाढा बन्दै जान्छ । एकले अर्काको हरेक दुःख सुखमा साथ दिन्थे । एकको भावना र चाहनालाई दुबैले बुझ्दथे । वीणाले आफूलाई सम्पूर्ण रूपमा विवेकमा नै समर्पण गरेकी थिई । ऊ विवेकबिना बाँच्नै नसक्ने कल्पना गर्थी । विवेकभने उनीहरूको सम्बन्ध मित्रतामा मात्रै सीमित राख्नुपर्ने बताउँथ्यो । विवेक आफ्नो नहुने कुरा सुन्दा पनि ऊ छट्पटिन्थी । विवेक अरूको भएमा आफू बाँच्न नसक्ने ठान्थी । वीणाकी आमाको पनि कथित ठूलो जातको व्यक्तिसँग प्रेम विवाह गरेर भाग्दा एक वर्षपछि नै दाम्पत्य जीवन समाप्त भएको थियो । वीणा आमाको

---

१९. कृष्णप्रसाद पराजुली, उप्रेतीको 'आत्मलाञ्छना' कथा, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ. ८२, ८३ ।

जीवनको घटना आफ्नो जीवनमा नघटोस् भनेर सचेत रहन्थी । तर पनि आफूभन्दा ठूलो जातको विवेक बिना बाँच्न नसक्ने अवस्थामा पुगेकी थिई । तर, नियतिले उनीहरूको सम्बन्धलाई विवाहमा परिणत गर्न दिएन । सामाजिक वाध्यता र मान्यताका कुसंस्कारहरूलाई उनीहरूले तोड्न सकेनन् र विवेकले बाध्य भएर आफ्नै जातकी केटीसँग विवाह गर्नुपऱ्यो । त्यो असह्य पीडालाई सहेर वीणाले जीवनका तीता क्षणहरूलाई व्यतीत गरी तर विवेकको त्यही प्रेमले जीवनका असजिला क्षणहरूलाई पार गर्न उसलाई सहज बन्दै गयो । आजसम्म पनि वीणा विवेकको प्रेममा डुबेकी छ । उसको सिङ्गो जीवन विवकेप्रति समर्पित छ । यसरी कथालाई विट मारिएको छ ।

## ४.५.४.२ पात्र र चरित्रचित्रण

यस कथामा मुख्य रूपमा दुई पात्र रहेका छन् । वीणा यस कथाकी नायिका हो । वीणाको स्मृतिमा कथा उभिएको छ । वीणा विवेकसँगको प्रेमलाई विवाहमा परिणत गरेर सुखद् जीवन यापन गर्न चाहने पात्र हो भने विवेक पनि वीणालाई हृदयदेखि नै माया गर्ने तर सामाजिक संस्कार र कुरीति विरूद्ध जान नसक्ने पात्र हो । दुबैले एक अर्काको दुःख र सुखमा बराबर सहभागी भएका छन् । दुबै एक अर्कालाई अत्यन्त प्रगाढरूपमा प्रेम गर्दछन् । त्यसैले यी दुबै नायक र नायिका सत्पात्र हुन् । विवेक कथित माथिल्लो जातको केटा हो भने वीणा कथित् तल्लो जातकी केटी हो । ज्ञानको विभेदका कारण सामाजिक कुरीतिलाई तोडेर विवाह बन्धनमा बाँधिन नसकेका निरीह पात्रहरूको रूपमा पनि देखिएका छन्- विणा र विवेक । यस कथाकी अर्की पात्र वीणाकी आमाको अन्तरजातीय विवाह गरेका कारण दाम्पत्य जीवन एक वर्षमा नै असफल बन्न पुगेको छ । उसले आफ्नो विगत छोरीमा नदोहोरियोस् भन्ने चाहना राख्छे । यस कथाकी अर्की पात्रको रूपमा वीणाकी सहेली देवीलाई वीणाको पीडा बुझ्ने साथीको रूपमा चित्रण गरिएको छ । वीणाले आफ्नो पीडा देवीसँग पोख्दै रोएको बेला देवीले सम्हाल्ने गरेकाले देवी पनि सत्पात्रको रूपमा रहेकी छ ।

## ४.५.४.३ दृष्टिबिन्दु

यस कथामा वीणाको जीवनकहानीलाई कथाकारले भनेको देखिन्छ । त्यसैले यहाँ दृष्टिबिन्दु पात्र तृतीय पुरुषमा रहेकाले बाह्य दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । यहाँ

एक मात्र पात्र वीणाको मनको भावना व्यक्त गरिएकाले बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ भन्न सकिन्छ ।

### ४.५.४.४ भाषाशैली

विडम्बना उप्रेतीको सामाजिक यथार्थवादी कथा हो । चौध अनुच्छेदमा विभक्त यस कथामा निबन्धात्मक शैली पनि देख्न सकिन्छ । उपयुक्त भाषिक प्रयोग, मिठो शैली, छोटा बाक्य विन्यास, मूल कथानकले पाएको पूर्णता, रसिला वाक्यहरू, हृदयस्पर्शी भनाइ आदिले गर्दा कथाकार उप्रेतीको कथाशील्प प्रविधिको दक्षतालाई पुष्ट्याइरहेका छन् । उदाहरणको रूपमा केही हरफहरू:

"हरे, प्रेम कस्तो अनौठो ! अझ मानिसको जीवन झन अनौठो ! जसरी एउटै मैनवत्तीको उज्यालोले सधैं प्रकाश दिन सक्दैन । त्यसरी नै एउटैसँगको प्रेममा बाँच्छु भन्ने भनाइ गलत रहेछ । जीवनका मोडमा कहाँ, कोसँग, कतिबेला प्रेम हुनसक्छ ! प्रेम नरित्तिने जीवनको सुन्दर प्राप्ति रहेछ सायद ।"[२०]

### ४.५.४.५ भाव/उद्देश्य

विडम्बना कथामा प्रेमको महत्त्वलाई दर्शाइएको छ । प्रेम सर्वोपरि वस्तु हो, जीवनको सार हो, जसले जीवनलाई रसमय बनाएको छ । तर, यही प्रेममा पीडा, व्यथा, छटपटी, कुण्ठा र बेचैनी जस्ता कुराहरू पनि हुन्छन् भन्ने भाव कथामा व्यक्त भएको छ । वीणाको विवेकसँगको प्रेममा अप्राप्ति मात्र होइन प्राप्ति पनि भएको छ । वीणालाई जीवनप्रतिको मोह विवेकसँगको सम्बन्धपछि मात्र भएको हो । त्यतिमात्र होइन प्रेममा वीणाले विश्वासिलो परिवेश पनि भेटेकी छ । त्यसैले वीणा भन्छिन्- विवेकको सम्झनाले मात्र पनि हृदयमा सुखानुभूतिको मन्दमन्द पवन चल्न थाल्छ । "नारी र पुरुष बीचमा पति पत्नी बन्ने आकाङ्क्षायुक्त प्रेम मात्र हुने होइन, अनन्त रूपमा प्रकट हुने प्रेम अनुरूप नै अनेकन् रूपका सम्बन्ध हुन्छन् र ती सबै प्रकारका सम्बन्धमध्ये कुनै एकलाई स्वीकार गरेर स्वस्थ्य जीवन विताउन सकिन्छ भन्ने युगअनुकूल सन्देश प्रदान गर्ने यो

२०. लक्ष्मी उप्रेती, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.१३ ।

कथा कथाकार लक्ष्मी उप्रेतीको नेपाली साहित्यलाई एउटा सुन्दर उपहार सिद्ध हुनेछ भन्ने मलाई लाग्यो ।"[२१]

विवेकको विवाह अरू नै केटीसित भएपछि त्यस पीडालाई सहन भने वीणालाई धेरै गाह्रो पर्‍यो तर बाध्यता त्यस्तै पर्‍यो, नियति क्रुर बन्यो । कथित तल्लो जात र ठूलो जातको अन्तरले गर्दा उनीहरूएक हुन सकेनन् । जातभातको कुसंस्कार समाजमा विद्यमान रहेको छ र त्यसले धेरैलाई पीडा दिएको छ भन्ने भाव पनि कथाले व्यक्त गरेको छ । कथित सानो जात र ठूलो जातको कुसंस्कारका विरूद्ध लड्न सक्नुपर्छ र त्यस्ता कुरीतिलाई जरैदेखि उखेलेर फाल्नुपर्छ भन्ने सन्देश पनि कथामा व्यक्तिएको छ ।

### ४.५.५ 'कमली' कथाको अध्ययन

#### ४.५.५.१ कथावस्तु

यहाँ कमलीको जीवनकहानी दिदी पात्रलाई भन्ने क्रममा व्यक्त भएको छ । गाउँकी कथित तल्लो जातकी विधवा कमली कहिले अरूको भाँडा माझ्दै, कहिले रक्सी बेचेर र कहिले सुत्केरी नारीहरूको शरीरमा तेल मालिस गर्दै गुजारा चलाइरहेकी हुन्छे । उसकी दुई छोरीहरू १६ र १७ वर्षका करूणा र कल्पना रहेका छन् । चारदशक पार गरेकी भएपनि कमली सुन्दर देखिन्छे । उसका छोरीहरू पनि उस्तै राम्रा छन् । श्रम गरेर इज्जत जोगाउँदै उसले छोरीहरूलाई पढाइरहेकी छे । ऊ माइतमा ४ दाजुभाइकी एक्ली छोरी थिई । त्यसैले कुनै कुराको कमी नहुने गरी ऊ हुर्किएकी थिइ । उसको विवाह धनी र बूढो व्यक्तिसँग भएको देखिन्छ । उसको लोग्ने सधैं रक्सी खाएर कमलीलाई पिट्ने गर्थ्यो । जाँडरक्सी, जुवातास उसको प्रिय बस्तु थिए, तैपनि कमली सहेरै बसेकी थिई । लोग्नेको कुटाई सहेरै बसेकी कमलीको चारवर्ष अघि लोग्ने मरेको हुन्छ । माइतमा पनि उसलाई उसकी आमाले माया गर्दिनन् । उसको बुबा मरिसकेका हुन्छन् । उसकी १६ वर्षकी छोरी करूणा क्लबमा नाच्दा नाच्दै पोइल जान्छे। उसकी १७ वर्षकी छोरी कल्पनाको टीकोटालो गरी विवाह गरिदिन्छे र आफ्नो कर्तव्य पूरा भएको ठान्छे । त्यसपछि उसले पनि दोस्रो विवाह गरेर सुखद दाम्पत्य जीवनको सुरूवात गर्छे । यसरी कथा टुङ्गिएको छ ।

---

२१. गणेशबहादुर प्रसाईं, विडम्बना-कथा पढ्दा, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.८६ ।

### ४.५.५.२ पात्र र चरित्रचित्रण

यस कथामा मुख्य पात्रको रूपमा रहेकी कमली यस कथाकी नायिका हो । कथाको मुखपात्रको रूपमा दिदी देखिएको छ । अन्य पात्रहरूमा कमलीकी छोरीहरू कल्पना र करूणा, कमलीको लोग्ने, कमलीकी आमा आदि रहेका छन् । चार दशक पार गरेकी विधवा कमली कथित तल्लो जातकी गरिब पात्र हो । श्रम गरेर आफ्नो इमान जमान जोगाएर बाँचेकी कमली सहनशील पात्र हो । जड्याहा लोग्नेले जति पिटे पनि सहेर बसेकी कमली उत्पीडित पात्र हो । लोग्नेको मृत्युपछि अरूको काम गर्दै छोरीहरूलाई पढाएकी कमलीमा कर्तव्यबोध रहेको देखिन्छ । जतिसुकै पीडामा पनि सधैं मुस्कुराइरहने कमली थुप्रै दुःखलाई पिउँदै हास्ने पात्रको रूपमा कथामा चित्रित छ । छोरीहरूको विवाहपश्चात दोस्रो दाम्पत्य जीवनको सुरूवात गरेकी कमलीलाई साहसी, स्वाभिमानी, नैतिकवान् र सत्पात्रको रूपमा प्रस्तुत गरिएको छ ।

कमलीकी जेठी छोरी कल्पना १७ वर्षकी छ । पढ्दै गरेकी कल्पनाको जीउडाल सुन्दर रहेको देखिन्छ । त्यस्तै १६ वर्षकी करूणा नृत्यमा रूची राख्ने क्लबमा नाच्ने र चञ्चल स्वभावकी र सुन्दर पनि छ । ऊ क्लबमा नै नाच्ने केटासँग पोइला जान्छे । अर्की छोरी कल्पनाको भने कमलीले टीकोटालो गरेर विवाह गरिदिन्छे । कमलीको बुबा जो उसलाई खुबै माया गर्थे उनको मृत्यु भइसकेको छ भने कमलीको आमालाई दुष्ट आमाको रूपमा चित्रण गरिएको छ । आमाले मन विझाउने गरी गाली गरेकाले रोएको बताउँछे कमली । त्यसैले कमलीको आमालाई खलपात्रको रूपमा कथामा चित्रण गरिएको छ ।

### ४.५.५.३ दृष्टिबिन्दु

यस कथामा दृष्टिबिन्दु पात्र प्रथम पुरुषमा रहेकाले आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथामा म पात्र रहेपनि उसले आफ्नो कथा नभनी आफू गौणरूपमा प्रस्तुत भएकाले आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.५.५.४ भाषाशैली

कमली कथा उप्रेतीको आदर्शोन्मुख यथार्थवादी सामाजिक कथा हो । यस कथामा ग्रामीण परिवेश र प्राकृतिक सुन्दरताको पनि चित्र उतारिएको छ । संरचनात्मक दृष्टिले

प्रस्तुत कथा लामा छोटा गरी ३५ अनुच्छेदमा विभक्त रहेको छ । आयतनका दृष्टिले प्रस्तुत कथा एक बसाइमा पढिसकिने परिभाषा अनुरूप नै रहेको देखिन्छ । यस कथामा कतै वर्णनात्मक र कतै संवादात्मक पद्धतिबाट पात्रको चरित्रचित्रण गरिएको छ । अन्य कथामा जस्तै यस कथामा पनि सरल वाक्य, मीठो शैली, छोटा वाक्यविन्यास र मूल कथानकले पूर्णता पाएको देखिन्छ । वाक्यहरू छोटा र सरल हुँदाहुँदै पनि रसिला र मर्मस्पर्शी रहेका देखिन्छन् । कथामा माघमा झरी परेर जाडो बढेको प्रसङ्गबाट कमलीको दारूण कथा सुरू गरिएको छ भने घामको न्यानो स्पर्शबाट दिन सुरू भएको भनेर कमलीको सुखद् भविष्यको सुरूवात गरिएको छ । त्यसैले यहाँ मौसमलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । झमझमी झलझली जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको कथामा पात्र अनुकुलका कथ्यभाषाहरूको पनि प्रयोग गरिएको देखिन्छ । कथ्य भाषाका केही उदाहरणहरू :

"साह्रै पुलपुलिएर हुर्किएकी पो थिएँ नि हौ दिदी ।"[२२]

"के हो कमली, आज त खुब चिटिक्क परेकी छौ नि ! किन हो यस्ती राम्री भएकी, कि फेरि कसै ....?"[२३]

"दिदीउ, म त छिटो आउन सकिनँ है, के गर्नु र अब आफ्नो खुस हुँदैन !"[२४]

## ४.५.५.५ भाव/उद्देश्य

उप्रेतीको कमली कथामा गरिबहरू श्रम गरेर बाँचे पनि इमान जमानमा रहेका हुन्छन्, आफ्नो इज्जतको ख्याल गर्दछन् र पैसाको लागि आफ्नो स्वाभिमानलाई बन्धक बनाउँदैनन् भन्ने भाव व्यक्त भएको छ । नारीहरू श्रीमान् बाट यातना पाए पनि छोराछोरीको सुन्दर भविष्यको लागि सचेत रहन्छन् भन्ने कुरा पनि कमलीका माध्यमबाट कथामा व्यक्त गरिएको छ । खराब लोग्ने परेमा स्वास्नीहरूले कति सास्ती भोग्नुपर्छ भन्ने भाव पनि कथामा व्यक्त भएको देखिन्छ । जतिसुकै पीडा परेपनि हाँसीखुसी रहने कमलीको चरित्रबाट दुःखमा पनि हास्न सक्नुपर्छ भन्ने सन्देश दिइएको छ । त्यस्तै नारीहरूलोग्नेको सहयोग बिना पनि छोराछोरी हुर्काउन, पठाउन र घर चलाउन सक्षम

---

२२. लक्ष्मी उप्रेती, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ. १७ ।
२३. ऐजन, पृ. २० ।
२४. ऐजन, पृ.२३ ।

हुन्छन् भन्ने भाव पनि कथामा व्यक्त भएको छ । “कमली ग्रामीण परिवेशको सामाजिक कथा हो, जहाँ परम्परागत थोत्रा विचारहरूको विरोध गर्दै आदर्श जीवनका मूल्य र मान्यताहरूको खोज गरिएको छ । दाम्पत्य जीवनको सफलता नै सम्झौता हो, मनको मिलन हो भन्ने कुरा देखाउन खोजिएको छ । अनमेल विवाहको दुष्परिणाम देखाउँदै विधवा विवाहलाई प्रोत्साहित गरिएको छ ।”[२५] त्यसैले यस कथामा विधवाहरूले पुनः विवाह गर्नु हुँदैन भन्ने कुसंस्कार र थोत्रा मान्यताहरूको विरोध गर्नु नै मुख्य उद्देश्य रहेको देखिन्छ ।

## ४.५.६ ‘तिर्सना’ कथाको अध्ययन

### ४.५.६.१ कथावस्तु

उप्रेतीको तिर्सना कथा सबैभन्दा उत्कृष्ट कथा हो । यहाँ बुबा र छोरीको असमझदारीलाई मुख्य कथावस्तु बनाइएको छ । म पात्रले सपनामा बुबालाई देखेको प्रसंगबाट कथा सुरू भएको छ । म पात्र (छोरी)को सानै उमेरमा आमाको मृत्यु भएको थियो । यस्तो अवस्थामा बुबाले नै आमाको अभाव पनि पूर्ति गर्नुपर्ने हुन्थ्यो । तर बुबाले त्यो छोरीलाई अलिकति पनि माया देखाउन नसकेको कुरा कथामा व्यक्त भएको छ । सपनामा बुबाले ‘म तँलाई माया गर्छु तँ किन रिसाएकी ?’ भन्नु भएको तर छोरीले त्यसमा पटक्कै विश्वास लागेको छैन भन्दै सपनामा नै आक्रोश पोखिएको छ । यही सपनाको कुराले विपनीमा पनि मन अमिलो भइरहन्छ । छोरीको घर कोठाबाट भित्र पस्ने वित्तिकै टेबुलमा बुबा र आमाको तस्बिर छ । कहिले काहिँ धूपबत्ती बालेर दुबैको तस्बिरलाई पूजा गर्ने प्रयत्न गरेको देखिन्छ । छोरीले तर अचानक बाबुको विगत सम्झिएपछि पूजा गर्न नसक्ने छोरीको ठम्याई छ । छोरीले बुबासँग अलिकति माया र न्यानो स्पर्शमात्र चाहेको तर बुबाले दिन नसक्नुभएको प्रसंग छ कथामा । बुबा अस्पतालको मृत्यु शैय्यामा हुँदा तलाई कस्तो छ भनेर माफि मागेको कुराले बाबु र छोरी दुबैको आँखाभरी आँसु भरिएको छ । त्यसपछि बुबाको मृत्यु भएको थियो । छोरी पुनः दोस्रो पटक टुहुरी भएकी थिई । एकपटक बुबा छोरीको घर आउँदा अधिकार नै सम्झेर घर छेउको जग्गा बेच्दैछन् अलिकति थप्न पाए हुन्थ्यो भनेकी थिइन् । बुबाले स्वीकृति जनाएका थिए तर पछि त्यो प्रसंग कहिल्यै निकालेनन् । सम्पन्नताको शिखरमा रहेका बुबासँग छोरीले थोरै मायाको भिख माग्दा पनि नदिनु बुबाको लाचारीपन भएको

२५. दधिराज सुवेदी, ‘चरित्रवान् कमलीको सफलता नै पुनर्विवाह’, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.८८ ।

प्रसंग कथामा व्यक्त भएको छ । छोरीले मायाको नाउँमा सधैं तिर्सना भोग्नु परेको छ भन्दै कथा टुङ्गिएको छ ।

## ४.५.६.२ पात्र र चरित्रचित्रण

यस कथामा मुख्य रूपमा दुई जना पात्र रहेका छन्- म (छोरी) र बुबा गौण पात्रको रूपमा भान्जादाइ देखिन्छन् । यस कथामा छोरी सानैमा आमा गुमाएकी टुहुरी हो, जसले बुबाको माया पाउन जीवनभर तड्पिएकी छ । बुबाले थोरै माया गरिदिओस् । मायाले स्पर्श गरिदिओस् भन्ने उसको चाहना हुन्छ तर उसले पिताको माया जिन्दगीभर पाइन तर मृत्युशैयामा पुगेपछि बुबाले निरीह बन्दै छोरीसँग माफ मागेको देखिन्छ । त्यस्तै सपनामा पनि बुबाले म तलाई माया गर्छु भनेर नरिसाउन आग्रह गरेको देखिन्छ । यसरी कथामा छोरी पिताको माया पाउन सधैं लालायित टुहुरी केटी हो भने बाबु बाचुन्जेल छोरीलाई माया नगरेर मृत्युशैयामा पुगेपछिमात्र माया गर्ने गरेको बताउने विवश बुबा हुन् । यहाँ के देखिन्छ भने बुबापनि छोरीलाई अत्यन्त माया गर्थे । तर उनी विवश थिए चाहेर पनि माया व्यक्त गर्न सक्दैन थिए किनकी उनलाई कसैले रोकेको जस्तो देखिन्छ ।

## ४.५.६.३ दृष्टिबिन्दु

यहाँ प्रथम पुरुष म को प्रयोग भएकोले आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । म पात्रले आफ्नै अन्तरमनका भावनालाई सूक्ष्मताका साथ प्रस्तुत गरेकोले यहाँ आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.५.६.४ भाषाशैली

उप्रेतीको तिर्सना कथा कलात्मक भाषाशैलीको प्रयोग गरिएको कथा हो । कथानक तत्व झिनो भएपनि प्रस्तुतिकरण सशक्त रहेको देखिन्छ । सपना र विपनाको कुराले कथा बेरिएको छ । अंग्रेजी भाषामा समेत अनुवाद भइसकेको यस कथामा सुगठित वाक्य गठन र शैलीगत मिठास भेट्न सकिन्छ । हृदयलाई नै झंकृत गराउनसक्ने हृदयस्पर्शी अभिव्यक्ति रहेको यस कथामा न्यून संवादको प्रयोग देख्न सकिन्छ । पर्याप्त मात्रामा अनुच्छेद विभाजन गरिएको यस कथामा क्लिष्ट शब्दको प्रयोग

गरिएको देखिँदैन । सरल, सरस र सुवोध्य भाषाको प्रयोग गरिएको यस कथामा काव्यात्मक भाषाशैलीसमेत देख्न सकिन्छ । यस कथाका केही हरफहरू यसप्रकार छन् :

"एक दिन म बाबुसँग घिडघिडाएकी थिएँ, एक पटक मलाई मायाले सुमसुम्याउँदै न्यानो स्पर्शको अनुभूति गराइदिनुहास्, मेरा बुबा । मेरो आन्तरिक हृदयको इच्छा, ठूलो आशा यति तपाईले पूरा गरिदिनुभयो भने मलाई अरू केही चाहिँदैन । मलाई यस्तो सौभाग्य दिनुहोस् न । तर, अहँ, उहाँले त्यसो गर्नसक्नु भएन, बरू यसको जवाफमा बुबा छटपटाउनु भएथ्यो । कस्तो प्रकारको बाध्यता हो खै कुन्नि ।"[२६]

## ४.५.६.५ भाव/उद्देश्य

यस कथामा सानैमा आमा गुमाएकी छोरीलाई बुबाले आमा र बुबा दुबैको माया दिनसक्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । हरेक छोरीले बुबाले माया गरोस्, मायाले स्पर्श गरोस् भन्ने चाहेका हुन्छन् र त्यो नपाएका छोरीहरूकति तड्पिन्छन् भन्ने कुरा कथामा व्यक्त भएको छ । "लक्ष्मी उप्रेतीको यस तिर्सना कथामा नारी मनभित्रका कुण्ठा र विद्रोह व्यक्त भएको छ । कायर र अत्याचारी बुबाले पुरुषप्रधान क्रुर समाजको यथार्थ स्वरूपलाई उदाङ्गो पार्दछ । छोरीहरूप्रति कति पनि सहानुभूतिशील, स्नेही र सहयोगी बन्न नसकेको हाम्रो स्वार्थी समाज कति कठोर र पाखण्डी छ भन्ने कुरा यस कथाले खुलस्त गर्दछ । समाजमा जतातततैबाट अवहेलना, उपेक्षा र हीनताबोध अनुभूत गर्नुपर्ने छोरी मान्छेहरूको विवशताको कथा यसको म पात्रबाट प्रस्तुत भएको छ । यति भएर पनि कथाकारभित्र हाम्रो समाजको यस्तो अमानवीय प्रवृत्ति देखेर उब्जिएको जुन आक्रोश र असन्तुष्टिको भावना छ, त्यो एउटा चर्को विद्रोहको स्वर भएर यस कथामा देखा परेको छ ।"[२७] आर्थिक सम्पन्नताले शिखरारोहण गरेका बुबाले अभाव र पीडामा छटपटिएकी छोरीको थोरै चाहना पूरा गर्न नसक्नु ज्यादै लज्जास्पद हुने कुरा पनि कथाले व्यक्त गरेको छ । त्यस्तै कसैले कसैलाई माया गर्न चाहँदैमा पनि माया गर्न नसक्ने र केही दिन चाहे पनि दिन नसक्ने अवस्थाको सिर्जना भई ऊ परिस्थितिले विवश बन्छ भन्ने भाव पनि कथामा जीवन्तताका साथ प्रस्तुत गरिएको छ ।

---

२६. लक्ष्मी उप्रेती, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ. २६ ।
२७. दयाराम श्रेष्ठ, लक्ष्मी उप्रेतीको 'तिर्सना' कथा, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.९०-९१ ।

## ४.५.७. 'एक जोर स्वार्थी आँखा' कथाको अध्ययन

### ४.५.७.१ कथावस्तु

यस कथा श्याम र नानुको सम्बन्धको विषयमा केन्द्रित छ । श्याम विदेशी श्रीमतीसँग पारपाचुके गरेको एक सक्षम युवक हो भने नानु श्यामकै अफिसमा काम गर्ने सुन्दर र प्रतिभाशाली नारी पात्र हो । यी दुबैबीच सम्बन्ध नजिकिँदै गएपछि श्याम नानुप्रति आकर्षित बन्छ र उसले नानुसँग विवाह गर्न चाहन्छ तर नानु श्यामलाई आफ्नो यौन तिर्खा मेटाउने पात्रको रूपमा मात्र ग्रहण गर्न चाहन्छे । नानु श्यामको भावना र संवेदनासँग खेलवाड गर्दछे र दुईपटकसम्म आमा बन्न अस्वीकार गरी गर्भपतन गराउँछे । यसले श्यामलाई विक्षिप्त बनाउँछ । उसले त नानुसँगको दाम्पत्य जीवनको सुन्दर चाहना राखेको थियो तर नानु भने यौन पिपासुमात्र रहेको देखिन्छ । यस घटनाको १० वर्षपछि जब नानुको समय प्रतिकूल बनेको छ उसको जागिर खोसिएको छ तब ऊ असहाय बनेर पुनः यौन तिर्खा मेट्नका लागि श्यामको नजिक आएकी छ तर श्याम उसको आँखामा स्वार्थमात्रै देख्दछ र कथा टुङ्गिन्छ ।

### ४.५.७.२ पात्र र चरित्रचित्रण

यस कथामा मुख्य रूपमा श्याम र नानु दुई पात्र रहेको देखिन्छ । अन्य पात्रहरूमा श्यामको श्रीमती र छोरी रहेका छन् । श्यामले आपसी समझदारीमा विदेशी श्रीमतीसँग पारपाचुके गरेको देखिन्छ । ऊ योग्य र सक्षम सरकारी कर्मचारी हो र यस कथाको नायक पनि । ऊ उसकै अफिसमा काम गर्ने नानुसँग प्रेम गर्न थाल्छ । श्यामको प्रेम पवित्र र चोखो हुन्छ । श्याम नानुसँग विवाह गरेर सुन्दर भविष्यको सपना देख्छ । त्यसैले ऊ सत्पात्रको रूपमा कथामा व्यक्त भएको छ । नानु एक सुन्दर युवती हो । जो श्यामकै अफिसमा काम गर्छे । उसमा पनि कार्यकुशलता देखिन्छ । तर, ऊ श्यामलाई आफ्नो यौन चाहना पूर्ति गर्ने साधनको रूपमा मात्र हेर्छे । प्रेमको नाटक गरेर यौन चाहना पूरा गर्दै दुई दुई पटकसम्म गर्भपतन गराउने पात्र हो नानु । श्यामको भावना र संवेदनाको उसलाई कुनै मतलब हुँदैन । दशवर्षपछि जागिरबाट निकालिदिएपछि पुनः यौनचाहना पूर्तिका लागि श्यामको घर आउने यौनपिपासु पात्र हो नानु । त्यसैले यस कथामा नानुलाई चरित्रहीन नारीको रूपमा कलंक र खलपात्रको रूपमा चित्रण गरिएको छ ।

### ४.५.७.३ दृष्टिबिन्दु

यस कथामा मुख्य पात्र श्याम र नानुको जीवनकथालाई तृतीय पुरुषको रूपमा व्यक्त गरिएको छ । त्यसैले यस कथामा दृष्टिबिन्दु पात्र तृतीय पुरुष रहेकाले बाह्य दृष्टिबिन्दु प्रयोग भएको छ । यहाँ दुबै पात्रको भावना, प्रतिक्रिया, बिचार आदि समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको परिचय दिएको हुनाले यस कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.५.७.४ भाषाशैली

एक जोर स्वार्थी आँखा कथा आयतनका दृष्टिले यस कथासङ्ग्रहको सबैभन्दा लामो कथा हो । यस कथामा नारीको खराब चरित्रको उद्‌घाटन भएको देखिन्छ । शिक्षित पात्रहरूरहेको यस कथामा पात्र अनुसारकै भाषाको प्रयोग भएको छ । अरैखिक ढाँचामा लेखिएको यस कथामा अंग्रेजी शब्दहरूको पनि प्रयोग भएको देखिन्छ । उपयुक्त भाषिक प्रयोग, मीठो शैली, छोटाछोटा र रसिला वाक्य विन्यास, मूल कथानकले पाएको पूर्णता, हृदयस्पर्शी भनाई, संवादको समुचित प्रयोग आदिले कथाको भाषिक शैलीलाई उच्चतम बिन्दुमा पुऱ्याएको छ । यस कथाका केही हरफहरू यसप्रकार रहेका छन् :

"समय सधैं एकै रहेन । कहिलेकाहीँ सोच्दै नसोचेको अवस्था भोग्नुपर्ने समय पनि आउँदो रहेछ । कहिले बिजय त कहिले पराजयबीच जीवन बाँच्नुपर्दो रहेछ । पूर्ण बिजय भएको खुशीको क्षणमा जहिले पनि अपराजीत हुन सकिन्छ भन्ने सम्झी अहङ्कारको पहाड चढ्दै आफूलाई विर्सनु क्षणक्षणमा निखनु हो रहेछ ।"[२८]

### ४.५.७.५ भाव/उद्देश्य

यस कथामा नारीका विभिन्न रूपहरूमध्ये आमा सबैभन्दा श्रद्धेय रूप भए पनि कोही कोही नारीहरूआमा बन्ने सुअवसरलाई लत्याएर जघन्य अपराध गर्न उद्यत हुन्छन् भन्ने भाव व्यक्त भएको छ । यस कथामा कसैको भावनासँग खेलवाड गर्नुहुँदैन भन्दै प्रेमको उच्चतालाई पवित्र बनाउनुपर्ने कुरामा जोड दिइएको छ । केही नारीहरूपुरुषलाई प्रेम गरेको नाटक गरेर आफ्नो यौन तिर्खा मेटाउन अग्रसर रहेको कुरा पनि कथामा

---

२८. लक्ष्मी उप्रेती, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.२९ ।

व्यक्त भएको छ । यस कथामा नानु पात्रको माध्यमबाट नारीहरूको नीच र कलंकित चरित्रलाई उदाङ्गोरूपमा देखाइएको छ । पुरुषले नारीलाईमात्र होइन नारीले पनि पुरुषलाई यौन इच्छापूर्तिको साधनको रूपमा प्रयोग गर्न सक्छन् भन्ने अभिव्यक्ति कथामा पाइन्छ । "नारीको सबैभन्दा श्रद्धेय रूप आमा नै हो, तर प्राचीन कालदेखि आजसम्म नै विश्वका विभिन्न सामाजिक परिवेशमा नारीको त्यस्तो रूप पनि देखिँदै आएको छ जहाँ नारी आमाको स्वरूपमा रहन चाहदिँन र आफ्नो प्रेमलाई स्वार्थको आवरणले ढाकेर ऊ केवल भोग्याका रूपमा प्रस्तुत हुन्छे । कथाकार लक्ष्मी उप्रेतीले एकजोर स्वार्थी आँखा कथामा नारीको त्यही रूपलाई दर्शाउन खोजेकी छिन् ।"[२९] यस कथामा विभिन्न पुरुषहरूसँग नाजायज सम्बन्ध राख्दै पटक पटक गर्भपतन गराउने र मातृत्वको स्थितिमा रहन नचाहने यौन पिपासु नारीको स्वरूपलाई नानु पात्रको माध्यमबाट पर्दाफास गरिएको छ । यही नै यस कथाको मुख्य उद्देश्य रहेको देखिन्छ ।

## ४.५.८. 'अस्तित्व' कथाको अध्ययन

### ४.५.८.१ कथावस्तु

यस कथामा 'म' पात्रले पटक पटक बत्ति बाल्दा पनि वत्ति कसैले निभाइदिन्छ । ऊ डरले सँगै सुतेको श्रीमान् लाई उठाउन खोज्छे तर ऊ उठ्दैन । म पात्र आक्रोशित हुन्छे । उसले आफ्नो इच्छा विपरित बाबुआमाको करमा परेर बुढो उमेर नमिल्ने व्यक्तिसँग विहे गरेकी हुन्छे । उसको श्रीमान्  खरदार पदमा जागिर खाने जागिरे हुन्छ । यत्तिकैमा उसको कोठाबाट एउटा मानिस बाहिर निस्कन्छ । उसलाई म पात्रले चिन्छे । त्यो व्यक्ति आफ्नै श्रीमान् को बोस हुन्छ । श्रीमान् ले आफ्नो प्रमोशनको लागि दुई महिनाकी सुत्केरी श्रीमतीलाई आफ्नो बोससँग शारीरिक सम्पर्क गर्न दवाव दिन्छ । श्रीमान् हरू त आफ्नो श्रीमतीको इज्जत रक्षाका लागि जीवन नै बलिदान दिन तयार हुन्छन् तर उसको यो व्यवहारले म पात्रमा विद्रोहको ज्वाला सल्कन्छ र यस्तो पापी श्रीमान् सँग बलात्कृत भएर बस्नुभन्दा आफ्नो बाटो लाग्नु नै ठीक हुन्छ भनी दुई महिनाको छोरा च्यापेर अन्धकारमा घरबाट बाहिर निस्कन्छे र कथा टुंगिन्छ ।

---

२९. देवीप्रसाद सुवेदी, 'एक जोर स्वार्थी आँखा' मा लक्ष्मी उप्रेतीको छवि, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.९३ ।

### ४.५.८.२ पात्र र चरित्रचित्रण

यस कथामा मुख्य पात्रको रूपमा म (श्रीमती) पात्र रहेकी छ भने अन्य पात्रहरूमा श्रीमान् , श्रीमान् को बोस र दुई महिनाको छोरो रहेको छ । यस कथाकी म पात्र बाबुआमाको खुसीको लागि आफ्नो जीवनलाई एक बूढाको हातमा समर्पण गर्ने निरीह पात्र हो । उसले आफ्ना सबै इच्छा र चाहनाहरूलाई बलिदान दिएर आफ्नो श्रीमान् को सेवा गरेर जीवन व्यतित गरिरहेकी हुन्छे । तर, पछि ऊ श्रीमान् को अमानवीय र घृणित कार्यबाट एकाएक विद्रोही बनेर घर छोडेर हिँड्ने साहसी पात्रको रूपमा देखिन्छे । त्यसैले ऊ यस कथाकी गतिशील र सत्पात्र हो । उसको श्रीमान्  प्रमोसनका लागि आफ्नी श्रीमतीलाई बोसको हातमा सुम्पने निरीह र निर्लज्ज खलपात्रको रूपमा चित्रण गरिएको छ । यस कथामा बोस आफ्ना कर्मचारीहरूलाई प्रमोसन दिने आश्वासनमा उनीहरूको श्रीमती भोग गर्न पल्किएको घृणित पात्रको रूपमा उपस्थित भएको छ ।

### ४.५.८.३ दृष्टिबिन्दु

यस कथामा प्रथम पुरुष म को प्रयोग भएको छ । प्रथम पुरुष म को प्रयोग भएको र उसैको कथा व्यक्त भएकाले यहाँ आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको देखिन्छ ।

### ४.५.८.४ भाषाशैली

अस्तित्व कथा उप्रेतीको आयतनका दृष्टिले १२ अनुच्छेदमा विभक्त छोटो कथा हो । नारी अस्तित्वको खोज गरिएको यस कथामा ज्यादै छोटो कथानक रहेको छ । ‘डन्ट डिस्टर्व मी’ जस्ता अंग्रेजी शब्दहरूप्रयोग भएको यस कथामा छोटाछोटा बाक्य प्रयोग भएका छन् । यस कथामा शाब्दिक जालझेल छैन । अनावश्यक रूपमा पृष्ठभूमि पनि प्रयोग गरिएको छैन । कथा बस्तुलाई अनावश्यक रूपमा तन्काइएको पनि पाइँदैन । यहाँ सरल भाषाको प्रयोग गरिएकाले कथा सम्प्रेष्य बनेको देखिन्छ । कथाभित्र केही ठाउँमा.... खाली ठाउँ राखेर बाँकी कुरा पाठकलाई आफैं बुझ्न लगाइएको पनि देखिन्छ ।

### ४.५.८.५ भाव/उद्देश्य

आत्मकथन पद्धतिमा लेखिएको यस कथामा नारी अस्तित्वको रक्षाकालागि गरिएको विद्रोह प्रस्तुत भएको छ । नेपाली नारीहरूले आफ्नो माइतीको इज्जत रक्षाका लागि आफ्नो जीवन बलिदान गर्नुपरेको यथार्थ पनि यस कथामा व्यक्त भएको छ । बालविवाह र अनमेल विवाहले दुष्परिणाम निम्त्याउँछ भन्ने भाव पनि यहाँ रहेको देखिन्छ । नेपाली नारीहरूआत्मनिर्भर हुन नसकेकाले आफ्ना सम्पूर्ण इच्छा र आकाङ्क्षाहरूलाई तिलाञ्जली दिएर श्रीमान् को दास बन्न बाध्य हुनुपरेको यथार्थ यस कथामा जीवन्तताका साथ व्यक्त भएको छ । "सत्ता, सम्पत्ति र स्वादको स्वार्थमा मान्छे प्रकृतिमा देखिने पाशविक प्रवृत्तिभन्दा पनि अघि बढेर कार्य गर्छ भन्ने कुरा यस कथाले देखाउँछ ।"[३०] श्रीमतीको इज्जत रक्षाको लागि श्रीमान् ले आफ्नो जीवन वलिदान दिन पनि तयार हुनुपर्छ भन्ने भाव पनि यहाँ व्यक्त भएको छ । श्रीमान्  र श्रीमती भनेका एकै रथका पांग्रा भएकाले एक अर्काको सहयोग सद्भाव र मायाबाट मात्र दाम्पत्य जीवन सुखमय बन्नसक्छ भन्ने अभिव्यक्ति पनि कथाले व्यक्त गरेको देखिन्छ ।

## ४.५.९ 'पाखण्डीपन' कथाको अध्ययन

### ४.५.९.१ कथावस्तु

उप्रेतीको पाखण्डीपन कथा पूर्णतः गाउँले परिवेशमा उधिनिएको कथा हो । कथामा एस.एल.सी. दिने किशोरी गीता पढाइको बोझ र चिन्ताले विरामीजस्तै देखिएकाले उनका बुबा आमाले विशङ्खे धामीलाई बोलाएर उपचार गर्ने कुरा गर्छन्। गीता सानी छँदा गृहकार्य नबुझाउँदा गुरूले पिटेको र धम्क्याएकाले उसले सपनामा डरलाग्दो राक्षस देखेकी र त्यसपछि ज्वरो आउँदा त्यही धामीले निको पारेको प्रसंग पनि कथामा आएको छ । त्यसैले त्यही धामी गीताको उपचारका लागि बोलाइन्छ तर उपचारको क्रममा जति गर्दा पनि गीता नकामेपछि धामीले कानमा गएर काम नआए पनि काम्नुपर्छ भन्ने निर्देशन दिएपछि गीताले अगुल्टै, अगुल्टाले हानेर पाखण्डी विशङ्खेको प्रतिकार गरेकी छ र कथा टुङ्गिएको छ ।

---

३०. नेत्र एटम, अस्तित्वको रहस्य, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.९६ ।

### ४.५.९.२ पात्र र चरित्रचित्रण

यस कथाको मुख्य पात्रको रूपमा गीता र धामी विशङ्खे देखिएका छन् भने सहायक पात्रको रूपमा गीताका बाबुआमा रहेका छन् । गौण पात्रको रूपमा गाउँलेहरू, युवाहरू, गीताका स्कूलका गुरू र राक्षस रहेका छन् । यस कथामा धामी विशङ्खेलाई गाउँका सीधासादा गाउँलेहरूलाई भ्रममा राखेर पैसा असुल्न उद्यत रहेको पाखण्डीका रूपमा चित्रण गरिएको छ । विशङ्खे विरामीलाई निको पार्ने बहानामा राँगा, बोका, कुखुरा, पैसा आदि चाहिन्छ भन्दै गाउँलेहरूलाई ठग्ने खलपात्र हो । गीता परीक्षा नजिकिएकाले विरामीजस्तो देखिएकी किशोरी हो । ऊ चेतनशील भएकाले धामी विशङ्खे पाखण्डी भएको पत्ता लगाई विद्रोही बनेकी छे । त्यस्तै गीताका आमाबाबुले गाउँका सोझा सीधा जनताहरूको प्रतिनिधित्व गरेका छन् । यहाँ गीता गतिशील पात्र हो भने बाँकी सबै स्थिर पात्रका रूपमा रहेका छन् ।

### ४.५.९.३ दृष्टिबिन्दु

पाखण्डीपन कथामा पात्रहरू तृतीय पुरुषमा रहेकाले यहाँ बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यहाँ प्रायः सबैजस्तो पात्रको आन्तरिक जीवनको परिचय दिएकाले बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको देखिन्छ ।

### ४.५.९.४ भाषाशैली

उप्रेतीको पाखण्डीपन कथा गाउँघरमा अन्धविश्वासका रूपमा प्रचलित धामी-झाँक्री प्रथामा आधारित रहेको छ । वर्णानात्मक एवम् संस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत कथाको भाषाशैली अत्यन्त सरल छ । "यो कथा गाउँघरमा प्रचलित कथ्य भाषाको माध्यमबाट सामान्य किसिमबाट प्रस्तुत भएको छ । शैलीको चमत्कार भन्दा पनि यथार्थताको प्रकटीकरण यस कथाको विशेषता बन्न पुगेको छ । यसको विषयवस्तु अत्यन्त मार्मिक र गहन हुँदाहुँदै पनि यसले मनोवैज्ञानिकताको पीँध छिचोल्न अलि नसकेको देखिन्छ । यद्यपि बालमनोविज्ञानको स्पर्श गर्न कथा सफल देखिन्छ, तर ठाउँ छँदाछँदै पनि यथेष्ट मात्रामा मनोवैज्ञानिक चिन्तन भने हुन सकेको देखिँदैन । ग्रामीण समाजमा प्रचलित विशिष्ट पदावलीहरूले कथालाई सिंगार्ने काम गरेका छन् भने

व्याकरणीय दृष्टिले अलिक अप्ठ्यारा बाक्यहरूले कथाकोप्रवाहमा केही बाधा समेत पुऱ्याएका छन् ।"[३१] समग्रमा भन्नुपर्दा यस कथाको भाषाशैली उत्कृष्ट रहेको देखिन्छ ।

### ४.५.९.५ भाव/उद्देश्य

यस कथामा मूल रूपमा धामी झाँक्रीले उपचार गर्ने भनेको अन्धविश्वास, पाखण्डीपन, कुप्रथा र कुसंस्कार भएकाले यसलाई जरैदेखि उखेलेर फाल्न सक्नुपर्छ भन्ने भाव यस कथामा व्यक्त भएको छ । कहिलेकाहिँ मनोवैज्ञानिक प्रभाव परेर धामी झाँक्री लगाउँदा विरामीलाई निको भएजस्तो देखिन्छ तर त्यो धामी झाँक्रीले गर्दा भएको होइन भन्ने कुरा पनि कथामाप्रष्ट पार्न खोजिएको छ । धामी झाँक्रीहरूले गाउँमा रहेका सीधा सादा जनताहरूलाई मुर्ख बनाउँदै आफ्नो दुनो सोझ्याउने धन्दामा लागेको कुरा कथामा व्यक्त भएको छ । त्यस्तै अब जनताहरूशिक्षित र चेतनशील भइसकेकोले धामी झाँक्रीको विश्वास गर्दैनन् भन्ने भाव पनि कथामा व्यक्त भएको छ । कथामा शिक्षित र अशिक्षित तथा नयाँ र पुरानो पुस्ताबीचको फरक पनि देखाइएको छ ।

## ४.५.१०. 'नागरिकता' कथाको अध्ययन

### ४.५.१०.१ कथावस्तु

नागरिकता कथा राष्ट्रिय समस्यालाई लिएर लेखिएको सामाजिक कथा हो । कथा अनुसार कान्ताले सत्ताइस वर्ष अघि नेपालमै कार्यरत एक जना विदेशी नागरिकसँग प्रमेविवाह गरेकी थिइन् । उनका एक छोरा र एक छोरी पनि जन्मिए । दिन बित्दै जाँदा एक दुर्घटनामा कान्ताको लोग्नेको मृत्यु भयो । कान्ताले छोराछोरीको मुख हेरेर चोट सहँदै अगाडि बढिन् । छोरीले बी.ए. पास गरेपछि एउटा इन्जिरियर केटासँग उसको विवाह भयो । छोरा सन्देशले पनि प्रथम श्रेणीमा बी.ए. पास गऱ्यो र सानोतिनो काम पनि गर्न थाल्यो । सन्देशको आकर्षक व्यक्तित्व लगानशीलता र कार्यदक्षताका काराणबाट उसलाई राम्रा राम्रा अवसरहरूआउन थाले । ऊ मोडल पनि भएकाले उसलाई टिभी च्यानलमा काम गर्न पाउँछु भन्ने विश्वास थियो । तर उसको नागरिकता नभएका कारण प्रतिस्पर्धामा भाग लिन सकेन । यस घटनालने कान्तालाई धेरै नै चोट पुऱ्यायो । आमाको नामबाट नागरिकता लिन नपाउने नीति नियम र राजनीति गर्ने नेताहरूप्रति पनि उने आक्रोश व्यक्त गरेकी छन् । नेपालमै जन्मेको हुर्केको र पढेको

---

३१. प्रभा भट्टराई, 'पाखण्डीपन' कथालाई नियाल्दा, **तिर्सना** कथासङग्रह, पूर्ववत्, पृ.१०० ।

व्यक्तिले नागरिकता नपाउनु ज्यादै बिडम्वनाको कुरा हो भन्दै सन्देश पनि विद्रोह गर्न निस्कन्छ । कान्ता पीडित भएर भुईमा पछारिन्छे र कथाको बिट मारिन्छ ।

## ४.५.१०.२ पात्र र चरित्रचित्रण

यस कथाको केन्द्रीय पात्र कान्ता हो भने अन्य पात्रहरूमा छोरा सन्देश, छोरी र लोग्ने रहेका छन् । विदेशी नागरिकसँग विवाह गरेकी कान्ताको छोराले नागरिकता नपाएकाले ऊ पीडित बनेकी छे । आफ्नो छोरालाई नेपाली नागरिक बनाउन नसक्नाको पीरले ऊ भौतारिएकी छे । कान्ताको अन्तर्मनमा परेको पीरलाई कथाले व्यक्त गरेको छ । त्यसैले यस कथामा कान्तालाई पीडित पात्रको रूपमा व्यक्त गरिएको छ । कान्ता लोग्ने नभएका कारण छोराले नागरिकता नपाएका आमाहरूको प्रतिनिधि पात्र हो । सन्देश प्रथम श्रेणीमा स्नातक पास गरेको जेहेन्दार आकर्षक व्यक्तित्व भएको र लगनशील पात्र हो । नागरिकता नभएकै कारण उसले धेरै अवसरहरू गुमाउनु परेको छ । त्यसैले यस कथामा ऊ विद्रोही बन्न पुगेको छ । कान्ताको लोग्ने नेपालमै कार्यरत विदेशी नागरिक हो जसको एक दुर्घटनामा मृत्यु हुन्छ भने छोरीको इन्जिनियर केटासँग विवाह भैसकेको छ ।

## ४.५.१०.३ दृष्टिबिन्दु

यस कथामा केन्द्रीय पात्र कान्तालाई तृतीय पुरुषमा व्यक्त गरिएको छ । कान्ताको मानसिक परिवेशलाई तृतीय पुरुषमा व्यक्त गरिएकाले यहाँ बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.५.१०.४ भाषाशैली

उप्रेतीको 'नागरिकता' कथा राष्ट्रिय समस्यामा आधारित लैङ्गिक समानताको अवधारणा बोकेको कथा हो । ज्यादै न्यून कथानक रहेको यस कथामा रैखिक ढाँचा अंगालिएको देखिन्छ । आयतनका दृष्टिले यस सङ्ग्रहका कथाहरूमध्ये नागरिकता कथा सबैभन्दा छोटो कथा हो । सात अनुच्छेदमा विभक्त रहेको यस कथामा भाषिक मीठास, रसिला वाक्यहरूका साथै मर्मस्पर्शी भनाइ रहेको देखिन्छ । "संरचनागत सीमितता र वर्णनात्मकता अँगालिएको यस कथाको भाषा सरल, अभिव्यक्ति प्रष्ट र प्रयुक्ति निम्न दर्जाको अनि सम्वादभन्दा कान्ताको एकालापले बढी स्थान जमाएको देखिन्छ । अविद्यार्थ

अर्थ-क्षेपणद्वारा नेपालको नागरिकतासम्बन्धी एउटा गम्भीर सवाललाई सरल तर मार्मिक बनाएर उठाइएको कथा पात्रीय उपस्थितिले सबल बनाएको घटनाको गम्भीर्यभन्दा कथाकारीय वैचारिक धरातलको मारले प्रभावित छ । सरल र साधारण किसिमको अभिव्यक्ति र संवृत्त रूपविधान रहेको यस कथाको वस्तुपक्ष कलात्मक बान्कीको प्रतिष्ठा सँगाल्न अगाडिएको प्रतीत हुन्छ ।"[३२] लिङ्गीय चेतनालाई उजागर गरिएको यस कथामा स्थूल बाहिरी परिवेश भन्दा मानसिक परिवेश सबल रहेको छ ।

### ४.५.१०.५ भाव/उद्देश्य

यस कथामा मूलतः आमाको नामबाट पनि छोराले नागरिकता पाउनु पर्छ भन्ने भाव अभिव्यक्त भएको पाइन्छ । नारीहरूलाई समान अधिकार दिने भनेर जति सकै ठूलो स्वरमा चिच्याए पनि त्यो व्यवहारमा लागू हुन नसकेको आक्रोश पोखिएको छ  कथामा । "पितृसत्तात्मक सामाजिक सत्ता अनि यसै अनुरूपका नियम-कानुन लिएर बसेको नेपालको प्रशासनिक सत्ताले आमाको संरक्षकत्वमा रहेका छोरा वा छोरीलाई नागरिकता प्रदान गर्न नसकेको र यसले विचलित भएका कतिपय व्यक्ति पात्रहरूको अवस्था के गरौं वा कसो गरौंमा पुगेको विषयलाई सङ्क्षिप्त संरचनामा मूलतः साङ्केतिक रूपमा कथामा ल्याइएको छ । नारी र पुरुष समान हुन् भन्दै जति डाँडो-खोलो हल्लाए पनि एउटी आमाको छोरी नेपाली नागरिक बन्न नसक्नु तर ऊ बाबुको संरक्षणमा रहेको भए आमाको खोजीबेगर उसले नागरिकताको प्रमाणपत्र पाउनुले ल्याएको एकपक्षीय वा पक्षपाती नीति र यसले डसेका मानिसहरूको व्यथालाई उप्रेतीद्वारा कथामा कान्ता अनि सन्देश नामका पात्रको परिधिले उद्घाटन गरिएको पाइन्छ ।"[३३] कोरा नारीवादी चिन्तनको विरूद्ध रहेकी उप्रेतीले यस कथामा पुरुषको अस्तित्व नकारेको नभई नारी समानताको पक्षमा मात्र वकालत गरेको देखिन्छ ।

## ४.५.११. 'यात्रा अनि यात्रा' कथाको अध्ययन

### ४.५.११.१ कथावस्तु

उप्रेतीको यस कथामा जीवनयात्रामा हुने प्रेम वा प्रणयका विविध रंगहरूको वर्णन गरेको देखिन्छ । यहाँ एकालाप शैलीमा प्रेमगाथा प्रस्तुत भएको छ । यहाँ कुनै किसिमका

---

३२. बाबुराम ओझा 'भाइ', 'नागरिकता' कथाको चर्चा गर्नुपर्दा, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.१०२, १०३ ।
३३. ऐजन, पृ.१०१ ।

घटना वा परिघटना घटित भएको नभइ विचार मात्र प्रवाहित भएको छ । एक अर्काले एक आपसमा दुःख सुख बाँडेको, सुखमा सँगै हाँसेको दुःखमा साथ दिएको प्रसङ्ग उल्लेख गरिएको छ । तर, एक अर्का आ-आफ्नै विवशता र बाध्यतामा रहेको कुरा पनि व्यक्तिएको छ । प्रेममा जीवन अत्यन्त सुन्दर हुने र जीवनको मोह बढ्ने कुरा पनि कथाले व्यक्त गरेको छ । त्यस्तै उनीहरूको सम्बन्ध ज्यादै क्लिष्ट रहेको र कुन मोडमा छुट्ने या टुङ्गिने हो भन्ने आशंका पनि गरिएको छ । यही सेरोफेरोमा कथा टुङ्गिएको छ ।

## ४.५.११.२ पात्र र चरित्रचित्रण

यस कथामा 'म' र 'ऊ' गरी दुई पात्र देखिन्छ । तर 'म' पात्रले उसलाई पनि आफूमै समाहित गरी हामी भनिएको छ । म पात्रले उनीहरूको प्रेमगाथालाई एकालाप शैलीमा व्यक्त गरेको देखिन्छ । यस कथामा एकले अर्कालाई दुःख सुखमा पूर्ण साथ दिएको कुरा व्यक्त भएकाले यी दुवै सत्पात्र हुन् भन्न सकिन्छ ।

## ४.५.११.३ दृष्टिबिन्दु

यस कथामा म पात्रले एकालाप शैलीमा आफ्नो प्रेमगाथा व्यक्त गरेकाले यहाँ आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ४.५.११.४ भाषाशैली

स्थूल कथानक नभएको यस कथामा एकालाप र आत्मपरक शैलीमा भावनात्मक अभिव्यक्ति अभिव्यक्त भएको छ । "कथाको वाक्यगठन त्यति गहन नभई त्यसमा फितलोपन पाइन्छ । भाषा सरल बोलिचालिको भएकाले सरल र सरस छ । कथाको शीर्षकले विषयबस्तुलाई अँठ्याएकाले यो सुहाउँदो छ । जीवन एक निरन्तर यात्रा हो भन्ने भाव यसको शीर्षकले व्यक्त गरेको छ । मनोभावमा लेखिएको कथा पढ्दै जाँदा कतै निबन्धात्मक आभास पाइए तापनि पात्रका जीवनका उत्तारचढाब, माया प्रेम, शङ्का-उपशङ्का, विश्वास, समर्पण आदिको वर्णनले गर्दा यसलाई निबन्धभन्दा कथाकै कोटीमा राख्नु औचित्यपूर्ण देखिन्छ ।"[३४] वैचारिक र तार्किक धरातलमा उभिएर व्यक्त भएको यस कथाले प्रेमको विविध पक्षको उद्घाटन गरेको छ ।

---

३४. रञ्जुश्री पराजुली, 'यात्रा अनि यात्रा' प्रति एक दृष्टिकोण, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.१०५ ।

### ४.५.११.५ भाव/उद्देश्य

उप्रेतीको यस कथामा मूल रूपमा जीवन यात्राको क्रममा भोगिने प्रेम र त्यसका स्वस्थ्य र विकृत रूपहरूको अभिव्यक्ति देख्न पाइन्छ । जीवन एक यात्रा हो र यो यात्रा नटुङ्गिए सम्म जीवनमा विभिन्न रूप र रङ्गका प्रेम प्रसङ्गहरूचलिनै रहने भाव कथामा व्यक्त भएको छ । प्रेम विनाको जीवन बाँच्न नसकिने भन्दै प्रेमको सर्वोपरिताको वर्णन पनि कथामा भएको देखिन्छ । प्रेम वीनाको जीपन जति विसङ्गतिपूर्ण हुन्छ, प्रेम सहितको जीवन त्यतिकै सङ्गतिपूर्ण र रमणीय हुने कुरा पनि कथाले प्रष्ट पारेको छ । प्रेमी प्रेमिकाको प्रणय यात्रामा उत्पन्न हुने कथा, व्यथा, बाधा, बन्धन, बाध्यता, विवशता आदिसँग पनि सम्झौता गर्न सक्षम हुनुपर्छ भन्ने भाव पनि कथाले व्यक्त गरेको छ । सच्चा प्रेममा एक अर्काले एक अर्काको सुख र दुःखमा समान रूपमा सहभागी बन्न सक्नुपर्छ भन्ने उद्देश्य पनि कथाले बोकेको देखिन्छ ।

## ४.५.१२. 'देवताको स्वरूप' कथाको अध्ययन

### ४.५.१२.१ कथावस्तु

देवताको स्वरूप कथा नेपालको पहाडी परिवेशलाई लिएर लेखिएको एक भरियाको कथा हो । विर्खे महाजनको भारी बोकेर आफ्नो गुजारा चलाउँदै आएको छ । उसले पहाडबाट मधेश झर्दा पहाडका मौसम अनुसारका फलफूलको भारी बोक्छ भने मधेसबाट पहाड चढ्डा महाजनको लागि नुन, तेल, साबुन आदि बोक्ने काम गर्छ । घाम पानी हिउँद, बर्खा, केही नभनी उकाली र ओराली भारी बोकेर थोरै ज्याला पाउँदा पनि विर्खे खुसी हुन्छ । ऊ आत्मासन्तुष्ट छ र खुशी पनि छ । ऊ कर्तव्य पूरा नगर्ने र अधिकारका कुरा गर्ने व्यक्तिहरू पृथ्वीको भार भएको ठान्छ । उसले आफ्नी स्वास्नी र छोराछोरी पाल्नु उसको कर्तव्य ठान्छ । उस्की स्वास्नी मैना बिर्खेको पूजा गर्छे । लोग्नेलाई देवताको स्वरूप ठान्छे । असल पतिको सेवा गर्न पाउँदा खुशी हुन्छे । विर्खे टन्टलापुर घाममा पनि भारी बोक्दै गर्दा ज्वरोले सताउँछ तै पनि उसले महाजनको घरमा भारी पुर्‍याएर आफ्नो घर पुग्छ र थकाइले आनन्दले निदाउँछ भन्दै कथालाई विट मारिएको छ ।

## ४.५.१२.२ पात्र/चरित्रचित्रण

यस कथाको मुख्य पात्र विर्खे हो । अन्य पात्रहरूमा विर्खेकी स्वास्नी मैना, उसका छोराछोरी र महाजन रहेका छन् । विर्खे महाजनको भारी बोकेर गुजारा चलाउने स्वाभिमानी पात्र हो । परिवार पाल्नु आफ्नो कर्तव्य ठान्ने विर्खे स्वास्नी र छोराछोरीबाट सन्तुष्ट देखिन्छ । श्रम बेचेर परिवार चलाउँदै आए पनि ऊ अत्यन्त खुशी छ । 'सन्तोषम् परमम् सुखम्' भन्ने मन्त्र उसको जीवनमा लागू भएको छ । त्यसैले विर्खे कर्तव्य परायण स्वाभिमानी र सत्पात्रको रूपमा कथामा वर्णित छ । विर्खेको स्वास्नी मैना पतिको पूजा गर्छे । आफूले असल पति पाएकोमा गर्भ गर्छे । पतिलाई देवताको स्वरूप मान्छे र जीवनभर पतिको सेवा गर्न पाउँदा आफू सन्तुष्ट हुने बताउँछे । त्यसैले मैना हिन्दू नारीको प्रतीक हो । ऊ सत्पात्रको रूपमा कथामा चित्रित छ । महाजन गरिबहरूको श्रम शोषण गर्ने धनाड्य व्यक्तिको रूपमा उभिएको छ ।

## ४.५.१२.३ दृष्टिबिन्दु

यस कथाको केन्द्रीय पात्र विर्खेलाई तृतीय पुरुषको रूपमा कथामा व्यक्त गरिएको छ । त्यसैले यहाँ बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ ।

## ४.५.१२.४ भाषाशैली

नेपालको पहाडी परिवेश र पर्यावरणको सजीव चित्र फोटोग्राफी शैलीमा उतारिएको यस कथामा महाजनको भारी बोक्ने ढाक्रेको जीवनकहानी व्यक्त भएको छ । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत कथाको भाषाशैली अत्यन्त सरल छ । पहाडको प्राकृतिक सुन्दरताको चित्र कोरिएको यस कथामा यथार्थताको प्रकटिकरण गरिएको छ । सरल र स्वाभाविक अभिव्यक्ति भएकाले कथामा संवृत्त रूप विन्यास देखिन्छ । भाषा, असहज, दुर्वोध्य र क्लिष्ट बनेको देखिदैन । कहीं-कहीं पात्र अनुकूलको भाषा नभएको जस्तो देखिन्छ । रैखिक ढाँचामा रचिएको प्रस्तुत कथा परम्पराकै ढााचामा सिर्जना भएको देखिन्छ ।

### ४.५.१२.५ भाव/उद्देश्य

यस कथामा नेपालको पहाडी परिवेश र प्राकृतिक पर्यावरणको चित्र उतारिएको देखिन्छ । पहाडमा भारी बोक्ने ढाक्रेहरूपनि कर्तव्य परायण र स्वाभिमानी हुन्छन् भन्ने अभिव्यक्ति कथामा व्यक्त भएको छ । महाजनको भारी बोक्ने विर्खे जस्ता पात्राहरूकडा परिश्रम गरेर पनि खुशी छन् भन्ने भाव कथामा व्यक्त भएको छ । पति र पत्नी बीचको सम्बन्ध सुमधुर बन्यो भने जस्तो सुकै दुःखमा पनि खुशी जीवन बाँच्न सकिन्छ भन्ने सन्देश पनि कथाले दिएको देखिन्छ । पहाडमा साहू महाजन भनिने व्यक्तिहरू गरिबहरूको श्रमको शोषण गर्छन भन्ने भाव पनि कथामा व्यक्त भएको छ ।

## ४.५.१३. 'साकार हुन नसकेको सपना' कथाको अध्ययन

### ४.५.१३.१ कथावस्तु

'साकार हुन नसकेको सपना' उप्रेतीको पहिलो कथा हो । सामाजिक यथार्थवादी यस कथामा तेजबहादुर र उसकी पत्नी मैना दिनभर घर बनाउने (ज्यामी) काम गरेर छोरा खेमबहादुरलाई बोर्डिङ स्कुल पढाइरहेका हुन्छन् । छोरालाई पढाएर ठूलो मान्छे बनाउने उनीहरूको सपना हून्छ । तर उनीहरूको सपना यथार्थमा परिणत हुन सक्दैन । एक दिन तेजबहादुर घर बनाउँदै गर्दा दुई तलाबाट खसेर तल बजारिन्छ । सास रहेसम्म उपचारको प्रयास गरिन्छ तर थुप्रै ऋण बोकाएर उसले यो संसारबाट विदा लिन्छ । अब मैना उक्लैले घर चलाउन र छोरो पढाउन नसक्ने हुन्छे । उसलाई मानसिक तनाव बढ्दै जान्छ । पीर र पीडाले असक्त बन्दै जान्छे । खकारमा रगत देखिन्छ । जचाउँदा डाक्टरले टीबी भएको कुरा बताउँछ । मैनाको हातपाउ चल्न छाडेपछि खेमले पढाइ छाडेर कहिले काम गर्दै र कहिले मगन्ते बनेर आमाको लागि औषधीको व्यवस्था गर्न थाल्छ । खेमले विहानदेखि बेलुकीसम्म काम गरेर बचेको पैसाले आमालाई उपचारका लागि बाहिर लाने निर्णय गर्छ । तर उसको यो सपना तुहिन पुग्छ । साउनको झरीले उसको घर र आमालाई बगाएर लग्छ । ऊ घर फर्कदा बगर मात्र हुन्छ । ऊ चिच्याउँछ, कराउँछ रून्छ र कथा टुङ्गिन्छ ।

### ४.५.१३.२ पात्र र चरित्रत्रिचण

यस कथामा मुख्य रूपमा तीन पात्रहरू रहेका छन् । तेजबहादुर, उसकी पत्नी मैना र उनीहरूको छोरो खेमबहादुर । तेजबहदुर र उसकी पत्नी मैना दिनभर ज्यामी

काम गरेर छोरालाई पढाएर ठूलो मान्छे बनाउने सपना बोकेका हुन्छन् तर एक दिन तेजबहादुरको दुई तला माथिबाट खसेर मृत्यु हुन्छ । तेजबहादुर यस कथाको स्थिर, कर्तव्यपरायण र सत् पात्र हो । मैना पनि असर पत्नी र असल आमा भएकाले सत् पात्र हो । खेमबहादुरले आमा विरामी भएपछि पढ्न छाडेर काम गर्दै र माग्दै हिड्न थाल्छ । उसले आमालाई उपचार गर्न चाहन्छ तर उसको सपना पूरा हुन सक्दैन र ऊ अनाथ बन्न पुग्छ ।

## ४.५.१३.३ दृष्टिबिन्दु

यस कथामा दृष्टिबिन्दु पात्र तृतीय पुरुषमा रहेकाले बाह्य दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । कथाकारले प्राय: सबै पात्रको भावना समेटेकाले यहाँ बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.५.१३.४ भाषाशैली

'साकार हुन नसकेको सपना' उप्रेतीको पहिलो कथा भए पनि भाषाशैलीको हिसाबले कमजोर देखिंदैन । आचतनका दृष्टिले १२ अनुच्छेदमा विभक्त यस कथामा रैखिक ढाँचा अपनाइएको छ । वर्णनात्मक शैलीमा लेखिएको यस कथामा संवृत्त रूप विन्यास रहेको देखिन्छ । "प्रस्तुत कथा सरल भाषा र शैलीमा लेखिएको छ । छोटा छोटा वाक्यको प्रयोगले कथालाई बोधगम्य बनाएको छ । यसमा सल्ल बगेको मीठो चित्रात्मक शैलीको प्रयोग गरिएको छ । कथाको शीर्षकमा चार शब्दमध्ये तीनशब्दमा 'स' को पुनरावृत्ति गरिएको छ, जसले गर्दा शीर्षक वृत्यानुप्रासयुक्त आलङ्कारिक बनेको छ ।"३५

## ४.५.१३.५ भाव/उद्देश्य

यस कथामा मूल रूपमा नियतिको अगाडि कसैको केही लाग्दैन भन्ने भाव व्यक्त भएको छ । नियति ज्यादै क्रुर हुन्छ र मान्छेले चाहेको कुरा पूरा हुन सक्दैन । यस कथामा गरिबहरूले सपना मात्रै देख्छन्, तर त्यो पुरा हुन सक्दैन भन्ने अभिव्यक्ति पनि रहेको छ । प्राकृतिक प्रकोपका कारण पनि नेपालमा अनाथ हुने बालबालिकाहरूको संख्या बढिरहेको छ भन्ने भाव पनि कथामा भेट्न सकिन्छ । छोराछोरी पढाउन र राम्रोसँग घर

३५. बिन्दु शर्मा, 'साकार हुन नसकेको सपना' सरसर्ती हेर्दा, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ. १०९ ।

चलाउन श्रीमान्  श्रीमती दुवैको सहयोग र सहकार्य हुनुपर्छ भन्ने आसय पनि कथामा पाउन सकिन्छ ।

## ४.५.१४. 'विचलित मन र दुख्दो अनुभूति' कथाको अध्ययन

### ४.५.१४.१ कथावस्तु

यस कथामा नारीमनको अन्तरपीडालाई अभिव्यक्त गरिएको छ । यस कथाकी नायिका (लता) कक्षा १० पढ्दै गर्दा र पद्मसरसँग आकर्षित हुँदै गर्दा आफ्नो इच्छा र चाहना विपरीत बाबु आमाको करले अन्तै विवाह हुन पुग्छ । लताको दुई छोरीहरूजन्मिएर पनि निष्ठुर र कुसांस्कारिक लोग्ने भएकाले उनीहरूको सम्बन्ध सुमधुर बन्न सक्दैन त्यसैले लोग्नेले अर्को केटी विवाह गर्छ र अन्तमा उसले गल्ती स्वीकार गर्दै मृत्युवरण गर्न पुग्छ । लता एक्लैले पीडा र व्यथाहरूसहँदै छोरीहरूलाई शिक्षा-दीक्षा प्रदान गर्छिन् । जेठी छोरी सरोजाको विवाह भइसकेको हुन्छ भने कान्छी छोरी सन्ध्याको पनि विवाहको कुरा चल्दै गरेको हुन्छ । बेला बेलामा पद्मसरले तलालाई सहयोग गरेकै हुन्छन् । सन्ध्याको विवाह अमेरिकामा बस्ने केटासँग हुन्छ । त्यपछि लता एक्लै हुने भएकाले बाँच्न अप्ठ्यारो हुने भन्दै छुट्टिने बेलामा पद्मासरसँग विवाह गर्न आग्रह गरेको चिठ्ठी दिँदै छोरी ज्वाइँ अमेरिका तर्फ प्रस्थान गर्छन् । घरमा आएर लताले चिठ्ठी पढे पछि कथाले विराम लिन्छ ।

### ४.५.१४.२ पात्र/चरित्रचित्रण

यस कथामा जेठी छोरी सरोजा गौण पात्र हो भने अन्य पात्रहरूमा कान्छी छोरी सन्ध्या, ज्वाइँ, पद्मसर र तलाको लोग्ने रहेका छन् । यस कथाकी केन्द्रीय पात्र वा नायिका लता हुन्, उनकै वरिपरि कथा घुमेको छ । विद्यार्थी जीवनमा पद्म सरसँग आकर्षित भएको देखिन्छ लता । आमा बाबुको इच्छा र चाहना विरूद्ध जान नसक्ने निरीह पात्र हो लता । बाबु आमाको इज्जत राख्न आफ्ना सबै चाहना र आकाङ्क्षाहरूलाई तिलाञ्जली दिएको देखिन्छ लताले । अविवेकी र कुसंस्कारी लोग्नेको पीडा सहन बाध्य पारिएको छ लतालाई । ममतामयी र विवेकी आमा बनेकी लताले दुई छोरीहरूको शिक्षा-दीक्षाको कुशल व्यवस्था मिलाएको देखिन्छ । त्यस्तै दुवै छोरीको विवाह समेत गरिदिएर कर्तव्यपरायण बनेको देखिन्छ लता । एक्लो जीवन बाँच्न अप्ठ्यारो हुने भएकाले पद्म सरसँग पुनः विवाह गरेर सुखद् दाम्पत्य जीवन बाच्ने इच्छा

रहेको पनि देखिन्छ लतालाई । त्यसैले लता पीडा र व्यथाहरू लुकाएर छोरीहरूको भविश्य उज्ज्वल बनाउन तर्फ अग्रसर रहेकाले सत् पात्रको रूपमा कथामा चित्रण गरिएको छ । त्यस्तै कान्छी छोरी सन्ध्या लताको छोरी मात्र नभएर एउटा असल साथीको रूपमा समेत रहेको देखाइएको छ कथामा । आमाको हरेक इच्छा र चाहना बुझ्ने र आमाको सुखद् भविश्यको चाहना राख्ने सन्ध्या पनि सत् पात्र हो । ज्वाँइलाई पनि राम्रो वानी व्यवहार भएको भनेर चित्रण गरिएको छ । उसले लतालाई कहिल्यै खुसी दिएको छैन, सधैं पीडा थप्ने काम गरेको छ भने लताको लोग्नेलाई निष्ठुर र कुसांस्कारिक भनेर चित्रण गरिएको छ । अन्त्यमा गल्ती स्वीकार गरेकाले ऊ गतिशील पात्र हो । असमयमानै मृत्युवरण गर्न पुगेको लताको लोग्ने खलपात्रको रूपमा कथामा वर्णित छ । त्यस्तै पद्मसर लतालाई सानैदेखि माया गर्ने पात्र हो । लताको विवाह पश्चात् पनि बेलामौकामा सहयोग गरिरहने सहयोगी पात्रको रूपमा पद्म सरलाई चित्रण गरिएको छ । तर, घरमा श्रीमती हुँदाहुँदै लतासँग विवाह गर्न चाहेकाले उसको चरित्रमा खोट पनि देखिन्छ ।

### ४.५.१४.३ दृष्टिबिन्दु

यस कथामा दृष्टिबिन्दु पात्र लता हो । दृष्टिबिन्दु पात्रलाई तृतीय पुरुषको रूपमा व्यक्त गरिएकाले यहाँ वाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कथामा एक मात्र पात्रको मानसिक संसारको विचरण गरिएकाले यहाँ बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.५.१४.४ भाषाशैली

२३ अनुच्छेदमा विभक्त रहेको उप्रेतीको यस कथामा पूर्वस्मृति शैलीलाई अपनाइएको देखिन्छ । "नारी मनोविज्ञानलाई संवेदनशीलतापूर्वक स्पर्श गर्ने सफलता प्राप्त गरेको, भाषिक संरचनालाई मौलिक ढङ्गमा प्रयोग गरिएको तथा आनुभूतिको तिक्ष्णतालाई तत्क्षणतामा टिप्दै चेतना प्रवाह शैलीको उपयोग गरेर लेखिएको विचलित मन र दुख्दो अनुभूति' कथाले प्रारम्भदेखि नै पाठकीय जिज्ञासालाई आकर्षण गर्ने क्षमता बोकेको पाइन्छ । कथावस्तुगत सुसङ्गठित रूप, भाषाशैलीगत आकर्षक विन्यास र प्रभावकारिता, नारी मनोविज्ञानगत सूक्ष्मता एवम् परम्परागत पारिवारिक-सामाजिक

मूल्यमान्यताप्रति समयसापेक्ष सुधारको सङ्केतजस्ता वैशिष्ट्यहरूले प्रस्तुत कथालाई मार्मिक एवम् उत्कृष्ट बनाउने काम गरेका छन् ।"[३६]

### ४.५.१४.५ भाव/उद्देश्य

नारी मनोविज्ञानलाई प्रस्तुत गर्नु नै यस कथाको उद्देश्य रहेको देखिन्छ । छोराछोरीको इच्छा र चाहना विरूद्ध बुबा आमा जानुहुँदैन भन्ने भाव कथामा रहेको देखिन्छ । नेपाली नारीहरूबाबुआमाको खोक्रो शान र इज्यत बचाउनका लागि दुःख र पीडामा पिल्सनु परेको यथार्थतालाई पनि कथाले व्यक्त गरेको देखिन्छ । विवेकहीन र कुसंस्कारी लोग्ने परेमा दाम्पत्य जीवन दुर्घटिन हुन पुग्छ भन्ने भाव कथामा रहेको देखिन्छ । नारी एक्लैले पनि छोराछोरी पढाउन, बढाउन, हुर्काउन र विवाह समेत गरिदिन सक्षम हुन्छन् भन्ने अभिव्यक्ति पनि कथाले व्यक्त गरेको छ । एक्लो जीवनबाँच्न धेरै अप्ठ्यारो हुने भएकाले जीवनको उत्तरार्धमा भए पनि विवाह गरेर सुखद् दाम्पत्य जीवन बाँच्न सकिन्छ भन्ने संकेत पनि कथामा रहेको छ । हरेक व्यक्तिले जीवनमा सम्झौता गर्नै पर्छ भन्ने सन्देश पनि कथामा रहेको छ । त्यस्तै सबै मान्छेको जीवनमा दुःख र पीडाहरू आउँछन् तर दुःख पछि सुख पनि आउँछ भन्ने भाव कथाले व्यक्त गर्न खोजेको प्रतीत हुन्छ ।

## ४.५.१५. 'प्रतिशोध' कथाको अध्ययन

### ४.५.१५.१ कथावस्तु

यस कथामा नारीमनोविज्ञालाई केलाउने काम गरेको देखिन्छ । यस कथाकी मुख्य पात्र इन्द्रेनी एउटा संस्थानको अधिकृत र आर्थिक रूपमा सम्पन्न भए पनि मानसिक रूपमा पीडित र विक्षिप्त बनेको देखिन्छ । एक छोरा र एक छोरीकी आमा बनेकी इन्द्रीनीको छोरीको विवाह भइसकेको देखिन्छ । लोग्नेले यातना दिन थाले पछि एक वर्षको छोरा छाडेर इन्द्रेनीले गृहत्याग गरेको देखिन्छ । त्यसपछि पटक पटक छोरो भेट्न जाँदा भेट गर्न नदिएको र अहिले छोरो पनि बाबुकै पक्षमा भएकाले इन्द्रेनी ज्यादै पीडित बनेकी छ । इन्द्रनीकी साथी सुधाले अर्को विवाह गर्न सुझाव दिंदा त्यसलाई अस्वीकार गरी लोग्नेसँग बदला लिएरै छाड्ने अठोट गर्छे र कथाले विट मार्छ ।

---

३६. शैलेन्द्रप्रकाश नेपाल, विचलित मन र दुख्दो अनुभूति कथाको केन्द्रीय कथ्य, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ. ११२ ।

### ४.५.१५.२ पात्र र चरित्रचित्रण

यस कथाको केन्द्रीय पात्र इन्द्रेनी हो भने यस कथामा रहेका अन्य पात्रहरूमा इन्द्रेनीको लोग्ने, छोराछोरी, सासू, साथी सुधा आदि रहेको छन् । इन्द्रेनी संस्थानको अधिकृत भएकाले आर्थिक रूपमा सम्पन्न भएपनि मानसिक रूपमा विक्षिप्त पात्र हो। आफूलेपाएको छोरो आफ्नो हुन नसकेको र लोग्नेले यातना दिएर घर छाड्न बाध्य पारेकोले ऊ पीडित बन्न पुगेकी छ । छोरोलाई आफ्नो बनाउने र लोग्नेसँग बदला लिने उसले अठोट गरेकी छ । त्यसैले सुधाले अर्को विवाह गर्न दिएको सल्लाह पनि उसले मानेकी छैन । त्यसैले ऊ भित्र प्रतिशोधको ज्वाला दन्किएको देखिन्छ । लोग्ने खल पात्रको रूपमा यहाँ चित्रित छ । सुधा यस कथाको मुख्य पात्र हो । यो कथा सुधाकै मुखबाट व्यक्त गराइएको छ । सुधाले यस कथामा सल्लाहकारको भूमिका निर्वाह गरेको देखिन्छ ।

### ४.५.१५.३ दृष्टिबिन्दु

यस कथाको केन्द्रीय पात्र वा नायिका इन्द्रेनी हो । यहाँ कथावाचक पात्र सुधा प्रथम पुरुषमा रहेकी भएपनि उसले आफ्नो कथा नभनेर इन्द्रेनीको कथा भनेकाले यहाँ केन्द्रीय परीधीय दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.५.१५.४ भाषाशैली

नारी मनोविज्ञानलाई कुशलतापूर्वक व्यक्त गरिएको यस कथा संरचनात्मक रूपमा १२ अनुच्छेदमा विभक्त रहेको छ । नारीवादी अभिलक्षणहरूदेखिएको यस कथामा इन्द्रेनीको मानसिक जगत्को गहिराइमा पुगेर केस्रा केस्रा छुट्याउने काम भएको छ । क्लिष्ट, दुर्बोध्य र दुरूह भाषाको प्रयोग नगरिएको यस कथामा सरल र सम्प्रेष्य भाषको प्रयोग गरिएको छ । संवादको समुचित प्रयोग भएको यस कथामा छोटा वाक्य विन्यास र हृदयस्पर्शी भनाइ व्यक्त भएको देखिन्छ । कथा वाचिकालाई सल्लाहकारको भूमिका दिइएको यस कथा ग्रामीण जनजीवनको जनजिब्रोसँग धेरै नजिक रहेको देखिन्छ । कथामा पात्रीय न्याय समुचित हुन नसक्नु यस कथाको ऋणात्मक पक्ष हो । यति हुँदाहुँदै पनि भाषिक सरलता, यथार्थता, युगवोध, मूल्यबोध आदिले गर्दा कथाले उचाई प्राप्त गर्न सफल भएको देखिन्छ ।

### ४.५.१५.५ भाव/उद्देश्य

नारी मनोविज्ञानलाई संवेदनशीलतापूर्वक उजागर गरिएको यस कथामा नारीवादी चेतना मुखरित भएको देखिन्छ । आर्थिक सम्पन्नताले मात्रै मान्छेलाई सुखबोध हुन सक्दैन भन्ने भाव कथामा व्यक्त भएको देखिन्छ । लोग्नेबाट यातना पाएका नारीहरूको मनोभावलाई पनि कथामा उजागर गरिएको छ । आफूले नौ महिना कोखमा राखेर हुर्काएको छोरालाई ममतामयी आमाले बात्सल्यभाव आदान प्रदान गर्न नदिने लोग्ने प्रतिको प्रतिशोधको ज्वाला कस्तो हुन्छ भन्ने भाव पनि यस कथामा उदाङ्गिएको छ । लोग्नेले जतिसुकै यातना दिए पनि उसैलाई पति परमेश्वर मानेर दास मनोवृत्तिमा बस्नुहुँदैन र आफ्नो अस्तित्व रक्षाका लागि मनभित्र प्रतिशोधको ज्वाला दन्किएको मान्छेलाई कसैले सम्झाउन सक्दैन भन्ने भाव पनि कथाले व्यक्त गर्न खोजेको देखिन्छ ।

## ४.५.१६. 'मायाको मीठो चोट' कथाको अध्ययन

### ४.५.१६.१ कथावस्तु

'मायाको मीठो चोट' कथामा उप्रेतिले प्रेमको सुन्दर वर्णन गरेकी छन् । यस कथामा कथानक झिनो रहेको छ । क्रिया प्रतिक्रियाहरू छैनन् तर भावले परिपुष्ट रहेको छ । यहाँ आत्मपरक शैलीमा 'म' पात्रले अजयबाट प्राप्त गरेको अनन्त प्रेमको वर्णन गरिएको छ । अजयलाई प्रेमको पहिलो र अन्तिम पूजा भनिएको छ । म पात्रले समयसँग सम्झौता गरेर थाकिसकेको अवस्थामा पुनर्जीवन र अस्तित्वबोध अजयबाट नै प्राप्त गरेको कुरा कथामा व्यक्त भएको छ । अयजले एक दशकसम्म दिएको माया र समर्पणले म पात्र अझसम्म पनि अनुगृहीत रहेको कुरा कथामा उल्लेख छ । अजयलाई भगवानले म पात्रकै लागि बनाएको उद्‌गार रहेको छ यहाँ । म पात्रको हरेक दुःख र सुखमा साथ दिएको अजय तुफान बनेर आएको र आँधी बनेर गएको कुरा पनि व्यक्त भएको छ कथामा । अजयको माया सम्झँदा पनि आनन्दको बहार आउने म पात्रको विश्वास छ । त्यसैले मान, प्रतिष्ठा, धन, प्रेम, सुख सबै पाएर पनि अजयबिना अपूर्ण हुने भनाइ छ यहाँ । हामी बीचको विश्वास र आस्था नमरोस्, फुलोस फलोस भन्दै कथा टुङ्गिएको छ ।

### ४.५.१६.२ पात्र/चरित्रचित्रण

यस कथामा 'म' नारी पात्र र 'अजय' पुरुष पात्र गरी जम्मा दुई पात्र मात्र रहेको देखिन्छ । यहाँ म पात्र मात्र एकोहोरो बोलिरहेको छ । उसले जीवनमा अजयको माया

पाएर बाँच्नुको मजा लुटेको तर्क गरेकी छ प्रेम नै जीवनको सार हो र त्यो प्रेम अजयबाट पाएको उसको भनाइ छ । उसले अजयलाई पूजा गर्न चाहन्छे र जीवन नै उसको नाममा समर्पण गर्न चाहन्छे । त्यसैले म पात्र मायाको भोकी भएकी र माया पाएर सम्पूर्णताको अनुभूत गरेकी सत् पात्र हो । यस कथामा अजय कतै बोलेको देखिंदैन तर उसले जीवनबाट हार खाएकी नारीको जीवनमा बहार ल्याइदिएकाले ऊ पनि सत् पात्रको रूपमा कथामा व्यक्त भएको छ ।

## ४.५.१६.३ दृष्टिबिन्दु

यस कथामा म पात्रले आत्मपरक शैलीमा आफ्नै जीवनको कहानी व्यक्त गरेकाले यहाँ आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको देखिन्छ ।

## ४.५.१६.४ भाषाशैली

आयतनका दृष्टिले दश अनुच्छेदमा विभक्त यस कथामा उप्रेतीले प्रेमको सुन्दर परिभाषा व्यक्त गरेको देखिन्छ । झिनो कथानक र कुनै क्रिया प्रतिक्रिया र संवाद र विवादको लहरो नभएको यस कथामा म पात्र नै छताछुल्ल रूपमा पोखिएकी छन् । निबन्धात्मक शैलीमा प्रस्तुत भएको यस कथामा आत्मपरक अभिव्यक्ति रहेको छ । प्रेम अमूर्त वस्तु भएकाले यसमा पनि अमूर्त भाषाकै प्रयोग गरिएको देखिन्छ । छोटा छरिता वाक्य गठन, मीठो शैली, हृदयस्पर्शी उद्गार, रसिला वाक्य, सरल भाषा संवादहीनता आदि यस कथाका वैशिष्ट्य हुन् । कथामा पनि काव्यात्मक भाषा प्रयोग गर्न सक्नु उप्रेतीको सबैभन्दा ठूलो उपलब्धी हो । यस कथाका केही हरफहरू यस प्रकार रहेका छन् :-

"समय बग्छ सलल । दिन उही छ, आफू वरिपरिको परिवेशमा कुनै परिवर्तन छैन । जीनवलाई पछ्यारेर उमेर नदी झैं बग्छ अनवरत, फेरि कहिल्यै नफर्कने गरी । अतीत भन्दा वर्तमान सुखदायक छ, अर्थात् जीवन अभावमुक्त बाँचेको छ । सम्झना क्षणभरका लागि आउँछन्, हराउँछन् । झझल्कोले झल्याँस्स मनलाई विथोल्छ, ती हिजोका सत्यहरूमा ।"[३७]

---

३७. लक्ष्मी उप्रेती, मायाको मीठो चोट, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.७० ।

### ४.५.१६.५ भाव/उद्देश्य

प्रेमको पवित्रता, सुन्दरता, व्यापकता र महत्त्व दर्शाउनु नै यस कथाको अभीष्ट हो । विसङ्गत र वेस्वादिलो जीवनलाई प्रेमले कसरी सङ्गत र सुस्वादिलो बनाउन सक्छ भन्ने भाव यस कथामा झल्किएको छ । स्वार्थमा होइन समर्पणमा नै प्रेमको शाश्वत स्वरूपको दर्शन मिल्छ भन्ने तर्क कथामा अभिव्यक्त भएको छ । "जस्तो विषयलाई कथाले उठाउन खोजेको हो त्यस्तै प्रविधि अवलम्वन गरेर लक्ष्मीले यो कथा तयार पारेकी छिन् । प्रेम देख्ने-देखाउने विषय होइन, यो एउटा अमूर्त भाव हो जुन व्यक्ति मनको अनुभूति तलमा आनन्दको सञ्चार बनेर तैरिदिन्छ । व्यक्ति हृदयमा त्यो अनुभूतिको ओज थेग्न सक्ने उदारताको आवश्यकता हुन्छ बस ! प्रेम यति प्रभावशाली भाव हो कि जीवनमा एकचोटि मात्र पनि यदि कुनै व्यक्तिले त्यो भावको भोग गर्न पाएको हुन्छ भने त्यसपछि जीवनमा उसले जतिसुकै उराठिला र आप्ठ्यारा मोडहरू सित जुझ्नुपरे पनि त्यहाँ ऊ आफू एक्लो भएको महसुस गर्दैन । यो कुरा कथा भित्र 'म' पात्र नारीको अवस्थामा चरितार्थ भएको छ । सारमा प्रेमको शाश्वत स्वरूप पहिचान गर्ने अभीष्टमा जो यो कथा केन्द्रित भएको छ । हराइनुमा नै पाइएको अनुभव हुनु अनि स्वार्थमा होइन, समर्पणमा आनन्द उद्वोधित हुनु प्रेमको सच्चा अर्थ हो भन्ने भाव सम्प्रेषित गर्न मायाको मीठो चेटा कथामा कथाकार लक्ष्मी उप्रेती सफल भएकी छिन् ।"[३८]

### ४.५.१७ निष्कर्ष

कविताबाट शुरू भएको लक्ष्मी उप्रेतीको साहित्यिक यात्रा बालसाहित्य हुँदै कथासम्म पुगेको छ । औपचारिक रूपमा वि.सं.२०४४ सालबाट शुरू भएको उप्रेतीको कथायात्रा एउटा कथासङ्ग्रह 'तिर्सना' (२०६३) हुँदै फुटकर रूपमा हालसम्म पनि अविराम रूपमा अघि बढिरहेको छ । अधुरो प्रेमका पीडा र असफल वैवाहिक जीवनको सेरोफेरामा अधिकाशं कथाहरू अभिव्यक्त भएका छन् । लोग्नेको हेपाहा प्रवृत्ति र चरित्रहीन व्यवहारका कारण पीडा भोग्न बाध्य भएका नारीहरूको करूण क्रन्दन रहेको छ कथाहरूमा । एकातिर कथाहरूमा लोग्नेको विरूद्ध विद्रोह गर्न नसक्ने निरीह नारीपात्रहरू रहेका छन् भने अर्कातिर नारीहरूको चरित्रहीन प्रवृत्तिको पनि पर्दाफास भएको छ । कथाहरूमा पीडा, कुण्ठा, अभाव, विसङ्गति, छट्पटी, निराशा आदि रहँदा रहँदै

---

३८. ज्ञानु पाण्डे, लक्ष्मीको मायाको मीठो चोटमा प्रेमको परिभाषा, **तिर्सना** कथासङ्ग्रह, पूर्ववत्, पृ.११८ ।

पनि जीवनको जीजिविषा पनि मुखरित भएको देखिन्छ । मूलतः अतृप्त प्रेमले जीवनमा पारेको प्रभावलाई नै कथावस्तु बनाइएका कथाहरू रहेका छन् -तिर्सना भित्र । उप्रेतीका आफ्नै जीवनका यथार्थ भोगाइहरू पनि कथाहरूमा अभिव्यक्त भएका छन् ।

उप्रेतीका धेरै जसो कथाहरू संस्मरणात्मक शैलीमा लेखिएको छ । 'म' पात्रको स्वकथन पद्धति धेरैजसो कथाहरूले अंगालेको देखिन्छ । त्यसैले धेरैजसो कथाहरू आत्मपरक शैलीमा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरेर लेखेको देखिन्छ । कतै कतै निबन्धात्मक शैली पनि कथामा भेट्न सकिन्छ । आयतनका दृष्टिले धेरै लामा पनि छैनन् उप्रेतीका कथाहरू । सरल र सम्प्रेष्य भाषाशैली प्रयोग गर्न सक्नु उप्रेतीको महत्त्वपूर्ण उपलब्धी हो । शब्दचयन र वाक्यगठनमा मौलिकता रहेको देखिन्छ कथाहरूमा । यसभित्रका कथाहरू रैखिक र अरैखिक दुवै ढाँचामा रचिएका छन् । कथामा पनि काव्यात्मक भाषाशैली प्रयोग गर्न सक्नु उप्रेतीको वैशिष्ठ्य हो । कथाहरूमा प्रकृतिको सजीव चित्रण समेत गरेको पाइन्छ । उप्रेतीका धेरैजसो कथाहरू आदर्शोन्मुख यर्थाथवादी रहेका छन् । कोरा नारीवादी चिन्तनको विपक्षमा रहेकी उप्रेतीले लैङ्गिक समानताको पक्षमा भने वकालत गरेको देखिन्छ ।

उप्रेतीका कथाहरूमा धेरैजसो पात्रहरू सम्भ्रान्त रहेपनि विरोध र विद्रोह गर्न नसक्ने खालका निरीह रहेका छन् । पठित र शहरिया पात्रहरूको बाहुल्यता रहेको देखिन्छ-कथाहरूमा । विपन्न र अत्यन्त गरिब पात्रहरूको सजीव चित्रण हुन सकेको भए सुनमा सुगन्ध भनेझैं हुने थियो । कथाको प्रस्तुतिकरण एकै खालको हुनु, कथाहरूमा एकरूपता देखिनु, अन्तर्राष्ट्रिय परिवेश र राष्ट्रिय राजनीतिले प्रभावित हुन नसक्नु जस्ता केही कमजोरीहरू रहे पनि त्यसमा सुधार हुँदै जाने कुरामा भने विश्वस्त हुन सकिन्छ । मूलतः अग्राह्य, क्लिष्ट र दुर्वोध्य भाषाको प्रयोग नगरिकन सुललित र सरल भाषाको माध्यमबाट कथाहरू अभिव्यक्त गर्न सक्नुलाई उप्रेतीको सफलता मान्न सकिन्छ ।

# लक्ष्मी उप्रेतीको बालसाहित्यको अध्ययन

## ४.६. परिचय

कविताबाट शुरू भएको उप्रेतीको साहित्य यात्रा साहित्यका विविध विधाहरूहुँदै बालसाहित्यसम्म तन्किएको छ । बालबालिकालाई मनोरञ्जनका अतिरिक्त ज्ञान समेत दिने उद्देश्यले अभिप्रेरित भएर बालसाहित्यमा लागेको देखिन्छ उप्रेती । अझ भनौ मनोरञ्जनात्मक रूपमा शिक्षा दिनु उप्रेतीको ध्येय हो । बालबालिकाहरूमा पढ्ने कला र बानीको विकासका लागि पनि यी कृतिहरूले उर्जा प्रदान गर्ने छन् भन्ने विश्वास लिएको देखिन्छ उप्रेती । "बालक सृष्टिका अनुपम उपहार हुन् । मेरो जीवनको रमाइलो क्षण बालकसँग खेल्नु हो । बालक जो कोही होस् मलाई उनीहरूकमो हँसाइले, तोते बोलाइले र बदमासीले अपार आनन्द प्राप्त हुन्छ ।"[३९] उप्रेती बालबालिकाका लागि साहित्यको माध्यमबाट अलिकति भए पनि ज्ञान र चेतना दिन सकिन्छ भन्ने विचारले बालसाहित्यमा लागेको देखिन्छ ।

लक्ष्मी उप्रेतिका हालसम्म प्रकाशित बालसाहित्यका कृतिहरू यस प्रकार रहेका छन् ।

(क) बालकवितासङ्ग्रह : १) मनेको म्याँ म्याँ (२०५७)
२) कमिलाको ताँती (२०६१)

(ख) बाल उपन्यास : १) साहसी आकाङ्क्षा र पवन परी (२०६०)

(ग) बालकथासङ्ग्रह : १) कृष्णको पछुतो (२०५७)
२) कर्मको फल (२०५८)
३) बुद्धिमानी बाँदर (२०५९)
४) सुनको अण्डा दिने चरी (२०६२)
५) साथी-साथी (२०६४)

३९. लक्ष्मी उप्रेती, मेरो भनाई मनेको म्याँ म्याँ, **बालकविता सङ्ग्रह**, २०५७, पृ.३ ।

### ४.६.१. 'मनेको म्याँ म्याँ' बालकवितासङ्ग्रहको अध्ययन

'मनेको म्याँ म्याँ' लक्ष्मीको उप्रेतीको पहिलो बालकवितासङ्ग्रह हो । प्रथम संस्करण वि.सं. २०५७ सालमा वनिता प्रकाशन विराटनगरले प्रकाशित गरेको हो । यसको लोकप्रियताले प्रमथ संस्करण सकिएपछि पुनः वि.सं.२०६३ सालमा दोस्रो संस्करण प्रकाशित भएको छ । उमेश अधिकारीका उत्कृष्ट चित्रहरूबाट सजिएको यस कविता संङ्ग्रहमा निम्नलिखित ११ वटा शीर्षकका कविताहरू सङ्गृहीत रहेका छन् ।

१) मनेको म्याँ म्याँ
२) विद्या धन
३) मित्रताको माला
४) शिरमा सगरमाथा
५) माहुरी
६) जून छुनुपर्छ
७) घामपानी
८) जूनकीरी सानी
९) आकाशको गड्याङगुडुङ
१०) माकुरी
११) पिरतीकी रानी

### ४.६.१.१ विषयवस्तु र उद्देश्य

यस कवितासङ्ग्रहमा विषयबस्तु र उद्देश्यमा विविधता देखिन्छ । 'मनेको म्याँ म्याँ' मा बाख्राका भर्खरै ब्याएका पाठापाठीको चञ्चलता र चुलबुलतामा मनै रमाउने प्रसङ्गका साथै बच्चाहरू यिनीहरूसँग खेल्न पाउँदा हर्षविभोर हुने कुरा यहाँ देखाइएको छ । 'विद्या धन' मा विद्याको महिमा गाइएको छ । कुलतमा लाग्न नहुने र असल एवम् ज्ञानी बनेर देशको सेवा गर्नु पर्ने भाव यहाँ व्यक्त भएको छ । 'मित्रताको माला' मा कमिलाबाट हामीले धेरै कुरा सिक्न सकिन्छ भन्दै कमिलाको जस्तो एकता र मेलमिलाप गरे सबै कुरा सम्भव हुन्छ भन्ने भाव यहाँ व्यक्त भएको छ । जसका केही हरफहरू निम्नानुसार छन् ।

*कमिलाको मेलामिलाप*
*मित्रताको माला*
*तिमी पनि सिक्नुपर्छ*
*कमिलाको चाल*
*(मित्रताको माला, पृ ९)*

'शिरमा सगरमाथा' भन्ने कवितामा सगरमाथा हाम्रो गौरव भएकाले यसलाई स्वच्छ पार्नु पर्ने सन्देश व्यक्त भएको छ । सगरमाथाको देश नेपाल भनेर संसारभर चिनाउन पाइने भएकाले यसलाई जोगाउनु हाम्रो दायित्व हो भन्ने भाव यहाँ व्यक्त भएको छ । यसका केही हरफहरू :

*भोलि तिमीले जोगाउनु छ*
*नेपालको सान ।*
*राख्नुपर्छ हामीले नै*
*सगरमाथाको मान ।*
*(शिरमा सगरमाथा, पृ. १२)*

'माहुरी' कवितामा माहुरीले हामीलाई मह दिन्छ मह अमृत समान हो । त्यसैले हाम्रा लागि माहुरी उपयोगी भए जस्तै हामीले पनि अरूलाई उपयोगी हुने काम गर्नु पर्छ भन्दै सेवा गरे नै मेवा मिल्छ भन्ने भाव यहाँ व्यक्त भएको छ । त्यस्तै 'माकुरी' कवितामा माकुराको जस्तै सीप, जाँगर र परिश्रमी हुनुपर्छ भन्ने सन्देश प्रकट भएको छ । यसका केही हरफहरू :-

*परिश्रमी माकुरी छ खट्छे आफ्नै सुरूमा*
*मिहिनेत गर्न सिकौं हामी माकुरीको धुनमा ।*
*(माकुरी, पृ.१४)*

'जून छुनुपर्छ' भन्ने कवितामा बिहान चाँडै हातमुख धुनु, दाँत माझ्नु, गृहकार्य गर्नु आदि असल विद्यार्थीको गुण हो भन्ने भाव व्यक्त भएको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले भनेका थिए- 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक ।' यही सन्देश यस कवितमा पनि व्यक्त भएको छ । केही हरफहरू: -

*अनुशासित सहयोगी*
*असल हुनुपर्छ*
*सधैं तिमीले उद्देश्यको*
*जून छुनुपर्छ !*

*(जुन छुनुपर्छ, पृ.१६)*

'घामपानी' भन्ने कवितामा घाम र पानी पर्दाको प्राकृतिक सुन्दरताको वर्णन गरिएको छ । त्यस्तै 'जूनकीरी सानी' भन्ने कविताले जसरी जूनकीरीले अध्यारोमा बत्ती बालेर उज्यालो दिन्छ त्यसैगरी हामीले पनि धेरै पढेर उज्यालो (ज्ञान/चेतना) छर्न सक्नुपर्छ भन्ने सन्देश दिएको छ । आकाशको गड्याङगुडुङ भन्ने कवितामा वर्षायाममा बादलले देखाउने गतिविधि चट्किने, विजुली चम्कने आदिको वर्णन गर्दै पानीको महत्त्वलाई व्यक्त गरिएको छ । जसका केही हरफहरू :

*वर्षा नभई धरतीमा*
*अन्न बाली हुन्न*
*अन्न बाली हाम्रो लागि*
*नभई हुँदै हुन्न ।*

*(आकाशको गड्याङगुडुङ पृ. २२)*

'पिरतीको रानी' भन्ने कवितामा सानो बच्चाको वर्णन गरिएको छ । बच्चासँग खेल्न र हाँस्न खुबै आनन्द आउने भन्दै बच्चाहरूको हाँसोमा स्वर्गीय आनन्दानूभूति हुने कुरा यस कवितामा अभिव्यक्त भएको छ ।

## ४.६.१.२ संरचना/भाषाशैली

चौवीस पृष्ठमा विस्तारित यस सङ्ग्रहमा थोरैमा चारदेखि बढीमा एक्काइस हरफसम्मका कविताहरू सङ्गृहीत रहेका छन् । प्रत्यक कविताको दुई/दुई बटा चित्र प्रस्तुत गरिएको यस सङ्ग्रहमा कविताहरूलाई सुन्दर बनाउने काम चित्रहरूले गरेका छन् । अन्तरअनुप्रास र अन्त्यानुप्रासले कविताहरूलाई लय हालेर गाउन मिल्ने बनाएका छन् । यस सङ्ग्रहका कविताहरूसरल भाष र आकर्षक शैलीमा संयोजित रहेका छन् ।

बच्चाहरूले सजिलै बुझ्न सक्ने सुरूचिपूर्ण भाषाले कविताको उचाई बढाएका छन् । अनुकरणात्मक शब्दहरूको समुचित प्रयोगले कविताहरूमा मीठास थपेका छन् ।

## ४.६.२. 'कमिलाको ताँती' बालचित्रकवितासङ्ग्रहको अध्ययन

कमिलाको ताँती लक्ष्मी उप्रेतीको बाल चित्र कविता कृति हो । वि.सं. २०६१ सालमा बनिता प्रकाशन विराटनगरले प्रकाशन गरेको यस कृतिमा ज्ञानेश्वर उदयले कवितालाई चित्रहरूका माध्यमबाट सुरूचि पूर्ण बनाएका छन् ।

## ४.६.२.१ विषयवस्तु र उद्देश्य

यस 'कमिलाको ताँती' भित्र कमिलासँगै सम्बन्धित एउटै लामो कविता प्रस्तुत भएको छ । कमिलाहरूआहारा खोज्नको लागि एक हुन्छन् । उनीहरूको एकता नै बल हो । कमिलाहरू मेहनती, परिश्रमी र सँधै मिलेर रहने भएकाले यिनीहरूको जस्तो हाम्रो पनि बानी हुनुपर्छ भन्ने उद्देश्य यी कविताहरूमा व्यक्त भएको छ । कमिलाको चिनारी दिने क्रममा कमिलाहरू ओडार, घर, प्वाल, रूख आदिमा बस्छन् र बसेकै ठाउँमा आहार लिएर जान्छन् भनिएको छ । कुनै साना र कुनै ठूलो हुने कमिलाहरूका ६/६ वटा खुट्टा हुने कुरा पनि कवितामा व्यक्त भएको छ । कसैलाई पनि हेप्नु हुँदैन र सानो भनेर जिस्क्याउनु पनि हुँदैन भन्ने भाव पनि यहाँ कविताको माध्यमबाट व्यक्त गरिएको छ । कमिललाई सानो भनी हेपियो भने धेरै नै दुख्ने गरी टोकेर फोका उठाउन सक्छन् भन्ने अभिव्यक्ति कवितामा व्यक्त भएको छ । कमिलाकै जानकारी दिने सम्बन्धमा कमिलाका घिउ रोटे रानी जस्ता विभिन्न नाम र रङ्ग हुने भए पनि यिनीहरूमा रङ्ग भेद नभएको कुरा कवितामा व्यक्त भएको छ । साना र ठूला सँधै मिलेर हिड्ने र जीवनभर नथाकीकन परिश्रम गर्ने कमिलाहरूपखेटा पलाएपछि मर्दछन् भन्ने कुरा पनि कविताका माध्यमबाट व्यक्त भएको छ । कमिलाबाट हामीले जीवनमा धेरै ठूलो शिक्षा प्राप्त गर्न सक्छौं भन्ने भाव यहाँ प्रस्तुत भएको छ । कमिलाहरू भनेका प्रकृतिका अनमोल खानी हुन् भन्दै कमिलाहरूझैं मिलेर अघि बढ्दै देशकै अनमोल व्यक्ति बन्न सक्नुपर्छ भन्ने मुख्य उद्देश्य कविताले व्यक्त गरेको छ । कविताका केही हरफहरू–

*आऊ साथीहरूहामी पनि*<br>*कमिला झैं मिलौं*

*लगातार अघि बढ्ने*
*राम्रो बानी लिऔं ।*
*(कमिलाको ताँती, पृ. १५)*

### ४.६.२.२ संरचना/भाषाशैली

आवरण पृष्ठ बाहेक १६ पृष्ठ रहेको यस कृतिमा हरेक पृष्ठमा चार हरफ कविता र एउटा चित्रको संयोजन गरिएको छ । जम्मा ५६ वटा हरफहरू रहेको यो लघु कृति सरल भाषाशैलीमा प्रस्तुत भएको छ । मीठो शब्द, सुव्यवस्थित हरफको गठन आदिले कवितामा मीठास थपेको छ । अनुप्रासहरूको उचित प्रयोगले कविताहरू गेयात्मक बनेका छन् । यी कविताहरूलाई बच्चाहरूले चाख मानीमानी भाका हालेर गाउन सक्छन् । यसरी रोचक र आकर्षक भाषाशैलीका कारण यी कविताहरू बालबालिकाहरूका लागि ग्राह्य तथा रूचिकर बन्न पुगेका छन् ।

### ४.६.३. बालउपन्यास

बालसाहित्य अन्तर्गत लक्ष्मी उप्रेतीको एउटा बाल उपन्यास पनि प्रकशित भएको देखिन्छ । 'साहसी आकाङ्क्षा र पवन परी' शीर्षक रहेको यस उपन्यास वि.सं. २०६० साल चैतमा बनिता प्रकाशन विराटनगरले प्रकाशन गरेको देखिन्छ । गेहेन्द्र अमात्यका चित्रहरूले यस उपन्यासलाई अझबढी सुरूचिपूर्ण र आकर्षक बनाएका छन् ।

### ४.६.३.१. 'साहसी आकाङ्क्षा र पवन परी' बालउपन्यासको अध्ययन

### ४.६.३.१.१ कथावस्तु

शिवपुर भन्ने एउटा देशको एउटा गाउँमा २ छोरी र बुबा आमा गरी चार जनाको परिवार थियो । बुबा दिनभर काम गर्न बाहिर जान्थे भने आमाले घरधन्दा गरेर गुजारा चलाउँथिन् । तर छोरीहरू भने खाना मात्रै चाहिने, नचाहिने कुरामा निहुँ खोज्ने, आमालाई अलमल्याउने गरेकाले आमाले दिक्क भई तिमीहरू भन्दा त भँगेरा नै जाती भन्दै यी मेरा छोरीहरूभँगेरा नै बने कति खुसी हुने थिएँ भन्दै पुकारा गर्न थालिन् । संयोगवश पंक्षीहरूका राजा पनि त्यही वरिपरि घुम्दै रहेछन् । बूढीको यो कुरा सुनेपछि

उनले आफ्नो मन्त्रले ती छोरीहरूलाई भँगेरा बनाइदिए । ती भँगेराहरू उडेर गए । आफ्ना छोरीहरू भँगेरा भई उडेपछि बुबाआमाले रूँदै विलौना गर्दै दिन विताउन थाले ।

केही समयपछि उनीहरूको एउटा राम्रो छोरो जन्मियो । ऊ बढ्दै गयो । उसको नाम आकाङ्क्षा राखियो । ऊ असल, राम्रो र मेहनती थियो । आकाङ्क्षाले बुबाआमालाई निकै माया गर्ने र उनीहरूको पीरमर्का बुझ्ने गर्दथ्यो । आमाबाबुले अझै पनि छोरीहरूलाई विर्सन सकेका थिएनन् । यो कुरा एक दिन आकाङ्क्षाले थाहा पायो । उसले नदीको छेउमा गएर रूँदै भगवानलाई आफ्नो भँगेरा बनेका दिदीहरूलाई मान्छे बनाइदिन पुकारा गऱ्यो । आकाङ्क्षाको कुरा गंगादेवीले सुनिन र उनले एउटी परी पढाइदिने र परीले भने अनुसार गरेमा दिदीहरू भेटाउन सक्ने जानकारी दिइन् । केही छिन् पछि परी प्रकट भइन र भनिन्- जंगलमा एउटा गुफा छ, जहाँ राक्षसहरूले पंक्षीका राजाकी छोरी राजकुमारीलाई जालमा पारेर राखेका छन् । त्यहाँ गएर उनलाई निकाल यसबाट खुसी भएर पंक्षीका राजाले तिम्रा दिदीहरूतिमीलाई फिर्ता दिनेछन् तर यो काम गर्न धेरै कठिन छ भन्दै यसको उपाय पनि बताइन् ।

परीको कुरा आकाङ्क्षाले आमाबाबुलाई सुनायो । आमा बाबु शुरूमा त डराए तर पछि सहमत भए । पवनपरीले भने अनुसार ऊ पहाडको टुप्पामा गएर कन्दमुल खोज्यो धेरै दुःख गरेर कन्दमुल टिपी हातमा राखेर ल्याउँदा हात खुट्टा चिलाउन थाले । उसले ती सबै कष्टहरूलाई सहँदै कन्दमुल लिएर गुफामा गयो । त्यहाँ चारजना डरलाग्दा राक्षसहरू रहेछन् । त्यहाँ राजकुमारीलाई एउटा ठूलो डोकोले छोपेर राखेका रहेछन् । आकाङ्क्षाले राक्षसहरू सुतेपछि कन्दमुल उनीहरूको सिरानमा राख्यो । उनीहरू घुर्न थाले पनि राजकुमारीलाई डोकाबाट निकालेर निस्कन लाग्दा गुफाको मुखनिरको ध्याम्पा खसेर ठूलो आवाज गर्दै फुट्यो । चारै जना राक्षसहरू उठेर लखेट्न थाले । आकाङ्क्षा र राजकुमारी सानो बाटो बाट बाहिर निस्के तर राक्षसहरू बाहिर आउन सकेनन् । गुफाबाट बाहिर आएपछि परीले ती दुवैलाई उडाएर पंक्षीका राजा कहाँ लगिन् । पंक्षीका राजा धेरै खुशी भएर आकाङ्क्षाका दुवै दिदीहरूलाई मान्छे बनाइदिए । त्यसपछि आफ्नो छोरीको आकाङ्क्षासँगै विवाह गरिदिएर र सबैजना घर फर्किए । यसरी उपन्यास टुङ्गिएको छ ।

### ४.६.३.१.२ पात्र र चरित्रचित्रण

यस बालउपन्यासमा मुख्य पात्रको रूपमा आकाङ्क्षा रहेको छ । अन्य पात्रहरूमा बाबु आमा, दुई छोरीहरू, पंक्षीका राजा, चराहरू, गंगादेवी, पवनपरी, चारजना राक्षसहरू, राजकुमारी आदि रहेका छन् । त्यसैले यसमा मानव र मानवेतर गरी दुई प्रकारका पात्रहरू रहेका छन् । आकाङ्क्षा यस उपन्यासको नायक हो । उसले आफ्ना बाबुआमाको पीरमर्का बुझेको छ । उसले परीले भने अनुसार कठीन काम गरेर आफ्ना दिदीहरूलाई बचाएको छ । उसको साहस देखेर पंक्षी राजाले आफ्नी छोरीको विवाह पनि उनीसँग गरिदिएका छन् । त्यसैले आकाङ्क्षा यस उपन्यासको नायक, साहसी, परिश्रमी, इमान्दार र कर्तव्यपरायण सत् पात्रको रूपमा रहेको छ । बाबुआमा पनि सत्पात्रकै रूपमा रहेका छन् भने दुई छोरीहरू आमालाई दुःख दिएकाले पीडा भोग्ने पात्रहरू हुन् । चार जना राक्षसहरूले पंक्षी राजाका छोरीलाई बन्दी बनाएर राखेकाले उनीहरू मुख्य खल्पात्रका रूपमा उपन्यासमा चित्रण गरिएको छ ।

### ४.६.३.१.३ संरचना/भाषाशैली

यो उपन्यास बाल उपन्यास भएकाले धेरै लामो छैन । १३ पृष्ठसम्म विस्तारित यस उपन्यासमा धेरै पात्रहरूपनि रहेका छैनन् । विस्तृत परिवेश र प्रकृतिको चित्रण पनि गरिएको छैन । बीचबीचमा तस्बिरहरू राखेर उपन्यासलाई रोचक बनाइएको छ । ६ वटा अंकहरूमा विभाजन गरिएको यस उपन्यासमा ज्यादै सरल र बोधगम्य भाषाको प्रयोग गरिएको छ । तृतीय पुरुष बाह्य दृष्टिबिन्दु प्रयोग गरिएको यस उपन्यास शिवपुर भन्ने काल्पनिक देशको कथा हो । वर्णनात्मक शैलमि लेखिएको यस उपन्यासमा उचित रूपमा संवादको पनि प्रयोग गरिएको छ । अनुकरणात्मक शब्दहरूको समेत प्रयोग गरिएको यस उपन्यासमा छोटा छोटा वाक्यहरू रहेका छन् । कौतूहलताको सिर्जना गरी लेखिएको यस उपन्यास बालबालिकाहरूको लागि रोचक र पठनीय उपन्यास बन्न पुगेको छ ।

### ४.६.३.१.४ भाव/उद्देश्य

यस कथामा मुख्यरूपमा बालबालिकाहरूलाई मनोरञ्जनका साथै आकाङ्क्षा जस्तै बाबुआमाको आज्ञापालक, निडर, साहसी, मेहनती र असल बन्नु पर्ने सन्देश दिइएको छ । बालबालिकाहरूको रूचिलाई ध्यानमा राखेर अलौकिक पात्रहरूको प्रयोग गरिएको यस

उपन्यासमा आमालाई दुःख दिएमा दुई जना दिदीहरूले पाएको जस्तो कष्ट भोग्नु पर्छ भन्ने सन्देश पनि व्यक्त भएको छ । अरूको भलाई गरेमा आफ्नो पनि भलाई हुने भाव पनि यस उपन्यासमा पाइन्छ । जस्तो सुकै कठिन परिस्थितिमा पनि हरेस नखाएमा सफलता प्राप्त गर्न सकिन्छ भन्ने सन्देश यस उपन्यासमा व्यक्त भएको छ । बालबालिकाहरूलाई मनोरञ्जन र ज्ञान दिनुका साथै साहित्यप्रति रूचि जगाउनु नै यस उपन्यासको मूल उद्देश्य रहेको देखिन्छ ।

## ४.६.४. बालकथासङ्ग्रह

लक्ष्मी उप्रेतीका बालसाहित्य अन्तर्गत हालसम्म निम्नलिखित ५ वटा बालकथासङ्ग्रहहरू प्रकाशित भएका छन् ।

(१) कृष्णको पछुतो (२०५७)

(२) कर्मको फल (२०५८)

(३) बुद्धिमानी बाँदर (२०५९)

(४) सुनको अण्डा दिने चरी (२०६२)

(५) साथी-साथी (२०६४)

### ४.६.४.१. 'कृष्णको पछुतो' बालकथासङ्ग्रहको अध्ययन

लक्ष्मी उप्रेतीको पहिलो बालकथासङ्ग्रह 'कृष्णको पछुतो' वि.सं. २०५७ सालमा वनिता प्रकाशन विराटनगरले प्रकाशित गरेको हो । पहिलो संस्करण सकिएपछि पुनः वि.सं. २०६३ सालमा दोस्रो संस्करण प्रकाशित गरिएको यस सङ्ग्रहमा निम्नलिखित ५ वटा कथाहरू सङ्गृहीत रहेका छन् ।

(१) गुनको बदला गुन

(२) असल साथी

(३) घमण्डको परिणाम

(४) धनभन्दा मन ठूलो

(५) कृष्णको पछुतो

### ४.६.४.१.१ कथावस्तु

**'गुनको बदला गुन'**– यस कथामा गुनिली काली गाईकी बाच्छीले गुन तिरको कथा व्यक्त भएको छ । गुनिली काली गाई बिरामी परेपछि त्यसघरका व्यक्तिहरूले स्याहार गर्न छाडेका थिए । एकदिन काली गाई बाच्छीसँग चरनमा जाँदा चरनमा नै छुटी । रातपरेपछि ओत लाग्ने ठाउँको खोजीमा रनेको घरमा पुगे । रनेका घरपरिवारले काली गाईको राम्रो स्याहारसुसार गरे पनि ऊ बाँच्न सकिन तर पछि बाच्छी व्याएर धेरै दूध दिएर उनीहरूको गरिबी कम गराउन मद्धत गरी । त्यसैले माउ गाई कालीलाई गरेको स्याहारको गुन उसकी बाच्छीले तिरेको कथावस्तु यस कथामा व्यक्त भएको छ ।

**'असल साथी'**–यस कथामा खराब साथीलाई असल साथीको संगतले परिवर्तन गराउन सक्छ भन्ने देखाइएको छ । रमेश सँधै कक्षमा प्रथम हुन्छ र उसलाई बुबाआमाले जे पनि पुऱ्याउनु हुन्छ तर अजय रमेश भन्दा आर्थिक रूपमा सबल भए पनि रमेशको जस्तो राम्रो कपडा लगाउन नपाएकोमा दुखी हुन्छ । त्यसपछि रमेशले मैले जस्तै मेहनत गरेर पढेर पास भयौ भने बुवाआमाले धेरै माया गर्नु हुन्छ भनेपछि ऊ पनि मेहनत गरेर पढेको र पास भएको कुरा कथामा व्यक्त भएको छ ।

**'घमण्डको परिणाम'**– यस कथामा एउटा कमिला ज्यादै घमण्डी थियो । ऊ एक्लैले भारी बोक्ने गर्थ्यो । अरूले उसलाई सम्झाँउदा पनि मान्दैन थियो र ऊ नै सबैभन्दा बलियो हुँ भन्ठान्थ्यो । एक दिन भारी बोकेर जाँदै गर्दा बाटोमा भारी लडेर उसलाई किच्छ । अरू आएर उसलाई बचाउँछन् । उसको हात खुट्टा भाँचिन्छ । अरू कमिलाहरूले स्याहार गर्दछन् तर ऊ पहिलाको जस्तो बन्न सक्दैन र रोगी हुन्छ । त्यसैले घमण्ड गर्नु हुँदैन भन्ने कुरा यस कथामा अभिव्यक्त भएको छ ।

**'धनभन्दा मन ठूलो'** - यस कथामा नरेन्द्रको घमण्डी स्वभावको वर्णन गरिएको छ । नरेन्द्र धनी थियो । उसमा धनको घमण्ड थियो । धन भएपछि सबैथोक पाइन्छ भन्ने उसको सोच थियो । एउटी राम्री केटीसँग उसले विवाह गऱ्यो । विवाह पश्चात लोग्नेको क्रूर र घमण्डी व्यवहारबाट पीडित भएर कहिल्यै नफर्कन गरी ऊ माईत गई । त्यसपछि नरेन्द्र दिनदिनै पीरले रोगाएर दुब्लाउँदै गयो । अनि बल्ल उसले धन नै सबैथोक होइन रहेछ भनेर सबैलाई माया र इज्जत गर्न थाल्यो ।

**'कृष्णको पछुतो'**– यस कथामा कृष्ण र राम दुई दाजुभाइ थिए । कृष्ण चतुर र छलछाम जानेको थियो भने राम सोझो, दुब्लो र पातलो थियो । कृष्णले पढ्न मन नदिने र आमाबुबाको अगाडि मात्रै पढेजस्तो गर्थ्यो तर राम भने मेहनती थियो । परीक्षा सकिएपछि परीक्षाफल लिन जाँदा राम प्रथम भयो भने कृष्ण फेल भएछ । त्यसपछि कृष्णलाई आफूले गलत गरेकोमा पछुतो लाग्यो र अब सँधै मन लगाएर पढ्ने अठोट गऱ्यो ।

## ४.६.४.१.२ पात्र र चरित्रचित्रण

'गुनको बदला गुन' भन्ने कथामा काली गाई, बाच्छी र रने मुख्य पात्रका रूपमा रहेका छन् । कालीगाईलाई गरेको स्याहारको गुन बाच्छीले तिरेकी छ । त्यस्तै रनेले बाच्छीलाई माया गरेको देखाइएको छ । 'असल साथी' भन्ने कथामा मुख्य पात्रहरूमा रमेश, अजय र अजयकी आमा रहेका छन् । रमेश मेहनती विद्यार्थी थियो । त्यसैले ऊ सँधै प्रथम हुन्थ्यो भने अजय राम्रोसँग पढ्दैन थियो । त्यसैले अजयलाई भन्दा रमेशलाई बुवाआमाले बढी माया गर्थे । रमेशले अजयलाई सम्झाएपछि उसले पनि मेहनत गरेर पढेको देखिन्छ । 'घमण्डको परिणाम' भन्ने कथामा एउटा घमण्डी कमिला थियो । अरू कमिलाहरूले सम्झाउँदा पनि उसले मान्दैन थियो । एकदिन आफैँले बोकेको भारीले थिचेर घाइते भएपछि उसले घमण्ड गर्न छोडेको छ । त्यस्तै 'धनभन्दा मन ठूलो' भन्ने कथामा नरेन्द्रलाई धनले मातेको घमण्डी र क्रूर पात्रको रूपमा चित्रण गरिएको छ भने उसकी श्रीमतीलाई असल र दयालु पात्रको रूपमा देखाइएको छ । त्यस्तै गरेर कृष्णको पछुतो भन्ने कथामा राम दुब्लो, पातलो, सोझो भएपनि असल, मेहनती र परिश्रमी पात्र हो भन्ने कृष्णलाई चतुर, खाइलाग्दो र फटाहा पात्रको रूपमा चित्रण गरिएको छ ।

## ४.६.४.१.३ संरचना/भाषाशैली

'कृष्णको पछुतो' कथासङ्ग्रहमा ५ वटा कथाहरू सङ्गृहीत रहेका छन् । २४ पृष्ठसम्म विस्तारित यस सङ्ग्रहमा हरेक कथामा २/२ वटाका दरले १० वटा सुन्दर चित्रहरूरमेशचन्द्र अधिकारीले कोरेका छन् । जसले कथालाई अझ रोचक बनाउन भूमिका खेलेको देखिन्छ । यस सङ्ग्रहमा घटीमा ७ अनुच्छेद र बढीमा १४ अनुच्छेदसम्म विभक्त भएका कथाहरू रहेका छन् । यस सङ्ग्रहमा सबैभन्दा लामो कथाको रूपमा 'धनभन्दा मन ठूलो' रहेको छ भने सबैभन्दा छोटो कथाको रूपमा 'घमण्डको परिणाम'

रहेको देखिन्छ । सरल भाषाशैलीमा लेखिएको कथाहरू बालबालिकाहरूले सजिलै बुझ्न सक्ने खालका छन् । छोटा वाक्य गठन र मौलिक वाक्यांशले कथाहरूलाई मर्मस्पर्शी बनाएका छन् । वर्णनात्मक शैलीमा प्रस्तुत गरिएका कथाहरूमा समुचित रूपमा संवादको पनि प्रयोग भएको छ । कथामा आवश्यकता अनुसार अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरिएको छ । क्लिष्ट र दुर्बोध्य शब्दहरू नभएकाले यी कथाहरूलाई बालबालिकाहरूले सजिलै ग्रहण गर्न सक्ने देखिन्छ ।

### ४.६.४.१.४ भाव/उद्देश्य

मूलतः मनोरञ्जन, ज्ञान र चेतना दिने उद्देश्यले लेखिएका उप्रेतीका कथाहरूमा बेग्ला बेग्लै भाव रहेको छ । यदि आफूलाई कसैले गुन लगाएको छ भने त्यसको बदलामा आफूले त्यसलाई सहयोग र सद्भाव प्रकट गर्नु पर्दछ भन्ने भाव कथामा व्यक्त भएको छ । अरूको गुन तिर्न पाउँदा सन्तोष प्राप्त हुने र त्यही नै धर्म हो भन्ने अभिव्यक्ति पनि कथामा रहेको छ । आफ्नो साथी असल भयो भने आफू पनि असल बन्न सकिन्छ भन्ने भाव पनि कथाले उजागर गरेको छ । त्यस्तै गरेर घमण्ड मानिसको शत्रु भएकाले कहिल्यै घमण्ड गर्न हुन्न भन्ने चेतना पनि कथामा व्यक्त भएको छ । धन नै सवैथोक होइन र धनले सुख र शान्ति प्राप्त गर्न सकिंदैन भन्ने तथ्यलाई पनि कथाले पहिल्याएको छ । आमाबुवालाई छक्याउनु र झुक्याउनु भनेको आफैँलाई ठग्नु हो भन्ने ज्ञान पनि कथाबाट प्राप्त गर्न सकिन्छ ।

### ४.६.४.२. 'कर्मको फल' बालकथासङ्ग्रहको अध्ययन

लक्ष्मी उप्रेतीको दोस्रो बालकथासङ्ग्रह 'कर्मको फल' वि.सं. २०५८ सालमा वनिता प्रकाशन विराटनगरले प्रकाशन गरेको देखिन्छ । गेहेन्द्र अमात्यको मन छुने तस्विरहरूले परिपुष्ट रहेको यस कथासङ्ग्रह भित्र निम्न शीर्षकका चारवटा कथाहरू सङ्गृहीत रहेका छन् ।

१) ज्ञानी अशेष

२) कर्मको फल

३) चोर समाउने जुक्ति

४) पश्चात्ताप

### ४.६.४.२.१ कथावस्तु

**'ज्ञानी अशेष'**– यस कथामा वदमास साथीहरूले अन्य साथीहरूको किताब, कलम आदि अशेषको झोलामा राखीदिएर उसलाई सजायको भागीदार बनाउँथे । एक दिन यो क्रियाकलाप गुरूले थाहा पाउनु भएछ र उहाँले ती बदमास केटाहरूलाई के सजाय दिउँ भनी अशेष सँग सोध्नु भयो । अशेषले ती साथीहरूलाई माफ गर्न गुरूलाई अनुरोध गऱ्यो । त्यसपछि ती खराब साथीहरूले पनि माफ माग्दै ज्ञानी बन्ने प्रतिज्ञा गरे ।

**'कर्मको फल'**-यस कथामा श्याम र हरि दुईजना साथी हुन्छन् । श्याम असल, मेहनती र जेहेन्दार भएकाले प्रगति गर्दै जान्छ भने हरि अल्छी र बद्मास थियो । हरि आवारा साथीहरूको संगतले झनझनै बिग्रदैं गएर एकदिन घरकै पैसा चोरेर भाग्यो । उसका आवारा साथीहरूले उसलाई कुटपिट गरी उसको पैसा लिएर हिँडे । हरि बेहोश भई रातभर बाटामा नै लडिरह्यो । भोलिपल्ट देखि मगन्ते भएर बाटामा बस्न थाल्यो ।

**'चोर समाउने जुक्ति'**- यस कथामा आमावुवा र ३ जना छोराहरूगरी ५ जनाको परिवार थियो । घरमा राखेको खानेकुरा एउटा छोराले चोरेर खाइदिने गर्थ्यो तर कुन छोराले चोर्छ भन्ने बुबाआमालाई थाहा थिएन । एकदिन आमाले लिची किनेर ल्याउनुभयो । भोलिपल्ट एउटा लिची कम थियो । लिची कसले खायो भनी सोध्दा तीनै छोराहरूले होइन भन्ने जवाफ दिए । त्यसपछि बुवाले लिची खाँदा गेडा निलियो भने त्यो व्यक्ति रूख हुन्छ । मेरो एउटा छोरो रूख हुने भयो भनेर रोए जस्तो गर्नु भयो । त्यसपछि कान्छो छोराले मैले गेडा खाएको छैन भने पछि चोर पत्ता लाग्यो ।

**'पश्चात्ताप'**- यस कथामा समृद्धशाली राष्ट्रको दुर्गति भएको देखाइएको छ । एकादेशको कथामा एउटा प्रतिभाशाली राजकुमार थिए । उनी शिकार खेल्न रूचि राख्थे । जनताहरूले रूख काटेर गाईवस्तु पाल्थे । एक समयमा देशमा खडेरी पऱ्यो । देशमा अन्नको हाहाकार भयो । जंगलमा एक दिन 'जंगलकी परी' ले रूख काटेको र शिकार खेलेकाले खडेरी परेको जानकारी राजकुमारलाई दिइन् । राजकुमारले यो कुरा जनतालाई भने र देशभर रूख रोपियो । केही समयपछि पुनः त्यो देश समृद्धशाली भयो ।

## ४.६.४.२.२ पात्र र चरित्रचित्रण

'ज्ञानी अशेष' भन्ने कथामा अशेष, बदमास साथीहरू, गुरू, अमिर, हरि आदि पात्रहरूरहेका छन् । मुख्य पात्रको रूपमा अशेष रहेको छ । अशेष मेहनती, परिश्रमी, जेहेन्दार र सबैको प्यारो विद्यार्थी थियो । उसका केही साथीहरूबदमास भएकाले अशेषलाई दुःख दिन्थे तर अशेषले उनीहरूलाई माफ गर्न गुरूलाई अनुरोध गरेको देखिन्छ ।

'कर्मको फल' भन्ने कथामा मुख्य रूपमा श्याम र हरि दुई पात्र रहेका छन् । श्यामलाई मेहनती, जाँगरिलो ज्ञानी केटाको रूपमा चित्रण गरिएको छ भने हरिलाई अल्छी, बदमास, फटाहा र आवारा व्यक्तिको रूपमा कथामा चित्रण गरिएको छ । 'चोर समाउने जुक्ति' भन्ने कथामा बुवा, आमा र ३ छोराहरूगरी ५ जना पात्रहरू रहेका छन् । यस कथामा बुवाआमा र दुई छोराहरू सत् पात्रका रूपमा रहेका छन् भने कान्छो छोरालाई चोर पात्रको रूपमा चित्रण गरिएको छ । त्यस्तै गरेर 'पश्चात्ताप' भन्ने कथामा राजा, राजकुमार, जनता, परी आदि पात्रहरूरहेका छन् । यहाँ राजा र राजकुमारलाई प्रभावशाली व्यक्तिको रूपमा चित्रण गरिएको छ भने जनताहरूपनि समृद्धशाली रहेका छन् । काल्पनिक पात्र परीलाई सल्लाहकारको रूपमा कथामा चित्रण गरिएको छ ।

यस कथासङ्ग्रहका आरम्भमा खलपात्रको रूपमा चित्रण गरिएका पात्रहरूकथाको अन्त्यमा गल्ती नदोहोर्‍याउने अठोट गरेर सत्पात्र बन्न पुगेका छन् । त्यसैले यस सङ्ग्रह भित्रका सबै सत्पात्रहरू स्थिर पात्रका रूपमा रहेका छन् भने सबै खलपात्रहरूलाई गतिशील पात्रका रूपमा चित्रण गरिएको छ ।

## ४.६.४.२.३ संरचना/भाषाशैली

आयतनका आधारमा यस कथासङ्ग्रह १६ पृष्ठमा संरचित रहेको छ । ४ वटा कथाहरू सङ्गृहीत रहेको यस सङ्ग्रहमा घटीमा ५ अनुच्छेद र बढीमा ११ अनुच्छेद सम्म विभक्त रहेका कथाहरू छन् । हरेक कथामा सुन्दर तस्विरहरू कोरेर गेहेन्द्र अमात्यले कथाहरूलाई अझ रोचक बनाउन भूमिका खेलेका छन् । यस सङ्ग्रहमा सबैभन्दा छोटो कथाको रूपमा 'चोर समाउने जुक्ति' रहेको छ भने सबैभन्दा लामो कथाको रूपमा 'पश्चात्ताप' रहेको छ । सरल भाषा र आकर्षक शैलीमा लिपिबद्ध गरिएका यस सङ्ग्रहका कथाहरू बालबालिकाहरूका लागि सजिलै बोधगम्य हुने खालका छन् । केही

अनुकरणात्मक शब्दहरूको समेत प्रयोग गरिएको यस सङ्ग्रहमा कतै वर्णनात्मक र कतै संवादात्मक शैलीको पनि प्रयोग भएको छ । एकजना मात्रै काल्पनिक पात्र रहेको यस सङ्ग्रहका बाँकी सबै पात्रहरू यथार्थ परक रहेका छन् । उपयुक्त भाषिक प्रयोग, मीठो शैली, छोटा वाक्य विन्यास, रसिला वाक्यहरू, हृदयस्पर्शी भनाई आदिले गर्दा यस सङ्ग्रहका कथाहरूको भाषाशैली उत्कृष्ट रहेको देखिन्छ ।

### ४.६.४.२.४ भाव/उद्देश्य

असल विद्यार्थी सबैको प्यारो हुन्छ र बदमास विद्यार्थीहरू सबैका घृणाका पात्र हुन्छन् भन्ने भाव कथामा व्यक्त भएको छ । त्यस्तै असल र मेहनती विद्यार्थी सधैं अगाडि बढ्छन् भने खराब र आवारा विद्यार्थी मगन्ते हुन बाध्य हुन्छ भन्ने चेतना पनि कथामा उजागर भएको छ । घरमा ल्याएको खानेकुरा सबैले बाँडेर खानुपर्छ, चोर्नु हुँदैन भन्ने भाव पनि कथामा स्पष्ट रूपमा देख्न सकिन्छ । रूख काट्नु र शिकार खेल्नु खराब काम भएकाले ती कार्यहरूरोक्ने सुझाव पनि कथामा व्यक्त भएको छ । मूलतः पृथ्वीको रक्षा गर्दा सबैको रक्षा हुन्छ भन्ने सारगर्भित भाव अभिव्यक्त गर्नु यस कथासङ्ग्रहको उद्देश्य हो ।

### ४.६.४.३. 'बुद्धिमानी बाँदर' बालकथासङ्ग्रहको अध्ययन

लक्ष्मी उप्रेतीको तेस्रो बालकथासङ्ग्रह 'बुद्धिमानी बाँदर' वि.सं. २०५९ सालमा वनिता प्रकाशन विराटनगरले प्रकाशित गरेको हो । यस सङ्ग्रहका तस्विरहरू कान्तिपुर, गोरखापत्र, मुना, नेपाल समाचारपत्र, साप्ताहिक आदि पत्रपत्रिकाहरूबाट साभार गरिएका छन् । १२ वटा कथाहरू रहेको यस सङ्ग्रहका शीर्षकहरू यस प्रकार छन् ।

१) राजाको प्रतिज्ञा
२) बूढो र सुगाको कथा
३) सहयोगी हात्ती
४) स्यालको चलाखी
५) गीताको भाग्य
६) असल मित्र
७) छुट्टु स्याल
८) रिसाउनु हुन्न

९) मूर्ख बूढो
१०) हाँसको नक्कलमा रूपीको पछुतो
११) मतलवि मानिस
१२) बुद्धिमानी बाँदर

### ४.६.४.३.१ कथावस्तु

**'राजाको प्रतिज्ञा'** – टुहुरो रमेशले एकदिन नदी किनारमा सुनौलो माछा देख्छ । त्यसलाई खोलामा फालेर ज्यान बचाएकाले मत्स्यराजाको निम्तो पाएर रमेश मत्स्यराजा कहाँ जान्छ । कन्याले सिकाए अनुसार उसले राजासँग हातेपंखा माग्छ । हाते पंखाबाट उसले आफ्नो देशको राजकुमारी बिरामी हुनाको कारण थाहा पाउँछ । रमेशले राजकुमारीलाई निको पारेकाले राजको प्रतिज्ञाअनुसार उसले राजकुमारीसँग विवाह गर्छ र सुखपूर्वक बस्न थाल्छ ।

**'बूढो र सुगाको कथा'** – बूढाले सँधै जंगल गएर पात टिपेर बेच्ने गर्थ्यो तर बूढी भने बूढालाई कहिल्यै सघाउँदैन थिई । बूढो जंगल गएर रूखमा चढ्न नसक्ने भएर भुइँमा बस्दा माथिबाट सुगाले पात झारीदिन्छ र फलफूल पनि उसैले झारीदिन्छ । बूढाले फलफूल अघाउन्जेल खान्छ र पात बेच्न पनि सुगाले नै सघाउँछ । यो क्रम चलि नै रहन्छ र बूढाको जीवन सुखमय हुन्छ ।

**'सहयोगी हात्ती'** – वीरमानले हात्ती नचाएर श्रीमती मैना र तीनजना छोराछोरीलाई पालेको थियो । एकदिन अचानक वीरमानको मृत्यु भयो । यस घटनाले मैनालाई ठूलो चोट पऱ्यो र ऊ रून थाली । हात्तीले उसको पीडा देख्न सकेन र वीरमानको जेठाछोरालाई बोकेर हिँड्यो र केही बेरपछि पैसा लिएर फर्कियो । हात्तीले जेठो छोरालाई लाने र नाचेर पैसा बटुल्ने गर्न थाल्यो यसरी उनीहरूको परिवारलाई हात्तीले उद्धार गऱ्यो ।

**'स्यालको चलाखी'** – मीत ब्वाँसो र स्यालले भालुलाई पनि सँगै लिएर शिकार गर्न हिँडे । उनीहरूले तीनतिरबाट आक्रमण गरी एउटा भेँडालाई मारे । त्यसपछि ३ जनालाई ३ भाग लगाउन भालुले ब्वाँसोलाई अह्रायो । ब्वाँसोले टाउको भालुलाई, शरीर आफ्नो र खुट्टा र पुच्छार स्यालको भनेकाले भालु रिसाएर ब्वाँसोलाई रगताम्ये हुने गरेर

चिथोऱ्यो । त्यसपछि भालुले स्याललाई भाग लगाउन अह्रायो । स्याल चलाख थियो त्यसैले उसले सबै मात्र हजुरकै हो बचेमात्र हामीले खाने हो भनेकाले भालु खुसी भई सबैलाई बराबर भाग लगायो । यसरी स्यालले मीत ब्वाँसोको ज्यान बचायो ।

**'गीताको भाग्य'** – गीता छोरा र पतिको मृत्यु भएकाले घर छाडेर हिँड्दा जंगलमा पुग्छे । त्यहाँ एउटी बूढीसँग उनको भेट हुन्छ । बूढीले गीतालाई आफुसँग ओडारमा लग्छे । फोहर ओडार देखेर गीता डराउँछे तर भित्रको कोठामा पुगेपछि सजिसजाउ र अत्याधुनिक सामानहरू देखेर खुसी हुन्छे । बूढीले खाना पकाउन गीतालाई अह्राउँछे । गीताले खाना पकाउन लाग्दा हेर्दा हेर्दै भाँडामा चामल, दाल, तरकारी सबै ठिक्क रूपमा अगाडि आउँछन् । उत्तिखेरै खाना तयार हुन्छ । बूढीका नातिनातिनाहरू ( जो खाने बेलामा मात्रै मान्छे हुन्थे भने अरू बेलामा कठपुतली बन्दथें) पनि खाना खान आउँछन् । त्यसपछि गीता, बूढी र नातिनातिनाहरू खुसी हुँदै सँगै बस्न थाल्छन् ।

**'असल मित्र'** – धोबी, मनु (कुकुर) र धनु (गधा) अत्यन्त मिल्ने मित्र थिए । एकदिन धोबी र धनु खेलामा जाँदै गर्दा बाटामा गोहीलाई भेटे । गोहीले आफूलाई खोलामा लगिदिन निवेदन गरे अनुसार धोबी र धनु मिलेर गोहीलाई खोलामा पुऱ्याइदिए । केहीबेर पछि बैगुनी गोहीले धोबीलाई खान्छु भन्न थाल्यो । धनुले मलाई खाऊ भन्यो । धोबी र धनु दुवैले मलाई-मलाई भन्न थाले । त्यत्तिकैमा मनु पनि त्यहाँ आइपुग्यो । मनुले जुक्ति निकाल्यो र भन्यो- गोहीलाई हामी तीन मध्ये जसले बोक्न सक्दैन उसैको मासु मीठो हुन्छ र उसैलाई खाने तर्क अघि साऱ्यो । यसमा गोही सहमत भयो । त्यसपछि गोहीलाई बेस्सरी बाँधेर पोको पारी धेरै टाढा लगेर फालिदिए र गोही मऱ्यो । त्यसपछि उनीहरूढुक्कसँग बस्न थाले ।

**'छट्टु स्याल'** – स्यालले सँधै गाउँलेहरूलाई झुक्याएर कुखुराको चल्ला खाने गर्दथ्यो । एकदिन गाउँलेहरूले स्याललाई जालमा पारेर जंगलमा लगी एउटा रूखमा झुन्ड्याइदिन्छन् । भालु त्यही बाटो हुँदै आउँछ । स्यालले आफू पिङ खेलेको र धेरै मजा भएको भन्दै भालुलाई पिङ खेल्न दिएर त्यहाँबाट भाग्छ । बाटामा एउटा मान्छेले लिएर आएको कुखुराको भाले चोरेर दौडिन्छ । भाग्दै गर्दा एउटा ढिस्कामा ठोक्किएर कुखुरा उछिट्टिएर नजिकैको हनुमानको मूर्तिको शिरमा पुग्छ । त्यो मूर्तिले लाहाले बनेको हुन्छ ।

स्याल त्यहीं टाँसिन्छ । महादेव प्रकट भएर सजायँ दिन लाग्दा पार्वतीले क्षमा गर्न लगाउँछिन् । त्यसपछि स्यालले कहिल्यै छल गर्दैन ।

**'रिसाउनु हुन्न'** – शिवनगर भन्ने राज्यका राजा ज्यादै रिसामा र सन्काहा थिए । एकदिन राजाको छोरा आँगनमा खेल्दै गर्दा बल उफ्रिएर राजा सुतिरहेको कोठाको झ्यालमा ठोक्किएर सिसा फुट्यो । राजा रिसले चूर भएर त्यही सिसा टिपेर बल आए तिर फ्याँके । त्यो सिसाले राजाको छोरोलाई लाग्यो । छोराको दाहिने आँखाको नानी कहिल्यै निको नहुने भयो । यस घटनाले राजालाई निकै ठूलो चोट पुऱ्यायो । त्यसपछि राजाको स्वभावमा परिवर्तन आयो । उनी दयालु बने ।

**'मूर्ख बूढो'** – एक दिन बूढो घरायसी सामान किन्न बजार जान्छ । सामान किन्दा किन्दै उसको भारी ठूलो हुन्छ । सकीनसकी भारी बोकी घरतिर जाँदै गर्दा बूढाको दुख देखेर एउटा गाडी उसको अगाडि आएर रोकिन्छ । गाडी चालकले गाडीमा बस्न भन्छ । घर आइपुगे पछि बूढाले ओर्लन लागेका त बूढा गाडी भित्र पनि भारी बोकेरै बसेका रहेछन् । यसरी बूढाको मुर्खताले गर्दा उसले सँधै नै दुःख पाइरहन्छ ।

**'हाँसको नक्कलमा रूपीको पछुतो'** – रूपी चरालाई हाँसको हिँडाइ अती नै मन पर्छ । त्यसैले उसले हाँस भएको ठाउँमा गएर हाँसलाई हेर्दै त्यस्तै हिँड्ने कोशिश गर्छ । यो चाला देखेर भँगेराले नसुहाउने भएकाले आफ्नै हिँडाइ सुहाउँछ भन्ने विचार प्रकट गर्छ । भँगेराको कुरा ठिकै हो भन्ठानेर रूपीले पुनः आफ्नै हिँडाई हिँड्ने कोसिस गर्छ तर रूपीले न त हाँसको जस्तो हिँड्न सक्यो न त आफ्नो जस्तो हिँडन्  सक्यो । त्यसपछि लफ्रयाक-लफ्रयाक गर्दै हिड्न थाल्छ । त्यसैले अरूको नक्कल गर्नु हुँदैन ।

**'मतलवी मानिस'** – एक जना लोभी मानिस आफूलाई काम लाग्ने मान्छेको मात्रै चाकरी गर्दथ्यो भने अरूको मतलव गर्दैन थियो । एक दिन पूजा गर्दा लक्ष्मी प्रकट भईन, उसको शुभ भएर । उसले लक्ष्मीलाई सत्कार गरेर भण्डार कोठामा लगेर राख्यो । त्यसपछि त्यही ठाँउमा अर्की नराम्री आईमाई उसले देख्यो । ती आईमाईले म लक्ष्मीकी सहयात्री हुँ । म अशुभ भएर आएको भनिन् । त्यो लोभी मानिसले झोक्किँदै उनलाई धकेल्यो । उनी तल पछारिएर बिलाईन पछि भण्डार कोठामा जाँदा त लक्ष्मी त्यहाँ थिइनन् । लोभी मानिस रून थाल्यो । त्यत्तिकैमा आकाशवाणाी भयो–तैले मलाई मात्र

स्वीकारेर मेरो सहयात्रीलाई स्विकारिनस् । हामी एक अर्का बिना रहन सक्दैनौ । त्यसैले तैले केही पाउँदैनस् ।

**'बुद्धिमानी बाँदर'** – एउटा जंगलमा सबै पंक्षीहरू र जनावरहरू मिलेर आनन्दसँग बसिरहेका थिए । दिनहरू बित्दै जाँदा मानिसहरूले रूख काट्दै लाने र शिकार खेल्ने गर्न थाले । अभाव र असुरक्षित महसुस गरी जंगलका राजा सिंहले सभा बोलायो । राजाले सभामा जनताको राय माग्यो । बाँदर रूखबाट ओर्लिएर आफ्नो राय प्रकट गऱ्यो–पहिला राम्रो स्वर भएका पंक्षीहरूले गाउँ गाउँमा गएर मीठो स्वरमा जंगल नमास, हाम्रो हत्या नगर, हामी प्रकृति हौं, पृथ्वी बचाउनु पर्छ, हाम्रो नाश गरेर तिमीहरू पनि मासिन्छौ भनेर चेतना दिने र त्यसो गर्दा पनि मानेनन् भने सबै प्राणी मिलेर जंगलमा आएका मानिसहरूलाई झम्ट्ने भन्ने राय प्रकट भयो । सोही अनुसार पंक्षीहरूले आफ्नो काम शुरू गरे तर एउटा शिकारीले भने टेरेन र शिकार गर्न थाल्यो । जनावरहरूको निर्णय अनुसार उसलाई सबै मिलेर मारे । त्यसपछि पुनः त्यो जंगलमा पहिलाको जस्तै सुख शान्ति कायम भयो ।

## ४.६.४.३.२ पात्र र चरित्रचित्रण

यस कथासङ्ग्रहमा मानवीय र मानवेतर गरी दुई प्रकारका पात्रहरू रहेका छन् । 'राजाको प्रतिज्ञा' भन्ने कथामा रमेश, सुनौलो माछा, कन्या, मत्स्यराजा, चराचुरूङ्गी, मुसा, राजा, राजकुमारी आदि पात्रहरू रहेका छन् । यहाँ रमेश टुहुरो, गरिब, दयालु र मुख्य पात्र हो । यस कथामा सबै सत्पात्रहरू रहेका छन् । 'बूढो र सुगाको कथा' मा बूढो, बूढी, सुगा, भगवान आदि पात्रहरूरहेका छन् । यहाँ बूढो मेहनती पात्र हो भने बूढी अल्छी र दृष्ट पात्र हुन् । कथामा बूढो, सुगा र भगवानलाई सत्पात्रको रूपमा चित्रण गरिएको छ भने बूढीलाई खलपात्रको रूपमा उभ्याइएको छ । 'सहयोगी हात्ती' भन्ने कथामा वीरमान, मैना, ३ छोराछोरी, हात्ती आदि पात्रहरूरहेका छन् । हात्ती नचाउने काम गर्ने वीरमानको मृत्यु भएपछि त्यो परिवारलाई हात्तीले सहयोग गरेको छ । त्यसैले यस कथामा सबै सत्पात्र हुन् भने हात्ती मुख्य पात्र हो । 'स्यालको चलाखी' भन्ने कथामा स्याल, ब्वाँसो, भालु आदि पात्रहरूरहेका छन् । मुख्य पात्र स्याल रहेको यस कथामा भालु खलपात्रको रूपमा रहेको छ ।

'गीताको भाग्य' भन्ने कथामा मुख्य पात्रको रूपमा गीता र बूढी दुई पात्र देखिएको छ। गीता श्रीमान् र छोरो गुमाएकी पीडित र सत्पात्र नारी पात्र हो। बूढीलाई असहाय बनेकी गीतालाई सहयोग गर्ने सहयोगी र दयालु पात्रको रूपमा कथामा चित्रण गरिएको छ। 'असल मित्र' भन्ने कथामा धोबी, मनु (कुकुर), धनु (गधा) र गोही गरी जम्मा चार पात्रहरू रहेका छन्। यस कथामा धोवी, मनु र धनु सहयोगी र दयालु पात्रका रूपमा रहेका छन्  भने गोही बैगुनी र खल्पात्रको रूपमा देखिएको छ। 'छट्टु स्याल' भन्ने कथामा स्याल, गाउँलेहरू, भालु, महादेव, पार्वती आदि पात्रहरू रहेका छन्। यहाँ स्याल सबैलाई दुःख दिने खल्पात्रको रूपमा देखिएको छ भने पछि उसले छल नगर्ने बाचा गरेर गतिशील पात्रको रूपमा रहेको छ। 'रिसाउनु हुन्न' भन्ने कथामा राजा र राजाको छोरा मुख्य पात्रको रूपमा रहेका छन्। राजा रिसाहा र सन्काहा भएको कारण दुःखी बन्न पुगेको र पछि दयालु र प्रजावत्सल भएको देखाइएको छ। 'मूर्ख बूढो' भन्ने कथानमा बूढो र गाडी चालक दुई पात्र रहेका छन्। बूढो आफ्नै मुर्खताले दुःख पाउन बाध्य पात्र हो भने गाडी चालक सहयोगी सत्पात्रको रूपमा रहेका छन्। 'हाँसको नक्कलमा रूपीको पछुतो' कथामा रूपीचरा, भँगेरा र हाँस मुख्य पात्रहरूका रूपमा रहेका  छन्। रूपी चरा अरूको नक्कल गर्दा आफ्नो अपनत्व हराएको पात्र हो भने भँगेरा सल्लाहकार पात्रको रूपमा कथामा व्यक्त भएको छ। 'मतलवी मानिस' भन्ने कथामा लोभी मानिसको मूर्खताले लक्ष्मीले उसको साथ छोड्न बाध्य भएको कुरा कथामा व्यक्त भएको छ। त्यसैले यस कथामा मुख्य पात्रको रूपमा रहेको लोभी मानिस खल्पात्रको रूपमा कथामा चित्रण गरिएको छ। 'बुद्धिमानी बाँदर' कथामा बाँदर, सिंह, पंक्षीहरू, मानिसहरू, दुष्ट शिकारी आदि पात्रहरू रहेकका छन्। यस कथामा समस्यामा परेका जंगली जनावरहरू बाँदरको बुद्धिका कारण सुखद् रूपमा बाँच्न पाएको देखाइएको छ। त्यसैले यहाँ बादर मुख्य पात्र र सत्पात्रको रूपमा रहेको छ भने दुष्ट शिकारीलाई खल्पात्रको रूपमा चित्रण गरिएको छ।

## ४.६.४.३.३ संरचना/भाषाशैली

आयतनका दृष्टिले ४४ पृष्टसम्म विस्तारित यस कथासङ्ग्रहमा यथेष्ट रूपमा तस्विरहरूको प्रयोग गरिएकाले कथाहरू रोचक बनेका छन्। अनुच्छेदका हिसाबले कम्तीमा ५ र बढीमा ११ अनुच्छेदसम्ममा विभक्त भएका कथाहरू यस सङ्ग्रहमा सङ्गृहीत भएका छन्। हरफका दृष्टिले सबैभन्दा लामो कथा 'गीताको भाग्य' हो भने सबैभन्दा छोटो कथा 'रिसाउनु हुन्न' भन्ने रहेको देखिन्छ। लामा र छोटा गरी १२ वटा

कथाहरूरहेको यस कथासङ्ग्रहमा सरल र रोचक भाषको प्रयोग गरिएको छ । बालबालिकाहरूले सजिलै बुझ्न सक्ने छोटा वाक्यहरूर शब्दहरूपनि सरल रहेका छन् । दन्त्यकथा र लोककथाहरूमा जस्तै मानवेतर र काल्पनिक पात्रहरूपनि मान्छेजस्तै गरेर बोलेका छन् । यहाँ यथेष्ट मात्रामा अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरेको देखिन्छ । सबै कथाहरू रैखिक ढाँचामा, बाह्य दृष्टिबिन्दुको प्रयोग गरेर लेखिएको छ । संवादहरूको धेरै प्रयोग भएको यस कथासङ्ग्रहमा छोटा वाक्य गठन र सरल एवम् रोचक भाषाशैलीको प्रयोगले कथाहरू उत्कृष्ट बनेका छन् ।

## ४.६.४.३.४ भाव/उद्देश्य

यस कथासङ्ग्रहका माध्यमबाट बालबालिकाहरूलाई मनोरञ्जनका साथै ज्ञान दिने र साहित्यप्रति अभिरूचि जगाउने अभिप्राय उप्रेतीले लिएको देखिन्छ । अरूको भलो गरेमा आफ्नो पनि भलो हुने भाव कथामा व्यक्त भएको छ । अल्छीको भागमा आँशु मेहनतीको भागमा मासु भन्ने भाव पनि कथाले व्यक्त गरेको छ । पशुले पनि मानिसलाई माया गर्छन भन्ने सन्देश पनि कथामा अभिव्यक्त भएको छ । कहिलेकाँही राम्रो कामको लागि मूर्खको पनि चाकरी गर्नुपर्छ भन्ने तर्क पनि कथाले व्यक्त गरेको छ । मान्छेलाई सँधै दुःख मात्रै पर्दैन दुःख पछि सुख पनि आउँछ भन्ने भाव पनि कथामा व्यक्त भएको छ । बैगुनीलाई गुन गर्न हुँदैन भन्ने सन्देश पनि कथामा देखिएको छ । अरूलाई दुख दिने व्यक्तिहरू अन्त्यमा आफै ठूलो संकटमा पर्छन भन्ने कटु यर्थाथ पनि कथामा उजागर भएको छ । रिस मान्छेको सबैभन्दा ठूलो शत्रु भएकाले रिसलाई त्याग्नुपर्छ भन्ने सन्देश पनि कथामा अभिव्यक्त भएको छ । मान्छेले आफ्नै मूर्खताले दुःख पाउँछ भन्ने भाव पनि कथामा व्यक्त गरिएको छ । अरूको नक्कल गर्दा आफ्नै अस्तित्व गुम्छ भन्ने तथ्यलाई पनि कथाले प्रष्ट पारेको छ । हुनेखाने व्यक्तिहरूको मात्रै चाकरी गर्ने र अरूको मतलव नगर्ने मतलवी मान्छेले अन्त्यमा दुःख पाउँछ भन्ने सन्देश पनि कथामा व्यक्त भएको छ । शिकार खेल्नु र रूख काटेर जंगल नाश गर्नु गलत काम भएकाले यस्तो कार्य गर्न नहुने तथ्यलाई पनि कथाले उजागर गरेको छ ।

## ४.६.४.४. 'सुनको अण्डा दिने चरी' बालकथासङ्ग्रहको अध्ययन

लक्ष्मी उप्रेतीको चौथो बालकथासङ्ग्रह सुनको अण्डा दिने चरी वि.सं. २०६२ सालमा वनिता प्रकाशन विराटनगरले प्रकाशित गरेको हो । आवरण तस्विर ज्ञानेश्वर

उदय र भित्री तस्विर रश्मी अमात्यको रहेको यस सङ्ग्रहको सम्पादन कार्तिकेय घिमिरेले गरेका छन् । यस सङ्ग्रहमा निम्नलिखित शीर्षकका ९ वटा कथाहरूरहेका छन् ।

१. डोली उड्यो
२. चोरहरूभागे
३. कागको रंग
४. दरिद्र देवता बोले
५. सुन दिने कछुवा
६. सुनको अण्डा दिने चरी
७. बकुल्ला र स्यालको मित्रता
८. को उल्लू ?
९. फ्याउरो किन बाठो ?

### ४.६.४.४.१ कथावस्तु

**'डोली उड्यो'** – यस कथामा हेमन्त राजा र बासदत्ता महारानीकी फूलमती राजकुमारीलाई उनको जन्मदिनको दिन आगोको ज्वालाको डोलीमा चढेर आएको एउटा डरलाग्दो राक्षसले अपहरण गर्दछ । यस घटनाले दरबार शोकमा डुब्दछ । नीलकण्ठ पंक्षीले सान्त्वना दिन्छ । केही वर्षपछि दरबारमा राजकुमार फूलदेवको जन्म हुन्छ । उसले दिदीको अपहरण भएको कुरा नीलकण्ठबाट थाहा पाउँछ र ऊ डोलीमा चढेर दिदीलाई दिन जान्छ । ऊ वीर भएकाले वाण हानेर पहाड भित्र भएको सुनको ढोका खोल्छ र आफ्नी दिदीलाई लिएर फर्कन्छ ।

**'चोरहरू भागे'** – एक रात बूढीको घरमा सातजना चोरहरू आउँदै गरेको देखेर बूढी जङ्गलतिर भागेर एउटा रूखमा लुकिन् । चोरहरू बूढीको सबै सामानहरू चोरेर त्यही रूखमुनि आएर भाग लगाउन थाले । एउटा चार भने रूखमाथि चढेर चौकिदारी गर्न थाल्यो । त्यही रूखमा बूढी पनि थिइन् । बूढी र चोर बीच कसको जिब्रो लामो भनी विवाद भयो । चोरले आफ्नो जिब्रो लामो छ भन्दै आँ गऱ्यो । बूढीले त्यती वेलै चोरको जिब्रो टेकिदिई । ऊ रगत निकाल्दै तल खस्यो । बाँकी चोरहरू डराएर भागे । बूढीले आफ्नो सामानहरू लिएर घर फर्किइन् ।

**'कागको रंग'** – उल्लुले पखेटा रंगाउने काम गर्थो । एक दिन काग पनि सुन्दर रंग लाउन भनेर उल्लु भए ठाउँ गयो । उल्लुले सवैभन्दा राम्रो रङ्ग भनेर पानी पर्ने बेलामा देखिने बादलको जस्तो रंग लाई दिंदै कागको तारिफ गऱ्यो । काग मख्ख पर्दै नदीको सङ्लो पानीमा आफ्नो प्रतिबिम्ब हेर्न पुग्यो । ऊ कुरूप देखिएकाले रिसले आगो भयो कागले उल्लुलाई थर्काउँदै धम्की दिएपछि उल्लु डरले काम्न थाल्यो र त्यहाँवाट भाग्यो । त्यसपछि दिनको उज्यालोमा उल्लु देखिन छाड्यो ।

**'दरिद्र देवता बोले'** – कुनै एउटा ठाउँमा बस्ने दम्पत्ति मध्ये स्वास्नी निकै ढिलो काम गर्थी । सरसफाइमा उसको ध्यान जाँदैनथ्यो । घर ज्यादै फोहर भएकाले एकदिन उनीहरूको घरमा दरिद्र देवताले प्रवेश गरे । नयाँ वर्ष आउँदै थियो तर उत्सव मनाउने हैसियत केही थिएन । दाउरा नभएर मानिस बस्ने तख्ता बाल्दै गर्दा त्यहाँबाट दरिद्र देवता निस्किए र भन्न थाले म यहाँ धेरै खुसी छु । म दरिद्र देवता हुँ । जबसम्म तिम्रो स्वास्नीको वानी यस्तै हुन्छ । तबसम्म म यही बस्छु । त्यसपछि लोग्नेले स्वास्नीलाई सम्झाइ बुझाइ गऱ्यो र घर सफा हुन थाल्यो ।

**'सुन दिने कछुवा'** – एउटा गरिब परिवारको नजिकै धनी परिवार पनि बस्दथे । नयाँ वर्षमा धनी परिवामा रौनक छाएको थियो भने गरिब परिवाका बाबा आमा सामानहरू बेच्न हिंडेका थिए । सामान बेचीसके पछि समुन्द्रमा आराम गर्दै गर्दा नागप्रसादकी राजकुमारी प्रकट भइन् र उनीहरूलाई नागमहलमा लगिन् । उनीहरू केही समय त्यहाँ बसि राजकुमारीले दिएको कछुवा लिई फर्किए । कछुवाले सुन दिन थाल्यो । यो कुरा धनी परिवारले थाहा पाएर जबरजस्ती कछुवा खोसेर लगे र दराजमा राखे तर दुई तीन दिन पछि त्यहाँ हेर्दा त फोहरको थुप्रो मात्र थियो । रिसले उनीहरूले कछुवालई मारिदिए । बाबाले रूदै मरेका कछुवा ल्याएर आफ्नो खेतमा गाडिदिए । केही समयपछि त्यहाँ सुन्तलाको बोट उम्रियो । जसमा सुनका सुन्तला फल्न थाले । त्यसपछि बाबा आमा खुसी भए ।

**'सुनको अण्डा दिने चरी'** – हजारौ वर्ष पहिलेको कुरा एउटा ब्याधाले एकदिन जंगलमा सुनौलो रंगको पखेटा भएको चरा देख्यो र त्यसलाई घरमा लिएर आयो । ब्याधाको स्वास्नीले दरवारमा त्यसको अण्डा बेच्थी । दरबारको मान्छेले त्यो अण्डा फुटाउँदा हरेक दिन एउटा सुनको टुक्रा फेला पार्थो र उसैले राख्ने गर्थो । एक दिन

रानीले त्यो थाहा पाइन् । राजकुमार घुम्दै त्यस व्याधाको घरमा पुगे । उनले त्यस चराको पखेटामा हेरे जहाँ लेखिएको थियो– जसले मेरो हृदय पकाएर खान्छ, उसले हरेक रात एक टोकरी सुन पाउँछ । यो कुरा राजकुमारले रानीलाई सुनाए । राजकुमारले ब्याधाको छोरीसँग विवाह गरेर त्यो चरालाई एक्लैले खाने विचार गरे सोही अनुसार विवाह हुँदै थियो । ब्याधाका छोराहरूले चराको मासु लिएर भागे । भाग्दै गर्दा उनीहरू एउटा ब्वाँसोको गुफा भित्र पसे । ब्वाँसोले उनीहरूलाई खायो । चराको मासु के भयो कसैलाई थाहा भएन ।

**'बकुल्ला र स्यालको मित्रता'** – एक समय बकुल्ला र स्यालले मीत लगाएछन् तर ती दुवै धुर्त र चलाख थिए । एक दिन वकुल्लाले खीर पकाएर स्याललाई खाना खान निम्त्यायो । उसले सानो र लामो मुख भएको माटाको भाँडोमा हालेर खान नमिल्ने गरी स्यललाई दियो । स्यालले कसै गरे पनि त्यो खीर खान सकेन । भोलिपल्ट स्यालले बकुल्लालाई खान बोलायो । स्यालले हलुवा पकाएर गोलो थालमा हलुवा फिजाएर बकुल्लाको अगाडि राख्यो । बकुल्लाले पनि कसै गर्दा पनि हलुवा खान सकेन । उसले आफूलाई बदला लिएको थाहा पायो र त्यही बेलादेखि उनीहरूको मित्रता टुट्यो ।

**'को उल्लू ?'** – एक दिन घाम ताप्दै गर्दा एउटा पसलेले धाक लगाउँदै–ऊ हाकिम कहाँ जान सक्ने बतायो । किसानले भने हाकिमसँगै बसेर खाना खान सक्ने बतायो । पसलेले किसानको कुरा पत्याएन र बाजी लगाए । सर्त अनुसार– किसानले जितेमा पसलेको खैरो र कालो दुवै घोडा किसानलाई दिनुपर्ने र पसलेले जितेमा किसानले तीन वर्षसम्म पसलेको घरमा त्यसै काम गर्नु पर्ने भयो । गरिब किसान हाकिम कहाँ गयो र आफूसँग स्वर्णपिङ भएको र त्यो बेच्नका लागि आफूसँग एकान्तमा खाना खानु पर्ने बतायो हाकिम खुसी हुँदै किसानसंग खाना खाएर त्यो स्वर्णपिङ माग्यो तर किसानले आफूसँग स्वर्णपिङ नभएको र त्यसको मूल्य मात्र सोधेको बतायो हाकिम रिसाएर उल्लू गइहाल भन्यो तर किसानले आफू उल्लू नभएको र दुईवटा घोडा पाउने भन्दै घर फर्कियो ।

**'फ्याउरो किन बाठो'** – एउटा गाउँमा बूढाबूढी बस्थे । बूढा एक दिन घोडा गाडी लिएर माछा मार्न गए । फर्कंदै गर्दा बाटामा लम्पसार परेको फ्याउरो देखे मरेको भन्ठानेर फ्याउरोलाई पनि गाडीमा हाले तर फ्याउरो मरेको थिएन । उसले गाडीबाट

सबै माछा सडकमा फाल्यो । घर आउँदा न माछा थियो न फ्याउरो । ऊ दुःखी भयो । उता फ्याउरो भने सडकमा फालेका माछाहरू बटुलेर खान थाल्यो । यत्तिकैमा ब्वाँसो आएर माछा माग्यो तर फ्याउरोले नदीमा गएर बरफको ढिक्कामा आफ्नो पुच्छर अड्काएर बस्यो भने माछाले पुच्छर समात्छन् भनेर भन्यो । रातभर बरफमा बस्दा ब्वाँसोको पुच्छर बरफमा जम्यो । त्यसैबेला बूढी पानी लिन आई बूढीले ब्वाँसोलाई बाल्टिनको बिटले हिर्काई । बल्ल-बल्ल ब्वाँसो भाग्न सफल भयो । उसले फ्याउरोलाई बदला लिने विचार गऱ्यो । फ्याउरो एउटी बूढीको घरभित्र पसेर पिठो पेट भरी खायो र टाउकोमा पनि दल्यो अनि बाहिर निस्कियो । ब्वाँसोले आफूलाई गलत तरिका सिकाएर पुच्छर भरी घाउ भएको बतायो तर फ्याउराले आफ्नो त टाउकै भरी घाउ भएको र खप्पर नै फुटाइदिएका थिए भन्यो । ब्वाँसोले फ्याउरोलाई पीठमा बोक्यो अनि फ्याउरोले जसले पिटाई खायो उही घोडा बन्यो, पिटाइ नखाने म चैं उसैको ढाडमा बसे भन्दै गीत गाउन थाल्यो ।

### ४.६.४.४.२ पात्र र चरित्रचित्रण

उप्रेतीको यस कथासङ्ग्रहमा मानवीय पात्रहरू भन्दा बढी मानवेतर पात्रहरू रहेका छन् । 'डोली उड्यो' भन्ने कथामा राजा हेमन्त, महारानी बासदत्ता, राजकुमारी फूलमती, राजकुमार फूलदेव, नीलकण्ठ पंक्षी, डरलाग्दो राक्षस आदि पात्रहरू रहेका छन् । राजा दयालु थिए भने राजकुमार वीर र पराक्रमी थिए । नीलकण्ठ पंक्षी सहयोगी पात्रको रूपमा रहेको छ । डरलाग्दो राक्षस खल्पात्रको रूपमा कथामा चित्रण गरिएको छ । 'चोरहरू भागे' भन्ने कथामा पात्रका रूपमा एउटा बूढी र सातजना चोरहरू रहेका छन् । बूढी चलाख भएकाले सातै जना चोरहरूलाई भगाएर आफ्नो सामान बचाउन सफल भएकी छ । यहाँ सातै जना चोरहरू खल्पात्रका रूपमा रहेका छन् । 'कागको रंग' भन्ने कथामा उल्लू र काग दुई पात्रहरूरहेका छन् । उल्लु इमान्दार पात्रको रूपमा रहेको छन् भने कागलाई रिसाहा पात्रको रूपमा चित्रण गरिएको छ । 'दरिद्र देवता बोले' भन्ने कथामा लोग्ने, स्वास्नी र दरिद्र देवता गरी तीन पात्रहरू रहेका छन् । यस कथामा स्वास्नीलाई अल्छी, फोहोरी, ढिलो काम गर्ने, सफा नगर्ने, घरैभरी फोहोर फाल्ने पात्रको रूपमा चित्रण गरिएको छ । त्यसैले उसको घरमा दरिद्र देवताले वास गरेको देखाइएको छ । 'सुनदिने कछुवा' भन्ने कथामा ब्याधा, उसकी स्वास्नी, उनीहरूको २ छोरा र १ छोरी, दरवारको मान्छे, रानी, राजकुमार, चरा आदि पात्रहरू रहेका छन् । ब्याधा र

उसको परिवार असल परिवारको रूपमा देखिन्छ भने् राजकुमार, रानी र दरवारको मान्छे खल्पात्रको रूपमा कथामा चित्रण गरिएको छ ।

'बकुल्ला र स्यालको मित्रता' भन्ने कथामा बकुल्ला र स्याल दुई पात्र रहेका छन् । उनीहरू मीत हुन् । ती दुवै धूर्त, चलाख र वेइमान पात्र हुन् । त्यसैले उनीहरूको मित्रता टुटेको देखिन्छ । 'को उल्लू ?' भन्ने कथामा किसान, पसले र हाकिम मुख्य पात्रहरूका रूपमा रहेका छन् । यस कथामा किसान चलाख पात्र हो भने हाकिमलाई लोभी पात्रको रूपमा चित्रण गरिएको छ । यहाँ किसानले पसले र हाकिम दुवैलाई उल्लू बनाउन सफल भएको छ । 'फ्याउरो किन बाठो ?' भन्ने कथामा बूढाबूढी, फ्याउरो, ब्वाँसो आदि पात्रहरू रहेका छन् । यहाँ बूढाबूढी सोझा पात्रको रूपमा रहेका छन् भने फ्याउरो चलाख, धूर्त र खराब पात्रको रूपमा चित्रण गरिएको छ ।

## ४.६.४.४.३ भाषाशैली/संरचना

नौ वटा कथाहरू सङ्गृहीत रहेको उप्रेतीको कथासङ्ग्रह 'सुनको अण्डा दिने चरी' आयतनका दृष्टिले २२ पृष्ठसम्म विस्तारित भएको छ । ज्ञानेश्वर उदय (इमेज) को आवरण चित्र र रश्मी अमात्यको भित्री चित्रहरूले कथाहरूलाई रोचक र आकर्षक बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । अनुच्छेदका हिसाबले धेरैमा ३ अनुच्छेद र बढीमा २२ अनुच्छेदसम्ममा विभक्त भएका कथाहरू यस सङ्ग्रहमा सङ्गृहीत रहेका छन् । हरफका दृष्टिले सबैभन्दा छोटो कथा 'चोरहरू भागे' हो भने सबैभन्दा लामो कथा 'डोली उड्यो' भन्ने रहेको देखिन्छ । मानवीय भन्दा मानवेतर पात्रहरू बढी रहेको यस कथासङ्ग्रहमा नीति कथा र विभिन्न देशका दन्त्यकथाको भावमा लेखिएका कथाहरू समेटिएका छन् । रोचक, आकर्षक र सरल भाषाशैलीको प्रयोग गरिएकाले बालबालिकाहरूले यस सङ्ग्रह भित्रका कथाहरू चाखमानी मानी पढ्ने गरेको देखिन्छ । छोटा वाक्यहरू र सरल शब्दहरू प्रयोग गरिएको यस सङ्ग्रहमा थुप्रै अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरेको देखिन्छ । वर्णनात्मक शैलीमा व्यक्त गरिएका कथाहरूमा संवादहरूको पनि प्रशस्तै प्रयोग गरिएको छ । त्यसैले उप्रेतीको यस कथासङ्ग्रह भाषाशैलीका दृष्टिले सफल रहेको देखिन्छ ।

### ४.६.४.४.४ भाव/उद्देश्य

बालबालिकाहरूलाई मनोरञ्जनका अतिरिक्त विभिन्न खाले चेतना र ज्ञान दिने उदेश्यले यस कथासङ्ग्रह प्रकाशित भएको देखिन्छ। ईश्वरले दिएको दु:ख सुख को भागी हुनुपर्छ भन्ने भाव कथामा रहेको छ। आवश्यक परेमा बठ्याइँ गरेर पनि आफ्नो दुनो सोभ्याउन सक्नुपर्छ भन्ने भाव पनि कथामा व्यक्त भएको छ। कहिले काही इमान्दार बनेर काम गर्द पनि अपजस आइलाग्छ भन्ने ज्ञान पनि कथाले दिएको छ। घर फोहर भयो र सरसफाइमा ध्यान दिइएन भने घरमा दरिद्र देवताले बास गर्ने तर्फ पनि कथाले संकेत गरेको छ। असल र इमान्दार व्यक्तिको अन्तिममा भलो हुने तथ्य पनि कथाले प्रष्ट पारेको छ। अरूको लोभ गर्नुहुँदैन आफूसँग जे छ त्यसैमा सन्तुष्ट हुन सक्नुपर्दछ भन्ने भाव पनि कथामा व्यक्त भएको छ। आफूले अरूलाई जस्तो व्यवहार गऱ्यो अरूबाट पनि आफूलाई त्यस्तै व्यवहार गरिन्छ भन्ने तथ्य पनि कथामा उजागर भएको छ। कहिल्यै र कसैसँग पनि धाक लगाउन र जिद्दी गर्न हुँदैन भन्ने सन्देश पनि कथामा व्यक्त भएको छ। इर्श्याले आफैलाई बेफाइदा गर्ने हुँदा कसैको पनि इर्श्या गर्नु हुँदैन भन्ने सन्देश प्रवाह गर्ने उद्देश्य पनि कथाले राखेको देखिन्छ।

### ४.६.४.५. 'साथी-साथी' बालकथासङ्ग्रहको अध्ययन

लक्ष्मी उप्रेतीको पाँचौ बालकथासङ्ग्रह 'साथी-साथी' रत्नपुस्तक भण्डार, बागबजार, काठमाडौंले वि.सं २०६४ सालमा प्रकाशित गरेको हो। राजेश मान्धरको सुन्दर तस्विरहरूमा सु–सज्जित यस सङ्ग्रहको सम्पादन वरिष्ठ साहित्यकार कृष्णप्रसाद पराजुलीले गर्नु भएको छ। आठवटा कथाहरू सङ्गृहीत यस सङ्ग्रहमा रहेका कथाका शीर्षकहरू यस प्रकार रहेका छन् :

१. बुद्धिमान बुद्धिमान नै भयो
२. सुमित र पाँचवटी परी
३. भावीको लेखा
४. समानता
५. अन्छी मानिस
६. धनको लोभ
७. पपी, सानी र मिनी
८. साथी साथी

### ४.६.४.५.१ कथावस्तु

**'बुद्धिमान बुद्धिमान नै भयो'** – वीणाको छोरो बुद्धिमान गर्भे टुहुरो भएकाले वीणाले छोरालाई असध्यै माया गर्थिन । छोरो पढेर ठूलो मान्छे बन्छ भनेर उसका सवै माग पूरा गर्दै आएकी थिइन् । तर बुद्धिमान स्कुल जाने वहानामा अन्तै जाने, खराब संगत भएका साथीहरूसँग लागेर चुरोट खाने आदि गर्न थाले पछि वीणा चिन्तित भइन् । छिमेकीको सल्लाह अनुसार विद्वान मान्छे कहाँ लगिन् विद्वान् मान्छेले आत्मविश्वासका साथ आत्मबलले अघि बढ्न उपदेश दिन्छन् । त्यसपछि विस्तारै बुद्धिमान सुध्रिन थाल्छ ।

**'सुमित र पाँचवटी परी'** – सुमितको गाउँमा अनिकाल परेकाले यही चिन्ताले उसका बुबाको मृत्यु भयो र सुमितको पढाइ पनि छुट्यो र घरमा खाने अन्नको अभाव भएकाले आमाले खोजखाज पारेर पाँचवटा रोटी पकाएर कपडामा बाँधेर काम खोज्न भनी सुमितलाई पठाइन् । सुमित काम खोज्दै जाँदा अर्को गाउँमा पुग्छ । ऊ भोक र तीर्खाले लखतरान पर्छ । रात पर्न लागेकाले पानीको कुवा निर बसेर उसले पाँचवटै रोटी खान्छु भन्छ । संयोगले त्यहीनेर पाँचवटी परी खेल्न आएका थिए । उनीहरूले हामीलाई नै खाने भयो भन्ठानेर हामीलाई नखाऊ हामी तिमीलाई उपाहार दिन्छौं भने । सुमितले मैले त रोटी खाने कुरा गरेको हो भन्यो । त्यसपछि परीहरू खुसी भएर बिरूवा, खन्ती कलम, लौरो, कपडा, आदि उपहार दिए । यी चिज लिएर ऊ घर गयो । त्यसपछि उसको गाउँ पहिलेको जस्तै हराभरा भयो ।

**'भावीको लेखा'** – राजा सिकार खेल्दै जाँदा रात परेकाले जङ्गल नजिकैको एउटा घरका बास बस्छन् । त्यो घरकी जहान छ दिनकी सुत्केरी रहिछन् । मध्यरात बितेपछि छैटीदेवी आइन् र राजालाई बाटो छोडन् भनिन् । उनी फर्कने बेलामा यो बच्चा तिम्रो ज्वाइँ र तिम्रो उत्तराधिकारी हुन्छ भनिन् । समय बित्दै जाँदा पाँचवर्ष पछि राजाको छोरी जन्मिई । त्यसपछि राजाले छैटीदेवीका कुरा सम्झिन्छन् र त्यो बालकलाई १६ वर्ष पुगे पछि मार्ने योजनाले पढाइदिन्छु भनेर दरबारमा ल्याउँछन् । उसको नाम सुवास थियो । सुवास र राजकुमार सुनन्दनसँगै खेल्ने, पढ्ने गर्थे । सुभास १६ वर्ष पुगेपछि राजाले एउटा लोभी र पापी तान्त्रिकलाई बोलाए । सुवासको काम त्यो दिन राजकुमारले गरेका रहेछन् । तान्त्रिकले सुवास भन्ठानेर राजकुमारलाई मारेछन् । राजालाई पछुतो भयो । उनी सिकिस्त बन्दै जान थाले र हुने हुनामी मेट्न नसकिने रहेछ भन्ठानेर सुवाससँग छोरीको विवाह गरिदिए र राज्य सुम्पिएर आफू प्रायश्चित्तका लागि जङ्गल पसे ।

**'समानता'** – एक गाउँमा विर्खे नामगरेको गरिब व्यक्ति थियो । उसको दुईवटी छोरीहरू र एक श्रीमती थिए । त्यही गाउँमा हर्कमान नाम गरेको धनी मान्छे थियो । ऊ गरिवहरूलाई घृणा गर्थो । उसका दुई छोरा थिए । उसले छोराहरूको विवाहका लागि केटी खोजीरहेका थिए । एक दिन उसको घरमा भव्य भोज हुँदै थियो । विर्खे र उसकी श्रीमती काम गर्नलाई बोलाइएका थिए । हर्कमानको घरमा भएको खुसीयालीमा विर्खेका छोरीहरू जान नपाएकोमा रूँदै भगवा्को पुकारा गरे । बाँदरको रूपमा भगवान प्रकट भई उनीहरूलाई लुगा र गहना दिए । उनीहरू खुसी हुँदै हर्कमानको घरमा गए । हर्कमानका छोराहरूले विर्खेका छोरीहरूलाई मन पराए । हर्कमानको घमण्ड चकनाचुर भयो र छोराहरूको विवाह उनीहरूकै इच्छ अनुसार गरिदियो ।

**'अल्छी मानिस'** – एक गाउँमा एउटा अल्छी मान्छे थियो । ऊ एकदिन जंगल गयो । रूखको छहारीमा बस्दा उसलाई तिर्खा लाग्यो । यही पानी भए पनि हन्थ्यो नी भगवान भनेर सम्भिmयो । पानी त्यही आयो । त्यसैगरी भोक लाग्यो । खानेकुरा आइपुग्यो । सुत्न पाए हुन्थ्यो भन्दा ओच्छ्यान आयो घरभित्र हुनपाए हुथ्यो भन्दा घरभित्र नै भयो । एउटी सुन्दरी मेरी पत्नी भए हुन्थ्यो भन्दा त्यो पनि पूरा भयो । यत्तिकैमा उसको आँखा खुल्यो । साँझ परिसकेको र ऊ जंगलमा थियो । यत्तिकैमा उसले बाघको गर्जन सुन्यो । त्यसपछि उसले हे भगवान् मलाई यस्तो सुख भोग चाहिँदैन, यो वाघवाट मात्र बचाइदेऊ भन्न थाल्यो । यत्तिकैमा भगवान् प्रकट भए । त्यसपछि उसले कहिल्यै अल्छी नगर्ने र कडा परिश्रम गर्ने बतायो ।

**'धनको लोभ'** – हर्कमान र धनबहादुर ज्यादै मिल्ने साथी थिए । घरमा खान नपुग्ने भएपछि यी दुईले बूढाबूढी भैसकेका आमाबालाई सम्झाएर धन कमाउन मुगलान तिर लागे । परदेशमा उनीहरूले थुप्रै धन कमाए । त्यसपछि उनीहरूले घर फर्कने निधो गरे । धनको पोको बोकेर घरतिर लाग्दा उनीहरूको मनमा लोभ बढ्यो दुवैको धन आफू एक्लैले कुम्ल्याउन पाए हुन्थ्यो भन्ने सोच आयो । हर्केले पानमा बेहोश पार्ने औषधी हालेर धनेलाई खुवायो भने धनेले दूधमा बेहोश पार्ने औषधी हालेर हर्केलाई खुवायो । दुवै सुतेपछि राति चोर आएर उनीहरूको सबै सम्पत्ति चोरेर लग्यो । उनीहरू दुवै थकथकाएर रून थाले । दुवैले आ–आफ्नो बुद्धि बिग्रिएकोमा पुछुताएर फेरी परदेशतिरै लागे ।

**'पपी, सानी र मिनी'** – मिनीको एउटा पपी नाम गरेको छाउरी कुकुर र एउटा सानी नाम गरेको छाउरी विरालो थिए । यी दुवै ठ्याम्मै मिल्दैन थिए । मिनी यी दुवै मिलुन भन्ने चाहना राख्थी । केही समयपछि बिरालोले चारवटा न्याउरा जन्माई । त्यसैगरी पपीले पनि छ वटा छाउरा पाई । एकदिन बहिरको कुकुर आएर पपीको छाउरोलाई झम्टियो । अर्को दिन त्यही कुकुर आएर विरालोको न्याउरोलाई झम्टन थाल्यो । यी दुवै घटना पपी र सानीले देखे र बुझे । त्यसपछि हामी मिले मात्रै हामीलाई कसैले हेप्न सक्दैन भनेर एक अर्कालाई सहयोग गर्न थाले । पपी र सानी मिलेको देखेर मिनी पनि धेरै खुसी भई ।

**'साथी–साथी'** – उदय र उमेश ज्यादै मिल्ने साथी तथा मेहनती र ज्ञानी पनि थिए । विहान नास्ता खाए पछि उदयको घरमा दुवै जना पढ्न बस्थे । उदयको कोठाको झ्यालबाट उसको वगैचा देखिन्थ्यो । त्यहाँ विभिन्न चराचुरूङ्गी आउँथे । एउटा रूखमा प्रायः एउटा ढुकुर आएर बस्ने गर्थ्यो । ढुकुरले 'ढुकर-कुर' गरेर मीठो आवाज निकालेको उनीहरूलाई ज्यादै मन पर्थ्यो । तर ढुकुर सधैं आउँदैनथ्यो । उनीहरूले सधैँ आउने उपाय सोचे । उदयले पिँजडामा राख्ने उद्देश्यले जान थाप्यो । ढुकुर जालमा पऱ्यो तर निकाल्न नजान्दा ढुकुर रक्ताम्मे भयो । उदय दुःखी हुँदै चरासँग माफ माग्दै ढुकुरलाई छाडिदियो । एकछिन पछि उमेशले घाइते ढुकुरलाई लिएर उदयको घरमा हतारिँदै आयो । उदय मैले गर्दा यस्तो भयो भनेर रून थाल्यो । उदयकी आमाले औषधी लगाइदिइन् । ढुकुर निको भए पछि खुसी हुँदै उदयले उडायो । फेरी बिहान–बिहान ढुकुर त्यही आएर कराउन थल्यो । त्यसपछि उनीहरू टाढाबाटै हेर्ने र साउती गर्ने साथी–साथी भए ।

## ४.६.४.५.२ पात्र र चरित्रचित्रण

यस कथासङ्ग्रहमा मानवीय, मानवेतर, काल्पनिक आदि विभिन्न प्रकारका पात्रहरू रहेका छन् । 'बुद्धिमान बुद्धिमान' नै भयो भन्ने कथामा बुद्धिमान, वीणा, छिमेकी विद्वान आदि पात्रहरू रहेका छन् । यस कथाको केन्द्रीय पात्र बुद्धिमान् खराब साथीहरूको संगतवाट विग्रिएर स्कुल जाने बहानामा बरालिएर अन्तै हिड्ने गर्दछ । तर पछि उसले कुलत छाडेर नाम अनुसारकै काम गर्न थालेको छ । वीणा श्रीमान् गुमाएकी बुद्धिमानकी आमा हुन् भने छिमेकी सल्लाहकारको रूपमा कथामा देखिएकी छन् । विद्वानको अर्तीउपदेशबाट नै बुद्धिमान् सुध्रिएको देखाइएको छ । 'सुमित र पाँचवटी परी' भन्ने कथामा सुमित, सुमितका बुबाआमा, पाँचवटी परी आदि पात्रहरू रहेका छन् ।

पाँचवटी परीहरू काल्पनिक पात्रहरू हुन् । उनीहरूलाई कथामा सत्पात्रको रूपमा देखाइएको छ । 'भावीको लेखा' भन्ने कथामा राजा, छैटीदेवी, बूढाबूढी, सुवास, सुनन्दन, उत्तरा तान्त्रिक आदि पात्रहरू रहेका छन् । यस कथामा छैटो देवी काल्पनिक पात्र हो भने बूढाबूढी, सुनन्दन सत्पात्रका रूपमा रहेका छन् । यस कथामा राजा र तान्त्रिकलाई खलपात्रको रूपमा चित्रण गरिएको छ ।

'समानता' भन्ने कथामा विर्खे, उसकी एक श्रीमती र दुई छोरीहरू त्यस्तै हर्कमान उसका दुई छोराहरू र बाँदर (भगवान्) आदि पात्रहरू रहेका छन् । विर्खेको परिवार गरिब भएकाले आफ्नो श्रम गरेर खाने परिवार हो । हर्कमान धनी र आफ्नो धनको घमण्डले फूलेको र गरिबहरूलाई तुच्छ ठान्ने तर पछि परिवर्तन भएको गतिशील पात्र हो । अन्य पात्रहरू सहयोगी पात्रका रूपमा कथामा चित्रण गरिएको छ । 'अल्छी मानिस' भन्ने कथामा एउटा मानिस, भगवान, बाघ आदि पात्रहरू रहेका छन् । एउटा मानिस लोभी र ज्यादै अल्छी पात्रको रूपमा रहेको छ । काम नगरी मीठो खान, राम्रो लाउन र सुखसँग बस्न पाउँ भनी भगवान्लाई पुकारा गर्ने पात्रको रूपमा उसलाई चित्रण गरिएको छ । भगवानले उसको सबै माग पुऱ्याइदिएका छन् । पछि बाघ आएपछि उसको चेतना खुलेको छ । 'धनको लोभ' भन्ने कथामा हर्कमान उसको आमाबुबा, धनबहादुर उसका आमाबुबा र चोर पात्रहरू रहेका छन् । धनबहादुर र हर्कमान ज्यादै मिल्ने, असल र गरिब परिवारका छोराहरू हुन् । धन कमाए पछि यिनीहरूको मनमा कपट पसेको देखिन्छ । यहाँ चोर खलपात्रको रूपमा रहेको छ । 'पपी, सानी र मिनी' कथामा पपी (कुकुर) र उसको छ वटा छाउरा, सानी (विरालो) र उसका चार वटा न्याउरा, मिनी र बाहिरको कुकुर आदि पात्रहरू रहेका छन् । यस कथामा मिनी सत्पात्र हो । पपी र सानी शुरूमा ठ्याम्मै मिल्दैनन् भने पछि बाहिरको कुकुर आएपछि मिलेको देखाइएको छ । 'साथी–साथी' भन्ने कथामा उदय, रमेश, उदयकी आमा र ढुकुर पात्रहरू रहेका छन् । उदय र उमेश दुवै मेहनती, ज्ञानी, असल र आफूभन्दा ठूलाले भनेको मान्ने सत्पात्र हुन् । उदयले ढुकुर समात्ने गल्ती गरेको हुन्छ र ऊ माफी माग्दै दुःखी हुन्छ । आमा सहयोगी पात्रको रूपमा रहेकी छन् अन्त्यमा उदय, रमेश र ढुकुरलाई साथी–साथी को रूपमा चित्रण गरिएको छ ।

### ४.६.४.५.३ संरचना र भाषाशैली

आयतनका आधारमा यस कथासङ्ग्रह ४० पृष्ठमा संरचित रहेको देखिन्छ । ८ वटा कथा सङ्गृही रहेको यस सङ्ग्रहमा घटीमा ५ अनुच्छेद र बढीमा १५ अनुच्छेदसम्म विभक्त रहेका कथाहरू छन् । कथाहरूमा सुन्दर तस्विर कोरेर राजेश मानन्धरले कथाहरूलाई अझ रोचक र आकर्षक बनाउन भूमिका खेलेका छन् । यस सङ्ग्रहमा हरफका दृष्टिले सबैभन्दा छोटो कथाको रूपमा 'अल्छी–मानिस' रहेको छ भने सबैभन्दा लामो कथाको रूपमा 'साथी–साथी' कथा रहेको देखिन्छ । "प्रस्तुत बाल सङ्ग्रहमा बालसहित्यका विविध पुस्तकको लेखन–प्रकाशन गरिसकेकी लक्ष्मी उप्रेतीका चाखलाग्दा, शिक्षाप्रद र रोचक बालकथाहरू छन् । पुस्तकको भाषा सरल छ भने कथामा विषयवस्तु बालभावना अनुकूल छन् । रसिला लोक कथालई नै नयाँ बान्की दिइएर लेखिएका कथा पनि छन् सङ्ग्रहमा ।"[४०] बालबालिकाहरूको रूची र चाहनालाई ध्यानमा राखेर लेखिएको यस सङ्ग्रहमा रोचक, आकर्षक र सरल भाषाशैलीको प्रयोग गरिएको छ । छोटा–छोटा वाक्यहरू र सरल शब्दहरूको प्रयोग गरिएको यस सङ्ग्रहमा केही अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरिएको देखिन्छ । संवादहरूको यथेस्ठ प्रयोगले कथाहरूमा मीठास थपिएको छ । वर्णनात्मक शैलीमा लेखिएका प्रस्तुत कथाहरूमा सरल रैखिक ढाँचाको प्रयोग गरिएको देखिन्छ । उप्रेतीको यस कथासङ्ग्रह भाषाशैलीका दृष्टिले अन्य कथासङ्ग्रहमा तुलनामा सर्वेत्कृष्ट रहेको देखिन्छ ।

### ४.६.४.५.४ भाव/उद्देश्य

उप्रेतीको पाँचौ बालकथासङ्ग्रह साथी–साथी भाव र उद्देश्यका दृष्टिले पनि सर्वेत्कृष्ट रहेको छ । छोराछोरीलाई माया गर्नु भनेको खानलाई दिनु मात्र होइन, चेतना सहितको अर्ती–उपदेश पनि दिनुपर्छ भन्ने भाव कथामा व्यक्त भएको छ । उसल व्यक्तिलाई सवैले मनपराउँछन् र उसलाई सहयोग गर्छन् भन्ने अभिव्यक्ति पनि कथामा व्यक्त भएको छ । भावीले लेखेको कुरा मेट्न सकिंदैन, माग्यमा जे लेखेको छ त्यही हुन्छ भन्ने तर्फ पनि कथाले अभिव्यक्त गरेको छ । अरूको कुभलो चिताउनेको भलो कहिल्यै हुँदैन भन्ने ज्ञान पनि कथाले दिएको छ । धनी–गरिब, ठूला–साना भनेर मान्छे–माछेका बीचमा खाडल तयार पारेर भेदभाव गर्नु हुँदैन भन्ने तीतो–सत्य पनि कथामा व्यक्त भएको छ । परिश्रम नगरी मीठो खान र सुखले बस्न चाहेन व्यक्ति धेरै ठूलो समस्यामा फस्छ भन्ने सन्देश पनि कथाले व्यक्त गरेको छ । लोभले विवेक र बुद्धिलाई समेत शत्रु

४०. कथाका सन्दर्भमा, रत्न पुस्तक भण्डार, बागबजार, काठमाडौं, **साथी-साथी** कथासङ्ग्रह, लक्ष्मी उप्रेती, (२०६४) पृ. ३ ।

बनाउँदो रहेछ भन्ने तथ्यलाई पनि कथाले उजागर गरेको छ । एकता नै बल हो, मिलिजुली वसेमा अरूले दुःख दिन सक्दैनन् भन्ने भाव पनि कथाले व्यक्त गरेको छ । पंक्षी भनेको स्वतन्त्र रूपमा उड्न चाहने जीव हो । त्यसैले पंक्षीलाई आफन्तसँग छुटाएर पिंजडामा कैद गर्नु हुँदैन भन्ने चेतना पनि कथामा पाउन सकिन्छ । त्यस्तै पंक्षीपनि मानिसको साथी हुन सक्छन् भन्ने भाव पनि कथामा व्यक्त भएको छ ।

## ४.६.५. निष्कर्ष

साहित्यका सबै विद्याहरूमा सशक्त रूपमा कलम चलाउन सफल लक्ष्मी उप्रेतीले बालमनोविज्ञानलाई बुझ्न सफल रहेको देखिन्छ । औपचारिक रूपमा सर्वप्रथम वि.सं. २०५६ सालबाट बाल साहित्यमा होमिएकी उप्रेतीका सङ्ग्रहका रूपमा पाँचवटा बालकथासङ्ग्रह, दुईवटा बालकवितासङ्ग्रह र एउटा बाल उपन्यास प्रकाशित भैसकेका छन् । 'सानुको मामाघरको यात्रा' भन्ने संस्मरणात्मक बालकथासङ्ग्रहका लागि 'पारिजात पाण्डुलिपि बालसाहित्य पुरस्कार' समेत प्राप्त गर्न सफल उप्रेतीका फुटकर रूपमा थुप्रैं बालसाहित्यिक रचनाहरू प्रकाशित भैरहेका छन् ।

उप्रेतीका बालसाहित्यमा लोककथाहरूलाई नयाँ बान्की र फरक प्रस्तुतिकरण गरेर पनि प्रस्तुत गरिएको छ । लोककथा र दन्त्यकथाहरूमा जस्तै मानवेतर र काल्पनिक पात्रहरूको यथेष्ट प्रयोग गरिएको पाइन्छ । बालबालिकाहरूको चाहना र रूचिलाई ध्यानमा राखेर चराचुरूङ्गी, कमिला, स्याल, बाँदर, ब्वाँसो, सिंह, हात्ती, कमिला जस्ता पात्रहरूको प्रयोग गरिएको देखिन्छ । काल्पनिक पात्रहरू परी, जलदेवी, भगवान, राक्षस जस्ता पात्रहरूले पनि कथामा ठाउँ पाएका छन् । चराचुरुङ्गी र जनावरहरूलाई पनि मान्छे जस्तै बोल्ने बनाएर कथाहरूलाई रोचक बनाइएको छ । यथेष्ट रूपमा चित्रहरूको प्रयोगले कथा र कविताहरूलाई अझ बढी आकर्षक बनाएका छन् । कविता र कथाहरूमा सरल र सम्प्रेष्य भाषाको प्रयोग गरिएकाले बालबीलकाहरूले सजिलै बुझ्न सक्नेछन् । अन्त्यानुप्रासको प्रयोग भएकाले कविताहरू गेयात्मक बनेका छन् । उप्रेतीका बालकविताहरू बालबालिकाहरूले भाका हाली-हाली गाउन सक्ने खालका छन् ।

उप्रेतीका हरेक बालसाहित्यले बालबालिकाहरूलाई केही न केही शिक्षा दिएकै हुन्छन् । बालबालिकाहरूलाई नैतिकवान, कर्तव्य परायण, लगनशील, मेहनती र विद्वान् बनाउने ध्येयले बालसाहित्य सिर्जना गरेको देखिन्छ उप्रेतीले । मूलतः बालबीलकाहरूलाई मनोरञ्जनका साथै चेतना र ज्ञान दिनु अनि साहित्यप्रति रूचि जगाइदिनु नै उप्रेतीको बालसाहित्यको उद्देश्य रहेको देखिन्छ ।

# अध्याय पाँच
# उपसंहार एवम् निष्कर्ष

वि.सं. २०५१ साल, श्रावण २३ गते मेची अञ्चल, ताप्लेजुङ जिल्ला, हाङपाङ गा.वि.सं., वडा नं. ३ आठराईमा मध्यम वर्गीय किसान परिवारमा जन्मिएकी उप्रेतीको परिवार उनी ४/५ वर्षको भएपछि विराटनगर बसाइँ सर्दछ । विराटनगरकै मझुवा स्कुलवाट शिक्षारम्भ गरेकी उप्रेती धरानमा रहेको भगवती मिडिल स्कुलमा कक्षा ५ सम्म र वालिका विद्यायलयवाट १० सम्मको शिक्षा हासिल गरेपछि विभिन्न कलेजहरू मार्फत् औपचारिक रूपमा स्नातकसम्मको पढाइ पूरा गरेको देखिन्छ । सानै उमेरमा मातृस्नेहबाट वञ्चित उप्रेतीको कक्षा १० मा पढ्दा पढ्दै उनको इच्छा विपरीत वि.सं. २०३० साल जेठ ४ गते दुर्गापुर झापामा विवाह हुन्छ । आर्थिक रूपमा सवल रहे पनि पुरातन सोच र संकीर्ण मानसिकता भएका व्यक्तिहरू रहेका उनको घरमा अनुकूल वातावरण प्राप्त हुन सक्दैन । श्रीमान् को असहयोगी व्यवहारले उनलाई झनै तनाव बढ्न थाल्छ । झापामा नै उप्रेतीको २ छोरी र १ छोराको जन्म भएको देखिन्छ । छोराछोरीको गुणस्तरीय शिक्षाको लागि उनको परिवार विराटनगरको भानुटोलमा बसाइँ सर्दछ । परिवारको दायित्व र जिम्मेवारी बहन गर्न श्रीमान्  असक्षम भएपछि उप्रेतीले स्थानीय नीजि स्कुलमा पढाउन शुरू गर्छिन् । परिवारको समस्या समाधान गर्न नसक्ने, छोराछोरीलाई पढाउन, हुर्काउन नसक्ने र कुलतमा लाग्ने श्रीमान् सँग उनको दाम्पत्य जीवन सफल हुन सक्दैन । यसरी उनको दाम्पत्य जीवन दुर्घटित हुन पुग्दछ ।

निजी स्कुलमा पढाएको पैसाले मात्र घर चलाउन र छोराछोरीलाई पढाउन समस्या भएपछि उप्रेतीले सिलाई बुनाइको तालिम लिइन् र त्यसलाई अघि बढाएर स्वीटर व्यवसाय सञ्चालन गरिन् । त्यसपछि 'यज्ञ शिल्पकला तालिक केन्द्र' र 'यज्ञ निटिङ उद्योग' संचालन गरेर ६०/६५ जना कर्मचारीहरूलाई रोजगारी दिन समेत सफल भइन् । उनी यसरी व्यवसायिक रूपमा सफल हुँदै गएपछि छोराछोरीको शिक्षादीक्षा र विवाह एक्लैले गर्न सक्षम भइन् । त्यतिमात्र होइन पूर्वाञ्चल क्षेत्रकै पहिलो महिला उद्यमीको रूपमा दरिइन् उप्रेती । विभिन्न संघ संस्थाको सीपविकास तालिम कार्यक्रमको प्रमुख प्रशिक्षक समेत भएर १५ वर्ष जति कार्य सम्पादन गरेको देखिन्छ उप्रेतीले । यसरी

श्रीमान्  र घर परिवारको सहयोग विना महिला एक्लैले आर्थिक अवस्था सुधार्न सक्नु उप्रेतीको लगनशीलता कार्यदक्षताको परिणति हो ।

स्पष्टवक्ता र मृदुभाषी उप्रेतीमा सानैदेखि साहित्यप्रति रूचि रहेको देखिन्छ । उप्रेतीकी दिदी शान्ताले कविता लेखेको देखेर त्यसको सिको गर्ने प्रयास गरेको देखिन्छ उप्रेतीले । विवाह पश्चात् उनका सबै इच्छा, आकाङ्क्षा र सपनाहरू चकनाचुर हुन पुग्छन् । दाम्पत्य जीवनको असफलताले नै जीवनमा अगाडि बढ्ने प्रेरणा मिल्छ उप्रेतीलाई । विराटनगरमा रहेको साहित्यिक माहोलमा उप्रेतीको प्रवेश वि.सं.२०४०/४१ सालतिर हुन पुग्छ । गुरूहरू डा.नरेन्द्र चापागाईं र दधिराज सुवेदीको हौसलाले पनि साहित्यमा लाग्ने प्रेरणा प्राप्त हुन्छ उप्रेतीलाई । औपचारिक रूपमा सर्वप्रथम वि.सं. २०४१ सालमा विराटनगरबाट प्रकाशित हुने 'चाँदनी' पत्रिकामा 'विस्कुनले थिचिएका खुसीहरू' कविता प्रकाशित गरेर साहित्यिक आकाशमा उदाएको देखिन्छ उप्रेती । वि.सं.२०४४ सालमा 'साकार हुन नसकेको सपना' विराटनगरबाट प्रकाशित लाइन्स स्मारिकामा प्रंकाशित गरी कथा साहित्यिक फाँटमा पनि विचरण गरेको देखिन्छ उप्रेती । त्यस्तै गरेर 'कृष्णको पछुतो' बालकथा 'सुनकेस्रा' मा प्रकाशित गरी बालसाहित्यमा अवतरण गरेको देखिन्छ उप्रेती । साहित्यिक पत्रपत्रिकामा निरन्तर लागिरहेकी उप्रेतीले वि.सं. २०५६ सालदेखि नियमित रूपमा 'वनिता' त्रैमासिकको लेखन, प्रकाशन र सम्पादन गर्दै आएको देखिन्छ ।

एकदर्जन जति साहित्यक पुरस्कारहरूबाट विभूषित उप्रेती दुई दर्जन जति साहित्यक र सामाजिक संघ/संस्थामा आवद्ध रहेर साहित्य साधना र समाजसेवामा लागेको देखिन्छ । स्वाभिमानी र आत्मनिर्भर उप्रेतीले जीवनलाई संघर्षै संघर्षको यात्राको रूपमा बुझेको पाइन्छ । जीवनमा कहाली लाग्ने तीता क्षणहरू र रहरलाग्ने मीठा पलहरूव्यतित गरेकी उप्रेतीलाई यिनै जीवन भोगाइका तीता-मीठा अनुभवहरूले साहित्य लेखनमा उर्जा थप्दै लगेको देखिन्छ । ४०/४१ सालबाट निरन्तर साहित्य साधनामा लागेकी उप्रेतीका हालसम्म चारवटा कवितासङ्ग्रह, एउटा कथासङ्ग्रह र आठवटा बालसाहित्य सङ्ग्रह प्रकाशित भैसकेका छन् भने एक दर्जन जति कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । एक दर्जन जति कृतिहरूको सम्पादन समेत कुशलतापूर्वक सम्पन्न गरेकी उप्रेतीमा स्रष्टा व्यक्तित्व मात्र नभएर द्रष्टा व्यक्तित्व पनि रहेको देखिन्छ ।

उप्रेतीका व्यक्तित्वका पाटाहरूमा मूलतः साहित्यिक व्यक्तित्व, उद्योगी व्यवसायी व्यक्तित्व र सामाजिक व्यक्तित्व रहेको छ ।

उप्रेतीका कविताहरूमा जीवनका पीडा, कुण्ठा, निराशा, छटपटी, विद्रोह, विसङ्गती, अशान्ति, अतृप्ति अभावजस्ता विषयहरू एकातिर रहेका छन् भने अर्कातिर जीवनवादी दृष्टिकोण, प्रकृतिचित्रण, मानवतावाद, राष्ट्रियता र शान्तिको आह्वान समेत गरिएको छ । आफ्नै जीवन भोगाइका वैयक्तिक अनुभूतिहरूलाई काव्यात्मक शैलीमा सामाजिकिकरण गर्दै अभिव्यक्त गर्नु उप्रेतीको मूल वैशिष्ठय हो । उप्रेतीका सबै कविताहरू गद्यलयमा अभिव्यक्त भएका छन् । शब्द, वर्ण र ध्वनिका तहमा प्रशस्त पुनरावृत्ति रहेको छ, जसले अन्त्यानुप्रासको सृजना गरी गद्य कवितामा पनि साङ्गीतिक सौन्दर्य प्रदान गरेको छ । पद, पदावली र वाक्य संयोजनमा प्रशस्त सजगता अपनाउँदै कवितामा आन्तरिक लय प्रभावकारी बनाइएको छ । छोटाछोटा र खँदिला वाक्यको प्रयोग गर्दै भावअनुरूप अनुच्छेद योजनाको निर्माण गरिएको छ । अधिकाशं कविताहरू छोटा र मध्यम आकारका छन् । पङ्क्ति-पङ्क्तिबीचमा अक्षरसङ्ख्यामा देखिने समानता, कसिलो भाव तथा कलात्मक संयोजनाले गर्दा उनका कविता लयात्मक बान्कीयुक्त रहेका छन् । क्लिष्ट र दुर्वोध्य शब्दहरूको प्रयोग गरेको पाइँदैन । सुललित र कोमल शब्दहरूको प्रयोगले कविताहरूलाई सुगम र सुवोध पारेका छन् । भाषिक सरलता र सहजताका साथै विम्ब र प्रतीकहरूको उचित रूपमा विधान पनि गरिएको छ । प्रकृतिका सुन्दर छटाहरूलाई दृश्यविम्बका रूपमा उपस्थित पनि गराइएको पाइन्छ । कतै वर्णनात्मकता, कतै अस्पष्टता र कतै अनावश्यक शब्दहरूको ठेलमठेल र कतै निजत्वको कमी जस्ता केही ऋणात्मक पक्षहरू रहेपनि उप्रेतीका कविताहरू भाषाशैलीका दृष्टिले सफलताको शिखरारोहण गर्न अग्रसर रहेको देखिन्छ ।

उप्रेती आफूलाई मूलतः कवयित्री भन्न रूचाउने भएपनि साहित्यका प्राय सबै विद्याहरूमा कलम चलाएको देखिन्छ । कथासङ्ग्रहको रूपमा वि.सं.२०६३ सालमा 'तिर्सना' कथासङ्ग्रह प्रकाशित भएको छ । उप्रेतीका कथाहरूमा आफ्नै जीवनका प्रतिच्छायाँहरू मूल रूपमा देख्न सकिन्छ । असफल दाम्पत्य जीवनको सेरोफेरोमा नै धेरै जसो कथाहरूरूमलिएका छन् । त्यसमा पनि मूलतः लोग्नेहरूको हेपाहा, संकीर्ण र गैरजिम्मेवार व्यवहारको पर्दाफास गर्दै लैङ्गिक समानताको पक्षमा वकालत गर्न सफल रहेका छन् उप्रेतीका कथाहरू । कोरा नारीवादी चिन्तनको विपक्षमा रहेकी उप्रेतीले

नारीहरूको गलत व्यवहार र चरित्रको उद्घाटन पनि कथामा गरेको देखिन्छ । सरल र सम्प्रेष्य भाषमा व्यक्त गरिएका उप्रेतीका कथाहरूमा अनावश्यक शब्दहरूको जालझेल रहेको पाँइदैन । कथाहरूमा धेरै जसो पात्रहरूसम्भ्रान्त र निरीह रहेका छन् । विरोध, विद्रोह र अधिकारको लडाइ लडेका पात्रहरूको कमी रहेको देखिन्छ कथाहरूमा । अग्राह्‍य, क्लिष्ट र दुर्वोध्य भाषाको प्रयोग नगरीकन सुललित र सरल भाषाकै माध्यमबाट कथाहरू बुनिएको छ । प्रायः एकै खालका कथाहरू रहनु, धेरै जसो कथाहरू आफैँमा रूमलिनु, बाहिरी परिवेश र राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशको वेवास्ता गर्नु, राष्ट्रिय राजनीति र त्यसले पारेका प्रभावहरूमा बेखबर देखिनु जस्ता केही ऋणात्मक पक्षहरू पनि रहेको देखिन्छ उप्रेतीका कथाहरूमा । कथामा पनि काव्यात्मक भाषाशैलीको प्रयोग गर्न सक्नु उप्रेतीको प्रमुख वैशिष्ठ्य हो । समग्रमा भन्नुपर्दा उप्रेतीका कथाहरू पठनीय र मननीय रहेको देखिन्छ ।

बालसाहित्यको क्षेत्रमा पनि आफ्नै गोरेटो निर्माण गरिसकेकी उप्रेतीका दुईवटा बालकवितासङ्ग्रह, पाँचवटा बालकथासङ्ग्रह र एउटा बालउपन्यास समेत प्रकाशित भैसकेका छन् । 'सानुको मामाघरको यात्रा' भन्ने संस्मरणात्मक बालकथासङ्ग्रहका लागि 'पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार' समेत प्राप्त गरिसकेकी उप्रेतीमा बलमनोविज्ञानले गहिरो प्रभाव पारेको देखिन्छ । उप्रेतीका बालसाहित्यहरूमा सरल र सहज भाषाशैलीको प्रयोग गरेर बालबालिकाहरूले सजिलै ग्रहण गर्न सक्ने विषयवस्तुको प्रयोग गरिएको देखिन्छ । लोककथा र दन्त्यकथाहरूमा जस्तै अलौकिक र मानवेतर पात्रहरूको प्रयोगले कथाहरूलाई रोचक बनाएका छन् । यथेष्ट रूपमा चित्रहरूको प्रयोगले कथा र कविताहरूलाई बढी रूचिकर र ग्राह्‍य बनाएका छन् । बालबालिकाहरूलाई मनोरञ्जनका साथै ज्ञान अनि चेतना दिनु र साहित्यप्रति रूचि जगाइदिनु उप्रेतीको बालसाहित्यको मूल उद्देश्य रहेको देखिन्छ ।

प्रस्तुत शोधग्रन्थ निम्नलिखित निष्कर्षमा पुगेर टुङ्गिएको छ :

क) लक्ष्मी उप्रेती मध्यमवर्गीय किसान परिवारमा जन्मिएकी सानैमा मातृस्नेहबाट वञ्चित र असफल दाम्पत्य जीवनको बाबजुत स्नातकसम्मको शिक्षा प्राप्त गरी शिक्षित र कर्तव्यपरायण नारी व्यक्तित्वका रूपमा परिचित रहेकी छन् ।

ख) घरपरिवार र श्रीमान् को सहयोगबिना महिला एक्लैले ३ जना छोराछोरीहरू हुर्काउन, बढाउन, पढाउन र विवाह समेत गरिदिन सफल रहेकी उप्रेती प्रेरणाकी प्रतिमूर्तिका रूपमा रहेकी छन् ।

ग) लक्ष्मी उप्रेती संघर्षको अर्को नाम हो जो पूर्वाञ्चल क्षेत्रकै पहिलो महिला उद्यमीका रूपमा दरिएकी छन् ।

घ) साहित्यका सबै फाँटमा कलम चलाएकी बहुमुखी प्रतिभाकी धनी लक्ष्मी उप्रेतीका हालसम्म चारवटा कवितासङ्ग्रह, एउटा कथासङ्ग्रह र आठवटा बालसाहित्य सङ्ग्रहका साथै थुप्रै पत्रपत्रिकाहरूमा निरन्तर रूपमा लेख रचनाहरू प्रकाशित भैरहेका छन् ।

ङ) 'वनिता' त्रैमासिक पत्रिकाको सम्पादन र प्रकाशन गरी रहेकी उप्रेतीले एक दर्जन जति कृतिहरूको कुशलतापूर्वक सम्पादन समेत गरेर स्रष्टा मात्र नभई द्रष्टा व्यक्तित्व समेत रहेको प्रमाणित गरिसकेकी छन् ।

च) एक दर्जन जति सम्मान र पुरस्कारहरूबाट विभूषित लक्ष्मी उप्रेती दुई दर्जन जति संघ/संस्थाहरूमा आबद्ध रहेर समाजसेवामा समेत सक्दो सहयोग गरिरहेकी छन् ।

छ) जीवनको अन्तिम क्षणसम्म साहित्य साधनामा अनवरन रूपमा लागिरहन चाहने लक्ष्मी उप्रेतीले साहित्यमा पुऱ्याएको योगदान चीरकालसम्म महत्त्वपूर्ण र अविस्मणीय रहने छ ।

यिनै आधारहरू नै **लक्ष्मी उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको निचोड रहन गएको छ ।

# सन्दर्भग्रन्थसूची

## (क) आधार ग्रन्थ


उप्रेती, लक्ष्मी कर्मको फल, बालकथासङ्ग्रह, (विराटनगर : वनिता प्रकाशन–२०५८)

.............. कमिलाको ताँती, बाल कवितासङ्ग्रह
(विराटनगर : वनिता प्रकाशन–२०६१)

................ कृष्णको पछुतो, बालकथासङ्ग्रह
(विराटनगर : वनिता प्रकाशन–२०५७)

................ तिर्सना, कथासङ्ग्रह (काठमाडौं, प्रस्फुटन परिवार–२०६३)

................ बुद्धिमानी बाँदर, बालकथासङ्ग्रह
(विराटनगर : वनिता प्रकाशन–२०५९)

................ मनेको म्याँ म्या, बालकवितासङ्ग्रह
(विराटनगर : वनिता प्रकाशन–२०५७)

................ मृदु स्मृतिहरु, कवितासङ्ग्रह (विराटनगर : वाणी प्रकाशन–२०५६)

................ यौटा बाटो खाजिरहेछ जीवन, कवितासङ्ग्रह
(काठमाडौं : सृजनशील प्रकाशन–२०५१)

................ समय स्पर्श, कवितासङ्ग्रह (विराटनगर : वनिता प्रकाशन–२०६१)

.............. साहसी अकांक्षा र पवनपरी बाल उपन्यास
(विराटनगर : वनिता प्रकाशन–२०६०)

.............. साथी-साथी, बालकथासङ्ग्रह
(काठमाडौं : रत्न पुस्तक भण्डार-२०६४)

.............. सुनको अण्डा दिने चरी, बालकथा सङग्रह
(विराटनगर : वनिता प्रकाशन–२०६३)

.............. स्निग्ध अनुभूति, कवितासङ्ग्रह
(विराटनगर : वनिता प्रकाशन–२०५९)


## (ख) सहायक ग्रन्थसूची


अधिकारी, हेमाङ्गराज पूर्वीय समालोचना सिद्धान्त
(काठमाडौं-साझा प्रकाशन, २०३०)

उपाध्याय, केशवप्रसाद साहित्य प्रकाशन (ते.स.)
काठमाडौं : साझा प्रकाशन, २०५०)

ओझा, रामनाथ र मधुसुदन गिरी शोध सिर्जना र संस्कृत काव्य शास्त्र
(काठमाडौं : साझा प्रकाशन, २०५८)

कँडेल, धनश्याम (सं)नेपाली समालोचना,

| | |
|---|---|
| | (काठमाडौं : साझा प्रकाशन, २०५५) |
| गैरे, इश्वरीप्रसाद | आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य (काठमाडौं : न्यून हिरा बुक्स इन्टरप्राइजेट, २०६०) |
| थापा, मोहनसिमांशु | साहितय परिचय (ते.स.) (काठमाडौं : साझा प्रकाशन, २०४७) |
| नेपाल, घनश्याम | शैलीविज्ञान (गान्तोक : आँकुरा प्रकाशन, २०४९) |
| प्रधान, कृष्णचन्द्रसिंह | (सम्पा.), साझा समालोचना, (पाँ.स.), (काठमाडौं : साझा प्रकाशन, २०५८) |
| बराल, इश्वर | (सम्पा.), झ्यालबाट, (पाँ.स.), (काठमाडौं : साझा प्रकाशन, २०४८) |
| बराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे | नेपाली कथा भाग-३, (दो.स.) (काठमाडौं : साझा प्रकाशन, २०५७) |
| शर्मा, मोहनराज | शब्द रचना र वर्णविन्यास (काठमाडौं : काठमाडौं बुक सेन्टर भोटाहिटी, २०६०) |
| .................. | शैली विहान, (काठमाडौं : ने.रा.प्र.प्र., २०५९) |
| .................. | समकालीन समालोचना सिद्धान्त र प्रयोग, (काठमाडौं : ने.रा.प्र.प्र., २०५९) |
| श्रेष्ठ, दयाराम | (सम्पा.) पच्चीस वर्षका नेपाली कथाहरु, (काठमाडौं : ने.रा.प्र.प्र., २०३९) |

## (ग) अप्रकाशित शोधपत्र

| | |
|---|---|
| आचार्य, इन्दिरा | 'वनिता पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण' (स्नातकोत्तर शोधपत्र, पाटन संयुक्त क्याम्पस, २०६४) |
| खड्का, नारायणबहादुर | 'साहित्यकार घनश्याम ढकालको जीवन, व्यक्तित्व र कृतित्वको अध्ययन' स्नातकोत्तर शोधपत्र, पाटन संयुक्त क्याम्पस, २०६१) |
| नेपाल, सरिता | 'तिर्सना कथासङ्ग्रहको कृतिपरक अध्ययन' (स्नातकोत्तर शोधपत्र, त्रिचन्द्र बहुमुखी क्याम्पस, २०६६) |
| सापकोटा, योगराज | 'साहित्यकार ताराकान्त पाण्डेयको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' (स्नातकोत्तर शोधपत्र, पाटन संयुक्त क्याम्पस, २०६१) |

## (घ) पत्रपत्रिका


आचार्य, लुमडी — 'समय स्पर्श भित्र डुबुल्की मार्दा' गुञ्जन (भदौ, २०६२)

ओझा 'भाइ' — 'लक्ष्मी उप्रेती स्निग्ध अनुभूति : सङ्क्षिप्त अध्ययन' दायित्व (वर्ष १६, अंक ६, २०५९)

कार्की, प्रतिरोध — 'लक्ष्मी, विनता र नारी साहित्य' रूपरेखा साप्ताहिक (३२ साउन, २०६३)

खत्री, अरुणनदी — 'कृति समीक्षा' रचना (पूर्णाङ्क ८५, भदौ-असोज)

चापागाईं, नरेन्द्र — 'लक्ष्मी उप्रेतीका कविताको सङ्क्षिप्त समीक्षा' समष्टि (वर्ष २३, अंक २, असोज-कार्तिक, २०५९)

नेपाल, शैलेन्दुप्रकाश — 'लक्ष्मी उप्रेतीको स्निग्ध अनुभूति सङ्क्षिप्त विचरण' राजधानी (९ अजोस, २०६१)

परदेशी, टुवल — 'लक्ष्मी उप्रेतीका मृदु स्मृतिहरु' चिरफार अर्ध साप्ताहिक (२०५६)

बराल, हरिप्रसाद — 'कवयित्री लक्ष्मी उप्रेती र उनको मृदु स्मृतिहरू' उन्नयन (अंक ३९, २०५६)

भट्टराई, यादव — 'स्निग्ध अनुभूति भित्र लक्ष्मी उप्रेती' रोडम्याप साप्ताहिक (वर्ष १, अंक ८, २०६०)

रेग्मी, सरोज र गौरव ढकाल 'खुकुरीको धारमा टेकेर हिंड्ने महिला' जनमत (वर्ष २४, अंक ३५, भदौ २०६३)

शुभेच्छु, रमेश — 'कवयित्री लक्ष्मी उप्रेती र उनको समय स्पर्श' मिर्मिरे ( वर्ष ३५, अंक ५, मंसिर, २०६३)

शर्मा, कुमकुम — 'लक्ष्मी उप्रेती र उनका कविताको सङ्क्षिप्त चर्चा' जुही स्वर्ण अंक (२०५९, अंक १००)

शर्मा, दिवाकर — 'तिर्सना भित्र लक्ष्मी उप्रेती' उज्यालो साप्ताहिक (वर्ष ५१, अंक २८, कात्तिक, २०६३)

# परिशिष्ट

## लक्ष्मी उप्रेतीसँग लिएको अन्तर्वार्ता

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गतको पाटन संयुक्त क्याम्पस नेपाली विभागबाट स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति **'साहित्यकार लक्ष्मी उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** शीर्षकको शोधपत्र तयार गर्ने सन्दर्भमा साहित्यकार लक्ष्मी उप्रेतीसँग लिएको अन्तर्वाता :

**१. आफ्नो जन्म र जन्मस्थानको बारेमा के भन्नुहुन्छ ?**

– मेरो जन्म वि.सं २०१५ सालमा ताप्लेजुङ जिल्लाको आठराई हाङपाङ भन्ने गाउँमा भएको हो ।

**२. बाल्यकालमा मातृस्नेहबाट वञ्चित हुँदा कस्तो अनुभव गर्नुभयो ?**

– मेरी आमा बित्दा म भर्खर ४ वर्ष पूरा भइ ५ वर्ष लागेकी थिएँ । त्यसैले त्यतिबेलै भने मलाई दुःख लागेन, तर पछिका दिनमा भने आमाको आवश्यकता खड्किएको अनुभव गरेँ ।

**३. तपाईंको बाल्यबालको बारेमा केही भनिदिनु हुन्छ कि ?**

– मेरो बाल्यकाल रमाइलो नै थियो । हाङपाङ प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको रमणीय स्थान थियो । त्यहाँ नै मेरो ४/५ वर्षसम्मको बाल्यकाल बित्यो । त्यसपछि बेलगाछि, विराटनगर हुँदै धरान बसाइँ सरियो । नयाँ ठाउँमा र नयाँ साथीसँग खेलेर, घुमेर, डुलेर अनि भाई र दिदीहरुसँग चकचक गरेर मेरो बाल्यकाल बित्यो ।

**४. तपाईंको बालस्वभाव कस्तो थियो ?**

– म चुलबुले स्वभावकी थिएँ । चकचक नगरी बस्न नसक्ने खालकी थिएँ र हठी पनि थिएँ, तर बुबाआमासँग भने डराउने भएकाले उहाँहरुको इच्छा विपरित कुनै पनि काम गर्न सक्थिन ।

**५. छोरीलाई पढाउनु हुँदैन भन्ने समयमा पनि तपाईं कसरी पढ्नु भयो त ?**

– मेरो बुबामा छोरीलाई पनि पढाउनु पर्छ भन्ने चेतना भएकाले नै मैले पढ्न पाएकी हुँ ।

**६. तपाईंको शिक्षा-दीक्षाको बारेमा केही बताइदिनु हुन्छ कि ?**

– विभिन्न समस्याहरुसँग जुधेर र दाम्पत्य जीवन असहज रहेपनि मैले बि.ए.सम्मको अध्ययन पूरा गर्न सफल भएँ ।

**७. तपाईंको दाम्पत्य जीवन असफल हुनाको मुख्य कारण के थियो ?**

– मेरो श्रीमान् मा रहेको पुरुषत्वको अहम्वाद्, गैरजिम्मेवार चरित्र, सङ्कीर्ण मानसिकता र श्रीमतीलाई दास ठान्ने मनोवृत्तिका कारण मेरो दाम्पत्य जीवन सफल हुन सकेन, तर यही असफलताले जीवनमा केही गर्ने उत्प्रेरणा जगाइदियो त्यसैले मलाई यसमा कुनै गुनासो छैन ।

**८. तपाईंको पनि कुनै गल्ती थियो कि ?**

– श्रीमती भनेको श्रीमान् को दास होइन भन्ने मानसिकता र केही गर्नुपर्छ भन्ने सोच नै मेरो कमजोरी हो ।

**९. छोराछोरी हुर्काउने, पढाउने, बढाउने र आर्थिक उपार्जन गर्ने काम महिला एक्लैले कसरी गर्नु भयो ?**

– म झापाबाट विराटनगर सरेपछि मेरा जीवनका काला दिनहरु सुरु भए । छोराछोरीको उचित शिक्षाको लागि हामी विराटनगर सरेका थियौं । अभाव, दुःख, मानसिक तानाव र पारिवारीक शोषणबाट पीडित भए पनि जीवन भनेको संघर्ष हो र छोराछोरीको लागि केही गर्नु पर्छ भन्ने भावना ममा भएकाले यो सबै सम्भव भएको हो ।

**१०. तपाईंको मुख्य पेशा के हो ?**

– अभावले मान्छेलाई बाटो देखाउँदो रहेछ । त्यसैले सुरुमा मैले शिक्षण पेशा अपनाएँ त्यसले नपुगे पछि व्यापार व्यवसाय गरेँ, उद्योग सञ्चालनमा ल्याएँ र आर्थिक अवस्था सुधार्न सक्षम भएँ ।

**११. तपाईंलाई पूर्वाञ्चल क्षेत्रकै पहिलो महिला उद्यमी भन्छन् नि ?**

– मलाई नजिकबाट चिन्नेहरु यसै भन्छन् ।

**१२. त्यसबेलाको त्यो अभावको जिन्दगी र अहिलेको यो काठमाडौंको महलमा बस्दा जीवन के हो जस्तो लाग्छ ?**

– मेरो विचारमा जीवन भनेको संघर्ष हो । त्यसबेला मलाई त्यो अभाव नभएको भए र संघर्ष नगरेकी भए म यो अवस्थामा पुग्ने थिइँन ।

**१३. प्रसङ्ग बदलौं, तपाईं साहित्यमा कसरी प्रवेश गर्नु भयो ?**

– म मा सानैदेखि विद्रोही स्वभाव थियो । सानैदेखि कविता लेख्ने गर्थे, तर अरुलाई देखाउँथिन । पछि विराटनगरमा साहित्यिक माहोलमा प्रवेश गरेपछि लेख्न थालेँ ।

**१४. तपाईंलाई साहित्यमा लाग्ने प्रेरणा को बाट प्राप्त भयो ?**

– मलाई मेरै जीवनका तीता र मीठा पलहरुले साहत्यिमा लाग्ने प्रेरणा मिल्यो ।

**१५. तपाईं किन लेख्नु हुन्छ ?**

– मेरै जीवनका अभाव, दुःख, पीडा, मातृस्नेहबाट वञ्चित हुनु पेरको र दिदी शान्ताको मृत्युले मलाई संवेदनशील बनायो र त्यही पीडा अभिव्यक्त गर्न साहित्य सिर्जना गर्न थालेँ ।

**१६. तपाईंको प्रिय विधा कुन हो ?**

–म प्रायः साहित्यका सबै विधामा कलम चलाउँछु, तर आफूलाई कवयित्री भन्न रुचाउँछु ।

**१७. तपाईलाई मन पर्ने साहित्यकारहरू ?**

– मलाई मेरा अग्रज, समकालीन र नयाँ साथीहरूरुका लेखन पनि मन पर्छ, त्यसैले २/४ जनाको मात्र नाम लिनु अन्याय हुनसक्छ ।

**१८. साहित्य बाहेक तपाईंको रुचिहरुरू के के छन् ?**

– मलाई समाजसेवामा रुचि छ । त्यस्तै भ्रमण गर्नु, गीत सङ्गीत सुन्नु, साहित्यिक कार्यक्रम गर्नु, चित्र कोर्नु आदि मेरा रुचिका विषय हुन् ।

**१९. तपाईं आजभोलि के गर्दै हुनुहुन्छ ?**

– म आजभोलि साहित्यिक पत्रकारिता गरिरहेकी छु र घरव्यवहारमा पनि व्यस्त नै भएकाले साहित्य सिर्जनालाई धेरै समय दिन सकिरहेकी छैन ।

**२०. अन्त्यमा, तपाईंको मनमा भन्न मन लागेका केही कुराहरू छन् कि ?**

– देशको अवस्था सुध्रियोस्, सयममै संविधान बनोस् र सबै नेपालीले आफ्नो काम गरेर खान पाउन भन्न चाहन्छु । अनि तपाईंको सफलताको कामना पनि गर्छु ।